**जीवनाशक विषादी विष हो, औषधी होइन। अतः विषादीको प्रयोग पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस्।**

डायफेन्थ्यूरोन ४७% + बाइफेन्थ्रिन ९.४% एस सी

Diafenthiuron 47% + Bifenthrin 9.4% SC

# बाइफेन्थ्रन (BIFENTHRON)

सम्पर्क तथा आन्तरिक कीटनाशक

सिफारिस

| बाली | कीराको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि दिन | ग्राम / एम. एल. प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा - एम. एल.) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| कपास | लाही (Aphid), सेतो झींगा (White Fly), पातको फड्के (Leaf Hopper), थ्रिप्स (Thrips) | ६२५ | ५०० | ३० | १.२५ |
| खुर्सानी | थ्रिप्स (Thrips), लाही (Aphid) | ६२५ | ५०० | ७ | १.२५ |

नोट: कीराहरुको नेपाली नाम स्थान विशेष अनुसार फरक हुनसक्छ। त्यसैले विज्ञहरुसंग सम्पर्क गरी यकिन गर्नुहोला।

**प्रयोग गर्ने विधि**

हावा चलेको बेला स्प्रे नगर्नुहोस्। कीराहरूको सुरुवाती आक्रमणको समयमा विषादी प्रयोग गर्नुहोस्। विषादीको मात्रा नाप्नुहोस् र आवश्यक मात्रामा पानीमा राम्रोसँग मिसाउनुहोस्। ५०० लिटर/हेक्टर स्प्रे भोल्युम भएको होलो कोन नोजल भएको न्यापस्याक स्प्रेयर प्रयोग गर्नुहोस्। यो विषादी माछा तथा जलीय मेरुदण्डविहीन (Invertebrate) जलचर जीवहरूका लागि विषाक्त हुन्छ। त्यसैले यसलाई जलचर क्षेत्रमा प्रयोग नगर्नुहोस् र जलाशयहरू प्रदूषित हुन नदिनुहोस्।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ।**

विषादीलाई खाद्यपदार्थ, पशु आहार(दाना), र खानेकुरा राख्ने खाली भाँडाकुँडा भन्दा टाढा छुट्टै ठाउँमा राख्नुपर्छ। मुख, आँखा र छालामा विषादीको सिधा सम्पर्क हुन नदिनुका साथै विषादी छर्दा वा प्रयोग गर्दा धुम्रपान गर्ने, केही चपाउने, खाने वा पिउने, गन्ध सुँघ्ने वा श्वासप्रश्वास बाट भित्र लिने काम नगर्नुहोस्। विषादी प्रयोग गर्दा पूर्ण सुरक्षित लुगाहरू र बुट अनिवार्य रूपमा लगाउनुहोस्। विषादी प्रयोग गरिसकेपछि दूषित कपडाहरू र शरीरका भागहरू राम्ररी साबुन पानीले धुनुहोस्।

**मानिसलाई यो विषादीको बिष लागेको अवस्थामा**

विषाक्तताले शान्त वा दबिएको व्यवहार, अशक्तता, अत्यधिक थकान/अल्छीपन, रौं ठाडो हुनु, टाउको दुख्नु, चक्कर लाग्नु, वाकवाकी लाग्नु, बान्ता हुनु, धमिलो देखिनु, पसिना धेरै आउनु, आँसु धेरै बग्नु , र्‍याल धेरै आउनु जस्ता लक्षणहरू निम्त्याउन सक्छ।

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार**

यदि बिरामी सचेत भएको अवस्थामा छ भने, तुरुन्त १-२ गिलास पानी पिलाउनुहोस्। बेहोस व्यक्तिलाई मुखबाट केही पनि नदिनुहोस्। तुरुन्त चिकित्सकलाई सम्पर्क गर्नुहोस्। चिकित्सकको उपस्थिति नभएसम्म बान्ता गराउनु हुँदैन। श्वासप्रश्वास मार्फत् प्रवेश भएमा: प्रभावित व्यक्तिलाई तुरुन्त ताजा हावामा लैजानुहोस्। श्वास नचलेमा कृत्रिम श्वास (mouth to mouth resuscitation) दिनुहोस्। श्वास फेर्न गाह्रो भएमा अक्सिजन दिनुहोस्। तुरुन्त चिकित्सकलाई सम्पर्क गर्नुहोस्। छालामा विषादीको सम्पर्क भएको अवस्थामा: विषादी सम्पर्क भएको भाग पर्याप्त सफा पानी र साबुनले राम्ररी धुनुहोस्। यदि रुखोपन रह्यो भने चिकित्सकलाई सम्पर्क गर्नुहोस्। दूषित कपडा पुनः प्रयोग गर्नु अघि राम्ररी धुनुहोस्। छाला वा कपडामा विषादी परेको छ भने तुरुन्त कपडा फुकाल्नुहोस् र छालालाई प्रशस्त साबुन पानीले धुनुहोस्। आँखामा विषादी परेको छ भने सफा र स्वच्छ पानीले १० देखि १५ मिनेटसम्म निरन्तर धुनुहोस्। यदि लक्षण गम्भीर भए चिकित्सकलाई तुरुन्त देखाउनुहोस्।

**एण्टिडट**

विशेष किसिमको एण्टिडट छैन। लक्षणको आधारमा उपचार।

**प्रयोग गरीएका भाँडाको बिसर्जन**

कन्टेनर फिर्ताको लागि विषादी विक्रेतालाई सम्पर्क गर्नुहोस्। यदि कन्टेनर फिर्ता गरिएको छैन भने, तीन पटक पखाल्नुहोस् त्यसपछि वातावरण वा पानी प्रदूषण हुन नदिन प्याकेज, बाँकी रहेको पदार्थ र धुने क्रममा निस्किएको फोहोरलाई सुरक्षित तरिकाले व्यवस्थापन गर्नुहोस्। विषादी राखिएको प्याकेट कहिल्यै पुनः प्रयोग (पानी, खाना, तेल जस्ता खानेकुरा राख्न) नगर्नुहोस्। खाली कन्टेनरहरू आवासीय क्षेत्रबाट टाढा प्रयोग गर्न नमिल्ने गरि खाडलमा गाडेर सुरक्षित तरिकाले नष्ट गर्नुहोस्।

**भण्डारणको अवस्था**

विषादी भएका प्याकेजहरूलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ। विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, प्रयाप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने हुनुपर्छ। विषादीलाई खाना,पेय पदार्थ,पशु आहारा,औषधि वा मलखादबाट टाढा राख्नुहोस्।

**प्रयोग गर्नु पूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढनुहोस् र पालना गर्नुहोस्। सावधानी** बच्चाको पहुँचबाट टाढा राख्नुहोस।



**सावधान, मध्यम घातक, नीलो**
**(कृषि प्रयोजनका लागिमात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०११११ नं. मा फोन गर्नुहोस्। वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना:** शनमुखा एग्रीटेक लिमिटेड, हैदराबाद, तेलंगाना, भारत

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.** युनिक एग्रो सेन्टर एण्ड रुपक भेट फर्मा, कपिलवस्तु, नेपाल ९८४०४९३७९५

**उत्पादित देशको पञ्जीकरण नं.**
CIR-201183/2022-DIAFENTHIURON + BIFENTHRIN (SC) (437)-1290

**नेपालमा पञ्जीकरण गरिएको नं.**
0103-INS-SC-2026




**विषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस्।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

ट्राइकोडर्मा भिरिडि १% डब्लु. पी.

***Trichoderma viride* 1% W.P.**

($2x10^9$ CFU/gm minimum)

Strain No.: IPL/VT/101

# संजीवनी (SANJEEVNI)

(प्रभावकारी र पर्यावरणमैत्री जैविक ढुसीनाशक विषादी)

सिफारिसः

| बाली | रोगको सामान्य नाम र रोग लगाउने जीवाणु | | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | ग्राम/ प्रति लिटर पानीमा वा ग्राम प्रति के.जी गोबरमलमा | पर्खने अवधि |
|---|---|---|---|---|---|---|
| | | | यो विषादीको आवश्यक मात्रा (के. जी.) | विषादीको घोल/ मिश्रण तयार गर्न आवश्यक पानी/गोबरमलको मात्रा (लिटर/के. जी) | | |
| काउली | डाँठ कुहिने रोग (Stalk rot) *Sclerotina sclerotiorum* | बीउ उपचार | ४ ग्राम प्रति के. जी बीउका दरले | | | छैन |
| | | माटो उपचार | २.५० | ६२.५ के जी गोबरमलमा | ४०.०० | |
| भन्टा | जरा कुहिने (Root rot), ओइलाउने रोग (wilt), वेर्नाको जरा र काण्डको भाग कुहिने (Damping off) *Rhizoctonia bataticola, Sclerotium rolfsii, Fusarium oxysporum, Rhizoctonia solani* | बीउ उपचार | ५ ग्राम प्रति के जी बीउको दरले | | | छैन |
| | | नर्सरी/ब्याडको उपचार | ६.२५ | १२५०.०० लिटर पानीमा | ५.०० | |
| | | बेर्नाको उपचार (जरा डुबाउने) | १० ग्राम प्रति लिटर पानीमा मिसाई विषादीको घोल तयार गर्नुपर्ने | | | |
| | | माटोको उपचार | २.५० | ६२.५ के जी गोबरमलमा | ४०.०० | |
| वन्दा | जरा कुहिने र डाँठ कुहिने रोग (Root rot/Collar rot) *Rhizoctonia solani* | बेर्नाको उपचार | १० ग्राम प्रति लिटर पानीमा मिसाई विषादीको घोल तयार गर्नुपर्ने | | | छैन |
| | | माटोको उपचार | २.५० | ६२.५ के जी गोबरमलमा | ४०.०० | |

**प्रयोग गर्ने विधि**

**<u>बीउ उपचार</u>:** माथि उल्लेख गरे अनुसार यस जैविक विषादीको आवश्यक परिमाण र न्यूनतम मात्राको पानीसंग मिसाइ मल्हम (पेष्ट) तयार गर्ने र बीउलाई राम्रो संग सबैतिर पर्ने गरी उक्त मल्हम लगाउने । त्यसपछि छायाँमा सुकाएर मात्र बीउ छर्ने ।

**<u>माटोको उपचार</u>:** माथि उल्लेख गरिएको दर अनुसारको मात्रामा तयार भएको यस जैविक विषादी र गोबरमलको मिश्रणलाई जमीनको मोटोमा राम्ररी मिसाउने र सिचाईको प्रवन्ध गर्ने ।

**<u>बीउ उपचार</u>:** माथि उल्लेख गरे अनुसार यस जैविक विषादीको आवश्यक परिमाण र न्यूनतम मात्राको पानीसंग मिसाइ मल्हम (पेष्ट) तयार गर्ने र बीउलाई राम्रो संग सबैतिर पर्ने गरी उक्त मल्हम लगाउने । त्यसपछि छायाँमा सुकाएर मात्र बीउ छर्ने ।

**<u>नर्सरी उपचार</u>:** माथि उल्लेख गरे अनुसारको मात्रामा यस जैविक विषादीको घोल तयार गरी माटोलाई भिजाउने ।

**<u>बेर्नाको जरा डुबाएर गर्ने उपचार विधि</u>:** यस जैविक विषादी १० ग्राम प्रति लीटर पानीमा मिसाई बेर्नाको जरालाई १५ मिनेट सम्म डुबाउने र रोप्ने ।

**<u>माटोको उपचार</u>:** माथि उल्लेख गरिएको दर अनुसारको मात्रामा तयार भएको यस जैविक विषादी र गोबरमलको मिश्रणलाई जमीनको मोटोमा राम्ररी मिसाउने र सिचाईको प्रवन्ध गर्ने ।

**<u>बेर्नाको जरा डुबाएर गर्ने उपचार विधि</u>:** यस जैविक विषादीको १० ग्राम प्रति लीटर पानीमा मिसाई वन्दाको बेर्नाको जरालाई ३० मिनेट सम्म डुबाउने र रोप्ने।

**<u>माटोको उपचार</u>:** माथि उल्लेख गरिएको दर अनुसारको मात्रामा तयार भएको यस जैविक विषादी र गोबरमलको मिश्रणलाई जमीनको मोटोमा राम्ररी मिसाउने र सिचाईको प्रवन्ध गर्ने ।

यस जैविक विषदलाई प्रयोग गरेको क्षेत्रमा प्रयोग गर्नु पहिले वा प्रयोग गरे पश्चात कुनै पनि रासायनिक ढुसीनाशक विषादीलाई प्रयोग गर्नु हुदैन । यो जैविक विषादीको प्रभावकारिताका लागि उच्च आद्रता को (Higher level of humidity) जरुरी हुन्छ । बीउ उपचार गर्दा रासायनिक ढुसीनाशकले उपचार गरेको बिउमा यो प्रयोग गर्नु हुँदैन । माथि टेवलमा वताएको मात्रा र तरिका अपनाएर प्रयोग गर्नु पर्दछ । यो जैविक विषादी सिफारिस मात्रामा प्रयोग गर्दा विरुवामा कुनै प्रकारका विषाक्तता देखिदैन ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ ।**

विषादी राखिएको प्याकेट वा कन्टेनर पुनः प्रयोग (पानी, तेल वा अन्य खाद्यवस्तु राख्न) गर्नु हुँदैन । विषादीको खाली बोतल, खोल वा अन्य विषादीयुक्त सामग्री तथा विषादी सफा गर्दा प्रयोग भएको पानीको उचित व्यवस्थापन गर्नु उत्पादक तथा प्रयोगकर्ताको दायित्व हुनेछ । वातावरणीय तथा जल प्रदूषण हुन नदिन खाली कन्टेनरहरू आवासीय क्षेत्रबाट टाढा कम्तीमा आधा मिटर गहिरो खाडलमा सुरक्षित तरिकाले नष्ट गर्नुपर्दछ ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा**

यो जैविक विषादीका कारण कहिलेकाहीं टाउको दुख्ने, चिड्चिडापन हुने वा वाकवाकी लाग्ने जस्ता लक्षणहरू देखिन सक्छन् ।

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार**

विषादीको सम्पर्क भएका लुगाहरु हटाउनुहोस् र शरीरलाई साबुन पानीले राम्रोसंग धुनुहोस् । आखाँमा विषादी परेको छ भने तुरुन्त प्रशस्त पानीले लगातार १५ मिनेट भन्दा बढि समय सम्म पखाल्नुहोस् । बिरामीलाई खुला स्थानमा लैजानुहोस् । यदि विषादी निलेमा घाटीको पछाडि चलाएर उल्टी गराउनु होस् ।

**एण्टिडट**

कुनै खास विषनाशक छैन । लक्षणको आधारमा उपचार गर्नुहोस् ।

**प्रयोग गरिएको भाँडोको विसर्जन**

विषादी राखिएको प्याकेट कहिल्यै पुनः प्रयोग (पानी, तेल वा अन्य खानेवस्तु राख्न) नगर्नुहोस् । विषादीको खालि वोतल वा खोलहरु वा अन्य विषादीयुक्त सामग्रीहरु र विषादी सफा गरेको पानीको उचित व्यवस्थापन गर्नु विषादी उत्पादक, प्रयोगकर्ताहरुको कर्तव्य हुनेछ । वातावरणीय वा पानी प्रदुषण हुन नदिनका लागि खालि कन्टेनरहरु आवासीय क्षेत्रवाट टाढा आधा मिटर गहिरो खाडलमा सुरक्षित तरिकाले नष्ट गर्नुपर्नेछ ।

**भण्डारणको अवस्था**

विषादी रहेका प्याकेटहरूलाई खाद्य पदार्थ तथा अन्य उपभोग्य सामग्री भण्डारण गर्ने कोठा वा परिसरबाट अलग्गै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ । विषादीको मात्रा तथा प्रकृतिअनुसार छुट्टै अलमारीमा ताला-चाबी लगाई सुरक्षित रूपमा राख्नुपर्छ । विषादी भण्डारणका लागि प्रयोग गरिने कोठा वा परिसर मजबुत रूपमा निर्मित, सुख्खा, शीतल, पर्याप्त उज्यालोयुक्त तथा राम्रो हावाप्रसार हुने हुनुपर्छ । यो जैविक विषादी भएकाले व्याक्टेरियानाशक तथा रासायनिक विषादीबाट टाढा राख्नुपर्छ । यो विषादीलाई भण्डारण गर्दा भण्डारण कक्षको तापक्रम ४५ डिग्री सेल्सियस भन्दा कममा र सूर्यको प्रकाश सीधा नपर्ने खालको हुनुपर्दछ ।

**प्रयोगको निर्देशनः कृपया प्रयोग गर्नु अघि संलग्न सूचक पर्चा पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानीः** विषादीलाई बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, सामान्य घातक, हरियो (कृषि प्रयोजनका लागि मात्र)**

यो जैविक ढुसीनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०११११ नं. मा फोन गर्नुहोस् । वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादन र वितरकको नाम ठेगाना - इन्टरनेशनल पानासिया लिमिटेड, नयाँ दिल्ली, भारत**

**पञ्जीकरण / पैठारीकर्ता :**
गोरखा सीड एण्ड एग्रो ट्रेडर्स
काठमाण्डौ, नेपाल
फोन नं. ०१ ५२२५२४३

**उत्पादित देशको रजिष्टर नं.** CIR-697/2007(277)-TRICHODERMA VIRIDE (WP)-144

नेपालमा पञ्जीकरण गरिएको नः

0104-BIO-WP-2026




**विषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नु पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

व्युभेरिया वेसियाना १% डब्लु. पी.

***Beauveria bassiana* 1% W.P.**

(CFU Count: $1\times10^9$ / gm minimum)

Strain No.: IPL/BB/MI/01, Ass

## दमन (DAMAN)

(वातावरणमैत्री इन्टोमोप्याथोजेनिक जैविक कीटनाशक)

सिफारिसः

| बाली | रोगको सामान्य नाम र रोग लगाउने जीवाणु | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | ग्राम /प्रति लिटर पानीमा | पर्खने अवधि |
|---|---|---|---|---|---|
| | | यो विषादीको आवश्यक मात्रा (के. जी.) | विषादीको घोल तयार गर्न आवश्यक पानीको मात्रा (लिटर) | | |
| भिण्डी | फलको गभारो /छिर्के गभारो (Fruit borer/Spotted bollworm ) *Earias vittella* | ३.७५ -५.० | ४००-५०० | ९.३७-१० | छैन |

**प्रयोग गर्ने विधि**

यस जैविक विषादी प्रयोग गर्नु अघि वा प्रयोग गरेपछि बालिमा कुनै पनि रासायनिक ढुसीनाशक विषादी प्रयोग गर्नु हुँदैन । यस जैविक विषादीको प्रभावकारिताका लागि बढी मात्रामा आद्रता (Higher Level of Humidity) आवश्यक हुन्छ । यो जैविक विषादी साँझको समयमा प्रयोग गर्नु उपयुक्त हुन्छ । माथि उल्लेख गरे अनुसार तयार भएको यस जैविक विषादीको घोललाई भिण्डीमा फलको गभारो तथा छिर्के गभारो को प्रकोप हुँदा पात तथा हाँगाहरू भिज्ने गरी छर्कनुपर्दछ । साथै, हातले सञ्चालन गर्ने न्यापस्याक स्प्रेयर वा पावर स्प्रेयरमा जडान गरिएको होलो कोन नोजलबाट राम्रो मिस्ट हुने गरी छर्नुपर्दछ । भिण्डी बालीमा फल लाग्ने समयदेखि सुरु भएको प्रकोपको आधारमा १५ दिनको अन्तरालमा दुई देखि तीन पटक छर्कनु पर्दछ ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ ।**

विषादीका प्याकेट खोल्दा वा विषादी छर्दा पञ्जा, रबर बुट, चश्मा, ग्यास मास्क तथा पूरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । मुख, आँखा एवं छालामा विषादीको प्रत्यक्ष सम्पर्क हुन नदिनुहोस् । विषादी शरीरमा पर्न दिनु हुँदैन । विषादी छरी सकेपछि सम्पर्कमा आएका कपडाहरू राम्रोसँग धुनुहोस् तथा नुहाउनुहोस् । विषादी छर्दा खाने, चपाउने, पिउने वा धूम्रपान गर्नु हुँदैन ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा**

यो जैविक विषादीका कारण कहिलेकाहीं टाउको दुख्ने, चिड्चिडापन हुने वा वाकवाकी लाग्ने जस्ता लक्षणहरू देखिन सक्छन् ।

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार**

छालामा विषादीको सम्पर्क भएमा विषादी परेका लुगा हटाउने र विषादीको सम्पर्कमा आएको शरीरको भागलाई साबुनपानीले राम्रोसँग धुनुहोस् । आँखामा विषादी परेमा पर्याप्त मात्रामा सफा पानीले कम्तीमा १५ मिनेटसम्म आँखालाई पखाल्नुहोस् । श्वासमार्फत विषादी शरीरभित्र प्रवेश गरेमा बिरामीलाई खुला तथा ताजा हावायुक्त स्थानमा लैजानुहोस् । श्वास फेर्न गाह्रो भएमा तुरुन्त चिकित्सकको परामर्श लिनुहोस्। विषादी निलेको खण्डमा घाँटीको पछाडिभागमा काउकुती लगाएर बान्ता गराउनुहोस् । बिरामी अचेत अवस्थामा भए मुखबाट केही पनि खानेकुरा नदिनुहोस्।

**एण्टिडट**

कुनै खास एण्टिडट उपलब्ध छैन । लक्षणका आधारमा उपचार गर्नुहोस् ।

**प्रयोग गरिएको भाँडोको बिसर्जन**

विषादी राखिएको प्याकेट वा भाँडो पुनः प्रयोग गरी पानी, तेल वा अन्य खाद्यवस्तु राख्न हुँदैन । विषादीका खाली बोतल, खोल तथा अन्य विषादीयुक्त सामग्रीहरू र विषादी सफा गरेको पानीको उचित व्यवस्थापन गर्नु उत्पादक तथा प्रयोगकर्ताको कर्तव्य हुनेछ । वातावरणीय वा पानी प्रदूषण हुन नदिन खाली कन्टेनरहरू आवासीय क्षेत्रबाट टाढा कम्तीमा आधा मिटर गहिरो खाडलमा सुरक्षित तरिकाले नष्ट गर्नुपर्दछ ।

**भण्डारणको अवस्था**

विषादी रहेका प्याकेटहरूलाई खाद्य पदार्थ तथा अन्य उपभोग्य सामग्री भण्डारण गर्ने कोठा वा परिसरबाट अलग्गै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ । विषादीको मात्रा तथा प्रकृतिअनुसार छुट्टै अलमारीमा ताला-चाबी लगाई सुरक्षित रूपमा राख्नुपर्छ । विषादी भण्डारणका लागि प्रयोग गरिने कोठा वा परिसर मजबुत रूपमा निर्मित, सुख्खा, शीतल, पर्याप्त उज्यालोयुक्त तथा राम्रो हावाप्रसार हुने हुनुपर्छ । यो जैविक विषादी भएकाले व्याक्टेरियानाशक तथा रासायनिक विषादीबाट टाढा राख्नुपर्छ । यो विषादीलाई भण्डारण गर्दा भण्डारण कक्षको तापक्रम ४५ डिग्री सेल्सियस भन्दा कममा र सूर्यको प्रकाश सीधा नपर्ने खालको हुनुपर्दछ ।

**प्रयोगको निर्देशनः प्रयोग गर्नु पुर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानीः** विषादीलाई बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, सामान्य घातक, हरियो**

**(कृषि प्रयोजनका लागि मात्र)**

यो जैविक कीटनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् ।
वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।

**विषादीको उत्पादन र वितरकको नाम ठेगाना - इन्टरनेशनल पानासिया लिमिटेड, नयाँ दिल्ली, भारत**

**पञ्जीकरण / पैठारीकर्ता :**

गोरखा सीड एण्ड एग्रो ट्रेडर्स

काठमाण्डौ, नेपाल

फोन नं. ०१ ५२२५२४३

**उत्पादित देशको रजिष्टर नं.** *CIR-839/2008(289) Beauveria Bassiana (WP) -39*

नेपालमा पञ्जीकरण गरिएको नं.:

0105-BIO-WP-2026




**विषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन। अतः विषादीको प्रयोग गर्नु पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस्।**

# ट्राइकोडर्मा हर्जियानम २% ए.स.

***Trichoderma harzianum* 2% A.S.**

CFU Count: 2×10⁶ / ml minimum
Strain No.: IPL/VT/102, Accession No.: ITCC 6893

## बायोहर्ज (BIOHARZ)

(जैविक ढुसीनाशक)

सिफारिस:

| बाली | रोगको सामान्य नाम र रोग लगाउने जिवाणु | | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | एम. एल. /प्रति लिटर पानी वा/प्रति के.जी गोबरमलमा | पर्खने अवधि |
|---|---|---|---|---|---|---|
| | | | यो विषादीको आवश्यक मात्रा (लिटर) | विषादीको घोल/मिश्रण तयार गर्न आवश्यक पानी/गोबरकको मात्रा (लिटर/के.जी) | | |
| धान | फेद कुहिने रोग (Foot rot) *Fusarium moniliforme)* | बेर्नाको जरा उपचार | ३० एम एल प्रति लिटर पानीमा मिसाई विषादीको घोल तयार गर्नु पर्ने | | ३०.०० | छैन |
| | | माटो उपचार | २.५० लिटर | १०० के. जी. राम्रोसग पाकेको गोबरमल | २५.०० | |

**प्रयोग गर्ने विधि**

**<u>धानको बेर्नाको जरा डुबाएर गर्ने उपचार:</u>**
यस जैविक विषादी धानको बेर्ना सार्नु पूर्व बेर्ना उखेलेपछि जरालाई ३० मि.लि. प्रति लिटर पानीमा मिसाई ३० मिनेटसम्म डुबाउनुहोस।

**<u>माटो उपचार:</u>**
उल्लिखित दरमा यस जैविक विषादी लाई राम्रोसँग कुहिएको वा पाकेको गोबरमलमा समान रूपमा फैलिने गरी मिसाई बेर्ना सार्नु अघि जग्गामा एकनासले माटोसँग मिलाउनु पर्दछ।

यस जैविक विषादी प्रयोग गरिएको क्षेत्रमा यसको प्रयोग गर्नु अघि वा प्रयोग गरेपछि कुनै पनि रासायनिक ढुसीनाशक विषादी प्रयोग गर्नु हुँदैन। यस जैविक विषादीको प्रभावकारिताका लागि धेरै उच्च आद्रता (Higher Level of Humidity) आवश्यक हुन्छ। रासायनिक उपचार गरिएको बीउमा यो जैविक विषादीको प्रयोग गर्नु हुँदैन।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ।**
विषादीको प्याकेट खोल्दा वा विषादी छर्दा पन्जा, रबर बुट, चश्मा, ग्यास मास्क तथा पूरा शरीर ढाक्ने सुरक्षात्मक पोषाक प्रयोग गर्नुहोस्। विषादीको मुख, आँखामा तथा छालामा प्रत्यक्ष सम्पर्क हुन नदिनुहोस्। विषादी शरीरमा पर्न दिनु हुँदैन। विषादी छरी सकेपछि सम्पर्कमा आएका कपडाहरू राम्रोसँग धुनुहोस् तथा नुहाउनुहोस्। विषादी छर्दा खाने, चपाउने, पिउने वा धूम्रपान गर्नु हुँदैन।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा**
यो जैविक विषादीका कारण कहिलेकाहीँ टाउको दुख्ने, चिड्चिडापन हुने वा वाकवाकी लाग्ने जस्ता लक्षणहरू देखिन सक्छन्।

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार**
छालामा विषादीको सम्पर्कमा भएका लुगाहरू हटाउनुहोस् र विषादी परेको भागलाई साबुनपानीले राम्रोसँग धुनुहोस्। आँखामा विषादी परेको भए तुरुन्त प्रशस्त सफा पानीले कम्तीमा १५ मिनेटसम्म लगातार पखाल्नुहोस्। यदि विषादी श्वासबाट भित्र गएमा बिरामीलाई खुला तथा ताजा हावायुक्त स्थानमा लैजानुहोस्। यदि विषादी निलेमा घाँटीको पछाडि भागमा चलाएर (काउकुती लगाएर) वान्ता गराउनुहोस्। यदि बिरामी बेहोस अवस्थामा छ भने वान्ता नगराउने र मुखबाट कुनै पनि खानेकुरा नदिनुहोस्। तुरुन्त चिकित्सकको परामर्श लिनुहोस्।

**एण्टिडट**
कुनै विशेष एण्टिडट उपलब्ध छैन। लक्षणका आधारमा उपचार गर्नुहोस्।

**प्रयोग गरिएको भाँडाको बिसर्जन:**
विषादी राखिएको प्याकेट वा कन्टेनर पुनः प्रयोग (पानी, तेल वा अन्य खाद्यवस्तु राख्न) गर्नु हुँदैन। विषादीको खाली बोतल, खोल वा अन्य विषादीयुक्त सामग्री तथा विषादी सफा गर्दा प्रयोग भएको पानीको उचित व्यवस्थापन गर्नु उत्पादक तथा प्रयोगकर्ताको दायित्व हुनेछ। वातावरणीय तथा जल प्रदूषण हुन नदिन खाली कन्टेनरहरू आवासीय क्षेत्रबाट टाढा कम्तीमा आधा मिटर गहिरो खाडलमा सुरक्षित तरिकाले नष्ट गर्नुपर्दछ।

**भण्डारणको अवस्था**
विषादी रहेका प्याकेटहरूलाई खाद्य पदार्थ तथा अन्य उपभोग्य सामग्री भण्डारण गर्ने कोठा वा परिसरबाट अलग्गै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ। विषादीको मात्रा तथा प्रकृतिअनुसार छुट्टै अलमारीमा ताला-चाबी लगाई सुरक्षित रूपमा राख्नुपर्छ। विषादी भण्डारणका लागि प्रयोग गरिने कोठा वा परिसर मजबुत रूपमा निर्मित, सुख्खा, शीतल, पर्याप्त उज्यालोयुक्त तथा राम्रो हावाप्रसार हुने हुनुपर्छ। यो जैविक विषादी भएकाले ब्याक्टेरियानाशक तथा रासायनिक विषादीबाट टाढा राख्नुपर्छ। यो विषादीलाई भण्डारण गर्दा भण्डारण कक्षको तापक्रम ४५ डिग्री सेल्सियस भन्दा कममा र सूर्यको प्रकाश सीधा नपर्ने खालको हुनुपर्दछ।

**प्रयोगको निर्देशन: कृपया प्रयोग गर्नु अघि संलग्न सूचक पर्चा पढ्नुहोस् र पालना गर्नुहोस्।**

**सावधानी:** विषादीलाई बच्चाको पहुँचबाट टाढा राख्नुहोस्।




**सावधान, सामान्य घातक, हरियो (कृषि प्रयोजनका लागि मात्र)**

यो जैविक ढुसीनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस्। वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।

**विषादीको उत्पादन र वितरकको नाम ठेगाना - इन्टरनेशनल पानासिया लिमिटेड, नयाँ दिल्ली, भारत**

**पञ्जीकरण / पैठारीकर्ता :**
गोरखा सीड एण्ड एग्रो ट्रेडर्स
काठमाण्डौ, नेपाल
फोन नं. ०१ ५२२५२४३

**उत्पादित देशको रजिष्टर नं.** CIR-2098/2017(375)-*Trichoderma harzianum* (AS)-507

नेपालमा पञ्जीकरण गरिएको नः
0106-BIO-AS-2026




**विषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस्।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नु पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

**स्यूडोमोनास फलोरेसेन्स २% ए.एस**

***Pseudomonas fluorescens* 2% A.S.**

(CFU Count: $1\times10^8$ /ml minimum)

Strain No.: IPL/PS/-01, Accession No.: MTCC5727

# बैक्टवाईप (BACTVIPE)

(जैविक ढुसीनाशक)

सिफारिसः

| बाली | रोगको सामान्य नाम र रोग लगाउने जिवाणु | | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | एम. एल. /प्रति लिटर पानीमा | पर्खने अवधि |
|---|---|---|---|---|---|---|
| | | | यो विषादीको आवश्यक मात्रा (लिटर) | विषादीको घोल तयार गर्न आवश्यक पानीको मात्रा (लिटर) | | |
| धान | व्याक्टेरियल लिफ व्लाइट (*Xanthomonas oryzea pv. Oryzae*) | बेर्नाको जरा उपचार | १० एम एल प्रति लिटर पानीमा मिसाई विषादीको घोल तयार गर्नुपर्ने | | १० | छैन |
| | | खडा बाली उपचार | १.८७ - २.५० | ५०० | ३.७४–५.० | |

**प्रयोग गर्ने विधि**

**बेर्नाको जरा डुबाएर गर्ने उपचारः**

यस जैविक विषादी १० मि.लि. प्रति लिटर पानीमा मिसाई, घोल तयार गर्नुहोस र रोप्नु अघि बेर्ना उखेलेर यसको जरालाई ३० मिनेटसम्म उक्त घोलमा डुबाउनहोस् ।

**बालीमा छर्कने विधिः**

उल्लिखित दरमा यस जैविक विषादी र पानी मिसाइ धान रोपेको ४०-४५ दिनमा पहिलो पटक छर्नुपर्दछ । यसैगरी, रोगको प्रकोपको अवस्था हेरी यस जैविक विषादीलाई २-३ पटकसम्म १०-१२ दिनको अन्तरालमा प्रयोग गर्न सकिन्छ ।

यो जैविक विषादी प्रयोग गर्नु अघि वा प्रयोग गरेपछि बालिमा कुनै पनि रासायनिक ढुसीनाशक विषादी प्रयोग गर्नु हुँदैन । यस जैविक विषादीको प्रभावकारिताका लागि धेरै उच्च आद्रता (Higher Level of Humidity) आवश्यक हुन्छ । रासायनिक उपचार गरिएको वीउमा यो जैविक विषादीको प्रयोग गर्नु हुँदैन । विषादी छर्दा हातले सञ्चालन गर्ने न्यापस्याक स्प्रेयर वा पावर स्प्रेयरमा जडान गरिएको होलो कोन नोजल प्रयोग गरी राम्रोसँग छकर्नु पर्दछ ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ ।**

विषादीको प्याकेट खोल्दा वा विषादी छर्दा पञ्जा, रबर बुट, चश्मा, ग्यास मास्क तथा पूरा शरीर ढाक्ने सुरक्षात्मक पोषाक प्रयोग गर्नुहोस् । विषादीको मुख, आँखामा तथा छालामा प्रत्यक्ष सम्पर्क हुन नदिनुहोस् । विषादी शरीरमा पर्न दिनु हुँदैन । विषादी छरी सकेपछि सम्पर्कमा आएका कपडाहरू राम्रोसँग धुनुहोस् तथा नुहाउनुहोस् । विषादी छर्दा खाने, चपाउने, पिउने वा धूम्रपान गर्नु हुँदैन ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा**

यो जैविक विषादीका कारण कहिलेकाहीँ टाउको दुख्ने, चिड्चिडापन हुने वा वाकवाकी लाग्ने जस्ता लक्षणहरू देखिन सक्छन् ।

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार**

छालामा विषादीको सम्पर्कमा भएका लुगाहरू हटाउनुहोस् र विषादी परेको भागलाई साबुनपानीले राम्रोसँग धुनुहोस् । आँखामा विषादी परेको भए तुरुन्त प्रशस्त सफा पानीले कम्तीमा १५ मिनेटसम्म लगातार पखाल्नुहोस् । यदि विषादी श्वासबाट भित्र गएमा बिरामीलाई खुला तथा ताजा हावायुक्त स्थानमा लैजानुहोस् । यदि विषादी निलेमा घाँटीको पछाडि भागमा चलाएर (काउकुती लगाएर) वान्ता गराउनुहोस् । यदि बिरामी बेहोस अवस्थामा छ भने वान्ता नगराउने र मुखबाट कुनै पनि खानेकुरा नदिनुहोस् । तुरुन्त चिकित्सकको परामर्श लिनुहोस् ।

**एण्टिडट**

कुनै विशेष एण्टिडट उपलब्ध छैन । लक्षणका आधारमा उपचार गर्नुहोस् ।

**प्रयोग गरिएको भाँडोको बिसर्जन**

विषादी राखिएको प्याकेट वा कन्टेनर पुनः प्रयोग (पानी, तेल वा अन्य खाद्यवस्तु राख्न) गर्नु हुँदैन । विषादीको खाली बोतल, खोल वा अन्य विषादीयुक्त सामग्री तथा विषादी सफा गर्दा प्रयोग भएको पानीको उचित व्यवस्थापन गर्नु उत्पादक तथा प्रयोगकर्ताको दायित्व हुनेछ । वातावरणीय तथा जल प्रदूषण हुन नदिन खाली कन्टेनरहरू आवासीय क्षेत्रबाट टाढा कम्तीमा आधा मिटर गहिरो खाडलमा सुरक्षित तरिकाले नष्ट गर्नुपर्दछ ।

**भण्डारणको अवस्था**

विषादी रहेका प्याकेटहरूलाई खाद्य पदार्थ तथा अन्य उपभोग्य सामग्री भण्डारण गर्ने कोठा वा परिसरबाट अलग्गै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ । विषादीको मात्रा तथा प्रकृतिअनुसार छुट्टै अलमारीमा ताला-चाबी लगाई सुरक्षित रूपमा राख्नुपर्छ । विषादी भण्डारणका लागि प्रयोग गरिने कोठा वा परिसर मजबुत रूपमा निर्मित, सुख्खा, शीतल, पर्याप्त उज्यालोयुक्त तथा राम्रो हावाप्रसार हुने हुनुपर्छ । यो जैविक विषादी भएकाले व्याक्टेरियानाशक तथा रासायनिक विषादीबाट टाढा राख्नुपर्छ । यो विषादीलाई भण्डारण गर्दा भण्डारण कक्षको तापक्रम ४५ डिग्री सेल्सियस भन्दा कममा र सूर्यको प्रकाश सीधा नपर्ने खालको हुनुपर्दछ ।

**प्रयोगको निर्देशनः कृपया प्रयोग गर्नु अघि संलग्न सूचक पर्चा पढ्नुहोस् तथा त्यसमा उल्लिखित निर्देशनहरू पालना गर्नुहोस् ।**

**सावधानीः** विषादीलाई बालबालिकाको पहुँचभन्दा टाढा राख्नुहोस् ।




**सावधान, सामान्य घातक, हरियो (कृषि प्रयोजनका लागि मात्र)**

यो जैविक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् । वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।

**विषादीको उत्पादन र वितरकको नाम ठेगाना - इन्टरनेशनल पानासिया लिमिटेड, नयाँ दिल्ली, भारत**

**पञ्जीकरण / पैठारीकर्ता :**

गोरखा सीड एण्ड एग्रो ट्रेडर्स

काठमाण्डौ, नेपाल

फोन नं. ०१ ५२२५२४३

**उत्पादित देशको रजिष्टर नं.** *CIR-2097/2017(375)-Pseudomonas fluorescens (AS)-276*

नेपालमा पञ्जीकरण गरिएको नः

0107-BIO-AS-2026



**विषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नु पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

**पायरीपरोक्सीफेन ८% + डायनोटेफुरान ५ % + डायफैन्थुरान १८% एस.सी.**

# Pyriproxyfen 8% + Dinotefuran 5% + Diafenthiuron 18% SC

## रोनफेन

दैहिक आन्तरिक कीटनाशक

सिफारिस:

| बाली | कीराहरुको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा (एम.एल) | विषादी घोल्न जम्मा चाहिने पानी (लि) | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि (दिन) | बिषादी प्रति एम.एल ⁄ प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| भन्टा | ज्यासिड (Jassids), सेतो झिँगा (White lies), लाही (Aphids) थ्रिप्स (Thrips) | ६००–८२५ | ५०० | ८ देखि १० दिन | १.२०–१.६५ एम.एल |

**प्रयोग गर्ने विधि:**

विषादीको घोल बनाउँदा छर्कने ट्यांकीमा आधा मात्रासम्म पानी राखी सिफारिस गरिएको विषादीको मात्रा हालेर राम्रोसँग घोल्नुहोस् । त्यसपछि आवश्यक मात्रामा थप पानी हालेर पुनः राम्रोसँग चलाउनुहोस् । तयार भएको विषादीको घोल तुरुन्तै प्रयोग गर्नुहोस् । यो विषादी न्यापस्याक स्प्रेयरबाट छर्न सकिन्छ ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्दछः**

यो विषादी मौरीका लागि अत्यन्त घातक भएकाले मौरीको सक्रिय उपस्थितिमा प्रयोग नगर्नुहोस् । साथै माछापालन गरिएको क्षेत्रमा पनि यो विषादी प्रयोग नगर्नुहोस् । विषादीको प्याकेट खोल्दा, घोल तयार गर्दा वा विषादी छर्दा पञ्जा, रबर बुट, चश्मा, ग्यास मास्क, टोपी तथा पूरा शरीर ढाक्ने सुरक्षात्मक पोशाक प्रयोग गर्नुहोस् । विषादी छर्दा यसको छिटा नाक वा मुखबाट शरीरभित्र प्रवेश हुन नदिनुहोस् तथा मुख, आँखा एवं छालासँग विषादीको प्रत्यक्ष सम्पर्क हुन नदिनुहोस् । विषादी छरिसकेपछि सम्पर्कमा आएका कपडाहरू राम्रोसँग धुनुहोस् र साबुनपानीले नुहाउनुहोस् । विषादी छर्दा खाने, पिउने, चपाउने वा धूम्रपान गर्ने कार्य गर्नु हुँदैन ।

**मानिसलाई यो विषादीको विष लागेका अवस्थामा:**

यो विषादी छालाको लागि संवेदनशील हुने हुँदा छालामा सम्पर्क भएमा छालामा एलर्जी सम्बन्धी घाउ वा डाबरहरू देखिने, कमजोरी महसुस हुने, थकान लाग्ने, श्वासप्रश्वासमा कठिनाइ हुने, टाउको दुख्ने, वाकवाकी लाग्ने र बान्ता हुने जस्ता लक्षणहरू देखा पर्न सक्छन्।

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार:**

यदि विषादी निलेको खण्डमा बिरामी सचेत अवस्थामा छ भने १ वा २ गिलास पानी पिउन दिने । यदि बिरामी बेहोस छ भने मुखबाट केही पनि खानेकुरा दिनुहुँदैन र बान्ता नगराउने । छालामा विषादीको सम्पर्क भएको अवस्थामा विषादी सम्पर्क भएको भाग पर्याप्त सफा पानी र साबुनले राम्ररी धुनुहोस्। यदि रुखोपन रह्यो भने चिकित्सकलाई देखाउनुहोस् । आँखामा विषादीको सम्पर्क भएको अवस्थामा कम्तीमा १५ मिनेटसम्म सफा पानीले आँखालाई धुनुहोस् । श्वासप्रश्वासमार्फत विषाक्तता भएमा पर्याप्त हावा खेल्ने ठाउँमा बिरामीलाई राख्नुहोस् । शरिर को तापक्रम को खयाल गर्ने । यदि बिरामीलाई श्वास फेर्न गाह्रो भयको छ वा श्वास फेरको छैन भने कृत्रिम [mouth to mouth] श्वासप्रश्वासमा दिने । समस्या गम्भीर भएमा चिकित्सकलाई तुरुन्त सम्पर्क गर्ने ।

**एण्टिडोट:**

यी विषादीको कुनै विशेष एण्टिडोट उपलब्ध छैन । लक्षणका आधारमा उपचार गर्नुपर्छ ।

**प्रयोग गरिएको भाँडाको विसर्जन:**

विषादी राखिएको प्याकेट वा भाँडालाई पूनः पानी, खाना, तेल वा अन्य खाद्यवस्तु राख्न प्रयोग गर्नु हुँदैन । विषादीका खाली खोल, कन्टेनर, विषादीयुक्त सामग्री तथा विषादी सफा गरेको पानीको उचित व्यवस्थापन गर्नु विषादी उत्पादक तथा प्रयोगकर्ताको कर्तव्य हुनेछ । वातावरणीय तथा जल प्रदूषण हुन नदिन खाली कन्टेनरहरू आवासीय क्षेत्रबाट टाढा गहिरो खाडल खनी सुरक्षित रूपमा नष्ट गर्नुपर्छ ।

**भण्डारणको अवस्था :**

विषादी भएका प्याकेजहरुलाई अन्य वस्तुहरु भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चावी लगाई राख्नुपर्छ । विषादी भण्डारणको लागि बनाईएको कोठा ढलान गरेको, नसोस्ने,पर्याप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने हुनुपर्छ । आधिकारिक व्यक्तिहरुको मात्र पहुँच हुने गरी विषादीको प्याकेट र कन्टेनरहरु सुख्खा ठाँउमा भण्डारण गर्नुहोस् । विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा,औषधि, वा मलखादवाट टाढा राख्नुहोस् ।

**प्रयोग गर्नु पूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी : विषादीलाई बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।**




**सावधान, मध्यम घातक, निलो**

**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं.मा फोन गर्नुहोस् । वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना :**

सीडलिंग्स इण्डिया प्राइभेट लिमिटेड,गौतम बुद्ध नगर यू.पि,भारत

वितरक :बेस्ट एग्रोलाईफ लिमिटेड,नयाँ डिल्ली,भारत

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सर्म्पक नं**

नेपाल सीड सेन्टर, कलैया ४,बारा नेपाल,९७०६३६१४८८

**उत्पादितदेशको रजिष्टर नं.** CIR-250682/2023-Pyriproxyfen + Dinotefuran + Diafenthiuron (SC)(442)-12

**नेपालमा पञ्जीकरण गरिएको नं.** 0108-INS-SC-2026




**विषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन। अतः विषादीको प्रयोग गर्नु पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस्।**

प्रेटीलाक्लोर ५०% ई.सी.

Pretilachlor 50% EC

# प्रिन्स (Prince)

चयनात्मक तथा झारपात अंकुरनपूर्व प्रयोग गर्ने झारनाशक (Selective, pre-emergence and broad-spectrum herbicide)

**सिफारिसः**

| बाली | झारहरुको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि (दिन) | एम. एल. प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | विषादीको आवश्यक मात्रा (लिटर) | विषादी घोल्न चाहिने पानी (लिटर) | | |
| रोपेको धान | सामा घाँस *(Echinochloa crusgalli)*, सामा घाँस *(Echinochloa colonum)*, एक वर्षिय जौंनार *(Cyperus difformis)*, छाता मोथे *(Cyperus iria)*, ज्वाने झार *(Fimbristylis miliacea)*, महाभृङ्गराज *(Eclipta alba)*, पानीको झाडी *(Ludwigia pulviflora)*, लेप्टोक्लोआ घाँस *(Leptochloa chinensis)*, नीलो जलकुम्भी *(Monochorea vaginalis)*, भुइँ घाँस *(Panicum repens)* | १.०-१.५ | ५००-७५० | ७५-९० | २ |

**नोटः** झारहरुको नेपाली नाम स्थान विशेष अनुसार फरक हुन सक्छ। त्यसैले विज्ञहरुसँग सम्पर्क गरी यकिन गर्नुहोला।

## प्रयोग गर्ने विधिः

विषादीको घोल बनाउँदा छर्कने ट्यांकीको आधा मात्रासम्म पानी राखेर विषादीको मात्रा हाल्नुहोस् र राम्रोसँग घोल्नुहोस्। यसपछि पानी थपेर फेरि चलाउनुहोस्। तयार भएको विषादीको घोल तुरुन्त छर्कनुहोस्। यो विषादीलाई धान रोपाई गरेको ५ दिन भित्रमा प्रयोग गरि सक्नु पर्दछ। यो विषादी विभिन्न प्रकारका विषादी छर्कने उपकरणबाट धान रोपेको क्षेत्रमा छर्न सकिन्छ।

## यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ

विषादी प्याकेट खोल्दा वा विषादी छर्किदा पञ्जा, रबर बूट, चश्मा, ग्याँस मास्क तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस्। घोल तयार गर्दा सुरक्षात्मक पोशाक जस्तै मास्क, पञ्जा, चस्मा, टोपी, एप्रोन आदि लगाउनुहोस् र विषादी छर्कदा छिटाहरु नाक मुखबाट भित्र प्रवेश गर्न दिनु हुँदैन साथै मुख, आँखामा एवम् छालामा विषादीको सिधा सम्पर्क हुन नदिनुहोस्। विषादी शरीरमा पर्न दिनुहुँदैन। विषादी छरी सकेपछि सम्पर्कमा आएका कपडाहरु राम्रोसँग धुनुहोस् र नुहाउनुहोस्। विषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नु हुँदैन।

## मानिसलाई यो विषादीको विष लागेको अवस्थामा

प्रारम्भिक लक्षणहरूमा टाउको दुखाइ, चक्कर लाग्नु, घुमेको महसुस (भर्टिगो), वाकवाकी लाग्नु, वान्ता हुनु, अत्यधिक पसिना आउनु, आँसु बढी आउनु तथा र्‍याल बढी निस्किनु जस्ता लक्षणहरु देखिन सक्छन्।

## विष लाग्दा अपनाउनु पर्ने प्राथमिक उपचार

यदि निलिएको छ भने, बान्ता गराउनुहोस् तर अचेत अवस्थामा बान्ता गराउनु हुँदैन।छालामा विषादीको सम्पर्क भएको अवस्थामाः विषादी सम्पर्क भएको भाग पर्याप्त सफा पानी र साबुनले राम्ररी धुनुहोस्। यदि रुखोपन रह्यो भने चिकित्सकलाई देखाउनुहोस्। आँखामा विषादीको सम्पर्क भएको अवस्थामाः कम्तीमा १५ मिनेटसम्म सफा पानीले आँखालाई धुनुहोस्। श्वासप्रश्वासमार्फत विषाक्तता भएमा पर्याप्त हावा खेल्ने ठाउँमा बिरामीलाई राख्नुहोस्। लक्षण गम्भीर भए चिकित्सकलाई तुरुन्त देखाउनुहोस्।

## एण्टिडट

विशेष किसिमको एण्टिडट छैन। लक्षणको आधारमा उपचार गर्नुहोस्।

## प्रयोग गरिएको भाँडोको विसर्जनः

प्याकेट वा विषादीको सम्पर्कमा आएका सामग्री र विषादी छर्कने उपकरण वा अन्य भाँडाहरूबाट निस्केको विषाक्त पानी वा विषादीयुक्त वस्तुलाई सुरक्षित तरिकाले वातावरण वा पानी प्रदुषण हुनबाट बच्ने गरि विसर्जन गर्नुपर्छ। प्रयोग गरिएका विषादीका प्याकेटहरूलाई पूनः प्रयोग रोक्नको लागि बाहिर छोड्नुहुँदैन। प्याकेटहरू प्रयोग गर्न नमिल्ने गरि बस्तीबाट टाढा पानीको मुहान नभएको स्थानमा सुरक्षित तवरले विसर्जन गर्नुपर्छ।

## भण्डारणको अवस्था

विषादी रहेका प्याकेटहरूलाई खाद्यपदार्थ लगायत अन्य सामानहरू भण्डारण गर्ने कोठा वा परिसरबाट अलग कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृतिका आधारमा छुट्टै अलमारीमा ताला र चाबी लगाएर राख्नुपर्छ। विषादी भण्डारणका लागि तोकिएका कोठा वा परिसर राम्ररी निर्मित, सुख्खा, चिसो, पर्याप्त उज्यालो र हावादार हुनुपर्छ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढनुहोस् र पालना गर्नुहोस्।**

**सावधानी**ः विषादीलाई बच्चाको पहुँचबाट टाढा राख्नुहोस्।




**सावधान, सामान्य घातक, हरियो**

**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस्। वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।

**विषादीको उत्पादक र वितरकको नाम ठेगानाः**

कृषि रसायन एक्स्पोर्ट्स प्राइभेट लिमिटेड
दिल्ली- (भारत)।

**पञ्जीकरणकर्ताको नाम, ठेगाना र सम्पर्कः-**

मनिता एग्रो इन्टरप्राईजेज,
कलैया बारा ,नेपाल
९८५५०२६१४४

**उत्पादित देशको रजिष्टर नं.ः** CIR-37,579/2002-PRETILACHLOR (EC)-19

**नेपालमा पञ्जीकरण गरिएको नं.ः**

0109-HER-EC-2026




**विषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस्।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अत: विषादीको प्रयोग गर्नु पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

**थायमेथोक्साम १.०% + क्लोरएन्ट्रानिलिप्रोल ०.५% जी.आर**

**THIAMETHOXAM 1.0% + CHLORANTRANILIPROLE 0.5% GR**

# ब्राभो (BRAVO)

सम्पर्क तथा दैहिक कीटनाशक

**सिफारिस:**

| बाली | कीरा | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा (के.जी.) | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि ( दिन ) |
|---|---|---|---|
| धान | डाँठको गभारो (Stem Borer) पात बेरुवा (Leaf folder), पातको हरियो फड्के (Green leaf hopper), पातको खैरो फड्के (Brown plant hopper) | ६ | ६० |
| उखु | फेदको अगौटे गभारो (Early Shoot Borer) | १० | २७० |
| मकै | लाही कीरा (Aphids) डाँठको गभारो (Stem Borer) | ६ | ९५ |

**नोट :** यो विषादी दानाको रुपमा प्रयोग गर्ने हुँदा पानीको आवश्यकता नपर्ने ।

**प्रयोग गर्ने विधि:**
यो विषादी धानमा प्रति हेक्टर ६ के.जीका दरले रोपेको १५ देखि ३५ दिन भित्र सबैतिर समानरुपमा पर्ने गरी छर्ने । उखुमा प्रति हेक्टर १० केजीका दरले बिरुवा रोप्दा ड्याङमा वा बिरुवामा डाँठ निस्कने अवस्थामा बिरुवाको फेदमा विषादी प्रयोग गर्दा यसले सुरुमा देखिने अगौटे डाँठको गभारो (early shoot borer) का अण्डा वा प्रारम्भिक लार्भाको अवस्था देखिँदैमा तुरुन्तै प्रयोग गर्दा कीराको राम्रो नियन्त्रण हुन्छ । विषादीको प्रयोग पश्चात हल्का सिँचाई गर्नुहोस्।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ ।**
यो मौरी र अन्य परागसेचन गर्ने कीराहरुको लागि अत्यधिक विषाक्त छ; त्यसैले सक्रिय चरन अवधिमा यो विषादीलाई प्रयोग गर्नुहुँदैन। फूल फुल्नुभन्दा ५ दिन अघि र फूल फुल्ने अन्त्यको बीचमा फूल फुल्ने बालीहरूमा प्रयोग नगर्नुहोस्। यो जलचर मेरुदण्ड नभएका जीवहरूका लागि विषाक्त छ; त्यसैले, यसलाई माछा, झिँगे माछा र धान खेतमा हुर्काइएका अन्य क्रस्टेसियन (Crustacea) नजिक प्रयोग गर्नु हुँदैन। यो कीटनाशक प्रयोग गरिएको खेतमा २४ घन्टासम्म सुरक्षात्मक कपडा (पूर्ण छाला छोप्ने गरि र जुत्ता) नलगाई प्रवेश नगर्नुहोस्। विषादी प्याकेट खोल्दा वा विषादी छर्कदा पञ्जा, रबर बूट, चश्मा ग्याँस मास्क तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस्। मुख, आँखामा एवम् छालामा विषादीको सिधा सर्म्पक हुन नदिनुहोस्। विषादी शरीरमा पर्न दिनुहुँदैन। विषादी छरी सके पछि सर्म्पकमा आएका कपडाहरु राम्रोसगं धुनुहोस् र नुहाउनुहोस्। विषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नु हुँदैन।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा**
यस विषादीको कारणले मांसपेशीमा समन्वयको अभाव, कम्पन (कम्पन हुनु) र आँखाको नानी (पुतली) फैलिनुजस्ता लक्षणहरु देखिन्छ ।

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार**
यदि कुनै असहजता वा बिरामीपन देखा परेमा तुरुन्त काम बन्द गरी चिकित्सकलाई बोलाउनुहोस्। प्रभावित व्यक्तिलाई राम्रोसँग हावा चल्ने स्थान वा ताजा हावामा लैजानुहोस्। छालासँग सम्पर्क भएमा दूषित लुगा हटाई विषादी परेकोअंगहरूलाई साबुन र पानीले राम्ररी धुनुहोस्। आँखामा परेमा: आँखालाई सफा पानीले बिस्तारै केही मिनेटसम्म पखाल्नुहोस्। निलेमा तुरुन्तै चिकित्सक कहाँ लैजानुहोस्। नोट:बान्ता गराउन प्रयास नगर्नुहोस् र बेहोस व्यक्तिलाई मुखबाट कुनै पनि कुरा नदिनुहोस्।

## विशेष ध्यान दिनु पर्ने विषय
कीराहरुमा यस विषादी प्रति प्रतिरोधात्मक क्षमत विकास हुनसक्ने सम्भावना रहेकोले यस विषादी तथा यसै समूह अन्तर्गत पर्ने Chlorantraniliprole, Flubendiamide, Tetraniliprole जस्ता विषादीहरु एकपटक प्रयोग गरिसकेपछि लगातार प्रयोग गर्नु हुँदैन । एक बाली अवधिमा कुल बाली अवधिमा ५० प्रतिशतभन्दा बढी समयसम्म यस समूहका विषादीको सम्पर्कमा राख्नु हुँदैन ।

**एण्टिडट**
विशेष किसिमको एण्टिडट छैन । लक्षणको आधारमा उपचार गर्ने ।

**प्रयोग गरीएका भाँडाको बिसर्जन**
प्याकेट वा विषादीको सम्पर्कमा आएका सामग्री र विषादी छर्कने उपकरण वा अन्य भाँडाहरूबाट निस्केको विषाक्त पानी वा विषादीयुक्त वस्तुलाई सुरक्षित तरिकाले वातावरण वा पानी प्रदुषण हुनबाट बच्ने गरि बिसर्जन गर्नुपर्छ । प्रयोग गरिएका विषादीका प्याकेटहरूलाई पुन: प्रयोग रोक्नको लागि बाहिर छोड्नुहुँदैन। प्याकेटहरू प्रयोग गर्न नमिल्ने गरि बस्तीबाट टाढा पानीको मुहान नभएको स्थानमा गहिरो खाडलमा गाड्नु पर्छ ।

**भण्डारणको अवस्था**
विषादी रहेका प्याकेटहरूलाई खाद्यपदार्थ लगायत अन्य सामानहरू भण्डारण गर्ने कोठाहरू वा परिसरहरूबाट अलग कोठाहरू वा परिसरहरूमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृतिका आधारमा छुट्टै अलमारीहरूमा ताला र चाबी लगाएर राख्नुपर्छ। विषादी भण्डारणका लागि तोकिएका कोठाहरू वा परिसरहरू राम्ररी निर्मित, सुख्खा, चिसो, प्रयाप्त उज्यालो र हावादार हुनुपर्छ ।

**"प्रयोग गर्नु पूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढनुहोस् र पालना गर्नुहोस् ।"**
**सावधानी बच्चाको पहुँचबाट टाढा राख्नुहोस ।**




**सावधान, मध्यम घातक, निलो**
**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लाण्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१५०१०१११ नं. मा फोन गर्नुहोस् । वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।

**<u>विषादीको उत्पादक को नाम ठेगाना :</u>**
भोलरिच क्रप साइन्स प्राईभेट लिमिटेड
आनन्द - ३८९ २४०, गुजरात, भारत ।

**बजार व्यवस्थापक** - होलिष्टिक सस्टेनेबल इण्डया प्रा. लि. अहमदाबाद- ३८२४१८, गुजरात, भारत

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सर्म्पक नं:** ईस्ट बेष्ट एग्रो केमिकल्स प्रा. लि., मुनाल पथ महानगरपालिका २, विराटनगर मोरङ्ग, पर्सा ९८५५०२१०८९

**उत्पादित देशको रजिष्टर नं.:** CIR-349325/2025-THIAMETHOXAM + CHLORANTRANILIPROLE (GR) (461)-583

**नेपालमा पञ्जीकरण गरिएको नं.**

0110-INS-GR-2026




**विषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नु पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

ब्यासिलस सवटिलिस  २% ए.स.

***Bacillus subtilis 2.0% A.S.***

***CFU Count: 1 x $10^8$/ ml minimum***

***Strain No.: IPL/BS/09, Accession No.: MTCC 5728***

# मिलडाउन (MILDOWN)

(जैविक ढुसीनाशक)

सिफारिस:

| बाली | रोगको सामान्य नाम र रोग लगाउने जीवाणु | | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | एम. एल. /प्रति लिटर पानीमा | पर्खने अवधि |
|---|---|---|---|---|---|---|
| | | | यो विषादीको आवश्यक मात्रा (लिटर) | विषादीको घोल तयार गर्न आवश्यक पानीको मात्रा (लिटर) | | |
| धान | ब्याक्टेरियल लिफ ब्लाइट (Bacterial Leaf Blight) *Xanthomonas oryzea pv. Oryzae* | बेर्नाको जरा उपचार | १० एम. एल. प्रति लिटर पानीमा मिसाई विषादीको घोल तयार गर्नुपर्ने | | १० | छैन |
| | | खडा बाली उपचार | १.८७ - २.५० | ५०० | ३.७४– ५.० | |

**प्रयोग गर्ने विधि**

**बेर्नाको जरा डुबाएर गर्ने उपचार विधि:**

यस जैविक विषादीको १० एम. एल. प्रति लिटर पानीमा मिसाई, घोल तयार गर्नुहोस र रोप्नु अघि बेर्ना उखेलेर जरालाई ३० मिनेटसम्म उक्त घोलमा डुबाउनहोस् ।

**खडा बालीमा छर्कने विधि:**

उल्लिखित दरमा यस जैविक विषादी र पानी मिसाई तयार गरेको घोल धान रोपेको ४०-४५ दिनमा पहिलो पटक छर्नुपर्दछ । यसैगरी, रोगको प्रकोपको अवस्था हेरी यस जैविक विषादीलाई २-३ पटकसम्म १०-१२ दिनको अन्तरालमा प्रयोग गर्न सकिन्छ ।

यो विषादी प्रयोग गर्नु अघि वा प्रयोग गरेपछि कुनै पनि रासायनिक ढुसीनाशक विषादी प्रयोग गर्नु हुँदैन । यस जैविक विषादीको प्रभावकारिताका लागि उच्च आद्रताको (Higher Level of Humidity) आवश्यक हुन्छ । रासायनिक विषादीद्वारा उपचारित वीउमा यस जैविक विषादी प्रयोग गर्नु हुँदैन । विषादी छर्दा हातले सञ्चालन गर्ने न्यापस्याक स्प्रेयर वा पावर स्प्रेयरमा जडान गरिएको होलो कोन नोजल प्रयोग गरी राम्रोसँग छर्कनु पर्दछ ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ ।**

विषादीका प्याकेट खोल्दा वा विषादी छर्दा पञ्जा, रबर बुट, चश्मा, ग्यास मास्क तथा पूरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । मुख, आँखा एवं छालामा विषादीको प्रत्यक्ष सम्पर्क हुन नदिनुहोस् । विषादी शरीरमा पर्न दिनु हुँदैन । विषादी छरी सकेपछि सम्पर्कमा आएका कपडाहरू राम्रोसँग धुनुहोस् तथा नुहाउनुहोस् । विषादी छर्दा खाने, चपाउने, पिउने वा धूम्रपान गर्नु हुँदैन ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा**

कहिलेकाहीँ टाउको दुख्ने, चिड्चिडापन हुने वा वाकवाकी लाग्ने जस्ता लक्षणहरू देखिन सक्छन् ।

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार**

छालामा विषादीको सम्पर्कमा भएका लुगाहरू हटाउनुहोस् र विषादी परेको भागलाई साबुनपानीले राम्रोसँग धुनुहोस् । आँखामा विषादी परेको भए तुरुन्त प्रशस्त सफा पानीले कम्तीमा १५ मिनेटसम्म लगातार पखाल्नुहोस् । यदि विषादी श्वासबाट भित्र गएमा बिरामीलाई खुला तथा ताजा हावायुक्त स्थानमा लैजानुहोस् । यदि विषादी निलेमा घाँटीको पछाडि भागमा चलाएर (काउकुती लगाएर) वान्ता गराउनुहोस् । यदि बिरामी बेहोस अवस्थामा छ भने वान्ता नगराउने र मुखबाट कुनै पनि खानेकुरा नदिनुहोस् । तुरुन्त चिकित्सकको परामर्श लिनुहोस् ।

**एण्टिडोट**

विशेष एण्टिडट उपलब्ध छैन । लक्षणका आधारमा उपचार गर्नुहोस् ।

**प्रयोग गरिएको भाँडोको बिसर्जन**

विषादी राखिएको प्याकेट वा कन्टेनर पुनः प्रयोग (पानी, तेल वा अन्य खाद्यवस्तु राख्न) गर्नु हुँदैन । विषादीको खाली बोतल, खोल वा अन्य विषादीयुक्त सामग्री तथा विषादी सफा गर्दा प्रयोग भएको पानीको उचित व्यवस्थापन गर्नु उत्पादक तथा प्रयोगकर्ताको दायित्व हुनेछ । वातावरणीय तथा जल प्रदूषण हुन नदिन खाली कन्टेनरहरू आवासीय क्षेत्रबाट टाढा कम्तीमा आधा मिटर गहिरो खाडलमा सुरक्षित तरिकाले नष्ट गर्नुपर्दछ ।

**भण्डारणको अवस्था**

विषादी रहेका प्याकेटहरूलाई खाद्य पदार्थ तथा अन्य उपभोग्य सामग्री भण्डारण गर्ने कोठा वा परिसरबाट अलग्गै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ । विषादीको मात्रा तथा प्रकृतिअनुसार छुट्टै अलमारीमा ताला-चाबी लगाई सुरक्षित रूपमा राख्नुपर्छ । विषादी भण्डारणका लागि प्रयोग गरिने कोठा वा परिसर मजबुत रूपमा निर्मित, सुख्खा, शीतल, पर्याप्त उज्यालोयुक्त तथा राम्रो हावाप्रसार हुने हुनुपर्छ । यो जैविक विषादी भएकाले ब्याक्टेरियानाशक तथा रासायनिक विषादीबाट टाढा राख्नुपर्छ । यो विषादीलाई भण्डारण गर्दा भण्डारण कक्षको तापक्रम ४५ डिग्री सेल्सियस भन्दा कममा र सूर्यको प्रकाश सीधा नपर्ने खालको हुनुपर्दछ ।

**प्रयोगको निर्देशनः कृपया प्रयोग गर्नु अघि संलग्न सूचक पर्चा पढ्नुहोस् तथा त्यसमा उल्लिखित निर्देशनहरू पालना गर्नुहोस् ।**

**सावधानी:** विषादीलाई बालबालिकाको पहुँचभन्दा टाढा राख्नुहोस् ।




**सावधान, सामान्य घातक, हरियो**

**(कृषि प्रयोजनका लागि मात्र)**

यो जैविक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् ।
वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादन र वितरकको नाम ठेगाना - इन्टरनेशनल पानासिया लिमिटेड, नयाँ दिल्ली, भारत**

**पञ्जीकरण / पैठारीकर्ता :**

गोरखा सीड एण्ड एग्रो ट्रेडर्स

काठमाण्डौ, नेपाल

फोन नं. ०१ ५२२५२४३

**उत्पादित देशको रजिष्टर नं.** *CIR-2094/2017(375)- Bacillus subtillis (AS)-07.*

नेपालमा पञ्जीकरण गरिएको नः

0111-BIO-AS-2026




**विषादीको प्रयोग गर्नु  पूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन। अतः विषादीको प्रयोग गर्नु पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस्।**

प्रेटीलाक्लोर ५०% ई सी

Pretilachlor 50% EC

# इरेज (Eraze)

चयनात्मक तथा झारपात अंकुरनपूर्व प्रयोग गर्ने झारनाशक (Selective, pre-emergence and broad-spectrum herbicide)

**सिफारिसः**

| बाली | झारहरुको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि (दिन) | मिलि प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | विषादीको आवश्यक मात्रा ( लि.) | विषादी घोल्न चाहिने पानी ( लि.) | | |
| रोपेको धान | सामा घाँस *(Echinochloa crusgalli)*, सानो सामा घाँस *(Echinochloa colonum)*, एक वर्षिय जौंनार *(Cyperus difformis)*, छाता मोथे *(Cyperus iria)*, ज्वाने झार *(Fimbristylis miliacea)*, महाभृङ्गराज *(Eclipta alba)*, पानीको झाडी *(Ludwigia palviflora)*, लेप्टोक्लोआ घाँस *(Leptochloa chinensis)*, नीलो जलकुम्भी *(Monochorea vaginalis)*, भुइँ घाँस *(Panicum repens)* | १.०-१.५ | ५००-७५० | ७५-९० | २ |

नोटः झारहरुको नेपाली नाम स्थान विशेष अनुसार फरक हुन सक्छ। त्यसैले विज्ञहरुसँग सम्पर्क गरी यकिन गर्नुहोला ।

**प्रयोग गर्ने विधिः**

विषादीको घोल तयार गर्दा छर्कने ट्यांकीमा आवश्यक पानीको करिब आधा मात्रा भरी सिफारिस गरिएको विषादीको मात्रा हालेर राम्रोसँग मिसाउनुहोस्। त्यसपछि बाँकी पानी थपेर पुनः राम्रोसँग चलाई एकनासको घोल तयार गर्नुहोस् । तयार गरिएको विषादीको घोल तुरुन्तै प्रयोग गर्नुहोस् । यो विषादी धान रोपाइँ गरेको ५ दिनभित्र प्रयोग गरिसक्नुपर्छ । पानीको मात्रा प्रयोग गरिने छर्ने उपकरणको प्रकारमा निर्भर गर्दछ । न्यापस्याक स्प्रेयर, कम्प्रेसन न्यापस्याक स्प्रेयर तथा फ्ल्याट फ्यान वा फ्लड जेट नोजल जडित ब्याट्रीचालित कम्प्रेसन न्यापस्याक स्प्रेयर प्रयोग गरी सिफारिस अनुसार घोल तयार गरी छर्कन सकिन्छ ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ।**

विषादीको प्याकेट खोल्दा, घोल तयार गर्दा तथा विषादी छर्दा पञ्जा, रबर बुट, सुरक्षात्मक चस्मा, ग्यास मास्क तथा सम्पूर्ण शरीर ढाक्ने सुरक्षात्मक पोशाक अनिवार्य रूपमा प्रयोग गर्नुहोस् । विषादी छर्दा विषादीका सूक्ष्म कण वा छिटाहरू नाक तथा मुखमार्फत शरीरभित्र प्रवेश गर्न नदिनुहोस् तथा मुख, आँखा र छालासँग विषादीको प्रत्यक्ष सम्पर्क हुनबाट जोगाउनुहोस् । विषादी प्रयोग गरिसकेपछि सम्पर्कमा आएका लुगा-कपडाहरू राम्रोसँग धोई सफा गर्नुका साथै साबुनपानीले नुहाउनुहोस् । विषादीको घोल तयार गर्ने तथा छर्ने क्रममा खानेकुरा खाने, पेय पदार्थ सेवन गर्ने, च्युइङगम वा अन्य वस्तु चपाउने तथा धूम्रपान गर्ने कार्य गर्नु हुँदैन ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा**

प्रारम्भिक लक्षणहरूमा टाउको दुखाइ, चक्कर लाग्नु, घुमेको महसुस (भर्टिगो), वाकवाकी लाग्नु, वान्ता हुनु, अत्यधिक पसिना आउनु, आँसु बढी आउनु तथा र्‍याल बढी निस्किनु जस्ता लक्षणहरु देखिन सक्छन् ।

**विष लाग्दा अपनाउनु पर्ने प्राथमिक उपचार**

यदि विषादी निलेको खण्डमा घाँटीको पछाडिको भागमा काउकुती लगाएर बान्ता गराउनुहोस् र बान्ता सफा नभएसम्म यो प्रकृया दोहोर्‍याउनुहोस् । छालामा विषादीको सम्पर्क भएको अवस्थामा विषादी सम्पर्क भएको भाग पर्याप्त सफा पानी र साबुनले राम्ररी धुनुहोस् । यदि रुखोपन रह्यो भने चिकित्सकलाई देखाउनुहोस् । आँखामा विषादीको सम्पर्क भएको अवस्थामा कम्तीमा १५-२० मिनेटसम्म सफा पानीले आँखालाई धुनुहोस् । श्वासप्रश्वासमार्फत विषाक्तता भएमा पर्याप्त हावा खेल्ने ठाउँमा बिरामीलाई राख्नुहोस् । लक्षण गम्भीर भए चिकित्सकलाई तुरुन्त देखाउनुहोस् ।

**एण्टिडट**

विशेष किसिमको एण्टिडट छैन । लक्षणको आधारमा उपचार गर्नुहोस् ।

**प्रयोग गरिएको भाँडोको विसर्जनः**

प्याकेट वा विषादीको सम्पर्कमा आएका सामग्री र विषादी छर्कने उपकरण वा अन्य भाँडाहरूबाट निस्केको विषाक्त पानी वा विषादीयुक्त वस्तुलाई सुरक्षित तरिकाले वातावरण वा पानी प्रदूषण हुनबाट बच्ने गरि विसर्जन गर्नुपर्छ । प्रयोग गरिएका विषादीका प्याकेटहरूलाई पुनः प्रयोग रोक्नको लागि बाहिर छोड्नुहुँदैन। प्याकेटहरू प्रयोग गर्न नमिल्ने गरि बस्तीबाट टाढा पानीको मुहान नभएको स्थानमा गहिरो खाडलमा गाड्नु पर्छ ।

**भण्डारणको अवस्था**

विषादी रहेका प्याकेटहरूलाई खाद्यपदार्थ लगायत अन्य सामानहरू भण्डारण गर्ने कोठा वा परिसरबाट अलग कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृतिका आधारमा छुट्टै अलमारीमा ताला र चाबी लगाएर राख्नुपर्छ । विषादी भण्डारणका लागि तोकिएका कोठा वा परिसर राम्ररी निर्मित, सुख्खा, चिसो, पर्याप्त उज्यालो र हावादार हुनुपर्छ ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढनुहोस् र पालना गर्नुहोस् ।**

**सावधानीः** विषादीलाई बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, सामान्य घातक, हरियो**

**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं.मा फोन गर्नुहोस्। वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम ठेगानाः**

**एन ए सी एल इंडस्ट्रीज लिमिटेड**

लक्ष्मी टावर, प्लट नम्बर १२ A,C, कर्पोरेशन बैंकको विपरीत, नागार्जुन हिल्स, पुन्जगुट्टा, हैदराबाद, तेलंगाना ५०००८२, भारत र

**कोरोमंडल इन्टरनेशनल लिमिटेड,**

कोरोमंडल हाऊस, १–२–१०, सरदार पटेलरोड, सिकंदराबाद, तेलंगाना, भारत

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पक नं.:**

**नेपाल एग्रो सेन्टर प्राइभेट लिमिटेड,**

धनुषा, जनकपुर, नेपाल

९८५४०२०६००

**उत्पादित देशको रजिष्टर नं.: CIR-38,369(219)/2002-PRETILACHLOR (EC)-23**

**नेपालमा पञ्जीकरण गरिएको नं.:**

0112-HER-EC-2026




**विषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

जीवनाशक विषादी विष हो, औषधी होइन। अतः विषादीको प्रयोग गर्नु पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।

मेट्रिब्युजिन ७०% डब्लु.पी.

Metribuzin 70% WP

# क्रिजिन (KRIZIN)

चयनात्मक, अंकुरण पूर्व र अंकुरण पश्चात प्रयोग गरिने, सम्पर्क एवं दैहिक कार्य प्रकृति भएको झारनाशक
(Selective, pre- and post-emergence, contact and systemic herbicide)

सिफारिसः

| बाली | झारको नाम | प्रति हेक्टर वा २० रोपनिका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि दिन | यस विषादीको आवश्यक मात्रा-ग्राम प्रति लि.) |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (के. जी.) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| आलु | बेथे *(Chenopodium album)*, सेतो पुनर्नवा (*Trianthema monogyna)*, पाती झार *(Parthenium hysterophorus)*, फुमारिया झार *(Fumaria Parviflora)*, मेथी झार (*Melilotus spp.)*, रगते झार *(Phalaris minor)* | ०.७५० | ७५०-१००० | ३० | ०.७५-१ |
| भटमास | ठुलो मोथे *(Cyperus campestris)*,घाँस (*Eragrostis spp )*, घोडे झार *(Digitaria species)*, मोथ *(Cyperus esculentus)*, गहते झार *(Borreria* species) | ०.५०० - ०.७५० | ७५०-१००० | ३० | ०.५-१ |
| उखु | मोथे *(Cyperus rotundus)*, दुबो*(Cynodon dactylon)*, प्याजी *(Asphodelus tenuifolius )*, बेथे *(Chenopodium album)*, हलिनखुर *(Convolvulus arvensis)*, नुनिया साग *(Portulaca oleracea)*, कृष्णनील *(Anagallis arvensis)*, कासनी *(Cichorium intybus)*, सामा घाँस *(Echinochloa colonum)*, माकुरे घाँस *(Dactyloctenium aegypticum)*, पाती झार *(Parthenium hysterophorus)*, काने झार *(Commelina species)* | १.५-३.० (अंकुरण पश्चात)<br>१.५-२.० (अंकुरण पूर्व) | ७५०-१००० | ६० | १.५-४ |
| गोलभेंडा | भुईं झार *(Trianthema portulacastrum)*, माकुरे घाँस *(Dactyloctenium aegyptium)*, हुरहुरे साग *(Gynadropsis pantaphylla)*, लुँडे साग *(Amaranthus viridis)*, नुनियाँ साग *(Portulaca oleracea)*, लट्टे झार *(Digera arvensis)*, दुधे झार *(Euphorbia frustula)*, सामा घाँस *(Echinochloa colonum)*, गन्धे झार *(Ageratum conyzoides)*, कोदो घाँस *(Eleusine indica)*, सेट्रियाग्लुका *(Setriagluca)*, काने झार *(Commelina benghalensis)* | ०.७५० | ७५०-१००० | ३० | ०.७५-१ |
| गहुँ | रगते झार *(Phalaris minor)*, बेथे *(Chenopodium album)*, मेथी झार *(Melilotus species)* | ०.२५० ( दोमट माटो), ०.३०० ( चिम्टाइलो माटोमा) | ५००-७५० | १२० | ०.५(दोमट माटोमा), ०.६ चिम्टाइलो माटोमा) |

नोट: झारहरुको नेपाली नाम स्थान विशेष अनुसार फरक हुन सक्छ। त्यसैले विज्ञहरुसँग सम्पर्क गरी यकिन गर्नुहोला ।

**प्रयोग गर्ने विधिः**

पहिले क्रिजिन धूलोलाई थोरै पानीमा मिसाई पातलो लेदो (paste) तयार गर्नुहोस्। त्यसपछि यो लेदो (paste) आवश्यक मात्राको पानीमा बिस्तारै थप्दै राम्ररी चलाउनुहोस्। बीचमा काम रोकेर पुनः स्प्रे सुरु गर्दा घोललाई राम्रोसँग चलाउन सधैं सिफारिस गरिन्छ। यो विषादीलाई न्यापस्याक (Knapsack) वा खुट्टाले चलाइने (foot operated) स्प्रेयर, जसमा फ्ल्याट फ्यान वा फ्लड जेट प्रकारको नोजल जडान गरिएको हो, प्रयोग गर्नुहोस्। राम्रो प्रभावकारिताका लागि तलका निर्देशनहरू पालना गर्नुहोस् ।

**प्रयोग गर्नु पूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा संपूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस्।**

**सावधानीः** विषादीलाई बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, मध्यम घातक, निलो (कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं.मा फोन गर्नुहोस्। वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।

**विषादीको उत्पादक र वितरकको नाम**

कृषि रसायन एक्सपोर्ट्स प्रा.लि
न्यु दिल्ली, भारत

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्कः-**

मनिता एग्रो इन्टरप्राईजेज,
कलैया - ६,बारा, ९८५५०२६१४४

**उत्पादित देशको रजिष्टर नं.** CIR-24,335/96/Metribuzin (W.P) - 16

नेपालमा पञ्जीकरण गरिएको नं.:

**0113-HER-WP-2026**




**विषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस्।**

१. प्रि-इमर्जेन्स (उम्रनु पूर्व) प्रयोगका लागि: खेतमा डल्ला (clods) र ठुटा/ठुटी (stubbles) नरहेको सुनिश्चित गर्नुहोस्। मेट्रिब्युजिन ७० डब्लुपी छर्किसकेपछि माटोलाई नचलाउनुहोस्/नखोतल्नुहोस्।

२. प्रि तथा पोस्ट-इमर्जेन्स (उम्रनुपूर्व तथा उम्रेपछिको) प्रयोगका लागि: छेउछाउका बालीमा स्प्रे बगेर नजाओस् (drift) भन्ने सुनिश्चित गर्नुहोस्। सिफारिस गरिएको समय र मात्रा (dose) कडाइका साथ पालना गर्नुहोस्।

३. मेट्रिब्युजिन ७० डब्लुपी लाई फ्लड जेट वा फ्ल्याट फ्यान नोजलबाट, छर्कदा एउटै ठाउँमा नदोहोरिने गरी छर्कनुहोस्। समान चौडाइ कायम राख्न नोजलको उचाइ जमिनबाट करिब ४८-५० से.मी. स्थिर राख्न सल्लाह दिइन्छ। प्रयोग गर्ने समय : उखु उम्रनु अघि वा रोपेको ३-५ दिन पछि वा रोपेको २५-३० दिन पछि ।

४. आलु रोपेको ३-४ दिन पछि र आलु उम्रेदेखी बिरुवा ५ सेन्टिमिटरको उचाइमा पुग्ने बीचको समय। टमाटर रोपाइँको एक हप्ता अघि वा रोपाइँ गरेको १५ दिन पछि ।

५. भटमास रोपाइँ गरेको १-२ दिन पछि ।

६. गहुँ बाली रोपेको ३५ दिन पछि। गहुँमा प्रयोगको लागि सावधानी: बलौटे माटोमा प्रयोग नगर्नुहोस्।

७. बादल नलागेको दिनमा स्प्रे गर्नुहोस्। रगते झारमा आईसोप्रोट्युरोनको प्रतिरोध पुष्टि भएको क्षेत्रहरूमा ध्यान दिनुपर्छ। दोस्रो सिँचाइ हल्का हुनुपर्छ र पानी स्थिर हुनबाट जोगिनुपर्छ। बाली रोपेको ३५ दिनमा बाली ३-५ पात भएको र झारपात २-३ पात भएको अवस्थामा स्प्रे गर्नुहोस्।

८. यसलाई फ्लड जेट/फ्ल्याट फ्यान नोजलबाट स्प्रे गर्नुपर्छ ।

## यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ

विषादी प्याकेट खोल्दा वा विषादी छर्किदा पञ्जा, रबर बूट, चश्मा ग्याँस मास्क तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस्। घोल तयार गर्दा सुरक्षात्मक पोशाक जस्तै मास्क, पञ्जा, चस्मा, टोपी, एप्रोन आदि लगाउनुहोस् र विषादी छर्कदा छिटाहरु नाक मुखबाट भित्र प्रवेश गर्न दिनु हुँदैन साथै मुख, आँखामा एवम् छालामा विषादीको सिधा सम्पर्क हुन नदिनुहोस्। विषादी शरीरमा पर्न दिनुहुँदैन। विषादी छरी सकेपछि सम्पर्कमा आएका कपडाहरु राम्रोसँग धुनुहोस् र नुहाउनुहोस्। विषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नु हुँदैन।

## मानिसलाई यो विषादीको विष लागेको अवस्थामा

टाउको दुख्ने, वाकवाकी लाग्ने, एलर्जीसम्बन्धी लक्षणहरू देखा पर्नु, घबराहट, चिन्ता तथा कम्पन (काँप्ने) मांसपेशीहरूमा ऐंठन (स्पास्टिसिटी) हुन सक्छ।

## प्राथमिक उपचारः

यदि निलिएको छ भने, घाँटीको पछाडि भागमा काउकुती लगाएर वान्ता गराउनुहोस् । वान्ता सफा नभएसम्म यो प्रकृया दोहोर्याउने। यदि बिरामी बेहोस छ भने वान्ता नगराउने। छालामा विषादीको सम्पर्क भएको अवस्थामा विषादी सम्पर्क भएको भाग पर्याप्त सफा पानी र साबुनले राम्ररी धुनुहोस्। यदि रुखोपन रह्यो भने चिकित्सकलाई देखाउनुहोस्। आँखामा विषादीको सम्पर्क भएको अवस्थामा कम्तीमा १५-२० मिनेटसम्म सफा पानीले आँखालाई धुनुहोस्। श्वासप्रश्वासमार्फत विषाक्तता भएमा पर्याप्त हावा खेल्ने ठाउँमा बिरामीलाई राख्नुहोस्। लक्षण गम्भीर भए चिकित्सकलाई तुरुन्त देखाउनुहोस्।

## एण्टिडटः

यी विषादीको विशेष एण्टिडट छैन। लक्षणको आधारमा उपचार गर्नुहोस्।

## प्रयोग गरिएको भाँडोको विसर्जन

प्याकेट वा विषादीको सम्पर्कमा आएका सामग्री र विषादी छर्कने उपकरण वा अन्य भाँडाहरूबाट निस्केको विषाक्त पानी वा विषादीयुक्त वस्तुलाई सुरक्षित तरिकाले वातावरण वा पानी प्रदूषण हुनबाट बच्ने गरि विसर्जन गर्नुपर्छ। प्रयोग गरिएका विषादीका प्याकेटहरूलाई पून: प्रयोग रोक्नको लागि बाहिर छोड्नुहुँदैन। प्याकेटहरू प्रयोग गर्न नमिल्ने गरि बस्तीबाट टाढा पानीको मुहान नभएको स्थानमा गहिरो खाडलमा गाड्नुपर्छ।

## भण्डारणको अवस्था

विषादी रहेका प्याकेटहरूलाई खाद्यपदार्थ लगायत अन्य सामानहरू भण्डारण गर्ने कोठा वा परिसरबाट अलग कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृतिका आधारमा छुट्टै अलमारीमा ताला र चाबी लगाएर राख्नुपर्छ। विषादी भण्डारणका लागि तोकिएका कोठा वा परिसर राम्ररी निर्मित, सुख्खा, चिसो, पर्याप्त उज्यालो र हावादार हुनुपर्छ।

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

क्लोरऐन्टानिलिप्रोल ०.४% जी.आर.

Chlorantraniliprole 0.4% GR

# बुलेट (BULLET)

दैहिक कीटनाशक

**सिफारिस**

| बाली | कीराको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि (दिन) |
|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (के.जी.) | |
| धान | डाँठको पहेंलो गभारो (Yellow Stem Borer), पात बेरुवा (Leaf folder) | १० | ५३ |
| उखु | गभारो (Borer-Early Shoot Borer) टुप्पाको गभारो (Top Borer) | १८.७५ | १४७ |

**नोट:** यो दानेदार विषादी भएकोले बालीमा सिधै दाना छर्ने गरिन्छ। यसमा पानी मिसाउनु पर्दैन।

**प्रयोग गर्ने विधि:**

यो विषादी धानमा प्रति हेक्टर १० के.जी को दरले रोपेको १५ देखि ३५ दिन भित्र एक नासले पर्ने गरी छर्कने। उखुमा प्रति हेक्टर १८.७५ के.जी का दरले विरुवा रोप्दा कुलेसो वा बिरुवामा डाँठ निस्कने अवस्थामा विरुवाको फेदमा विषादी प्रयोग गर्दा यसले शुरुदेखि पहिले लाग्ने डाँठको गभारो (Early Shoot Borer) र टुप्पाको गभारोका अण्डा वा प्रारम्भिक लार्भा अवस्था (Eggs/ Young Larval Stage) देखिँदै तुरुन्तै प्रयोग गर्दा कीराको राम्रो नियन्त्रण हुन्छ। विषादीको प्रयोग पश्चात हल्का सिचाई गर्नुहोस्।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ।**

विषादी प्याकेट खोल्दा वा विषादी छर्कदा पञ्जा, रवर बुट, चश्मा ग्याँस मास्क तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस्। मुख, आँखामा एवं छालामा विषादीको सिधा सर्म्पक हुन नदिनुहोस्। विषादी शरिरमा पर्न दिनुहुँदैन। विषादी छरी सकेपछि सर्म्पकमा आएका कपडाहरु राम्रोसँग धुनुहोस् र नुहाउनुहोस्। विषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नु हुँदैन।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा**

शरीरमा स्फूर्ति नहुनु, आखाँमा आँसु आउनु, धमिलो दृष्टि हुनु, नाकबाट तरल बग्नु जस्ता लक्षण देखापर्दछ ।

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार**

विषादीको सम्पर्क भएको लुगा हटाउनुहोस् र छालालाई साबुन र पानीले राम्ररी धुनुहोस्। यदि आँखामा विषादी सम्पर्क भएमा आँखा खुला राख्नुहोस् र कम्तिमा १५ मिनेटसम्म सफा पानीले छम्कनुहोस् र तुरुन्त डाक्टरको सल्लाह लिनुहोस्।

**विशेष ध्यान दिनुपर्ने विषय:**

कीराहरूमा यस विषादीप्रति प्रतिरोधात्मक क्षमता विकास हुनसक्ने सम्भावना रहेकोले यस विषादी तथा यसै समूहअन्तर्गत पर्ने Cyantraniliprole, lubendiamide, Tetraniliprole जस्ता विषादीहरू एकपटक प्रयोग गरिसकेपछि लगातार प्रयोग गर्नु हुँदैन। एक बाली अवधिमा कुल बाली अवधिको ५० प्रतिशतभन्दा बढी समयसम्म यस समूहका विषादीको सम्पर्कमा राख्नु हुँदैन।

**एण्टिडट**

विशेष किसिमको एण्टिडट छैन। लक्षणको आधारमा उपचार गर्ने।

**प्रयोग गरीएका भाँडाको बिसर्जन**

विषादी राखिएको प्याकेट कहिल्यै पुनः प्रयोग (पानी, खाना, तेल राख्न) नगर्नुहोस्। विषादीको खाली खोलहरु वा अन्य विषादीयुक्त सामग्रीहरू र विषादी सफा गरेको पानीको उचित व्यवस्थापन गर्नु विषादी उत्पादक, प्रयोगकर्ताहरुको कर्तव्य हुनेछ। वातावरणीय वा पानी प्रदूषण हुन नदिनका लागि खालि कन्टेनरहरू आवासीय क्षेत्रबाट टाढाँ १/२ मिटर गहिरो खाँडलमा सुरक्षित तरिकाले नष्ट गर्नुपर्नेछ।

**भण्डारणको अवस्था**

विषादी भएका प्याकेजहरूलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ। विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, प्रयाप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने हुनुपर्छ। आधिकारीक व्यक्तिहरूको मात्र पहुँच हुने गरी विषादीको प्याकेट र कन्टेनरहरू सुख्खा ठाउँमा भण्डारण गर्नुहोस्। विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधि, वा मलखादबाट टाढा राख्नुहोस्।

**प्रयोग गर्नु पूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढनुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी** बच्चाको पहुँचबाट टाढा राख्नुहोस




**सावधान, सामान्य घातक, हरियो**
**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१- ५०१०१११ नं. मा फोन गर्नुहोस्। वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना:**

Mfg. by: **Shri Ram Agro Chemicals**
**Factory Plant:** Plot No. 68, Dheerkhera Industrial Area, Meerut Road, Distt. Meerut (U.P.)
**Corporate Office:** 1018, Rajendra Nagar, Railway Road, Hapur-245101 (U.P.)

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.**

रुद्रा एग्रोटेक
वीरगंज-१५, पर्सा, नेपाल
सम्पर्क नं. ९८५५०२०३७०
rudraagrotech081@gmail.com

**उत्पादित देशको पञ्जीकरण नं.**
**CIR-285297/2023-CHLORANTRANILIPROLE (GR) (445)-498**

नेपालमा पञ्जीकरण गरिएको नं.
0114-HER-GR-2026




विषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस ।

**जीवनाशक विषादी विष हो, औषधी होइन । अत: विषादीको प्रयोग पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

प्रेटिलाक्लोर ५०% ई.सी.

Pretilachlor 50% EC

# सिफ्ट प्लस (Shift Plus)

चयानात्मक तथा झारपात अंकुरण पूर्व प्रयोग गर्ने बहु प्रकृतिको झारनाशक (Selective pre-emergence broad spectrum herbicides)

सिफारिस:

| बाली | झारको सामान्य नाम | प्रतिहेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | छर्कने देखि बाली काट्ने सम्मको पर्खने अवधि (दिन) | ग्राम/ एम.एल प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (लिटर) | विषादी घोल्न जम्मा चाहिने पानी (लिटर) | | |
| रोपेको धान | सामा घाँस *(Echinochloa crusgalli)*, सामा घाँस *(Echinochloa colonum)*, एक वर्षिय जौंनार *(Cyperus difformis)*, छाता मोथे *(Cyperus iria)*, ज्वाने झार *(Fimbristylis miliacea)*, महाभृङ्गराज *(Eclipta alba)*, पानीको झाडी *(Ludwigia pulviflora)*, लेप्टोक्लोआ घाँस *(Leptochloa chinensis)*, नीलो जलकुम्भी *(Monochorea vaginalis)*, भुइँ घाँस *(Panicum repens)* | १.०-१.५ | ५००-७५० | ७५-९० | २ |

**नोट:** झारहरुको नेपाली नाम स्थान विशेष अनुसार फरक हुनसक्छ । त्यसैले विज्ञहरुसंग सम्पर्क गरी यकिन गर्नुहोला ।

**प्रयोग गर्ने विधि:**

विषादीको घोल बनाउँदा छर्कने टयांकीमा आधा मात्रासम्म पानी राखेर सिफारीस मात्राको विषादी हाली राम्रोसंग घोल्नुहोस । त्यस पश्चात सिफारीस गरिएको बाँकी पानीको मात्रा हाल्नुहोस् र फेरि चलाउनुहोस । तयार भएको विषादीको घोल तुरुन्त छर्नुहोस्। यो विषादीलाई धान रोपाई गरेको ५ दिन भित्रमा प्रयोग गरि सक्नु पर्दछ । यो विषादी विभिन्न प्रकारका विषादी छर्कने उपकरणवाट धान रोपेको क्षेत्रमा छर्न सकिन्छ ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्दछ ।**

विषादी प्याकेट खोल्दा वा विषादी छर्कदा पञ्जा, रवर वुट, चश्मा ग्याँस मास्क तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । घोल तयार गर्दा सुरक्षात्मक पोशाक जस्तै मास्क, पञ्जा, चस्मा, टोपी, एप्रोन आदी लगाउनुहोस र विषादी छर्कदा छिटाहरु नाक मुखबाट भित्र प्रवेश गर्न दिनु हुदैंन । साथै, मुख, आँखा एवम छालामा विषादीको सिधा सर्म्पक हुन नदिनुहोस् । विषादी शरिरमा पर्न दिनुहुँदैन । विषादी छरी सके पछि सम्पर्कमा आएका कपडाहरु राम्रोसँग धुनुहोस र नुहाउनुहोस । विषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नु हुदैंन ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा**

टाउको दुखाइ, थकान, चक्कर लाग्ने, डर लाग्ने/घबराहट हुने, वाकवाकी लाग्ने, र वान्ता हुने जस्ता लक्षणहरु देखिन सक्छन ।

**विष लाग्दा अपनाउनु पर्ने प्राथमिक उपचार :**

यदि विषादी निलिएको छ भने घाँटीको पछाडि भागमा काउकुती लगाएर वान्ता गराउनुहोस् । यदि बिरामी बेहोस छ भने वान्ता गराउनहुँदैन । छालामा विषादीको सम्पर्क भएको अवस्थामा विषादी सम्पर्क भएको भाग पर्याप्त सफा पानी र साबुनले राम्ररी धुनुहोस । यदि रुखोपन रह्यो भने चिकित्सकलाई देखाउनुहोस् । आँखामा विषादीको सम्पर्क भएको अवस्थामा कम्तीमा १५ मिनेटसम्म सफा पानीले आँखालाई धुनुहोस् । श्वासप्रश्वासमार्फत विषाक्तता भएमा पर्याप्त हावा खेल्ने ठाउँमा बिरामीलाई राख्नुहोस । लक्षण गम्भीर भए डाक्टरलाई तुरुन्त देखाउनुहोस ।

**एण्टिडट**

यी विषादीको विशेष एण्टिडट छैन। लक्षणको आधारमा उपचार गर्नुहोस ।

**प्रयोग गरिएको भाँडोको विसर्जन:**

प्याकेट वा विषादीको सम्पर्कमा आएका सामग्री र विषादी छर्कने उपकरण वा अन्य भाँडाहरूबाट निस्केको विषाक्त पानी वा विषादीयुक्त वस्तुलाई सुरक्षित तरिकाले वातावरण वा पानी प्रदूषण हुनबाट बच्ने गरि विसर्जन गर्नुपर्छ । प्रयोग गरिएका विषादीका प्याकेटहरूलाई पून: प्रयोग रोक्नको लागि बाहिर छोड्नुहुँदैन। प्याकेटहरू प्रयोग गर्न नमिल्ने गरि बस्तीबाट टाढा पानीको मुहान नभएको स्थानमा सुरक्षित तवरले विर्सजन गर्नुपर्छ ।

**भण्डारणको अवस्था**

विषादी भएका प्याकेजहरूलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ। विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, पर्याप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने हुनुपर्छ। आधिकारीक व्यक्तिहरूको मात्र पहुँच हुने गरी विषादीको प्याकेट र कन्टेनरहरू सुख्खा ठाउँमा भण्डारण गर्नुहोस् । विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधि, वा मलखादबाट टाढा राख्नुहोस् ।

**प्रयोग गर्नु पूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढनुहोस् र पालना गर्नुहोस ।**

**सावधानी** : विषादीलाई बच्चाको पहुँचबाट टाढा राख्नुहोस ।




**सावधान,सामान्य घातक, हरियो (कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं.मा फोन गर्नुहोस् । वा info@npponepal.gov.np मा इमेल गर्नुहोस।

**विषादीको उत्पादक र वितरकको नाम**

CRYSTAL CROP PROTECTION LTD., AHAMDABAD, GUJRAT

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सर्म्पक :-**

किसान एग्रो सप्लायर्स

बिरगंज, पर्सा, नेपाल

सर्म्पक नं. ९८५५०२५२७१

Email:- kac.agro@gmail.com

**उत्पादित देशको रजिष्टर नं.**

**CIR-43,074/2003-PRETILACHLOR(E.C)(227)-61**

**नेपालमा पञ्जीकरण गरिएको नं. :**

0115-HER-EC-2026




**विषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

भ्यालिडामाइसिन १०% एस.एल

Validamycin 10% SL

# आर-डिफेन्डर

दैहिक ढुसीनासक

**सिफारिस**

| बाली | रोगको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि | मि. ली./ प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा -मि.ली) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| धान | धानको फेद डढुवा (Rice sheath blight) | ७५०-११२५ | ७०० | १४ | १.०-१.६ |

**प्रयोग गर्ने विधि**

धानको फेद डढुवा नियन्त्रणका लागि रोग देखा पर्ने शुरुवाती चरणमा वा रोग बढ्दै गइरहेको अवस्थामा विषादी प्रयोग गर्नुहोस् । विषादीको घोल बनाउँदा छर्कने ट्याकींको आधा मात्रासम्म पानी राखेर विषादीको मात्रा हाल्नुहोस् र राम्रोसँग घोल्नुहोस् । यसपछि पानी थपेर फेरि चलाउनुहोस् । तयार भएको विषादीको घोल तुरुन्त छर्कनुहोस् । धानका बोटहरूमा रोगको प्रकोप दर २०% पुगेपछि विषादी प्रयोग गर्न सुरु गर्नुहोस् । रोग लागेका खेतहरूका लागि, धान पसाउने (heading) चरणमा दोस्रो पटक छर्कन सकिन्छ । यो विषादी प्रति सिजन अधिकतम दुई पटक मात्र प्रयोग गर्न पाइनेछ र छर्कने अन्तराल न्यूनतम १४ दिन हुनुपर्छ । धानखेतमा प्रयोग गर्दा, विषादी छर्किसकेपछि खेतमा ३-६ सेन्टिमिटरसम्म पानीको सतह कायम राख्नुहोस् । हावा चलेको दिनमा वा एक घण्टाभित्र पानी पर्ने सम्भावना भएमा विषादी प्रयोग नगर्नुहोस् ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ ।**

विषादीको मिश्रण खन्याउने कार्यको क्रममा आँखा, छाला र कपडामा विषादीको सम्पर्क हुनबाट बच्नुहोस् । यो विषादी छर्कने व्यक्तिले पर्याप्त शुद्ध हावाको स्वास लिने कार्यको सुनिश्चित गर्नुहोस् । विषादी छर्कदा विषादीको धुवाँ वा वाफको सास नलिनुहोस् । व्यक्तिगत सुरक्षात्मक उपकरणहरू: कन्टेनर खोल्दा, विषादीको घोल तयार गर्दा र सो छर्कदा घाँटी र नाडीमा बटन लगाइएको सुतीको पुरा बाउलाको कपडा र टोपी एवंम कुहिना-लम्बाइको पन्जा लगाउनुहोस्। औद्योगिक स्वच्छताः यदि लगाएको कपडामा विषादीको सम्पर्क भयो वा विषादीको घोलले भिजेको छ भने तुरुन्त लुगा खोल्नुहोस् । यदि विषादी छालामा लाग्यो भने, तुरुन्त साबुन र पानीले धुनुहोस् । प्रयोग पछि र खाना खानु, पिउनु वा धूम्रपान गर्नु अघि, हात र मुख साबुन र पानीले राम्ररी धुनुहोस् । विषादी छर्केपछि विषादीको सम्पर्क भएको दूषित लुगा, पन्जा आदि साबुन र पानीले धुनुहोस् । गर्भवती र स्तनपान गराउने महिलाहरू यस उत्पादनको सम्पर्कमा आउनु हुँदैन।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा**

छालामा रुखोपन, चिलाउने र रातोपन हुने, आँखा र नाकमा जलन, टाउको दुख्ने, बान्ता, पेट दुखाइ, घाममा कमजोर महसुस, गम्भीर अवस्थामाः चक्कर, होश हराउनु, श्वासप्रश्वासमा समस्या हुने जस्ता लक्षण देखापर्दछ ।

**बिष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार**

छालामा विषदीको सम्पर्क भएमाः विषादीको सम्पर्क भएको लुगा हटाउनुहोस् र छालालाई साबुन र पानीले राम्ररी धुनुहोस्। निल्दा वा पेटमा गएमाः लक्षण अनुसारको उपचारका लागि तुरुन्तै चिकित्सकको सल्लाह लिनुहोस् । श्वासप्रश्वास मार्फत भित्र गएमाः बिरामीलाई तुरुन्तै खुला र राम्रोसँग हावा आवतजावत हुने ठाउँमा लैजानुहोस् ।

**एण्टिडट**

विशेष किसिमको एण्टिडट छैन । लक्षणको आधारमा उपचार गर्नुहोस् ।

**प्रयोग गरीएका भाँडाको बिसर्जन**

कन्टेनर फिर्ताको लागि विषादी बिक्रेतालाई सम्पर्क गर्नुहोस् । यदि कन्टेनर फिर्ता गरिएको छैन भने, तीन पटक पखाल्नुहोस् । पानीका स्रोतहरू प्रदूषित हुनबाट जोगाउनुहोस् । प्रयोग गरिएका खाली भाँडाहरू (कन्टेनरहरू) लाई उचित तरिकाले विसर्जन गर्नुहोस् । तिनीहरूलाई पुनः प्रयोग गर्ने वा जथाभावी फ्याँक्ने काम नगर्नुहोस् ।

**भण्डारणको अवस्था**

यो उत्पादनलाई आगो वा तापका स्रोतहरू भन्दा टाढा, चिसो, सुक्खा, हावा आवतजावत हुने र पानी नपस्ने ठाउँमा भण्डारण गर्नुपर्छ, र बोतल वा भाँडोलाई उल्टो गरेर राख्नु हुँदैन । यो विषादीलाई बालबालिका, अनधिकृत व्यक्तिहरू र जनावरहरूको पहुँचभन्दा टाढा राख्नुपर्छ र सुरक्षित रूपमा लक (बन्द) गरेर राख्नुपर्छ। यस विषादीलाई खाद्यान्न, पेय पदार्थ, अन्न, बीउबिजन वा पशुपन्छीको दानासँगै भण्डारण वा ढुवानी नगर्नुहोस् ।

**प्रयोग गर्नु पूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढनुहोस् र पालना गर्नुहोस् ।**

**सावधानीः** बच्चाको पहुँचबाट टाढा राख्नुहोस



**सावधान, मध्यम घातक, निलो**
**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक बिषादीको बारेमा कुनै गुनासो भएमा प्लाण्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस्। वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।

**विषादीको उत्पादक र वितरकको नाम ठेगानाः** ZHEJIANG TONGLU HUIFENG BIOSCIENCES CO.,LTD, ZHEJIANG, CHINA & NINGBO GENERIC CHEMICAL CO., LTD., ZHEJIANG, P. R. CHINA.

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.**रोयल एग्रो प्रा.लि, भक्तपुर
सम्पर्क नं.०१६६३६९१३,
royalagro2323@gmail.com

**उत्पादित देशको पञ्जीकरण नं.**
PD93106-2

**नेपालमा पञ्जीकरण गरिएको नं.**
0116-FUN-SL-2026




**विषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नु पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

स्पाइनेटोरम ११.७ % एस. सी.

Spinetoram 11.7% SC

# **ब्रीगेट** (Breegate)

सम्पर्क एवम् आन्तरीक कीटनाशक

**सिफारिस:**

| बाली | कीराको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अधि पर्खने अवधि (दिन) | एम. एल. /लिटर पानी |
|---|---|---|---|---|---|
| | | विषादीको आवश्यक मात्रा (एम. एल.) | विषादी घोल्न जम्मा चाहिने पानी (लि) | | |
| भन्टा | फल र डाँठको गभारो (Fruit and shoot borer) | ३७५ - ४५० | ५००-१००० | ३ | ०.४५-०.७५ |
| चना | कोसाको गभारो (Pod Borer) | ३७५ - ४५० | ५०० | २० | ०.७५-०.९ |
| खुर्सानी | थ्रिप्स (Thrips), फलको गभारो (Fruit borer), सुर्तीको पात खाने लाभ्रे (Tobacco Caterpillar) | ४७० - ५०० | ४००-५०० | ७ | १-१.१७५ |
| कपास | थ्रिप्स (Thrips) | ४२० | ५००-१००० | ३० | ०.४२-०.८४ |
| | गुलाबी गभारो (Pink boll Worm) | ४५० | ५०० | ३० | ०.९ |
| | सुर्तीको पात खाने लाभ्रे (Tobacco Caterpillar), थोप्ले गभारो (Spotted Bollworm) | ४२०-४७० | ५०० - १००० | ३० | ०.४७-०.८४ |
| अंगुर | थ्रिप्स (Thrips) | ३०० | ५००-१००० | ५ | ०३-०.६ |
| गोलभेडा | फलको गभारो (Fruit borer), पात खन्ने कीरा (Leaf minor) | ३७५ - ४५० | ५०० | ३ | ०.७५-०.९ |
| धान | डाँठको पहेँलो गभारो (Yellow Stem borer) | ३५० - ३७५ | ५०० | २० | ०.७ -०.७५ |
| | पात बेरुवा (Leaf Folder) | २५० | ५०० | २० | ०.५ |
| भिण्डी | फल र डाँठको गभारो (Fruit and shoot borer) | ३७५ - ४५० | ५००-१००० | ३ | ०.४५-०.७५ |
| मकै | फौजी कीरा (Fall Army Worm) | २५० | ५०० | ३२ | ०.५ |
| भटमास | सुर्तीको पात खाने लाभ्रे (Tobacco Caterpillar) | ४५० | ५०० -६२५ | ३० | ०.७२-०.९ |
| रहर | कोसाको गभारो (Pod Borer) | ३७५ - ४५० | ५०० | २० | ०.७५ -०.९ |

**प्रयोग गर्ने विधि:**

कीराको लार्भा प्रारम्भिक रुपमा देखा परे पछि मात्र विषादीको प्रयोग गर्ने र आवश्यक भएमा दोस्रो/तेस्रो पटक पनि दोहोऱ्याउन सकिन्छ । विषादी छर्कंदा पर्याप्त मात्राको पानीमा विषादी मिसाएर बिरुवाको पात भिज्ने गरी छर्ने । जलचर जीवहरूको वासस्थान (Aquatic Habitat) नजिक तथा मौरीहरू सक्रिय रूपमा आहारा संकलन गरिरहेका अवस्थामा विषादी प्रयोग गर्नु हुँदैन। लक्षित कीराको प्रारम्भिक अवस्था देखिनासाथ वा आर्थिक क्षति स्तर (Economic Threshold Level) पुग्नुअघि सिफारिस गरिएबमोजिम विषादी प्रयोग गर्नुहोस् ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनुपर्छ**

विषादीको प्याकेट खोल्दा वा विषादी छर्कंदा पञ्जा, रबर बूट, चश्मा, ग्याँस मास्क तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको अनिवार्य प्रयोग गर्नुहोस् । घोल तयार गर्दा सुरक्षात्मक पोशाक जस्तै मास्क, पञ्जा, चस्मा, टोपी, एप्रोन आदी लगाउनुहोस् र विषादी छर्कंदा छिटाहरु नाक मुखबाट भित्र प्रवेश गर्न नदिनुहोस् साथै मुख, आँखा एवंम छालामा विषादीको सिधा सम्पर्क हुन नदिनुहोस् । विषादी शरिरमा पर्न नदिने र विषादी छरी सके पछि सम्पर्कमा आएका कपडाहरु राम्रोसँग धुनुहोस् र नुहाउनुहोस् । विषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नु हुँदैन । लक्षित बाली (Target Crop) र गैर-लक्षित बाली (Non–target Crop) बीच कम्तीमा ५ मिटरको सुरक्षा दूरी (Buffer Zone) कायम गरी विषादी प्रयोग गर्नुपर्छ ।

## **मानिसलाई यो विषादीको विष लागेको अवस्थामा**

अत्यधिक आँखामा आँसु आउने, ऱ्याल आउने, रातो डाबर आउने, शरीर असन्तुलन हुनेजस्ता लक्षण देखापर्दछन् ।

## **विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार**

यदि मुखबाट विषादी निलेमा, बिरामी सचेत अवस्थामा छ भने १ देखि २ गिलास पानी पिउन दिने । अचेत व्यक्तिलाई मुखबाट केहि खानेकुरा खान नदिने र बान्ता नगराउने । यदि श्वासमार्फत प्रवेश भएमा बिरामीलाई ताजा हावामा लैजाने र शरीरको तापक्रम ख्याल गर्ने । यदि बिरामीलाई श्वास फेर्न गाह्रों भईरहेको छ भने कृत्रिम श्वासप्रश्वास (मुखबाट मुख विधि) दिने । यदि आँखामा विषादी परेमा पर्याप्त सफा पानीले कम्तिमा १५ मिनेटसम्म राम्रोसँग धुनुहोस्। यदि दुखाई, रातोपन वा जलन आँखामा रहिरहेमा चिकित्सकसँग परामर्श गर्नुहोस् । सबै दूषित लुगाहरु प्रयोग गरिसकेपछि साबुन पानीले राम्ररी धुनुहोस् । छाला मार्फत विषादी शरीरमा प्रवेश भएमा विषादी परेको शरीरको भागलाई साबुन पानीले धुनुहोस् र नुहाउनुहोस् ।

## **एण्टिडट**

यी विषादीको विशेष एण्टिडट छैन। लक्षणको आधारमा उपचार गर्नुहोस् ।

## **प्रयोग गरीएका भाँडाको बिसर्जन**

विषादी राखिएको प्याकेट कहिल्यै पुनः प्रयोग (पानी, खाना, तेल राख्न) का लागि बाहिर नछोड्नुहोस् । विषादीको खाली खोलहरु वा अन्य विषादीयुक्त सामग्रीहरू र विषादी सफा गरेको पानीको उचित व्यवस्थापन गर्नु विषादी उत्पादक, प्रयोगकर्ताहरुको कर्तव्य हुनेछ । वातावरणीय वा पानी प्रदुषण हुन नदिनका लागि खालि कन्टेनरहरू तोडेर/बिगारेर आवासीय क्षेत्रबाट टाढा १/२ मिटर गहिरो खाडलमा सुरक्षित तरिकाले गाड्नु पर्छ ।

## **भण्डारणको अवस्था**

विषादी भएका प्याकेजहरूलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ । विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, पर्याप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने हुनुपर्छ । आधिकारीक व्यक्तिहरूको मात्र पहुँच हुने गरी विषादीको प्याकेट र कन्टेनरहरू सुख्खा ठाउँमा भण्डारण गर्नुहोस् । विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधी वा मलखादबाट टाढा राख्नुहोस् ।

**कृपया प्रयोग गर्नु अघि संलग्न सूचक पर्चा पढ्नुहोस् र पालना गर्नुहोस्।**

**बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।**




**सावधान,मध्यम घातक,निलो**

**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लाण्ट क्वारेन्टाइन तथा विषाद व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१५०१०१११ नं. मा फोन गर्नुहोस्। वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।

**विषादी उत्पादक को नाम ठेगाना :**

होलिष्टिक सस्टेनेबल इणडिया प्रा. लि. अहमदाबाद- ३८२४१८, गुजरात, भारत

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं:**

ईस्ट बेष्ट एग्रो केमिकल्स प्रा.लिमिटेड, मुनाल पथ महानगरपालिका २, विराटनगर मोरङ्ग, पर्सा ९८५५०२१०८९

**उत्पादित देशको रजिष्टर नं. :**

CIR-357536/2025-Spinetoram (SC) (467)-41

**नेपालमा पञ्जीकरण गरिएको नं.**

0117-INS-SC-2026




**विषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधि होइन । अतः विषादीको प्रयोग गर्नु पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

कपर अक्सिक्लोराइड ५०% डब्लु.पी.

# Copper Oxychloride 50% WP

# रियल कप (Real Cup)

सम्पर्क ढुसीनाशक विषादी

**सिफारिस**

| बाली | रोगको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि (दिन) | ग्राम/ प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (ग्राम) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| काँक्रो | जीवाणुजन्य थोप्ले रोग (Bacterial spot) | २५०० | ७५० - १००० | ७-१४ दिन | २.५-३.३३ ग्राम |
| सुन्तला वर्गीय फलफूल | खटिरे रोग (Canker) | २५०० | ७५० - १००० | ७-१४ दिन | २.५-३.३३ ग्राम |

## प्रयोग गर्ने विधि

यो विषादी सिफारिस गरिएको मात्राअनुसार थोरै पानीमा राम्रोसँग मिसाई पेस्ट तयार गरी आवश्यक परिमाणको पानी थपेर घोल बनाउनुपर्छ। तयार घोललाई स्प्रे ट्याङ्कीमा राखी राम्ररी चलाएर एकनास बनाउनुहोस्। काँक्रोको जीवाणुजन्य थोप्ले रोग नियन्त्रणका लागि रोगको सुरुआती अवस्थामा विषादीको पहिलो छर्काइ गर्नुहोस्। त्यसपछि रोगको प्रकोपको अवस्था हेरी प्रत्येक ५ देखि ७ दिनको अन्तरालमा बाली अवधिभर बढीमा ३ पटकसम्म विषादी छर्कन सकिन्छ। छर्काइ गर्दा काँक्रोका पातहरूको माथिल्लो तथा तल्लो दुवै सतह समान रूपमा भिज्ने गरी छर्कनुपर्छ। सुन्तलावर्गीय फलफूलमा लाग्ने क्याङ्कर (खटिरे रोग) नियन्त्रणका लागि रोग लाग्नुअघि नै वा रोगको सुरुआती अवस्थामा विषादी छर्कनुपर्छ।

## यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ ।

यो विषादी तोकिएको मात्रा तथा अनुपातअनुसार घोल बनाई मात्र प्रयोग गर्नुहोस्। गर्मी मौसममा दिउँसोको कडा घाममा तथा उच्च तापक्रम भएको समयमा विषादी प्रयोग नगर्नुहोस्। साथै, अत्यधिक गर्मी भएको अवस्थामा विषादीको उच्च सान्द्रता (कडा मात्रा) को घोल तयार गरी प्रयोग नगर्नुहोस्। बिरुवामा हुन सक्ने विषाक्तता रोक्नका लागि ओसिलो मौसममा वा शीत नसुकेको अवस्थामा विषादी प्रयोग नगर्नुहोस्। विषादी छर्केको २४ घण्टाभित्र भारी वर्षा भएमा पुनः छर्कनुहोस्। यो विषादी प्रयोग गर्दा यसको बाफ वा सूक्ष्म कणहरू शरीरभित्र प्रवेश हुन नदिन सुरक्षात्मक पोसाक, मास्क, पञ्जा तथा चस्मा लगाउनुहोस्। विषादी छर्कने क्रममा केही खाने वा पिउने कार्य नगर्नुहोस्। प्रयोग गरिसकेपछि हात, खुट्टा तथा अनुहार तुरुन्तै साबुनपानीले राम्रोसँग धुनुहोस्। यो विषादीले आँखा तथा छालामा गम्भीर जलन गराउन सक्ने भएकाले यसको सम्पर्कमा आउने व्यक्तिहरूले आँखा तथा छालाको सुरक्षामा विशेष ध्यान दिनुपर्छ। यो विषादी जलचर जीवहरूका लागि अत्यन्त हानिकारक भएकाले यसको घोल, अवशेष तथा फोहोर पदार्थ नदी, पोखरी वा अन्य जलस्रोतमा बग्न दिनुहुँदैन। गर्भवती तथा स्तनपान गराइरहेका महिलाहरूलाई यस विषादीको सम्पर्कबाट टाढा राख्नुपर्छ ।

## मानिसलाई यो विषादीको विष लागेको अवस्थामा

टाउको दुख्ने , चक्कर आउने , वाकवाकी लाग्ने वा बान्ता हुने जस्ता लक्षण देखिन सक्छन् ।

## विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार

यो विषादी प्रयोग गर्दा वा गरिसकेपछि यदि अस्वस्थ महसुस भएमा तुरुन्तै यसको प्रयोग रोक्नुहोस् । श्वासप्रश्वासको माध्यमबाट विषादी शरीर भित्र गएमा,बिरामीलाई तुरुन्तै खुल्ला र ताजा हावा भएको ठाउँमा लैजानुहोस् । यदि यो विषादी छालाको सम्पर्कमा आएमा विषादी छर्कदा लगाएको कपडाहरु फुकालेर धुनुहोस् । विषादी परेको शरीरको भाग साबुन पानीले धुनुहोस् । विषादी आँखामा परेमा तुरुन्तै कम्तीमा १५ मिनेटसम्म प्रशस्त मात्रामा सफा पानीले आँखालाई पखाल्नुहोस् । विषादी निलेमा उपचारका लागि तुरुन्तै यस लेबलसहित बिरामीलाई अस्पताल लैजानुहोस् र लक्षण अनुसार उपचार गर्नुहोस् ।

## एण्टिडट

विशेष किसिमको एण्टिडट छैन । लक्षणको आधारमा उपचार गर्नुपर्दछ ।

## प्रयोग गरीएका भाँडोको बिसर्जन

विषादी राखिएको प्याकेट, बोतल वा अन्य भाँडो पुनः प्रयोग गरी पानी, तेल वा अन्य खाद्यवस्तु राख्नु हुँदैन। विषादीका खाली बोतल, प्याकेट, खोल तथा अन्य विषादीयुक्त सामग्रीहरू र विषादी प्रयोग उपकरण सफा गर्दा निस्किएको पानीको उचित व्यवस्थापन गर्नुपर्छ। वातावरण तथा जलस्रोत प्रदूषित हुन नदिन खाली कन्टेनरहरू आवासीय क्षेत्रबाट टाढा, कम्तीमा आधा मिटर गहिरो खाडल खनी सुरक्षित तरिकाले नष्ट गर्नुपर्दछ।

## भण्डारणको अवस्था

यस विषादीलाई आगो वा तापका स्रोतहरूबाट टाढा तथा बालबालिकाको पहुँच बाहिर रहने गरी सुरक्षित रूपमा ताला लगाई सुख्खा, चिसो र राम्रोसँग हावा आवतजावत हुने स्थानमा भण्डारण गर्नुपर्छ। विषादीलाई खाद्यान्न, पेयपदार्थ, अन्न, पशुपन्छीको दाना वा अन्य उपभोग्य सामग्रीसँगै भण्डारण वा ओसारपसार गर्नु हुँदैन।

**प्रयोग गर्नु पूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**चेतावनी** बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।



**सावधान, मध्यम घातक, नीलो**
**(कृषि प्रयोजनका लागि मात्र)**

यो ढुसीनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् । वा मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना:** JIANGXI HEYI CHEMICAL CO., LTD , JISHAN ECO INDUSTRIAL PARK, PENGZE COUNTY , JIUJIANG CITY , JIANGXI PROVINCE. &
NANJING BESTGREEN CHEMICAL CO., LTD , ROOM 1803,OVERSEAS CHINESE PLAZA,NO.1 NORTH DAQIAO ROAD,NANJING CHINA.

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.** मेरो एग्रो प्रा.लि, पुरानो बानेश्वर ,काठमाडौं,नेपाल
०१-४५७००९२,०१-४५९२२८५
info@meroagro.com

उत्पादित देशको रजिष्टर नं.
PD20110182

नेपालमा पञ्जीकरण गरिएको नं.
0118-FUN-WP-2026




**विषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन। अतः विषादीको प्रयोग पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस्।**

क्लोरएन्ट्रानिलिप्रोल १८.५% एस. सी.

CHLORANTRANILIPROLE 18.5 % SC

# बोफोर्स (BOFORCE)

दैहिक एवम् सम्पर्क कीटनाशक

सिफारिसः

| बाली | कीराको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा (एम.एल) | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि (दिन) | एम.एल. प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (एम.एल.) | विषादी घोल्न जम्मा चाहिने पानी (लि) | | |
| चना | कोसाको गभारो (Pod Borer) | १२५ | ५०० | ११ | ०.२५ |
| करेला | फलको गभारो र भुसिलकीरा (Fruit borer and caterpillar ) | १०० –१२५ | ५०० | ७ | ०.२०–०.२५ |
| कालो चना | कोसाको गभारो (Pod Borer) | १०० | ५०० | २० | ०.२० |
| भन्टा | फल र डाँठमा लाग्ने गभारो (Fruit and shoot borer) | २०० | ५००–७५० | ३ | ०.२६ – ०.४० |
| बन्दा | ईँटबुट्टे पुतली (Diamond Back Moth) | ५० | ५०० | ३ | ०.१० |
| खुर्सानी | फलको गभारो (Fruit Borer) | १५० | ५०० | ३ | ०.३० |
| कपास | गभारो (American Boll worm), डाँठमा लाग्ने गभारो (Spotted bollworm), सुर्तीको पात खाने भुसिलकीरा (Tobacco Caterpillar) | १५० | ५०० | ९ | ०.३० |
| मुंग | कोसाको गभारो (Pod Borer) | १२५ | ४०० -६०० | १४ | ०.२५ |
| बदाम | सुर्तीको पात खाने लार्भा (Tobacco Caterpillar) | १५० | ५०० | २८ | ०.३० |
| मकै | डाँठमा प्वाल पार्ने गभारो (Spotted stem Borer), गुलाबी गभारो (Pink Stem Borer) | २०० | ५०० | १० | ०.४० |
| भिण्डी | फलको गभारो (Fruit Borer) | १२५ | ५०० | ५ | ०.२५ |
| रहर | कोसाको गभारो (Gram Pod borer), कोसामा लाग्ने झिंगा (Pod Fly) | १५० | ५००–७५० | २९ | ०.२०–०.३० |
| धान | धानको पहेंलो गभारो (Stem Borer), पात बेरुवा (leaf folder) | १५० | ५०० | ४७ | ०.३० |
| भटमास | हरियो वित्तेकीरा (Green semilooppers), डाँठमा लाग्ने झिंगा (Stem fly) | १५० | ५००–७५० | २२ | ०.२०–०.३० |
| उखु | धमिरा (Termite) | ५००–६२५ | १००० | २०८ | ०.५०–०.६२ |
| | डाँठको अगौटे गभारो (Early shoot borer) | ३७५ | १००० | २०८ | ०.३७ |
| | टुप्पाको गभारो (Top borer) | ३७५ | १००० | २०८ | ०.७५ |
| गोलभेंडा | फलको गभारो (Fruit borer) | १५० | ५०० | ३ | ०.३० |

**प्रयोग गर्ने विधिः**

यो विषादी विभिन्न प्रकारका विषादी छर्कने उपकरणबाट बिरुवा भिज्ने गरी छर्ने वा माटोमा जरा भिज्ने गरी प्रयोग गर्न सकिन्छ। विषादीको घोल बनाउँदा छर्कने ट्यांकीको आधा मात्रासम्म पानी राखेर विषादीको मात्रा हाल्नुहोस् र राम्रोसँग घोल्नुहोस्। यसपछि पानी थपेर फेरि चलाउनुहोस्। तयार भएको विषादीको घोल तुरुन्त न्यापस्याक स्प्रेयर मार्फत छर्कनुहोस्।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनुपर्छ**

विषादी प्याकेट खोल्दा वा विषादी छर्कँदा पञ्जा, रवर बूट, चश्मा ग्याँस मास्क तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको अनिवार्य प्रयोग गर्नुहोस्। मुख, आँखा एवम् छालामा विषादीको सिधा सम्पर्क हुन नदिनुहोस्। विषादी शरिरमा पर्न दिनुहुँदैन। विषादी छरी सके पछि सम्पर्कमा आएका कपडाहरु राम्रोसँगं धुनुहोस् र नुहाउनुहोस्। विषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नु हुँदैन। लेबल तथा पुस्तिकामा दिइएका सबै निर्देशनहरू कडाइका साथ पालना गर्नुहोस्। दुर्घटना वा विषाक्तता भएमा लेबलसहितको कन्टेनर सुरक्षितसाथ चिकित्सककोमा लैजानुहोस्। विषादी वा विषादीको घोललाई नसुघ्नुहोस्। हावाको बहावको दिशामा विषादी छर्कने ताकि शरीरमा विषादीको छिट्टा नपरोस्। यो मौरीको लागि विषाक्त हुने हुँदा मौरीको चरनको समयमा र बालीमा फूल फुल्ने समयमा यो विषादीको प्रयोग गर्नु हुँदैन। साथै यो विषादी माछाको लागि पनि विषाक्त हुने हुँदा पानीको मुहान वरिपरि यो विषादीको प्रयोग गर्नुहुँदैन।

### मानिसलाई यो विषादीको विष लागेको अवस्थामा

आँखा हल्का पोल्ने तथा मधुरो देखिनु, विषादीको वाष्प (vapour) को रुपमा श्वासमार्फत शरीरमा प्रवेश गरेमा नाकबाट पानी बग्ने जस्ता लक्षणहरु देखिन सक्छन्।

### विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार

छालामा विषादीको सम्पर्क भएमा सम्पर्कमा आएका लुगा हटाउनुहोस् र छालालाई साबुन र पानीले राम्ररी धुनुहोस्। यदि आँखामा विषादी सम्पर्क भएमा आँखा खुला राख्नुहोस् र कम्तिमा १५ मिनेटसम्म सफा पानीले छम्कनुहोस् र तुरुन्त डाक्टरको सल्लाह लिनुहोस्। यदि विषादी श्वासमार्फत

**प्रयोग गर्नु पूर्व पर्चामा लेखिएको जीवनाशक वीषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस्।**

**विषादीलाई बच्चाको पहुँचबाट टाढा राख्नुहोस्।**




**सावधान, मध्यम घातक, निलो**

**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१५०१०१११ नं. मा फोन गर्नुहोस्। वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।

**विषादीको उत्पादक तथा वितरक नाम ठेगाना :** होलिष्टिक सस्टेनेबल इण्डिया प्रा. लि. अहमदाबाद-३८२४१८, गुजरात, भारत

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सर्म्पक नंः** ईस्ट बेष्ट एग्रो केमिकल्स प्रा.लिमिटेड, मुनाल पथ महानगरपालिका २, विराटनगर मोरङ्ग, पर्सा ९८५५०२१०८९

**उत्पादित देशको रजिष्टर नं. :** CIR-357529/2025-Chlorantraniliprole (SC) (467)-1497

**नेपालमा पञ्जीकरण गरिएको नं.**

0119-INS-SC-2026




**विषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस्।**

बाँकी पछाडि हेर्नु होला ।

| | |
|---|---|
| भित्र गएमा विष प्रभावित व्यक्तिलाई खुला र ताजा हावा आउने ठाउँमा लैजाने । यदि मुखबाट विषादी निलेमा, बिरामी सचेत अवस्थामा छ भने १ देखि २ गिलास पानी पिउन दिने वा तुरुन्त चिकित्सकको परामर्श लिने । बिरामी बेहोस छ भने वान्ता नगराउने वा मुखबाट केही खानेकुरा नदिने ।<br>**विशेष ध्यान दिनु पर्ने विषय**<br>कीराहरुमा यस विषादी प्रति प्रतिरोधात्मक क्षमत विकास हुनसक्ने सम्भावना रहेकोले यस विषादी तथा यसै समूह अन्तर्गत पर्ने Chlorantraniliprole, Flubendiamide, Tetraniliprole जस्ता विषादीहरु एकपटक प्रयोग गरिसकेपछि लगातार प्रयोग गर्नु हुँदैन । एक बाली अवधिमा कुल बाली अवधिमा ५० प्रतिशतभन्दा बढी समयसम्म यस समूहका विषादीको सम्पर्कमा राख्नु हुँदैन ।<br>**एण्टिडट**<br>यी विषादीको विशेष एण्टिडट छैन। लक्षणको आधारमा उपचार गर्नुहोस् ।<br>**प्रयोग गरीएका भाँडाको बिसर्जन**<br>विषादी राखिएको प्याकेट कहिल्यै पुनः प्रयोग (पानी, खाना, तेल राख्न) का लागि बाहिर नछोड्नुहोस् । विषादीको खाली खोलहरु वा अन्य विषादीयुक्त सामग्रीहरू र विषादी सफा गरेको पानीको उचित व्यवस्थापन गर्नु विषादी उत्पादक, प्रयोगकर्ताहरुको कर्तव्य हुनेछ । वातावरणीय वा पानी प्रदूषण हुन नदिनका लागि खालि कन्टेनरहरू आवासीय क्षेत्रबाट टाढा गहिरो खाडलमा सुरक्षित तरिकाले गाड्नु पर्छ ।<br>**भण्डारणको अवस्था**<br>विषादी भएका प्याकेजहरूलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ । विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, पर्याप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने हुनुपर्छ। आधिकारीक व्यक्तिहरूको मात्र पहुँच हुने गरी विषादीको प्याकेट र कन्टेनरहरू सुख्खा ठाउँमा भण्डारण गर्नुहोस् । विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधि, वा मलखादबाट टाढा राख्नुहोस् । | |

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नु पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

**क्लोरफेनपायर २४० जी/एल एस.सी.**

**Chlorfenapyr 240 G/L SC**

# इम्प्लिसिट (IMPLICITE)

आन्तरिक एवंम सम्पर्क कीटनाशक/सुलसुलेनाशक

सिफारिस :

| बाली | कीराहरुको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि (दिन) | एम.एल प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा -(एम एल) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| भन्टा | फल र डाँठको गभारो (Shoot and Fruit Borer), सुलसुले (Mites) | ८००–१००० | ५०० | १० | १.६०-२ |
| चना | कोसाको गभारो (Pod Borer) | ८००–१००० | ५०० | १० | १.६०-२ |
| खुर्सानी | सुलसुले (Mites), थ्रिप्स (Thrips), सुर्तीको पात खाने लाभ्रे (Tobacco caterpillar) | ८००–१००० | ५०० | ७ | १.६०-२ |
| | फलको गवारो (Pod Borer) | ८००–१००० | ५०० | ७ | १.६०-२ |
| कपास | सुर्तीको पात खाने लाभ्रे (Tobacco caterpillar), थ्रिप्स (Thrips) | ३१२.५–४२५ | ५०० | ४८ | ०.६०-०.८५ |
| रहर | कोसाको गभारो कीरा (Pod Borer) | ८००–१००० | ५०० | ४१ | १.६०-२ |
| भटमास | सुर्ती पात खाने लार्भे (Tobacco caterpillar), बिते झुसिल कीरा (Semilooper) | ३२५–४२५ | ५०० | २१ | ०.६५-०.८५ |

**प्रयोग गर्ने विधि :** विषादीको घोल बनाउँदा छर्कने ट्यांकीको आधा मात्रासम्म पानी राखेर विषादीको मात्रा हाल्नुहोस् र राम्रोसँग घोल्नुहोस् । यसपछि पानी थपेर फेरि चलाउनुहोस् । तयार भएको विषादीको घोल तुरुन्त छर्कनुहोस् । विरुवामा प्रारम्भिक संक्रमण देखिनासाथ तुरुन्त विषादी छर्कनुहोस् । पातको माथि र तल दुवै सतह भिज्ने गरी छर्कनुहोस् यो विषादी मौरीका लागि विषाक्त छ । मौरी सक्रिय रूपमा चरन गर्ने समयमा यो विषादी छर्किने कार्य नगर्नुहोला । यो विषादी गड्यौला र चराचुरुङ्गीहरूका लागि हानिकारक/विषाक्त छ ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्दछ ।**

यस लेबल वा पर्चामा उल्लेख गरिएका बाहेक अन्य बालीहरूमा प्रयोग नगर्नुहोला । विषादी प्याकेट खोल्दा वा विषादी छर्कदा पञ्जा, रवर वुट, चश्मा ग्याँस मास्क तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । घोल तयार गर्दा सुरक्षात्मक पोशाक जस्तै मास्क, पञ्जा, चस्मा, टोपी, एप्रोन आदी लगाउनुहोस् र विषादी छर्कदा छिटाहरु नाक मुखबाट भित्र प्रवेश गर्न दिनु हुदैन साथै मुख, आँखामा एवंम छालामा विषादीको सिधा सर्म्पक हुन नदिनुहोस् । विषादी शरिरमा पर्न दिनुहुदैन । बिषादी छरी सके पछि सर्म्पकमा आएका कपडाहरु राम्रोसगं धुनुहोस् र नुहाउनुहोस् । बिषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नु हुदैन । खाना खानु अघि र काम सकेपछि हात तथा छाला राम्ररी धुनुहोस् ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा**

सुस्ती/आलस्य हुनु, आँखाबाट आँसु बगिरहनु, जीउ वा हातखुट्टा काँप्नु, छारे रोग जस्तो गरी अङ्गहरू तन्किनु वा काँप्नु, नाक, मुख र आँखा भित्री छाला चिलाउनु वा पोल्नु, श्वासप्रश्वासमा कठिनाइ हुनु (दम बढ्नु), पक्षघात हुनु जस्ता लक्षण देखिन्छ ।

**विष लाग्दा अपनाउनु पर्ने प्राथमिक उपचार :**

छालामा विषादीको सम्पर्क भएको अवस्थामाः विषादी सम्पर्क भएको भाग पर्याप्त सफा पानी र साबुनले राम्ररी धुनुहोस् । यदि रुखोपन रह्यो भने चिकित्सकलाई देखाउनुहोस् । आँखामा विषादीको सम्पर्क भएको अवस्थामा कम्तीमा १५-२० मिनेटसम्म सफा पानीले आँखालाई धुनुहोस्। स्वासप्रस्वासमार्फत विषाप्तता भएमा पर्याप्त हावा खेल्ने ठाउँमा बिरामीलाई राख्नुहोस् । लक्षण गम्भीर भए चिकित्सकलाई तुरुन्त देखाउनुहोस् ।

**एण्टिडट :**

यी विषादीको विशेष एण्टिडट छैन। लक्षणको आधारमा उपचार गर्नुहोस् ।

**प्रयोग गरिएको भाँडोको विसर्जन :**

कन्टेनर फिर्ताको लागि विषादी विक्रेतालाई सम्पर्क गर्नुहोस् । यदि कन्टेनर फिर्ता गरिएको छैन भने, तीन पटक पखाल्नुहोस् । त्यसपछि प्रयोग गर्न नमिल्ने गरि नष्ट गर्नुहोस् वा गाडेर विसर्जन गर्नुहोस् । विषादी राखिएको प्याकेट कहिल्यै पुनः प्रयोग (पानी, खाना, तेल राख्न) नगर्नुहोस् ।

**भण्डारणको अवस्था**

खाना, दाना, रित्ता भाँडा भन्दा यो विषादी पर राख्ने । विषादी सधैं ठण्डा, सुख्खा र हावा लाग्ने ठाउँमा राख्ने । लामो समयसम्म प्रत्यक्ष घाम पर्ने भण्डारण कक्षमा भण्डारण नगर्नुहोस् । विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधि, सौन्दर्य प्रशोाधन वा मलखादबाट टाढा राख्नुहोस् ।

**प्रयोग गर्नु पूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पुर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी** : विषादीलाई बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, ज्यादै घातक, पहेँलो**

**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लाण्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ न. मा फोन गर्नुहोस् । वा **info@npponepal.gov.np** मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना :** पारिजात इंडस्ट्रीज (भारत) प्राइभेट लिमिटेड, नयाँ दिल्ली, भारत

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सर्म्पक नं.** सिंह एग्रो सेन्टर,मिथिला–६,ढल्केबर,धनुषा

**उत्पादित देशको रजिष्टर न**: CIR-339253/2024-Chlorfenapyr (SC)(454)-1

**नेपालमा पञ्जीकरण गरिएको नं.**

0120-INS-SC-2026




**विषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नु पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

टेबुकोनाजोल ५०% + ट्राइफ्लोक्सीस्ट्रोबिन २५% डब्लु.जी.
Tebuconazole 50% + Trifloxystrobin 25% WG

# युनी एक्युट सुपर (UNI ACUTE SUPER)

दैहिक ढुसीनाशक

सिफारिस

| बाली | रोगको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरे पछि फल टिप्नु वा काट्नु अघि पर्खनेअवधि ( दिन) | मिलिलिटर/ ग्राम प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा ( मिलिलिटर / ग्राम ) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| खुर्सानी | सेतो धूले ढुसी (Powdery Mildew), कोत्रे रोग (Anthracnose), पातको अल्टरनेरिया थोप्ले रोग (Alternaria leaf spot) | २५० | ५०० | ५ | ०.५ |
| अंगूर | सेतो धूले ढुसी (Powdery Mildew) | १७५ | १००० | ३४ | ०.१७५ |
| आँप | सेतो धूले ढुसी (Powdery Mildew), कोत्रे रोग (Anthracnose) | आवश्यकता अनुसार ०.०७५% - ०.१% वा ७५- १०० ग्राम प्रति १०० लिटर पानीमा मिसाएर घोल तयार गर्नुपर्ने | | १५ | ०.७५ - १ |
| धान | पातको फेद डढुवा रोग (Sheath Blight), पातको मरुवा (Leaf blast घाँटीको मरुवा (Neck blast), दानाको रङ्ग बदलिने रोग वा मलिन बाला (glume discolouration/ dirty panicle) | २०० | ३७५-५०० | २१ | ०.५३ -०.४ |
| गोल्भेँडा | अगौटे डढुवा (Early blight) | ३५० | ५०० | ५ | ०.७ |
| गहुँ | पहेँलो सिन्दुरे रोग (Yellow rust), सेतो धूले ढुसी (Powdery Mildew) | ३०० | ३००-५०० | ४० | ०.६-१ |

नोट: रोगहरुको नेपाली नाम स्थान विशेष अनुसार फरक हुनसक्छ । त्यसैले विज्ञहरुसँग सम्पर्क गरी यकिन गर्नुहोला ।

**प्रयोग गर्ने विधि**

आवश्यक मात्रामा विषादीलाई थोरै पानीमा मिसाई राम्ररी चलाएर घोल तयार गर्नुहोस् । त्यसपछि सिफारिस मात्रासम्म पानी थपेर पूनः राम्रोसँग मिसाउनुहोस् र स्प्रेयर प्रयोग गरी बालीमा छर्नुहोस् ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ ।**

मिश्रण तयार गर्दा तथा स्प्रे गर्दा पूरा सुरक्षात्मक पोशाक लगाउनुहोस् । मुख, आँखा तथा छालासँग सम्पर्क हुन नदिनुहोस् । स्प्रे गर्दा निस्कने धुवाँ वा थोपा श्वासमार्फत भित्र जान नदिनुहोस् । स्प्रे गरेपछि दूषित कपडा तथा शरीरका भागहरू राम्रोसँग धुनुहोस् । स्प्रे गर्ने समयमा धूम्रपान, खानपिन वा चपाउने कुनै पनि वस्तु प्रयोग नगर्नुहोस् । प्रयोगका सीमितता तथा सावधानीहरू: यो विषादीले मौरी, माछा, पशुधन, जंगली चराचुरुङ्गी तथा अन्य जनावरलाई हानीपुग्न सक्ने सम्भावना भएकाले यस विषयमा विशेष ध्यान पुऱ्याई मात्र प्रयोग गर्नुहोस् । माछा र मौरीको लागि घातक हुने हुदाँ मौरी चरनको लागि फूल फुलेको समयमा र माछा पोखरीमा पर्ने वा बगेर जाने गरी यस विषादी प्रयोग गर्नुहुँदैन ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा**

विषाक्तताले कमजोरी, थकान, श्वास फेर्न गाह्रो हुने (Dyspnoea) लक्षणहरू देखा पर्न सक्छन् ।

**विष लाग्दा अपनाउनु पर्ने प्राथमिक उपचार**

विषादी निलेको अवस्थामा, यदि व्यक्ति सचेत अवस्थामा छ भने मुख पानीले कुल्ला गराई १-२ गिलास पानी पिउन दिनुहोस् । बेहोस व्यक्तिलाई मुखबाट केही नदिनुहोस् । चिकित्सकको सल्लाह बिना बान्ता गराउने प्रयास नगर्नुहोस् । चिकित्सकलाई तुरुन्त सम्पर्क गर्नुहोस् । श्वासप्रश्वास मार्फत विषादी गएको भए, बिरामीलाई तुरुन्त खुला तथा ताजा हावामा लैजानुहोस् र शरीरको तापक्रम सामान्य राख्नुहोस् । यदि बिरामीले श्वास फेरिरहेको छैन वा श्वास फेर्न गाह्रो भइरहेको छ भने, कृत्रिम श्वासप्रश्वास दिनुहोस्, प्राथमिकताका साथ मुख-देखि-मुखमा श्वास दिनुहोस् र चिकित्सकलाई तुरुन्त सम्पर्क गर्नुहोस् । लुगा वा छाला दूषित भएमा, दूषित लुगा हटाई प्रशस्त साबुन र पानीले कपाल र नङभित्रको भागसहित दूषित छाला राम्रोसँग धुनुहोस् । यदि दुखाइ, रातोपना वा चिलाउने समस्या निको नभएमा वा कडा रूपमा रहिरहेमा डाक्टरसँग परामर्श लिनुहोस् । सबै दूषित कपडाहरूलाई छुट्टै राख्नुपर्छ र पूनः प्रयोग गर्नु अघि साबुन र पानीले राम्ररी धुनुपर्छ । आँखा दूषित भएमा कम्तीमा १५ मिनेटसम्म प्रशस्त सफा पानीले आँखालाई बिस्तारै पखाल्नुहोस् । दुखाइ, जलन, रातोपन वा प्रकाश संवेदनशीलता कायम रहेमा आँखा विशेषज्ञसँग परामर्श गर्नुहोस् ।

**एण्टिडट**

विशेष किसिमको एण्टिडट छैन । लक्षणको आधारमा उपचार गर्ने ।

**प्रयोग गरीएका भाँडाको बिसर्जन**

कन्टेनर फिर्ताको लागि विषादी विक्रेतालाई सम्पर्क गर्नुहोस् । यदि कन्टेनर फिर्ता गरिएको छैन भने, तीन पटक पखाल्नुहोस् त्यसपछि वातावरण वा पानी प्रदूषण हुन नदिन प्याकेज, बाँकी रहेको पदार्थ र धुने क्रममा निस्किएको फोहोरलाई सुरक्षित तरिकाले व्यवस्थापन गर्नुहोस । विषादी राखिएको प्याकेट कहिल्यै पुनः प्रयोग (पानी, खाना, तेल जस्ता खानेकुरा राख्न) नगर्नुहोस् । खाली कन्टेनरहरू आवासीय क्षेत्रबाट टाढा प्रयोग गर्न नमिल्ने गरि खाडलमा गाडेर सुरक्षित तरिकाले नष्ट गर्नुपर्नेछ ।

**भण्डारणको अवस्था**

विषादी भएका प्याकेजहरूलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ । विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, पर्याप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने हुनुपर्छ ताकि वाष्पबाट प्रदूषण नहोस् । विषादीलाई खाना,पेय पदार्थ,पशु आहारा,औषधि वा मलखादबाट टाढा राख्नुहोस् ।

**प्रयोग गर्नु पूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढनुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी** बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।



**सावधान, सामान्य घातक, हरियो**
**(कृषि प्रयोजनका लागिमात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् । वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना:** शनमुखा एग्रीटेक लिमिटेड, हैदराबाद, तेलंगाना, भारत

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.**

युनिक एग्रो सेन्टर एण्ड रुपक भेट फर्मा, कपिलवस्तु, नेपाल
९८४०४९३७९५

**उत्पादित देशको पञ्जीकरण नं.**
CIR-254583/2023-Tebuconazole + Trifloxystrobin (WG) (443)-71

**नेपालमा पञ्जीकरण गरिएको नं.**

0121-FUN-WG-2026




**विषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नु पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

क्लोरोथालोनिल ७५% डब्लु.पी

CHLOROTHALONIL 75% WP

# डिफेन्स (DIFFENCE)

सम्पर्क ढुसीनाशक विषादी

**सिफारिस**

| बाली | रोगको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि | ग्राम. / प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | विषादीको आवश्यक मात्रा - (ग्राम) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| गोलभेँडा | अगौटे डढुवा (Early Blight) | ८७५-१२५० | ६००-८०० | १४ दिन | १.४६-१.५६ |

**प्रयोग गर्ने विधि**

यो विषादी सिफारिस गरिएको मात्राअनुसार थोरै पानीमा मिसाई राम्रोसँग पेस्ट तयार गर्नुपर्छ। त्यसपछि आवश्यक परिमाणको पानी थपेर एकनास हुने गरी घोल बनाउनुपर्छ। तयार घोललाई स्प्रे ट्याङ्कीमा राखी राम्ररी चलाएर प्रयोग गर्नुहोस्। यो विषादी गोलभेँडामा अगौटे डढुवा रोग देखिनासाथ छर्कनुहोस्। यो रोगको सुरुआती अवस्था वा रोग देखा पर्नुअघि नै बालीका पात, डाँठ तथा अन्य प्रभावित भागमा समान रूपमा पर्ने गरी छर्कनुपर्छ। विषादी छर्कंदा बिरुवाका पातको माथिल्लो तथा तल्लो दुवै सतह भिज्ने गरी प्रयोग गर्नुपर्छ। विषादी छर्कंदा हावा नचलेको बेलामा, एक देखि दुई घन्टाभित्र वर्षाको सम्भावना नभएको समयमा बिहान वा बेलुका छर्कनु उपयुक्त हुन्छ। रोगको प्रकोपको अवस्था हेरी ७ देखि १० दिनको अन्तरालमा २ देखि ३ पटकसम्म विषादी छर्कन सकिन्छ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ ।**

यो विषादी प्रयोग गर्दा पञ्जा, रबर बुट, चस्मा, ग्यास मास्क, टोपी तथा सम्पूर्ण शरीर ढाक्ने सुरक्षात्मक पोसाकको अनिवार्य प्रयोग गर्नुपर्छ। विषादी प्रयोग गर्दा धूम्रपान गर्ने, खाने वा पिउने कार्य नगर्नुहोस्। विषादी छर्किसकेपछि हात, मुख तथा शरीरका खुला भागहरू तुरुन्तै साबुनपानीले राम्ररी धुनुहोस्। यो विषादी माछा एवम् जलचरका लागि विषाक्त भएकाले जलस्रोत प्रदूषित हुन नदिन विषादीको प्याकेजिङ सामग्री, खाली कन्टेनर वा फोहोर तरल पदार्थ पोखरी, खोल्सा, ताल वा अन्य जलस्रोतमा फाल्नु हुँदैन र यस्तो क्षेत्रमा बगेर जाने गरी यो विषादी छर्कनु हुँदैन । यो विषादी नासपाती, पर्सिमन, आरु, आरुबखडा तथा स्याउको बिरुवाका लागि संवेदनशील हुन सक्छ । विषादी छर्कदा यसको छिटा अन्य बाली वा क्षेत्रमा फैलिन नदिन विशेष सावधानी अपनाउनुपर्छ। यस विषादीलाई क्षारीय प्रकृतिका विषादी वा अन्य क्षारीय पदार्थसँग मिसाएर प्रयोग गर्नु हुँदैन। रोगको प्रतिरोधात्मक क्षमता विकास हुन नदिन गोलभेँडाको वृद्धि अवधिभर फरक कार्यप्रकृति (Mode of Action) भएका ढुसीनाशक विषादीहरूसँग पालैपालो प्रयोग गर्नुपर्छ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा**

यस विषादीको सम्पर्कमा आएमा छाला, आँखाको भित्री भाग तथा श्वासप्रश्वास नलीमा जलन हुन सक्छ। यसले आँखा रातो हुने, कर्निया सुन्निने वा क्षति पुग्ने तथा आँखामा सुन्निने समस्या उत्पन्न गर्न सक्छ। कतिपय अवस्थामा प्रभावित भाग पूर्ण रूपमा निको हुन लामो समय लाग्न सक्छ।

**विष लाग्दा अपनाउनु पर्ने प्राथमिक उपचार**

श्वासप्रश्वासमार्फत विषादी शरीरभित्र प्रवेश गरेमा बिरामीलाई तुरुन्तै खुला तथा ताजा हावा भएको स्थानमा लैजानुहोस्। विषादी छालामा परेमा दूषित कपडा फुकालेर छुट्टै धुनुहोस् तथा प्रभावित भागलाई साबुनपानीले राम्ररी सफा गर्नुहोस्। विषादी आँखामा परेमा तुरुन्तै कम्तीमा १५ मिनेटसम्म प्रशस्त सफा पानीले आँखालाई पखाल्नुहोस्। विषादी निलेमा बिरामीलाई यस लेबलसहित तुरुन्तै नजिकको स्वास्थ्य संस्था वा अस्पतालमा लैजानुहोस्। बिरामी सचेत अवस्थामा भएमा चिकित्सकको सल्लाहअनुसार बान्ता गराउने, पेट सफा गर्ने तथा लक्षणअनुसार उपचार गर्न सकिन्छ।

**एण्टिडट**

यस विषादीको कुनै विशेष एण्टिडट उपलब्ध छैन। लक्षणको आधारमा उपचार गर्नुपर्छ।

**प्रयोग गरिएका भाँडाको विसर्जन**

विषादी राखिएको प्याकेट, बोतल वा अन्य भाँडो पुनः प्रयोग गरी पानी, तेल वा अन्य खाद्यवस्तु राख्नु हुँदैन। विषादीका खाली बोतल, प्याकेट, खोल तथा अन्य विषादीयुक्त सामग्रीहरू र विषादी प्रयोग उपकरण सफा गर्दा निस्किएको पानीको उचित व्यवस्थापन गर्नुपर्छ। वातावरण तथा जलस्रोत प्रदूषित हुन नदिन खाली कन्टेनरहरू आवासीय क्षेत्रबाट टाढा गहिरो खाडल खनी सुरक्षित तरिकाले नष्ट गर्नुपर्दछ।

**भण्डारणको अवस्था**

विषादी भएका प्याकेजहरुलाई अन्य वस्तुहरु भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चावी लगाई राख्नुपर्छ । विषादी भण्डारणको लागि बनाईएको कोठा ढलान गरेको, नसोस्ने, पर्याप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने हुनुपर्छ । आधिकारिक व्यक्तिहरुको मात्र पहुँच हुने गरी विषादीको प्याकेट र कन्टेनरहरु सुख्खा ठाँउमा भण्डारण गर्नुहोस् । विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधि, वा मलखादवाट टाढा राख्नुहोस् ।

**प्रयोग गर्नु पूर्व पर्चामा लेखिएको जीवनाशक विषादीको बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**चेतावनी** बच्चाको पँहुचबाट टाढा राख्नुहोस् ।



**सावधान, सामान्य घातक, हरियो**

**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**उत्पादकको नाम र ठेगाना :** ANHUI RICHEN PLANT PROTECTION ENGINEERING CO., LTD, NO.30 KAIYUAN AVENUE, MOHEKOU INDUSTRIALPARK,BENGBU, ANHUI .

**वितरकको नाम र ठेगाना :** NANJING BESTGREEN CHEMICAL CO.,LTD, ROOM 1803, OVERSEAS CHINESE PLAZA, NO.1 NORTH DAQIAO ROAD, NANJING CHINA.

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.** मेरो एग्रो प्रा.लि, पुरानो बानेश्वर, काठमाडौं, नेपाल ०१-४५७००९२, ०१-४५९२२८५, ९८५१०३५७८४

info@meroagro.com

उत्पादित देशको रजिष्टर नं.

PD20093704

नेपालमा पञ्जीकरण गरिएको नं.

0122-FUN-WP-2026




**विषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

थायामेथोक्साम १२. ६% + ल्याम्ब्डा-साइहेलोथ्रिन ९.५% जेड.सी.

Thiamethoxam 12.6% + Lambda-cyhalothrin 9.5% ZC

# ल्यामीथोक्साम(LAMETHOXAM)

सम्पर्क तथा दैहिक कीटनाशक

**सिफारिस**

| बाली | कीराको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि | एम. एल.प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (एम. एल) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| कपास | लाही (Aphids), जेसिड (Jassids), थ्रिप्स(Thrips), कपासको फल छेड्ने गभारो/ कीरा (Bollworm) | २०० | ५०० | २६ दिन | ०.४ |
| चिया | थ्रिप्स (Thrips), वित्ते कीरा (Semilooper), चियाको लामखुट्टे कीरा (Tea Mosquito bug) | १५० | ५०० | १ दिन | ०.३ |
| गोलभेँडा | थ्रिप्स(Thrips), सेतो झिंगा (White flies), फलको गभारो (Fruit Borer) | १२५ | ५०० | ५ दिन | ०.२५ |
| मकै | लाही (Aphids), डाँठको झिंगा (Shootfly), डाँठको गभारो (Stem Borer) | १२५ | ५०० | ४२ दिन | ०.३ |
| खुर्सानी | थ्रिप्स(Thrips), फलको गभारो (Fruit Borer) | १५० | ५०० | ३ दिन | ०.३ |
| बदाम | पात फड्के (Leaf hopper), पात खाने झुसिलकीरा (Leaf eating caterpillar) | १२५ | ५०० | २८ दिन | ०.४ |
| भटमास | डाँठको झिंगा (Stem fly), वित्ते कीरा (Semilooper), डाँठ घेरा पारेर काट्ने खपटे कीरा (Girdle beetle) | १२५ | ५०० | ४८ दिन | ०.३ |

नोट: कीराहरुको नेपाली नाम स्थान विशेष अनुसार फरक हुनसक्छ । त्यसैले विज्ञहरुसँग सम्पर्क गरी यकिन गर्नुहोला ।

## प्रयोग गर्ने बिधि

यो एक संयुक्त कीटनाशक हो जसले पेट तथा सम्पर्कमार्फत छिटो प्रभाव पार्ने कार्य गर्दछ । सिफारिस अनुसार आवश्यक मात्रामा विषादी नापी थोरै पानीमा राम्ररी मिसाउनुहोस् । त्यसपछि निर्धारित मात्रा अनुसार बाँकी पानी थपी राम्रोसँग चलाउँदै (घोल्दै) तयार भएको विषादीको घोल उपयुक्त स्प्रेयर जस्तै न्यापस्याक स्प्रेयर प्रयोग गरी पातको माथि र तल दुवै सतह भिज्ने गरी बालीमा पूर्ण रूपमा छर्कनुहोस् ।

## यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ ।

विषादीको घोल तयार गर्न खाना पकाउने भाँडाकुँडा प्रयोग नगर्नुहोस् । विषादी घोल्न लट्ठी/डण्डी प्रयोग गर्नुहोस् । छाला, आँखा र कपडाको सम्पर्क हुन नदिनुहोस् । विषादीको घोल तयार गर्दा उत्पन्न हुने विषादी मिश्रित धुँवा (Fog) र वाष्प (Vapors) श्वासप्रश्वास मार्फत भित्र जान नदिनुहोस् । छालासँग सम्पर्क हुन नदिन र आँखामा छ्यापिनबाट जोगिन हातमा पञ्जा र अनुहार सुरक्षा कवच (Face Shield) प्रयोग गर्नुहोस् । विषादी प्रयोग गर्दा लामो ट्राउजर र पूर्ण बाहुलाको सर्ट, चश्मा र बुट वा ढाकिएको जुत्ता सहित सुरक्षात्मक कपडा लगाउनुहोस् । विषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नु हुँदैन। प्रयोग पछि, सुरक्षात्मक उपकरणहरू राम्ररी सफा गर्नुहोस् र सम्पूर्ण शरीर धुनुहोस् र सम्पर्कमा आएका कपडाहरु राम्रोसँग धुनुहोस् । हावा र पानीका स्रोतहरूलाई कीटनाशक विषादीबाट दूषित हुन नदिनुहोस् । प्रयोगका सीमितता तथा सावधानीहरू: यो विषादीले मौरी, माछा, पशुधन, जंगली चराचुरुङ्गी तथा अन्य जनावरलाई हानीपुग्न सक्ने सम्भावना भएकाले यस विषयमा विशेष ध्यान पुऱ्याई मात्र प्रयोग गर्नुहोस् । माछा र मौरीको लागि घातक हुने हुदाँ मौरी चरनको लागि फूल फुलेको समयमा र माछा पोखरीमा पर्ने वा बगेर जाने गरी यस विषादी प्रयोग गर्नुहुँदैन ।

## मानिसलाई यो विषादीको विष लागेको अवस्थामा

यसले शरीरको सन्तुलन गुम्ने (Ataxia), र्‍याल बग्ने, आँसु आउने तथा श्वासप्रश्वासमा कठिनाइ हुने जस्ता लक्षण देखिन सक्छ ।

## विष लाग्दा अपनाउनु पर्ने प्राथमिक उपचार

प्रभावित व्यक्तिलाई खतरा क्षेत्रबाट राम्रोसँग हावा चल्ने कोठा वा ताजा हावामा लैजानुहोस्, चिसोबाट जोगाउनुहोस् । छालासँग सम्पर्क भएमा, दूषित लुगा परिवर्तन गर्नुहोस् र शरीरको सम्पर्कमा आएका भागहरू साबुन र पानीले राम्ररी धुनुहोस् । आँखाको सम्पर्कमा आएमा तुरुन्तै सफा पानीले केही बेरसम्म आँखा बन्द नगरि निरन्तर धुनुहोस् । विषाक्तताको शंका लागेमा तुरुन्तै चिकित्सा सल्लाह लिनुहोस् । निलिएमा, औषधीय चारकोल (Medicinal Charcoal) प्रशस्त पानीसँग बारम्बार दिनुहोस् । नोट: बेहोस बिरामीलाई कहिल्यै पनि मुखबाट केही दिनु हुँदैन र बान्ता गराउनु हुँदैन ।

## एण्टिडट

विशेष किसिमको एण्टिडट छैन । लक्षणको आधारमा उपचार गर्ने ।

## प्रयोग गरीएका भाँडाको बिसर्जन

वातावरण वा पानी प्रदूषण हुन नदिन प्याकेज, बाँकी रहेको पदार्थ र धुने क्रममा निस्किएको फोहोरलाई सुरक्षित तरिकाले व्यवस्थापन गर्नुहोस । विषादी राखिएको प्याकेट कहिल्यै पुनः प्रयोग (पानी, खाना, तेल जस्ता खानेकुरा राख्न) नगर्नुहोस् । खाली कन्टेनरहरू आवासीय क्षेत्रबाट टाढा प्रयोग गर्न नमिल्ने गरि खाडलमा गाडेर सुरक्षित तरिकाले नष्ट गर्नुपर्नेछ ।

## भण्डारणको अवस्था

विषादी भएका प्याकेजहरूलाई मूल कन्टेनरमै राखी अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ । विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, पर्याप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने हुनुपर्छ ताकि वाष्पका कारण दूषित नहोस् । विषादीलाई खाना,पेय पदार्थ,पशु आहारा,औषधि वा मलखादबाट टाढा राख्नुहोस् ।

**प्रयोग गर्नु पूर्व पर्चामा लेखिएको जीवनाशक विषादीको बारेमा सम्पूर्ण जानकारी पढनुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी:** बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।



**सावधान, ज्यादै घातक, पहेंलो (कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना:** शनमुखा एग्रीटेक लिमिटेड, हैदराबाद, तेलंगाना, भारत

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.:** युनिक एग्रो सेन्टर एण्ड रुपक भेट फर्मा, कपिलवस्तु, नेपाल ९८४०४९३७९५

**उत्पादित देशको पञ्जीकरण नं.**
CIR-201170/2022-Thiamethoxam + Lambda-cyhalothrin (ZC) (437)-3569

**नेपालमा पञ्जीकरण गरिएको नं.**
0123-INS-ZC-2026




**विषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादीको विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नु पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

जिंक फस्फाइड ८०% पाउडर

Zinc Phosphide 80% powder

# रेटोल (RATOL)

मुसानाशक

सिफारिसः

| बाली/प्रयोग क्षेत्र | मुसाको नाम | सिफारिस मात्रा (ग्राम) |
|---|---|---|
| खेत र आवासीय परिसर क्षेत्र | खेत र आवासीय क्षेत्रमा पाइने विभिन्न प्रजातिका मुसाहरू (Field &residential premises Rodents) (*Rattus rattus*, *Bandicota bengalensis*,*Rattus meltade*, *Tatera indica*,*Meriones hurrianae*, *Mus platythrix*, *Mus musculus*,*Rattus noroegicus*, *Mus booduga*, *Suncus caeruleus*) | १० ग्राम जिंक फस्फाइडलाई १० ग्राम खाने तेलमा मिसाउनुहोस् । त्यसपछि ३८० ग्रामको परिमाणमा मुसालाई मनपर्ने खाद्य पदार्थ उक्त विषाक्त मिश्रणमा मिसाइ विषाक्त चारा बनाउनुहोस् । प्रत्येक प्रलोभन बिन्दु वा मुसाहरुले खानेकुरा खोज्ने ठाउँमा १०-१०ग्राम परिमाणको विषाक्त चारा राख्नुहोस् । |

**प्रयोग गर्ने विधि :**

मुसा नयाँ वातावरण तथा नयाँ वस्तुप्रति अत्यन्त संवेदनशील हुने भएकाले सुरुमै विषाक्त चारा राख्दा अपेक्षित नियन्त्रण प्राप्त नहुन सक्छ । त्यसैले पहिलो चरणमा मुसालाई मनपर्ने सादा चारा ४-५ दिनसम्म मुसाको आवतजावत हुने स्थानमा नियमित रूपमा राख्नुपर्छ। मुसाले चारा खान थालेपछि १० ग्राम जिंक फस्फाइडलाई १० ग्राम खाने तेलमा मिसाउनुहोस् । त्यसपछि ३८० ग्राम परिमाणमा मुसालाई मनपर्ने खाद्य प्रदार्थ जस्तै गंहुको सग्लो दाना, चामल,माछाको सुकुटी आदि खाद्य सामग्री उक्त विषादी र तेलको मिश्रणमा राम्रोसंग मिलाई विषाक्त चारा तयार गर्नुहोस् । उक्त विषाक्त चाराको १०-१० ग्राम परिमाण मुसाको आवत जावत गर्ने ठाउँ मा २-३ दिनसम्म राख्नुहोस् । दोस्रो चरणमा (करिब १५ दिनपछि) बाँकी रहेका मुसाहरूको प्रभावकारी नियन्त्रणका लागि फरक प्रकारको चारा प्रयोग गरी यही प्रक्रिया पुनः दोहोर्याउनुपर्छ। सुरुमा ४-५ दिन सादा चारा राखी त्यसपछि सोही चारामा विषादी मिसाई २-३ दिनसम्म विषाक्त चारा राख्नुपर्छ। यस विधिले पहिलो चरणमा नियन्त्रणबाट बाँकी रहेका मुसाहरूलाई समेत प्रभावकारी रूपमा नियन्त्रण गर्न मद्दत गर्दछ । चारा तथा विषाक्त चारा तयार गर्ने र राख्ने कार्य गर्दा प्रत्यक्ष रूपमा हात प्रयोग नगरी आवश्यक सुरक्षात्मक सामग्री प्रयोग गर्नु पर्दछ ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्दछ ।**

यो विषादी श्वासप्रश्वास, मुख, आँखा वा छालामार्फत शरीरभित्र प्रवेश हुन नदिनुहोस्। विषादीको प्रयोग, विषाक्त चारा तयारी तथा व्यवस्थापनका क्रममा अनिवार्य रूपमा सुरक्षात्मक पोसाक, पञ्जा, ग्यास मास्क, बुट तथा अन्य आवश्यक व्यक्तिगत सुरक्षा सामग्री (PPE) प्रयोग गर्नुहोस्। विषादी प्रयोग गर्दा धूम्रपान, खानपिन वा पेय पदार्थ सेवन नगर्नुहोस् तथा प्रयोगपछि साबुनपानीले हात, मुख र शरीरका सम्पर्कमा आएका भागहरू राम्ररी सफा गर्नुहोस्। विषाक्त चारा तयार गर्दा तथा राख्दा प्रत्यक्ष रूपमा हातको प्रयोग नगरी उपयुक्त उपकरण प्रयोग गर्नुहोस्। विषयुक्त चारालाई बालबालिका, घरपालुवा जनावर, पशुपन्छी तथा अन्य गैर-लक्षित जीवहरूको पहुँचबाट टाढा र सुरक्षित स्थानमा राख्नुपर्छ। प्रयोगपश्चात बाँकी रहेका विषाक्त चारा, खाली प्याकेट तथा मरेका मुसाहरूलाई तुरुन्त संकलन गरी मानव बस्ती, जलस्रोत तथा पशुचौपायाको पहुँचभन्दा टाढा सुरक्षित रूपमा गाड्ने वा जलाएर नष्ट गर्नुपर्छ। मरेका मुसाहरू खुला स्थानमा छोड्नु हुँदैन, किनकि तिनलाई अन्य जनावर वा चराचुरुङ्गीले खाँदा द्वितीय चरणको विषाक्तता (Secondary Poisoning) हुन सक्छ ।

**विषाक्तताका लक्षणहरू:**

वान्ता वा वाकवाकी लाग्नु, पखाला तथा पेट दुख्ने वा पेटको मांसपेशी वटारिने,जस्ता लक्षणहरु देखिन्छ ।

**विष लाग्दा अपनाउनु पर्ने प्राथमिक उपचार**

१. यदि निलियो भने, घाँटीको पछाडिको भागमा काउकुती गरेर बान्ता गराउनुहोस्। बान्ता सफा नभएसम्म यो दोहोर्याउनुहोस्। यदि बिरामी बेहोस छ भने बान्ता नगर्नुहोस्। २. यदि आँखा दूषित छ भने प्रशस्त सफा पानीले धुनुहोस्।३. यदि लुगा र छाला दूषित छ भने दूषित लुगा हटाउनुहोस् र प्रभावित भागहरू साबुन र पानीले धुनुहोस्। ४. यदि श्वास मार्फत विषाक्त छ भने, बिरामीलाई ताजा हावामा लैजानुहोस्। अक्सिजन थेरापी सिफारिस गरिन्छ । ५. तुरुन्तै चिकित्सक कहाँ बिरामी लैजानुहोस् ।

**एण्टिडट**

०.२ प्रतिशत क्युप्रिक सल्फेट (Cupric Sulphate) को घोलले वान्ता गराउने (Emetic) कार्य गर्न सक्छ र जिंक फस्फाइडसँग प्रतिक्रिया गरी अघुलनशील क्युप्रिक फस्फाइड बनाउन सहयोग गर्न सक्छ । चिकित्सकको सल्लाह र निगरानीमा आवश्यक परेमा पेटमा १:५००० पोटासियम परम्याङ्गनेट (Potassium Permanganate) को घोल प्रयोग गरी पेट सफा गर्ने व्यवस्था गर्न सकिन्छ। रक्तस्रावसम्बन्धी समस्या देखिएमा चिकित्सकको सल्लाहअनुसार भिटामिन के प्रयोग गर्न सकिन्छ। बिरामीमा अत्यधिक उत्तेजना, बेचैनी वा छटपटि देखिएमा अवस्थाअनुसार शान्त पार्ने औषधि (Sedatives) प्रयोग गर्न सकिन्छ। अन्य अवस्थामा देखिएका लक्षण तथा बिरामीको स्वास्थ्य अवस्थाका आधारमा आवश्यक सहयोगात्मक तथा लक्षणअनुसारको उपचार गर्नुपर्छ। उपचार सधैं चिकित्सक को प्रत्यक्ष निगरानीमा गर्न सिफारिस गरिन्छ ।

**प्रयोग गरिएको भाँडोको विसर्जनः**

प्याकेट वा विषादीको सम्पर्कमा आएका सामग्री र अन्य भाँडाहरूबाट निस्केको विषाक्त पानी वा विषादीयुक्त वस्तु तथा चारालाई सुरक्षित तरिकाले वातावरण वा पानी प्रदूषण हुनबाट बच्ने गरि विसर्जन गर्नुपर्छ । प्रयोग गरिएका विषादीका प्याकेटहरूलाई पुनः प्रयोग रोक्नको लागि बाहिर छोड्नुहुँदैन। प्याकेटहरू प्रयोग गर्न नमिल्ने गरि बस्तीबाट टाढा पानीको मुहान नभएको स्थानमा सुरक्षा मापदण्ड अपनाई विसर्जन गर्नु पर्दछ ।

**भण्डारणको अवस्था**

विषादी रहेका प्याकेटहरूलाई खाद्यपदार्थ लगायत अन्य सामानहरू भण्डारण गर्ने कोठाहरू वा परिसरहरूबाट अलग कोठाहरू वा परिसरहरूमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृतिका आधारमा छुट्टै अलमारीहरूमा ताला र चाबी लगाएर राख्नुपर्छ। विषादी भण्डारणका लागि तोकिएका कोठाहरू वा परिसरहरू राम्ररी निर्मित, सुख्खा,चिसो, पर्याप्त उज्यालो र हावादार हुनुपर्छ ।

**प्रयोगको निर्देशनः कृपया प्रयोग गर्नु अघि संलग्न सूचक पर्चा पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**चेतावनीः** विषादीलाई बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, अत्यन्तै घातक, रातो**

**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् । वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।

**विषादीको उत्पादक र वितरकको नाम ठेगानाः**

सुपरफर्म केमिसिट्रज लिमिटेड/यु पि एल सस्टेनेवल एग्री सोलुसन्स लिमिटेड,

मुंवई (भारत)

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.**

**ग्लोबल एग्रो ट्रेडिङ्ग,**

**सानेपा,२ ललितपुर**

९८४१२३०५६४

**उत्पादित देशको रजिष्टर नं.** VI -1219(1) Zinc Phosphide (R)-40

**नेपालमा पञ्जीकरण गरिएको न :**

0124-ROD-P-2026



**विषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन। अतः विषादीको प्रयोग गर्नु पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस्।**

म्यान्कोजेब ६४% + साईमोक्सानिल ८% डब्लु.पी.

Mancozeb 64%+Cymoxanil 8% WP

# रियल मिल (REAL MIL)

सम्पर्क र आंशिक दैहिक ढुसीनाशक

**सिफारिस**

| बाली | रोगको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्न वा काट्न अघि पर्खने अवधि (दिन) | ग्राम/ प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा - (ग्राम) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| काँक्रो | डाउनी मिल्डयु ( Downy Mildew) | १९९५ -२५०५ | ६००-१००० | १० दिन | २.५-३.३ |

**प्रयोग गर्नु पूर्व पर्चामा लेखिएको जीवनाशक विषादीको बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस्।**

**सावधानी :** बच्चाको पहुँचबाट टाढा राख्नुहोस्।



**सावधान, मध्यम घातक, निलो**
**(कृषि प्रयोजनका लागि मात्र)**

**प्रयोग गर्ने विधि**

यो विषादीलाई सिफारिस गरिएको मात्राअनुसार थोरै पानीमा मिसाई पेस्ट तयार गर्नुपर्छ। त्यसपछि आवश्यक परिमाणको पानी थपेर एकनास घोल बनाउनुपर्छ। तयार घोललाई स्प्रे ट्याङ्कीमा राखी राम्ररी चलाएर प्रयोग गर्नुहोस्। काँक्रोमा लाग्ने डाउनी मिल्डयु रोगको रोकथाम तथा नियन्त्रणका लागि रोग लाग्नुअघि नै वा रोगको शुरुको अवस्थामा बालीका पात, डाँठ तथा अन्य प्रभावित भागमा समान रूपमा पर्ने गरी छर्कनुपर्छ। छर्काइ गर्दा पातको माथिल्लो तथा तल्लो दुवै सतह राम्ररी भिज्ने सुनिश्चित गर्नुपर्छ। वर्षाको सम्भावना नभएको शान्त मौसममा बिहान वा बेलुका विषादी छर्कनु उपयुक्त हुन्छ। रोगको प्रकोप हेरी आवश्यकता अनुसार ७ दिनको अन्तरालमा २ देखि ३ पटकसम्म विषादी छर्कन सकिन्छ। काँक्रो बालीमा यस विषादी एक बाली सिजनमा अधिकतम ३ पटक मात्र विषादी प्रयोग गर्न सिफारिस गरिन्छ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ**

यस विषादीलाई क्षारीय प्रकृतिका विषादी वा अन्य क्षारीय पदार्थहरूसँग मिसाएर प्रयोग गर्नु हुँदैन। विषादी प्रयोग गर्दा सुरक्षात्मक पोशाक, पञ्जा, चस्मा तथा मास्क अनिवार्य रूपमा प्रयोग गर्नुपर्छ। विषादी प्रयोग गरिसकेपछि हात, मुख तथा शरीरका खुला भागहरू तुरुन्तै साबुनपानीले राम्ररी धुनुपर्छ। गर्भवती तथा स्तनपान गराइरहेका महिलाहरूलाई यस विषादीको सम्पर्कबाट टाढा राख्नुपर्छ। माछालाई विषाक्त हुने हुँदा पानीको स्रोतमा यो विषादी पर्नु दिनुहुँदैन। हाइड्रोपोनिक्स बिरुवा र कन्टेनरमा रोपिएका बिरुवाहरुमा यो विषादी प्रयोग गर्नु हुँदैन। गम्भीर खडेरी र पोषक तत्वको कमीबाट बाली बिरुवाहरु प्रभावित भएको अवस्थामा यो विषादी छर्कनुहुँदैन किनकी यस अवस्थामा दैहिक यौगिकहरुको अवशोषण र प्रभावकारिता कम हुन्छ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा**

यस विषादीको विषाक्तताको प्रभाव परेमा वाकवाकी लाग्ने, बान्ता हुने, पेट दुख्ने, पखाला लाग्ने, टाउको दुख्ने, चक्कर लाग्ने, थकान महसुस हुने तथा कमजोरी अनुभव हुने जस्ता लक्षणहरू देखिन सक्छन्।

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार**

श्वासप्रश्वासमार्फत विषादी शरीरभित्र प्रवेश गरेमा बिरामीलाई तुरुन्तै खुला तथा ताजा हावा भएको स्थानमा लैजानुहोस्। विषादी छालामा परेमा दूषित कपडा फुकालेर छुट्टै धुनुहोस् तथा प्रभावित भागलाई साबुनपानीले राम्ररी सफा गर्नुहोस्। विषादी आँखामा परेमा तुरुन्तै कम्तीमा १५ मिनेटसम्म प्रशस्त सफा पानीले आँखालाई पखाल्नुहोस्। विषादी निलेमा बिरामीलाई यस लेबलसहित तुरुन्तै नजिकको स्वास्थ्य संस्था वा अस्पतालमा लैजानुहोस्।

**एण्टिडट**

यस विषादीको कुनै विशेष एण्टिडट उपलब्ध छैन। लक्षण तथा अवस्थाका आधारमा उपचार गर्नुपर्छ।

**प्रयोग गरिएका भाँडाको विसर्जन**

प्रयोग गरिएका कन्टेनरहरू विषादी राखेको प्याकेट पुनः प्रयोग (पानी, खाने, तेल जस्ता खानेकुरा राख्ने) का लागि बाहिर नछोड्नुहोस्। विषादीको खाली खोलहरु वा अन्य विषादीयुक्त सामाग्रीहरु र विषादी सफा गरेको पानीको उचित व्यवस्थापन गर्नु विषादी उत्पादक, प्रयोगकर्ताहरुको कर्तव्य हुनेछ। वातावरणीय वा जल प्रदूषण हुन नदिनका लागि खाली कन्टेनरहरु आवासीय क्षेत्रबाट टाढा गहिरो खाडलमा सुरक्षित तरिकाले व्यवस्थापन गर्नुहोस्।

**भण्डारणको अवस्था**

विषादी भएका प्याकेजहरुलाई अन्य वस्तुहरु भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चावी लगाई राख्नुपर्छ। विषादी भण्डारणको लागि बनाईएको कोठा ढलान गरेको, नसोस्ने, पर्याप्त उज्यालो भएको, सुख्खा, हावा राम्ररी ओहोरदोहोर गर्ने खालको हुनुपर्छ। आधिकारिक व्यक्तिहरुको मात्र पहुँच हुने गरी विषादीको प्याकेट र कन्टेनरहरु सुख्खा ठाँउमा भण्डारण गर्नुहोस्। विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधि, वा मलखादवाट टाढा राख्नुहोस्। विषादीलाई खाद्यान्न, पेयपदार्थ, अन्न, पशुपन्छीको दाना वा अन्य उपभोग्य सामग्रीसँगै भण्डारण वा ओसारपसार गर्नु हुँदैन।

यो ढुसीनासक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०११११ नं. मा फोन गर्नुहोस्। वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।

**उत्पादकको नाम र ठेगानाः** QINGDAO ZHENGDAO PHARMACEUTICAL CO., LTD , SHENGDE ROAD, JIANGSHAN TOWN, LAIXI CITY, SHANDONG PROVINCE.

**वितरकको नाम ठेगानाः** NANJING BESTGREEN CHEMICAL CO., LTD , ROOM 1803,OVERSEAS CHINESE PLAZA, NO.1 NORTH DAQIAO ROAD, NANJING CHAINA .

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.** मेरो एग्रो प्रा.लि, पुरानो बानेश्वर , काठमाडौँ , नेपाल ०१-४५७००९२,०१-४५९२२८५,९८५१०३५७८४ info@meroagro.com

उत्पादित देशको रजिष्टर नं. PD20080953

नेपालमा पञ्जीकरण गरिएको नं.
0125-FUN-WP-2026




**विषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस्।**

# जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।

प्रेटिलाक्लोर ५०% ई.सी.

Pretilachlor 50% EC

## स्विफ्ट (SWIFT)

चयनात्मक तथा झारपात अंकुरण पूर्व प्रयोग गर्ने बहु प्रकृतिको झारनाशक (Selective pre-emergence broad spectrum herbicides)

सिफारिस:

| बाली | झारको सामान्य नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | छर्कने देखि बाली काट्ने सम्मको पर्खने अवधि (दिन) | ग्राम/एम.एल प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (लिटर) | विषादी घोल्न जम्मा चाहिने पानी (लिटर) | | |
| रोपेको धान | सामा घाँस *(Echinochloa crusgalli)*<br>सामा घाँस *(Echinochloa colonum)*<br>एक वर्षिय जौनार *(Cyperus difformis)*<br>छाता मोथे *(Cyperus iria)*<br>ज्वाने झार *(Fimbristylis miliacea)*<br>महाभृङ्गराज *(Eclipta alba)*<br>पानीको झाडी *(Ludwigia parviflora)*<br>लेप्टोक्लोआ घाँस*(Leptochloa chinensis)*<br>निलो जलुके *(Monochoria vaginalis)*<br>भुइँ घाँस *(Panicum repens)* | १.०-१.५ | ५००-७५० | ७५-९० | २ |

**नोट:** झारहरुको नेपाली नाम स्थान विशेष अनुसार फरक हुनसक्छ । त्यसैले विज्ञहरुसँग सम्पर्क गरी यकिन गर्नुहोला ।

**प्रयोग गर्ने विधि:**

विषादीको घोल बनाउँदा छर्कने ट्यांकीमा आधा मात्रासम्म पानी राखेर सिफारिस मात्राको विषादी हाली राम्रोसँग घोल्नुहोस् । त्यस पश्चात सिफारीस गरिएको बाँकी पानीको मात्रा हाल्नुहोस् र फेरि चलाउनुहोस् । तयार भएको विषादीको घोल तुरुन्त छर्नुहोस् । यो विषादीलाई धान रोपाई गरेको ५ दिन भित्रमा प्रयोग गरि सक्नु पर्दछ । यो विषादी विभिन्न प्रकारका विषादी छर्कने उपकरणवाट धान रोपेको क्षेत्रमा छर्न सकिन्छ ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्दछ ।**

विषादी प्याकेट खोल्दा वा विषादी छर्कंदा पञ्जा, रवर वुट, चश्मा ग्याँस मास्क तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । घोल तयार गर्दा सुरक्षात्मक पोशाक जस्तै मास्क, पञ्जा, चस्मा, टोपी, एप्रोन आदी लगाउनुहोस् र विषादी छर्कंदा छिटाहरु नाक मुखबाट भित्र प्रवेश गर्न दिनु हुँदैन । साथै, मुख, आँखा एवम् छालामा विषादीको सिधा सर्म्पक हुन नदिनुहोस् । विषादी शरीरमा पर्न दिनुहुँदैन । विषादी छरीसकेपछि सम्पर्कमा आएका कपडाहरु राम्रोसँग धुनुहोस् र नुहाउनुहोस् । विषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नु हुँदैन ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा**

टाउको दुखाइ, थकान, चक्कर लाग्ने, डर लाग्ने/घबराहट हुने, वाकवाकी लाग्ने, र वान्ता हुने जस्ता लक्षणहरु देखिन सक्छन् ।

**विष लाग्दा अपनाउनु पर्ने प्राथमिक उपचार :**

यदि विषादी निलिएको छ भने घाँटीको पछाडि भागमा काउकुती लगाएर बान्ता गराउनुहोस् । यदि बिरामी बेहोस छ भने वान्ता गराउनुहुँदैन । छालामा विषादीको सम्पर्क भएको अवस्थामा विषादी सम्पर्क भएको भाग पर्याप्त मात्रामा साबुन पानीले राम्ररी धुनुहोस् । यदि रुखोपन रह्यो भने चिकित्सकलाई देखाउनुहोस् । आँखामा विषादीको सम्पर्क भएको अवस्थामा कम्तीमा १५ मिनेटसम्म सफा पानीले आँखालाई धुनुहोस् । श्वासप्रश्वास मार्फत विषाक्तता भएमा पर्याप्त हावा खेल्ने ठाउँमा बिरामीलाई राख्नुहोस् । लक्षण गम्भीर भए डाक्टरलाई तुरुन्त देखाउनुहोस् ।

**एण्टिडट**

यी विषादीको विशेष एण्टिडट छैन । लक्षणको आधारमा उपचार गर्नुहोस् ।

**प्रयोग गरिएको भाँडोको विसर्जन:**

प्याकेट वा विषादीको सम्पर्कमा आएका सामग्री र विषादी छर्कने उपकरण वा अन्य भाँडाहरूबाट निस्केको विषाक्त पानी वा विषादीयुक्त वस्तुलाई सुरक्षित तरिकाले वातावरण वा पानी प्रदूषण हुनबाट बच्ने गरि विसर्जन गर्नुपर्छ । प्रयोग गरिएका विषादीका प्याकेटहरूलाई पुनः प्रयोग रोक्नको लागि बाहिर छोड्नुहुँदैन। प्याकेटहरू प्रयोग गर्न नमिल्ने गरि बस्तीबाट टाढा पानीको मुहान नभएको स्थानमा सुरक्षित तरिकाले व्यवस्थापन गर्नुहोस् ।

**भण्डारणको अवस्था**

विषादी भएका प्याकेजहरूलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ । विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, पर्याप्त उज्यालो भएको, सुख्खा, हावा राम्ररी ओहोरदोहोर गर्ने खालको हुनुपर्छ । आधिकारीक व्यक्तिहरूको मात्र पहुँच हुने गरी विषादीको प्याकेट र कन्टेनरहरू सुख्खा ठाउँमा भण्डारण गर्नुहोस् । विषादीलाई खाना, पेयपदार्थ, पशु आहारा, औषधि वा मलखादबाट टाढा राख्नुहोस् ।

**प्रयोग गर्नु पूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी** : विषादीलाई बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान,सामान्य घातक, हरियो**
**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् । वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।

**विषादीको उत्पादक र वितरकको नाम**

जेसी लाइफ साइंसेज, जम्मू एण्ड कश्मिर, भारत

**वितरक :** इंडो–स्विस केमिकल्स लिमिटेड, दिल्ली

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क :-**

एग्रीकल्चर गुड्स सप्लायर्स सेन्टर,
गरुडा ६, रौतहट
**सम्पर्क नं-** ९८२११५१०४२

**उत्पादित देशको रजिष्टर नं.**

CIR-49,162/2004-PRETILACHLOR(EC)(247)-160

**नेपालमा पञ्जीकरण गरिएको नं. :**

0126-HER-EC-2026




**प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नु पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

अमोनियम साल्ट अफ ग्लाइफोसेट ७१% एस.जी.

Ammonium Salt Of Glyphosate 71% SG

# अल किल –७१ (All Kill-71)

सबै प्रकारको वनस्पती मार्ने (Non-selective), अंकुरण पश्चात(Post-emergence) छर्कनुपर्ने दैहिक झारनाशक

**सिफारिस**

| बाली | झारपातहरुको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि (दिन) | ग्राम / प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (के.जी.) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| चिया र गैर बाली (खेती नगरीएको जमीन) | मुक्त बर्शी झार (*Acalyapha indica*), कुरो (Sida aculata), भुईंकुमर (*Ipomea digitara*),कासनी (*Cichorium intybus*), लुडे घाँसे (Digera arvensis), लट्टे (*Digitaria sanguilnalis*), जनै घाँस (*Paspalum conjugatum*), गन्धे झार (*Ageratum conyzoides*), दुबो (*Cynodon dactylon*), मोथे (*Cyperus rotundus*) घोयो (*Eragrostis* spp) | ३ | ५०० | ७ | ६ |

**नोट:** झारहरुको नेपाली नाम स्थान विशेष अनुसार फरक हुनसक्छ । त्यसैले विज्ञहरुसँग सम्पर्क गरी यकिन गर्नुहोला ।

**प्रयोग गर्ने विधि**

विषादीको घोल बनाउँदा छर्कने ट्याकींको आधा मात्रासम्म पानी राखेर विषादीको मात्रा हाल्नुहोस् र राम्रोसँग घोल्नुहोस् । त्यसपछि पानी थपेर फेरि चलाउनुहोस् । तयार भएको विषादीको घोल तुरुन्त छर्कनुहोस् । कम्तिमा ४-८ पातहरू भएका बाह्रमासी झारपातहरूलाई उम्रिसके पछिको अवस्थामा प्रयोग गर्नुहोस् ताकि बिरुवामा विषादी एकरुपले झारपातको बिरुवामा प्रवेश गर्नसकोस् । भर्खरै उम्रेको अवस्थामा विषादी छर्कदा झारपात नियन्त्रण कम हुनसक्छ । छर्काइ कार्यका लागि फ्यान-जेट (Fan Jet), फ्लड-जेट (Flood Jet) वा कोन प्रकारका नोजल जडित मानक न्यापस्याक (Knapsack) वा ब्याकप्याक (Backpack) स्प्रेयर उपयुक्त मानिन्छन्। यस्ता स्प्रेयरहरूको प्रयोगबाट विषादीको समान तथा प्रभावकारी छर्काइ गर्न सकिन्छ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ ।**

स्प्रे घोल तयार गर्न घरायसी भान्साका भाँडाकुडा प्रयोग गर्नु हुँदैन। स्प्रे घोल चलाउन वा मिसाउनका लागि उपयुक्त काठको लठ्ठी वा डन्डी प्रयोग गर्नुपर्छ। विषादी प्याकेट खोल्दा वा विषादी छर्कदा पञ्जा, रवर बुट, चश्मा ग्याँस मास्क तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । विषादी शरिरमा पर्न दिनुहुँदैन । विषादी छरी सकेपछि सर्म्पकमा आएका कपडाहरु राम्रोसँग धुनुहोस् र नुहाउनुहोस् । विषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नु हुँदैन । तरकारी बालीमा विषादी नछर्कनुहोस् । खेती गरिएको बालीको पातमा विषादी पार्नु वा छर्कनु हुँदैन ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा**

यो विषादीले प्राथमिक रुपमा छालामा, आँखामा र श्वासप्रश्वास नलिमा चिलाउने तथा जलन जस्ता समस्याहरु देखिन्छन् ।

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार**

विषादीको सम्पर्क भएको लुगा हटाउनुहोस् र छालालाई साबुन र पानीले राम्ररी धुनुहोस्। यदि आँखामा विषादी सम्पर्क भएमा आँखा खुला राख्नुहोस् र कम्तिमा १५ मिनेटसम्म सफा पानीले छम्कनुहोस् र तुरुन्त डाक्टरको सल्लाह लिनुहोस्।

**एण्टिडट**

विशेष किसिमको एण्टिडट छैन । लक्षणको आधारमा चिकित्सकको निगरानीमा ग्याष्ट्रिक ल्याभेज (Gastric Lavage) बाट उपचार गराउन सकिन्छ।

**प्रयोग गरीएका भाँडाको विसर्जन**

विषादी राखिएको प्याकेट कहिल्यै पुनः प्रयोग (पानी, खाना, तेल जस्ता खानेकुरा राख्न) नगर्नुहोस् । विषादीको खाली खोलहरु वा अन्य विषादीयुक्त सामग्रीहरू र विषादी सफा गरेको पानीको उचित व्यवस्थापन गर्नु विषादी उत्पादक, प्रयोगकर्ताहरुको कर्तव्य हुनेछ। वातावरणीय वा जल प्रदूषण हुन नदिनका लागि खालि कन्टेनरहरू आवासीय क्षेत्रबाट टाढा सुरक्षित तरिकाले व्यवस्थापन गर्नुपर्दछ ।

**भण्डारणको अवस्था**

विषादी भएका प्याकेजहरूलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ। विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, पर्याप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने हुनुपर्छ। आधिकारीक व्यक्तिहरूको मात्र पहुँच हुने गरी विषादीको प्याकेट र कन्टेनरहरू सुख्खा ठाउँमा भण्डारण गर्नुहोस्। विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधि, वा मलखादबाट टाढा राख्नुहोस्।

**प्रयोग गर्नु पुर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस्।**

**सावधानी:**बच्चाको पहुँचबाट टाढा राख्नुहोस्।




**सावधान, मध्यम घातक, निलो**

**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् । वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम**

**ठेगाना:** कृषि रसायन एक्सपोर्ट्स प्रा.लि
नयाँ दिल्ली, भारत
इमेल: krepl.delhi@krepl.in

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.**

मनिता एग्रो इन्टरप्राइजेज,कलैया- ६, बारा
सम्पर्क नं: ०५३-५५०९२०

**उत्पादित देशको रजिस्ट्रेसन नं.**

CIR-61,943 /2009-Ammonium salt of Glyphosate( SG)(296)-584

**नेपालमा पञ्जीकरण गरिएको नं.**

0127-HER-SG-2026




**विषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नु पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

फिप्रोनिल ०.३% जी.आर.

Fipronil 0.3% GR

# एग्रीजेंट जी आर (Agrigent GR)

सम्पर्क र आन्तरिक कीटनाशक

**सिफारिस**

| बाली | कीराको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि | ग्राम प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा - के. जी.) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| उखु | फेदको गभारो (Root borer) डाँठको अगौटे गभारो (Early Shoot borer) | २५-३३.३ | आवश्यक नपर्ने | ९ महिना | |
| धान | पातको हरियो फड्के (Green leaf hopper), खैरो फड्के (Brown plant hopper), डाँठको गभारो (Stem borer), धानको पात बेरुवा (Rice Leaf folder), धानको ढुङ्ग्रे कीरा (Rice Gall midge), सेतो पिठ्यु भएको फड्के (White backed plant hopper), गुभोको झिँगा(Whorl Maggot) | १६.६७-२५ | आवश्यक नपर्ने | ३२ दिन | |

द्रष्टव्य : यो दानेदार विषादी भएकोले बालीमा सिधै दाना छर्ने गरिन्छ । यसमा पानी मिसाउनु पर्दैन ।

## प्रयोग गर्ने विधि

यो विषादी छर्नका लागि हातले चलाउने दानादार विषादी छर्ने यन्त्र (Hand operated granules applicator) वा मेकानिकल डिस्पर्सर (Mechanical disperser) को प्रयोग गरी खेतमा समान रूपमा छर्नुपर्छ । धान खेतमा प्रयोग गर्दा २-३ से.मी. पानी जमेको हुनुपर्छ । विषादी प्रयोग गरेपछि २-३ दिनसम्म खेतमा पानी कायम राख्नुपर्छ ।

## यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ ।

विषादीलाई खाद्यपदार्थ, पशु आहार(दाना), र खानेकुरा राख्ने खाली भाँडाकुँडा भन्दा टाढा छुट्टै ठाउँमा राख्नुपर्छ । मुख, आँखा र छालामा विषादीको सिधा सम्पर्क हुन नदिनुका साथै विषादी छर्दा वा प्रयोग गर्दा धुम्रपान गर्ने, केही चपाउने, खाने वा पिउने, गन्ध सुँघ्ने वा श्वासबाट भित्र लिने काम नगर्नुहोस् । विषादी प्रयोग गर्दा पूर्ण सुरक्षित लुगाहरू र बुट अनिवार्य रूपमा लगाउनुहोस् । विषादी प्रयोग गरिसकेपछि दूषित कपडाहरू र शरीरका भागहरू राम्ररी साबुन पानीले धुनुहोस् । यो विषादी जलचर प्राणी तथा मौरीका लागि विषाक्त हुन्छ। त्यसैले जलाशय नजिक तथा मौरीको चरन अवधिमा प्रयोग नगर्नुहोस् ।

## मानिसलाई यो विषादीको विष लागेको अवस्थामा

विषाक्तताको लक्षण चिडचिडापन, आलस्य, मांसपेशी काम्ने, ऐठंन (Convulsion) हुन सक्छ ।

## विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार

यदि विषादी निलेको छ भने, बिरामी सचेत भएको अवस्थामा मात्र घाँटीको पछिल्लो भागमा औंलाले चलाएर बान्ता गराउनुहोस् । बिरामी बेहोस छ भने बान्ता नगराउनुहोस् । छाला वा कपडामा विषादी परेको छ भने तुरुन्त कपडा फुकाल्नुहोस् र छालालाई प्रशस्त साबुन पानीले धुनुहोस् । आँखामा विषादी परेको छ भने सफा र स्वच्छ पानीले १० देखि १५ मिनेटसम्म निरन्तर धुनुहोस् । यदि श्वासको माध्यमबाट विषादी शरीरमा गएको छ भने बिरामीलाई तुरुन्त खुल्ला र ताजा हावा भएको ठाउँमा लैजानुहोस् र तुरुन्त चिकित्सक कहाँ पुऱ्याउनुहोस् ।

## एण्टिडट

यसको कुनै विशेष विषादीको छैन । लक्षण को आधारमा उपचार गर्नुहोस् ।

## प्रयोग गरीएका भाँडाको विसर्जन

उत्पादक, फर्मुलेटर तथा प्रयोगकर्ताले वातावरण वा पिउने पानीको स्रोत प्रदूषण नहुने गरी कन्टेनर, बाँकी विषादी वा कन्टेनर पखाल्न प्रयोग गरिएको पानी सुरक्षित रूपमा विसर्जन गर्नुहोस् । त्यसपछि पुनः प्रयोग गर्न नमिल्ने गरि प्याकेजलाई बिगारेर बस्तीबाट टाढा क्षेत्रमा गाड्नुहोस् । प्रयोग भइसकेका प्याकेट खुला स्थानमा छोड्नु हुँदैन । विषादी राखिएको प्याकेट कहिल्यै पुनः प्रयोग (पानी, खाना, तेल राख्न) नगर्नुहोस ।

## भण्डारणको अवस्था

विषादी भएका प्याकेजहरूलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ । विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, पर्याप्त उज्यालो भएको, सुख्खा, हावा राम्रोसँग ओहोरदोहोर हुने खालेको हुनुपर्छ ताकि वाष्पबाट प्रदूषण नहोस् ।

**प्रयोग गर्नु पूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढनुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी :**

बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।



**सावधान, ज्यादै घातक, पहेँलो (कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् । वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना:** Agrico Organics Ltd. 3-C, 3rd Floor, Gopala Tower, Rajendra Place, New Delhi-110008

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.** कृषक बीज भण्डार, पानीटंकी ९, विरगञ्ज, पर्सा ९८५५०२३८८६

**उत्पादित देशको पञ्जीकरण नं.**
CIR-47,122/2003-Fipronil (GR)(241)-118

**नेपालमा पञ्जीकरण गरिएको नं.**
0128-INS-GR-2026




**विषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

## जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नु पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।

मेटिराम ५५% + पाइराक्लोस्ट्रोबिन ५% डब्लू जी

Metiram 55% + Pyraclostrobin 5% WG

# मेप्रो-टप (MEPRO-TOP)

सुरक्षात्मक साथै उपचारात्मक प्रकृतिको ढुसीनाशक विषादी

**सिफारिस**

| बाली | रोगहरुको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि | ग्रा / प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | विषादीको आवश्यक मात्रा (ग्रा) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| टमाटर | अगौटे डढुवा (Early Blight) | १५००-१७५० | ५०० | ५ दिन | ३-३.५ |

### प्रयोग गर्ने बिधि
विषादीको घोल बनाउँदा छर्कने ट्याकींको आधा मात्रासम्म पानी राखेर विषादीको मात्रा हाल्नुहोस् र राम्रोसँग घोल्नुहोस् । यसपछि पानी थपेर फेरि चलाउनुहोस् । तयार भएको विषादीको घोल न्यापस्याक स्प्रेयरको प्रयोग गरी तुरुन्त छर्कर्नुहोस् । टमाटारको बिरुवामा रोगको लक्षण देखा परेमा, रोकथामको रुपमा यो विषादी छर्कनुहोस् ।

### यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ ।
विषादी प्याकेट खोल्दा, घोल तयार गर्दा वा विषादी छर्कदा पन्जा, रवर वुट, चश्मा ग्याँस मास्क, टोपी तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । विषादी छर्कदा छिटाहरु नाक मुखबाट भित्र प्रवेश गर्न दिनु हुदैन । साथै मुख, आँखामा एवंम छालामा विषादीको सिधा सर्म्पक हुन नदिनुहोस् । विषादी छरी सके पछि सम्पर्कमा आएका कपडाहरु राम्रोसगं धुनुहोस् र नुहाउनुहोस् । बिषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नु हुदैन ।

### मानिसलाई यो विषादीको विष लागेको अवस्थामा
यो विषादीले प्राथमिक रुपमा छालामा र आखाँमा चिलाउने तथा जलन जस्ता समस्याहरु देखिन्छन् । टाउको दुख्ने, चक्कर लाग्ने, उल्टी हुने, कमजोरी, जस्ता लक्षण पनि देखापर्दछ ।

### विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार
विषादीको सम्पर्क भएको लुगा हटाउनुहोस् र छालालाई साबुन र पानीले राम्ररी धुनुहोस्। यदि आँखामा विषादी सम्पर्क भएमा आँखा खुला राख्नुहोस् र कम्तिमा १५ मिनेटसम्म सफा पानीले छम्कनुहोस्। मुखबाट विषादी निलेमा तुरुन्तै मुख कुल्ला गराउनु होस् र धेरै पानी खुवाउनुहोस् । । तुरुन्तै नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा लैजानुहोस् ।

### एण्टिडट
विशेष किसिमको एण्टिडट छैन । लक्षणको आधारमा उपचार गर्नुपर्दछ ।

### प्रयोग गरीएका भाँडाको बिसर्जन
विषादी राखिएको प्याकेट कहिल्यै पुनः प्रयोग (पानी, खाना, तेल जस्ता खानेकुरा राख्न) नगर्नुहोस् । विषादीको खाली खोलहरु वा अन्य विषादीयुक्त सामग्रीहरू र विषादी सफा गरेको पानीको उचित व्यवस्थापन गर्नु विषादी उत्पादक, प्रयोगकर्ताहरुको कर्तव्य हुनेछ । वातावरणीय वा पानी प्रदूषण हुन नदिनका लागि खालि कन्टेनरहरू आवासीय क्षेत्रबाट टाढाँ सुरक्षित तरिकाले नष्ट गर्नुपर्नेछ ।

### भण्डारणको अवस्था
विषादी भएका प्याकेजहरूलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ। विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, पर्याप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने हुनुपर्छ। आधिकारीक व्यक्तिहरूको मात्र पहुँच हुने गरी विषादीको प्याकेट रकन्टेनरहरू सुख्खा ठाउँमा भण्डारण गर्नुहोस् । विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधि, वा मलखादबाट टाढा राख्नुहोस् ।

**थप जानकारी का लागी**

**प्रयोग गर्नु पुर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढनुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी**

बच्चाको पहुँचबाट टाढा राख्नुहोस्



**सावधान, सामान्य घातक, हरियो**

**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् । वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम ठेगानाः ठाकर केमिकल्स लि.**
करमपुरा कमर्सियल कम्प्लेक्स
नया दिल्ली - ११००१५, भारत

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं. एन एम एस एग्रो प्रा. लि.** हनुमान सेन्ट्रल, बिर्तामोड-४, झापा
सम्पर्क नं.०२३ ५३१ ४७७,
info@nmsagro.com.np

उत्पादित देशको रजिस्टर न. CIR-124602/2015-METIRAM +PYRACLOSTROBIN(WG)(353)-1.

नेपालमा पञ्जीकरण गरिएको नं.
0129-FUN-WG-2026




**विषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी बिष हो, औषधी होइन । अत: विषादीको प्रयोग पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

हेक्साकोनाजोल ५% एससी

Hexaconazole 5% SC

# न्यू केयर

दैहिक ढुसीनासक

## सिफारिस

| बाली | रोगको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि (दिन) | मि.लि/ प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा - मि.लि) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| धान | धानको पातको खोस्टा डढुवा रोग (Leaf and sheath blight) | ७५०-११२५ | ४५० | ४० | १.६-२.५ |

**प्रयोग गर्नु पूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढनुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी :** बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।



**सावधान, मध्यम घातक, निलो**
**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लाण्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई यो नं मा फोन गर्नुहोस - ०१-५०१०१११ वा यो ठेगानामा इमेल गर्नुहोस् । info@npponepal.gov.np

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना:** Wuxi Jiabao Pesticide & Pharmaceutical Co., Ltd. industry Zone, Songshan, Anzhen Town (Houqiao), Xishan District, Wuxi City, Jiangsu Province, P.R. China

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.** रोयल एग्रो प्रा.लि, भक्तपुर, सम्पर्क नं.०१-६६३६९१३, royalagro2323@gmail.com

**उत्पादित देशको रजिष्टर नं.** PD20130538

नेपालमा पञ्जीकरण गरिएको नं.

0130-FUN-SC-2026




**विषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

### प्रयोग गर्ने विधि

धानको पातको खोस्टा डढुवा रोग नियन्त्रण गर्दा, रोग देखा पर्ने सुरुवाती चरणमै उपचार गर्नुपर्छ । प्रारम्भिक रोकथाम निकै महत्वपूर्ण हुन्छ । विषादीको घोल छर्किदा सबैतिर र राम्रोसँग लाग्ने गरी छर्किनुहोस् । हावा चलेको दिनमा वा एक घण्टाभित्र पानी पर्ने सम्भावना भएमा विषादी प्रयोग नगर्नुहोस्। धानमा यो विषादी प्रयोग गर्दा सुरक्षित अन्तराल (safe interval) ३० दिन हुनुपर्छ र प्रति सिजन अधिकतम ३ पटक मात्र प्रयोग गर्न सकिन्छ ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ ।**

यो विषादी रेशम कीरा र मौरीका लागि विषाक्त छ, त्यसैले प्रयोगको क्रममा यी जीवहरूको सम्पर्कबाट बचाउनुहोस्। फूल फुल्ने बिरुवाहरूको फूल फुल्ने अवधिमा, वा रेशमकीरा पालन गर्ने कोठा र किम्बु बगैंचा नजिक प्रयोग नगर्नुहोस्। यसलाई पोखरी, कुलो, नदी, खोला वा तालहरूमा नफाल्नुहोस् । पानीको प्रदूषण रोक्नको लागि विषादी छर्कने उपकरणहरू नदी, पोखरी वा अन्य जलस्रोतहरूमा नपखाल्नुहोस् । माछा, फिङ्गे माछा वा गँगटोसँगै पालिएका धानखेतहरूमा यसको प्रयोग नगर्नुहोस् । विषादी प्रयोग गरेपछि धानखेतको पानी सिधै जलस्रोतहरूमा नबगाउनुहोस्। ट्राइकोग्रामा बारुला जस्ता प्राकृतिक शत्रुजीवहरू छोडिएका क्षेत्रहरूमा यसको प्रयोग नगर्नुहोस् । विषादीको मिश्रण खन्याउने कार्यको क्रममा आँखा, छाला र कपडामा विषादीको सम्पर्क हुनबाट बच्नुहोस् । विषादी छर्कदा विषादीको धुवाँ वा वाफको श्वास नलिनुहोस् । कन्टेनर खोल्दा, विषादीको घोल तयार गर्दा र सो छर्कदा टोपी, मास्क, चस्मा सहित शरीर ढाक्ने सुरक्षात्मक पहिरन जस्तै: घाँटी र नाडीमा बटन लगाइएको सुतीको पुरा बाउलाको कपडा र कुहिना-लम्बाइको पन्जा लगाउनुहोस् । यदि लगाएको कपडामा विषादीको सम्पर्क भयो वा विषादीको घोलले भिजेको छ भने तुरुन्त लुगा खोल्नुहोस् । यदि विषादी छालामा लाग्यो भने, तुरुन्त साबुन र पानीले धुनुहोस् । प्रयोग पछि र खाना खानु, पिउनु अघि, हात र मुख साबुन र पानीले राम्ररी धुनुहोस् । विषादी छर्केपछि विषादीको सम्पर्क भएको दूषित लुगा, पन्जा आदि साबुन र पानीले धुनुहोस् । यो विषादीलाई कडा क्षार (strong alkalis)जन्य पदार्थ जस्तै: बोर्डो मिश्रण, लाइम सल्फर आदिसँग मिसाउनु हुँदैन। गर्भवती र स्तनपान गराउने महिलाहरू यस विषादीको सम्पर्कबाट टाढै रहनुपर्छ।

### मानिसलाई यो विषादीको विष लागेको अवस्थामा

छालामा रुखोपन, चिलाउने र रातोपन हुने, आँखा र नाकमा जलन, टाउको दुख्ने, बान्ता, पेट दुखाइ, घाममा कमजोर महसुस, गम्भीर अवस्थामा: चक्कर, होष हराउनु, श्वासप्रश्वासमा समस्या हुने जस्ता लक्षण देखापर्दछ ।

### विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार

विषादी लागेको लुगा तुरुन्त हटाई छालालाई साबुन र सफा पानीले राम्ररी धुनुहोस्। यदि आँखामा विषादी परेको भए आँखा खुला राखी कम्तीमा १५ मिनेटसम्म सफा पानीले पखाल्नुहोस् र तुरुन्त स्वास्थ्यकर्मी वा डाक्टरको सल्लाह लिनुहोस्। यदि सास फेर्न गाह्रो भएमा बिरामीलाई तुरुन्त ताजा हावामा लैजानुहोस्। मुखबाट विषादी निलेको आशंका भएमा बान्ता गराउने प्रयास नगरी तुरुन्त नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा उपचारका लागि लैजानुहोस्।

### एण्टिडट

यी विषादीको विशेष एण्टिडट छैन। लक्षणको आधारमा उपचार गर्नुहोस् ।

### प्रयोग गरीएका भाँडाको बिसर्जन

कन्टेनर फिर्ताको लागि विषादी विक्रेतालाई सम्पर्क गर्नुहोस्। यदि कन्टेनर फिर्ता गरिएको छैन भने, तीन पटक पखाल्नुहोस् । त्यसपछि प्रयोग गर्न नमिल्ने गरि नष्ट गर्नुहोस् । विषादी राखिएको प्याकेट कहिल्यै पुन: प्रयोग (पानी, खाना, तेल राख्न) नगर्नुहोस ।

### भण्डारणको अवस्था

खाना, दाना, रित्ता भाँडा भन्दा यो विषादी पर राख्ने । विषादी सधैं ठण्डा, सुख्खा र हावा लाग्ने ठाउँमा राख्ने । लामो समयसम्म प्रत्यक्ष घाम पर्ने भण्डारण कक्षमा भण्डारण नगर्नुहोस् । विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधि, सौन्दर्य प्रशोाधन वा मलखादबाट टाढा राख्नुहोस्।

**जीवनाशक विषादी बिष हो, औषधी होइन । अत: विषादीको प्रयोग पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

क्लोरोथालोनिल ७५% डब्लु.पी.

Chlorothalonil 75% WP

## रोयल केयर

सम्पर्क ढुसीनाशक

**सिफारिस**

| बाली | कीराको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि (दिन) | ग्राम/ प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा - ग्राम) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| काको | डाउनी मिल्डु (Downy Mildew) | १९५०-२२५० | १२०० | ७ | १.६-१.८ |

**प्रयोग गर्ने बिधि**

यो विषादीलाई उपयुक्त मात्रामा पानीमा मिसाएर पातलो बनाउनुहोस् र रोग लाग्नु अगावै बोटबिरुवामा सबैतिर लाग्ने गरी ( समान रूपमा) छर्किनुहोस् । प्रत्येक ७-१० दिनमा एक पटक छर्किनुहोस् । यसको प्रयोग गर्दा बोटका सबै भागमा राम्रोसँग र समान रूपमा लाग्ने गरी छर्किनुपर्छ । हावा चलेको दिनमा वा एक घण्टाभित्र पानी पर्ने सम्भावना भएमा विषादी प्रयोग नगर्नुहोस् । सामान्य मात्रामा प्रयोग गर्दा यसको प्रभावकारिता अवधि साधारणतया ७-१० दिनको हुन्छ । काँक्रो बाली भिर्त्याउनु (टिप्नु) भन्दा ७ दिन अगाडिसम्म मात्र यसको प्रयोग गर्नुपर्छ र प्रति सिजन अधिकतम ३ पटक मात्र प्रयोग गर्न सकिन्छ ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ ।**

यो विषादी मौरी, माछा र रेशम कीराका लागि विषाक्त छ । विषादी छर्किंदा वरपरका मौरीका घारहरूलाई असर पर्न नदिनुहोस् । फूलको रस उत्पादन गर्ने (मह दिने) बाली, रेशम कीरा पालन गर्ने कोठा वा किम्बु बगैंचा नजिक यसको प्रयोग नगर्नुहोस्। पनीको श्रोत भन्दा टाढा प्रयोग गर्नुहोस् र विषादी छर्कने उपकरणहरू नदी, पोखरी वा अन्य जलस्रोतहरूमा नधुनुहोस् । विषादीको मिश्रण खन्याउने कार्यको क्रममा आँखा, छाला र कपडामा विषादीको सम्पर्क हुनबाट बच्नुहोस् । विषादी छर्कदा विषादीको धुवाँ वा वाफको सास नलिनुहोस् । कन्टेनर खोल्दा, विषादीको घोल तयार गर्दा र सो छर्कदा टोपी, मास्क, चस्मा सहित शरीर ढाक्ने सुरक्षात्मक पहिरन जस्तै: घाँटी र नाडीमा बटन लगाइएको सुतीको पुरा बाउलाको कपडा र कुहिना-लम्बाइको पन्जा लगाउनुहोस् । यदि लगाएको कपडामा विषादीको सम्पर्क भयो वा विषादीको घोलले भिजेको छ भने तुरुन्त लुगा खोल्नुहोस् । यदि विषादी छालामा लाग्यो भने, तुरुन्त साबुन र पानीले धुनुहोस् । प्रयोग पछि र खाना खानु, पिउनु अघि, हात र मुख साबुन र पानीले राम्ररी धुनुहोस् । विषादी छर्केपछि विषादीको सम्पर्क भएको दूषित लुगा, पन्जा आदि साबुन र पानीले धुनुहोस् ।गर्भवती र स्तनपान गराउने महिलाहरू यस विषादीको सम्पर्कमा आउनु हुँदैन।

**मानिसलाई यो विषादीको बिष लागेको अवस्थामा**

चक्कर लाग्ने, टाउको दुख्ने, वाकवाकी लाग्ने, बान्ता हुने आदि विषाक्तताका लक्षणहरू हुन् ।

**बिष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार**

श्वासप्रश्वास मार्फत भित्र गएमा: बिरामीलाई तुरुन्तै खुला र राम्रोसँग हावा आवतजावत हुने ठाउँमा लैजानुहोस् । आँखामा परेमा: तुरुन्तै कम्तिमा १५ मिनेटसम्म प्रशस्त सफा पानीले आँखा पखाल्नुहोस्। छालाको सम्पर्कमा आएमा: साबुन र पानीले राम्ररी धुनुहोस्। निल्दा वा पेटमा गएर गम्भीर विषाक्तता भएमा: बान्ता गराउने प्रयास नगर्नुहोस्। लक्षण अनुसारको उपचारका लागि यो लेबलसहित बिरामीलाई तुरुन्तै अस्पताल लैजानुहोस्।

**एण्टिडट**

यी विषादीको विशेष एण्टिडट छैन। लक्षणको आधारमा उपचार गर्नुहोस् ।

**प्रयोग गरीएका भाँडाको बिसर्जन**

कन्टेनर फिर्ताको लागि विषादी विक्रेतालाई सम्पर्क गर्नुहोस्। यदि कन्टेनर फिर्ता गरिएको छैन भने, तीन पटक पखाल्नुहोस् । त्यसपछि प्रयोग गर्न नमिल्ने गरि नष्ट गर्नुहोस् । प्रयोग गरिएका खाली भाँडाहरू (कन्टेनरहरू) लाई उचित तरिकाले विसर्जन गर्नुपर्छ; तिनीहरूलाई पुन: प्रयोग गर्ने वा जथाभावी फ्याँक्ने काम गर्नु हुँदैन।

**भण्डारणको अवस्था**

यो विषादीलाई आगो वा तापका स्रोतहरू भन्दा टाढा, चिसो, सुक्खा, राम्रोसँग हावा आवतजावत हुने र पानी नपस्ने (वर्षाबाट सुरक्षित) ठाउँमा भण्डारण गर्नुहोस्। भण्डारणको तापमान ३५ डिग्री सेल्सियस भन्दा बढी हुनु हुँदैन । बालबालिकाको पहुँचभन्दा टाढा राख्नुहोस् र सुरक्षित रूपमा बन्द गरेर राख्नुहोस्। यसलाई खाद्यान्न, पेय पदार्थ, अन्न, पशुपन्छीको दाना वा अन्य यस्तै सामग्रीहरूसँगै भण्डारण वा ढुवानी नगर्नुहोस्।

**प्रयोग गर्नु पूर्व पर्चामा लेखिएको जीवनाशक बिषादी बारेमा सम्पूर्ण जानकारी पढनुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी** बच्चाको पहुँचबाट टाढा राख्नुहोस



**सावधान, सामान्य घातक, हरियो (कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लाण्ट क्वारेन्टाइन तथा बिषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई यो नं मा फोन गर्नुहोस - ०१-५०१०१११ वा यो ठेगानामा इमेल गर्नुहोस info@npponepal.gov.np

**विषादीको उत्पादक र वितरकको नाम**

**ठेगाना:** Wuxi Jiabao Pesticide & Pharmaceutical Co., Ltd. Industry Zone, Songshan, Anzhen Town (Houqiao), Xishan District, Wuxi City, Jiangsu Province, P.R. China

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.** रोयल एग्रो प्रा.लि, भक्तपुर सम्पर्क नं.०१६६३६९१३, royalagro2323@gmail.com

उत्पादित देशको रजिष्टर नं. PD20082689

नेपालमा पञ्जीकरण गरिएको नं. 0131-FUN-WP-2026




**विषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

प्रेटिलाक्लोर ५०% ई.सी.

Pretilachlor 50% EC

# क्यूनो+ (Quino +)

चयानात्मक तथा झारपात अंकुरण पूर्व प्रयोग गर्ने बहु प्रकृतिको झारनाशक (Selective pre-emergence broad spectrum herbicides)

**सिफारिसः**

| बाली | झारको सामान्य नाम | प्रतिहेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि (दिन) | मि. लि. प्रति लिटर . पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (लिटर) | विषादी घोल्न जम्मा चाहिने पानी (लिटर) | | |
| रोपेको धान | सामा घाँस *(Echinochloa crusgalli)*, सामा घाँस *(Echinochloa colonum)*, एक वर्षिय जौंनार *(Cyperus difformis)*, छाता मोथे *(Cyperus iria)*, ज्वाने झार *(Fimbristylis miliacea)*, महाभृङ्गराज *(Eclipta alba)*, पानीको झाडी *(Ludwigia Parviflora)*, लेप्टोक्लोआ घाँस *(Leptochloa chinensis)*, नीलो जलकुम्भी *(Monochorea vaginalis)*, भुइँ घाँस *(Panicum repens)* | १.०-१.५ | ५००-७५० | ७५-९० | २ |

**नोटः** झारहरुको नेपाली नाम स्थान विशेष अनुसार फरक हुन सक्छ। त्यसैले विज्ञहरुसँग सम्पर्क गरी यकिन गर्नुहोला।

## प्रयोग गर्ने विधिः

विषादीको घोल बनाउँदा छर्कने ट्यांकीमा आधा मात्रासम्म पानी राखेर सिफारिस मात्राको विषादी हाली राम्रोसंग घोल्नुहोस्। त्यस पश्चात सिफारिस गरिएको बाँकी पानीको मात्रा हाल्नुहोस् र फेरि चलाउनुहोस। तयार भएको विपादीको घोल तुरुन्त छर्नुहोस्। यो विषादीलाई धान रोपाई गरेको ५ दिन भित्रमा प्रयोग गरि सक्नु पर्दछ। यो विषादी विभिन्न प्रकारका विषादी छर्कने उपकरणबाट धान रोपेको क्षेत्रमा छर्न सकिन्छ।

## यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्दछ।

विषादी प्याकेट खोल्दा वा विषादी छर्कदा पञ्जा, रबर बुट, चश्मा ग्याँस मास्क तथा पूरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । घोल तयार गर्दा सुरक्षात्मक पोशाक जस्तै मास्क, पन्जा, चस्मा, टोपी, एप्रोन आदी लगाउनुहोस र विषादी छर्कदा छिटाहरु नाक मुखबाट भित्र प्रवेश गर्न दिनु हुँदैन। साथ, मुख, आंखा एवम छालामा विषादीको सिधा सर्म्पक हुन नदिनुहोस्। विषादी शरिरमा पर्न दिनुहुँदैन। विषादी छरी सके पछि सम्पर्कमा आएका कपडाहरु राम्रोसँग धुनुहोस् र नुहाउनुहोस्। विषादी प्रयोग गर्दा वा छर्कदा खाना, पिउन वा धुम्रपान नगर्नुहोस्।

## मानिसलाई यो विषादीको विष लागेको अवस्थामा

टाउको दुखाइ, थकान, चक्कर लाग्ने, डर लाग्ने, वाकवाकी लाग्ने, र बान्ता हने जस्ता लक्षणहरु देखिन सक्छन।

## विष लाग्दा अपनाउनु पर्ने प्राथमिक उपचार

यदि विषादी निलिएको छ भने घाँटीको पछाडि भागमा काउकुती लगाएर वान्ता गराउनुहोस्। यदि बिरामी बेहोस छ भने वान्ता गराउनु हुँदैन । छालामा विषादीको सम्पर्क भएको अवस्थामा विषादी सम्पर्क भएको भाग पर्याप्त सफा पानी र साबुनले राम्ररी धुनुहोस् । यदि रुखोपन रह्यो भने चिकित्सकलाई देखाउनुहोस् । आँखामा विषादीको सम्पर्क भएको अवस्थामा कम्तीमा १५ मिनेटसम्म सफा पानीले आँखालाई धुनुहोस् । श्वासप्रश्वासमार्फत विषाक्तता भएमा पर्याप्त हावा खेल्ने ठाउँमा बिरामीलाई राख्नुहोस। लक्षण गम्भीर भए डाक्टरलाई तुरुन्त देखाउनुहोस्।

## एण्टिडट

यी विषादीको विशेष एण्टिडट छैन। लक्षणको आधारमा उपचार गर्नुहोस्।

## प्रयोग गरिएको भाँडोको विसर्जनः

प्योकट वा विषादीको सम्पर्कमा आएका सामग्री र विषादी छर्कने उपकरण वा अन्य भाँडाहरूबाट निस्केको विषाक्त पानी वा विषादीयुक्त वस्तुलाई सुरक्षित तरिकाले वातावरण वा पानी प्रदुषण हुनवाट वच्ने गरि विसर्जन गर्नुपर्छ। विषादीयुक्त प्याकेटहरुको पुनः प्रयोग हुन नदिन, प्रयोग भइसकेको प्योकटहरु बाहिर खुल्ला अवस्थामा नछोड्नुहोस्।

## भण्डारणको अवस्था

विषादी भएका प्याकेटहरुलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ । विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, पानी नसोस्ने, पर्याप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने हुनुपर्छ। आधिकारीक व्यक्तिहरूको मात्र पहुँच हुने गरी विषादीको प्याकेट र कन्टेनरहरू सुख्खा ठाउँमा भण्डारण गर्नुहोस् । विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधि, वा मलखादबाट टाढा राख्नुहोस्।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढनुहोस् र पालना गर्नुहोस्।**

**सावधानी** : विषादीलाई बच्चाको पहुँचबाट टाढा राख्नुहोस्।



**सावधान,सामान्य घातक, हरियो**
**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०११ नं.मा फोन गर्नुहोस् । वा info@npponepal.gov.np मा इमेल गर्नुहोस।

**विषादीको उत्पादक र वितरकको नाम**
Econs Crop Protection Private Limited
Ahamdabad, Gujrat

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सर्म्पक :-**
किसान एग्रो सप्लायर्स
बिरगंज, पर्सा, नेपाल
सर्म्पक नं. ९८५५०२५२७१
Email:- kac.agro@gmail.com

**उत्पादित देशको रजिष्टर नं.**
**CIR-187381/2021-**
**Pretilachlor (EC)(429)-1258**

**नेपालमा पञ्जीकरण गरिएको नं. :**
0132-HER-EC-2026




**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नु पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

**ग्लुफोसिनेट एमोनियम १३.५% एस.एल.**

Glufosinate ammonium 13.5%SL

# क्लीन स्वीप(Clean Sweep)

सबै प्रकारको वनस्पती मार्ने (Non-selective),अंकूरण पश्चात (Post-emergence) छर्नुपर्ने दैहिक झारनाशक

**सिफारिसः**

| बाली | झारको नाम | प्रतिहेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा (लिटर) | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघिपर्खने अवधि (दिन) | एम.एल. / लिटर पानी |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (लि.) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| कपास | सामा घाँस *(Echinochloa* spp.*)*, दुबो *(Cynodon dactylon)* मोथे *(Cyperus rotundus)*, चित्रे बन्सो *(Digitaria marginata)*, माकुरे घाँस *(Dactyloctenium aegypticum)* | २.५- ३.० | ५०० | ९६ | ५-६ |
| चिया | सिरु *(Imperata cylindrica)*, गानाबाट फैलने कोदो प्रजातीको झार *(Panicum repens)*, गनेली झार *(Borreria hispida)*, लट्टे (*Digitaria sanguinalis*), कानेझार *(Commelina benghalensis)*, गन्धेझार *(Ageratum conyzodes)*, कोदे झार *(Eleusine indica)*, जनै घाँस *(Paspalum conjugatum)* | २.५- ३.३ | ३७५-५०० | १५ | ५-६.६ |

नोटः झारहरुको नेपाली नाम स्थान विशेष अनुसार फरक हुनसक्छ । त्यसैले विज्ञहरुसँग सम्पर्क गरी यकिन गर्नुहोला ।

## प्रयोग गर्ने विधि :-

विषादीको घोल बनाउँदा छर्कने ट्याकींको आधा भागसम्म पानी राखेर विषादीको मात्रा हाल्नुहोस् र राम्रोसँग घोल्नुहोस्। यसपछि आवश्यक मात्रा अनुसारको थप पानी हालेर फेरि चलाउनुहोस्। तयार भएको विषादीको घोल तुरुन्त छर्कनुहोस्। चिया र खेती नभएको क्षेत्रमा झारपातहरु कलिलो र सक्रिय रुपमा बढेको अवस्थामा झारपातमा भिज्ने गरी छर्कने । यो विषादी छर्कदा खेती गरेको बालीमा पर्ने गरी छर्कनु हुँदैन ।

## यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ :-

झारनाशक विषादी प्रयोग गर्दा अपनाइने सामान्य सुरक्षा सावधानीहरू अनिवार्य रूपमा पालना गर्नुहोस् । विषादी मिसाउँदा खाना पकाउन प्रयोग हुने भाँडाकुँडा प्रयोग नगर्नुहोस्। विषादी मिसाउँदा चलाउनका लागि लठ्ठी (काठको डन्डी) प्रयोग गर्नुहोस् । छालासँग सम्पर्क हुनबाट जोगिन हातमा पञ्जा लगाउनुहोस् साथै श्वासमार्फत भित्र जान नदिनुहोस् र आँखासँग सम्पर्क हुनबाट पनि जोगिनुहोस् । विषादी छर्कदा पञ्जा, रवर वुट, चश्मा ग्याँस मास्क तथा पूरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । विषादी शरिरमा पर्न दिनुहुँदैन त्यसैले स्प्रेबाट उड्ने साना कण (ड्रिफ्ट) को सम्पर्कमा आफूलाई नल्याउनुहोस् र नोज़ललाई मुखले नफुक्नु होस् । विषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नु हुँदैन । तरकारी बालीको बोटमा विषादी नछर्कनुहोस्। खेती गरिएको बालीको पातमा विषादी पार्नु वा छर्कनु हुँदैन ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा :-**

शरीर काम्ने, होस गुम्ने, ऐंठन हुने जस्ता लक्षणहरु देखिन्छन् ।

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार :-**

छालामा विषादीको सम्पर्क भएमा विषादी लागेको लुगा तुरुन्त फुकाल्नुहोस् । प्रभावित शरीरका भागहरूलाई प्रशस्त साबुन र सफा पानीले तत्काल राम्ररी धुनुहोस् । आवश्यक परेमा तुरुन्त चिकित्सकसँग सम्पर्क गर्नुहोस् । आँखामा विषादी परेमा आँखालाई तुरुन्त कम्तीमा १५ मिनेटसम्म प्रशस्त सफा पानीले राम्ररी पखाल्नुहोस् । विषादी निलेको अवस्थामा बिरामी सचेत अवस्थामा छ भने घाँटीको पछाडि भागमा काउकुती लगाएर बान्ता गराउन सकिन्छ । बान्ता सफा नभएसम्म यो प्रकृया दोहोर्याउनुहोस् । बिरामी बेहोस अवस्थामा छ भने मुखबाट केही पनि खानेकुरा नदिने र बान्ता नगराउने । श्वासप्रश्वास मार्फत विषादी शरिरभित्र प्रवेश भएमा बिरामीलाई खुला तथा ताजा हावा आउने ठाउँमा लैजाने । उपचारका लागि विषादीको लेबल वा प्याकेट साथमा लिएर स्वास्थ्य संस्थामा जानुहोस् ।

**एण्टिडट :-**

विषालु पदार्थ निलेमा वा निलेको शङ्का भएमा, सक्रिय चारकोल (Activated Charcoal) वा सोडियम सल्फेट (Sodium Sulphate) प्रयोग गरी ग्यास्ट्रिक ल्याभेज (Gastric Lavage) गराउनुहोस् । आवश्यक परेमा फेनोबार्बिटल सोडियम (Phenobarbital Sodium) १ मि.ग्रा./के.जी. तौलका दरले मांसपेशीभित्र (I.M.) वा छालामुनि (Subcutaneous) दिन सकिन्छ, तर दैनिक अधिकतम मात्रा ५ मि.ग्रा./के.जी. भन्दा बढी हुनु हुँदैन। आवश्यकता अनुसार डाइजेपाम (Diazepam) १० मि.ग्रा. शिरामार्ग (I.V.) बाट बिस्तारै दिन सकिन्छ। बिरामीको लक्षणअनुसार सहायक तथा लाक्षणिक (Symptomatic) उपचार गर्नुहोस् ।

**प्रयोग गरीएका भाँडाको बिसर्जन :-**

विषादी राखिएको प्याकेट कहिल्यै पूनः प्रयोग (पानी, खाना, तेल राख्न) का लागि बाहिर नछोड्नुहोस् । विषादीको खालीखोलहरु वा अन्य विषादीयुक्त सामग्रीहरू र विषादी सफा गरेको पानीको उचित व्यवस्थापन गर्नु विषादी उत्पादक, प्रयोगकर्ताहरुको कर्तव्य हुनेछ। वातावरणीय वा पानी प्रदूषण हुन नदिनका लागि खालि कन्टेनरहरू तोडेर आवासीय क्षेत्रबाट टाढा गहिरो खाडलमा सुरक्षित तरिकाले गाड्नु पर्छ ।

**भण्डारणको अवस्था :-**

विषादी भएका प्याकेजहरूलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ । विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, पर्याप्त उज्यालो भएको, सुख्खा, हावा राम्रो ओहोरदोहोर हुने खालको हुनुपर्छ। आधिकारीक व्यक्तिहरूको मात्र पहुँच हुने गरी विषादीको प्याकेट र कन्टेनरहरू सुख्खा ठाउँमा भण्डारण गर्नुहोस् । विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधी वा मलखादबाट टाढा राख्नुहोस् ।

**प्रयोग गर्नु पूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढनुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी बच्चाको पहुँचबाट टाढा राख्नुहोस ।**




**सावधान, मध्यम घातक, निलो**
**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमाकुनै गुनासो भएमा प्लाण्ट क्वारेन्टाइन तथा बिषादी यवस्थापन केन्द्रका सूचनाअधिकृतलाई ०१५०१०१११ नं. माफोन गर्नुहोस् । वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।

**विषादी उत्पादकको नाम र ठेगाना :**

होलिष्टिक सस्टेनेबल इण्डया प्रा. लि.
अहमदाबाद- ३८२४१८, गुजरात, भारत

**पञ्जीकरणकर्ताको नाम र सम्पर्क नंः**

ईस्ट बेष्ट एग्रो केमिकल्स प्रा.लिमिटेड,
मुनालपथ महानगरपालिका २, विराटनगर
मोरङ्ग, पर्सा ९८५५०२१०८९

**उत्पादित देशको रजिष्टर नं:** CIR-357530/2025-Glufosinate ammonium (SL) (467)-259

**नेपालमा पञ्जीकरण गरिएको नं.**
0133-HER-SL-2026




**विषादीको प्रयोग गर्नु पूर्व सूचक पत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

**ब्रोमाडियोलॉन ०.००५% आर. बी.**
**Bromadiolone 0.005% R.B.**

# क्रेजि रेटमार (KRAZY RATMAAR)

**मुसानाशक**

**सिफारिस**

| बाली/क्षेत्र | मुसाका सामान्य जात | सिफारिस मात्रा |
|---|---|---|
| पोल्ट्री फार्म | ठूलो मुसा (Larger bandicota), घरको मुसा (House mouse), कालो मुसा (Indian house rat) | तयारी चाराको रुपमा रहेको यस विषादीको टुक्रालाई मुसाको प्वाल/दुलो वा वढी आवतजावत गर्ने क्षेत्रमा राख्नु पर्छ । |
| उखु | खेतबारीको मुसा (Field rat), ठूलो मुसा (Larger bandicota) | |
| गहुँ | खेतबारीको मुसा (Field rat), कालो मुसा (Indian house rat) | |
| आवासीय क्षेत्र | ठूलो मुसा (Larger bandicota), घरको मुसा (House mouse), कालो मुसा (Indian house rat), खेतबारीको मुसा (Field rat) | |
| चना | खेतबारीको मुसा (Field rat), कालो मुसा (Indian house rat) | |
| धान | ठूलो मुसा (Larger bandicota), घरको मुसा (House mouse), कालो मुसा (Indian house rat), खेतबारीको मुसा (Field rat) | |
| बाँस/नरिवल | ठूलो मुसा (Larger bandicota), घरको मुसा (House mouse), कालो मुसा (Indian house rat), खेतबारीको मुसा (Field rat) | |
| बदाम | खेतबारीको मुसा (Field rat), कालो मुसा (Indian house rat) | |

नोट मुसाहरुको नाम स्थान विशेष अनुसार फरक हुन सक्छ ।

**प्रयोग गर्ने विधि :**
यो मुसाको एक प्रभावकारी एन्टिकोगुलेन्ट विष हो । घरायसी र खेतबारीको मुसाले यो चारा खाएपछि रक्तनलीहरुलाई असर गर्छ, जसका कारण रक्तनलीहरु फुट्छन् । फलतः रगतको कमी भई मुसाहरु मर्दछन् । यो विषादीको टुक्राहरु मुसाको प्वाल वा बढी आवतजावत गर्ने स्थानमा राख्नुपर्दछ । एक पटक प्रयोग गर्दा नै मुसाहरुको राम्रो नियन्त्रण हुन्छ तसर्थ प्रि बेटिङ्ग आवश्यक पर्दैन ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ :**
मुख, आँखा र छालामा यो विषादीको सम्पर्क हुन नदिनुहोस् । विषादीलाई खानेकुरा, खानेकुरा राख्ने गरेको खाली भाँडाहरु तथा जनावरका दानाबाट पर राख्नुपर्छ । विषादी प्रयोग गर्दा विषादीलाई निलिनबाट बच्नुहोस् । मुसाको प्वाल वरपर यो विषादी राख्दा हातमा पञ्जाको अनिवार्य प्रयोग गर्नुपर्छ । मानिसको हातको गन्ध विषादीमा परेमा प्रभावकारी समेत हुँदैन । प्रयोग पश्चात् बाँकी रहेको विषयुक्त चारा तथा मरेका मुसाहरु हटाई अन्य जीवजन्तुले नखाने गरी गाड्नु पर्दछ । विषयुक्त चारालाई घरपालुवा जनावर वा पन्छीले खान सक्ने हुँदा विशेष सावधानी अपनाउने तथा बालबालिकाको पहुँच नहुने गरी सुरक्षित हुने किसिमले राख्नुपर्छ ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा :**
ढाड दुख्ने, पेट दुख्ने, बान्ता हुने तथा नाकबाट रगत बग्ने जस्ता लक्षणहरू देखा पर्न सक्छन् ।

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार :**
यो विषादी निलियो भने, घाँटीको पछाडिको भागमा काउकुती गरेर बान्ता गराउनुहोस् । बान्ता सफा नभएसम्म यो प्रकृया दोहोर्याउनुहोस् । यदि बिरामी बेहोस छ भने बान्ता नगराउनुहोस् । यदि आँखामा विषादी परेमा प्रशस्त सफापानीले १० देखि १५ मिनेटसम्म धुनुहोस् । यदि लुगा र छाला दूषित छ भने दूषित लुगा हटाउनुहोस् र प्रभावित भागहरू साबुन र पानीले धुनुहोस् । तुरुन्तै बिरामीलाई चिकित्सक कहाँ लैजानुहोस् ।

**एण्टिडट :**
भिटामिन के (K) मुखबाट खुवाउने वा नसाबाट सुईको सहायताले दिन सकिन्छ । आवश्यकताको आधारमा पुनः दिने र यो कार्य दोहोऱ्याउने गर्नुपर्छ । यो कार्य चिकित्सकको निगरानीमा गर्नुहोस् ।

**प्रयोग गरिएको भाँडाको विसर्जन :**
प्याकेट वा विषादीको सम्पर्कमा आएका सामग्री र अन्य भाँडाहरूबाट निस्केको विषाक्त पानी वा विषादीयुक्त वस्तु तथा चारालाई सुरक्षित तरिकाले वातावरण वा पानी प्रदूषण हुनबाट जोगाउने गरि विसर्जन गर्नुपर्छ । प्रयोग गरिएका विषादीका प्याकेटहरूलाई पुनः प्रयोग रोक्नको लागि बाहिर छोड्नुहुँदैन । प्याकेटहरू प्रयोग गर्न नमिल्ने गरि बस्तीबाट टाढा पानीको मुहान नभएको स्थानमा सुरक्षित तरिकाले व्यवस्थापन गर्नुपर्छ ।

**भण्डारणको अवस्था :**
विषादी रहेका प्याकेटहरूलाई खाद्यपदार्थ लगायत अन्य सामानहरू भण्डारण गर्ने कोठाहरू वा परिसरहरूबाट अलग कोठाहरू वा परिसरहरूमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृतिका आधारमा छुट्टै अलमारीहरूमा ताला र चाबी लगाएर राख्नुपर्छ । विषादी भण्डारणका लागि तोकिएका कोठाहरू वा परिसरहरू राम्ररी निर्मित, सुख्खा, चिसो, पर्याप्त उज्यालो र हावाको राम्रो आहोरदोहोर हुने तथा वाष्पबाट दूषित नहुने खालको हुनुपर्छ ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादीको बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी :** बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, अत्यन्तै घातक, रातो**
**(कृषि, घरायसी प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् । वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना :**
**उत्पादक:** संसाज होम केयर प्रोडक्ट्स प्रा.ली. कोइम्बटूर-६४१२०२, भारत.
**वितरक :** मिडास हाइजिन इन्डस्ट्रिज प्रा.ली. सेक्टर-१२ वाशी, नवी मुम्बई-४०० ७०३ (एम.एच), भारत.

**पैठारीकर्ताको नाम, ठेगाना सम्पर्क नं.**
शशी एग्रोभेट सेन्टर, नेपालगंज-१, बाँके,नेपाल, सम्पर्क नं. : ९८४८०४३६८०
shashiagrovetcentre@yahoo.com

**उत्पादित देशको रजिष्टर नं.:** CIR-168002/2020-Bromadiolone (RB)(411)-88

नेपालमा पञ्जीकरण गरिएको नं.
0134-ROD-RB-2026

Pictograms:



**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नु पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

ट्रायसायक्लाज़ोल ७५% डब्ल्यू.पी.

Tricyclazole 75% WP

# सिविक (SIVIC)

दैहिक ढुसीनासक

**सिफारिस:**

| बाली | रोग | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि ( दिन ) | ग्राम प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (ग्राम.) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| धान | मरुवा रोग (Blast) | ३००-४०० | ५०० | ३० | ०.६-०.८ |

**प्रयोग गर्ने विधि :**

विषादीको घोल बनाउँदा छर्कने ट्यांकीको आधा मात्रासम्मा पानी राखेर विषादीको मात्रा हाल्नुहोस् र राम्रोसँग घोल्नुहोस्। यसपछि पानी थपेर फेरि चलाउनुहोस् । तयार भएको विषादीको घोल तुरुन्त छर्कनुहोस् । विषादी छर्कनका लागि होलो कोन नोजल (Hollow cone nozzle) जडान गरिएको न्यापस्याक स्प्रेयर प्रयोग गर्न सकिन्छ ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ ।**

विषादी प्याकेट खोल्दा वा विषादी छर्किंदा पञ्जा, रबर बूट, चश्मा ग्यााँस मास्क तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । विषादीको घोल तयार गर्दा नाङ्गो हातले गर्नुहुँदैनः अनिवार्य रुपमा सुरक्षात्मक पोशाक जस्तै मास्क, पञ्जा, चस्मा, टोपी, एप्रोन आदि लगाउनुहोस् र विषादी छर्कंदा छिटाहरु नाक मुखबाट भित्र प्रवेश गर्न दिनु हुँदैन साथै मुख, आँखामा एवम् छालामा विषादीको सिधा सम्पर्क हुन नदिनुहोस् । विषादी छरी सकेपछि सम्पर्कमा आएका कपडाहरु राम्रोसँग धुनुहोस् र नुहाउनुहोस् । विषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नु हुँदैन ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा**

निलिएको अवस्थामा टाउको दुख्ने, चक्कर लाग्ने, वाकवाकी लाग्ने र ऐंठन हुने जस्ता लक्षणहरु देखिन सक्छन् ।

**प्राथमिक उपचार :**

यदि विषादी निलेको खण्डमा, घाँटीको पछाडि भागमा काउकुती लगाएर बान्ता गराउनुहोस्। बान्ता पूर्ण नभएसम्म यो प्रकृया दोहोर्‍याउनुहोस् । यदि बिरामी बेहोस अवस्थामा छ भने बान्ता गराउनुहुँदैन र मुखबाट केही पनि खानेकुरा नदिनुहोस् । छालामा विषादीको सम्पर्क भएको अवस्थामा विषादीको सम्पर्क भएको भाग पर्याप्त सफा पानी र साबुनले राम्ररी धुनुहोस् । आँखामा विषादी परेमा कम्तीमा १५-२० मिनेटसम्म सफा पानीले आँखालाई धुनुहोस् । श्वासप्रश्वाससमार्फत विषाक्तता भएमा बिरामीलाई पर्याप्त हावा खेल्ने ठाउँमा लैजानुहोस्। लक्षण गम्भीर भए चिकित्सकलाई तुरुन्त देखाउनुहोस् ।

**एण्टिडट**

लक्षणका आधारमा उपचार गर्नुहोस् (symptomatic treatment) । बिरामी सचेत अवस्थामा छ भने सकिय चारकोल (activated charcoal) प्रयोग गरी ग्यास्ट्रिक ल्याभेज (gastric lavage) गराई बान्ता गराउनुहोस् साथसाथै सलाइन क्याथार्टिक (saline cathartic) र सहयोगी उपचार (supportive treatment) चिकित्सकको परामर्शमा दिनुहोस् ।

**प्रयोग गरिएको भाँडोको विसर्जन:**

प्याकेट वा विषादीको सम्पर्कमा आएका सामग्री र विषादी छर्कने उपकरण वा अन्य भाँडाहरूबाट निस्केको विषाक्त पानी वा विषादीयुक्त वस्तुलाई सुरक्षित तरिकाले वातावरण वा पानी प्रदूषण हुन नदिने गरि विसर्जन गर्नुपर्छ । प्रयोग गरिएका विषादीका प्याकेटहरूको पुनः प्रयोग रोक्नको लागि बाहिर त्यत्तिकै छोड्नुहुँदैन । प्याकेटहरू प्रयोग गर्न नमिल्ने गरि बस्तीबाट टाढा पानीको मुहान नभएको स्थानमा गहिरो खाडलमा सुरक्षित तरिकाले व्यवस्थापन गर्नुपर्छ ।

**भण्डारणका अवस्था :**

विषादी रहेका प्याकेटहरूलाई खाद्यपदार्थ लगायत अन्य सामानहरू भण्डारण गर्ने कोठा वा परिसरबाट अलग कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृतिका आधारमा छुट्टै अलमारीमा ताला र चाबी लगाएर राख्नुपर्छ। विषादी भण्डारणका लागि तोकिएका कोठा वा परिसर राम्ररी निर्मित, सुख्खा, चिसो, पर्याप्त उज्यालो र हावा राम्ररी ओहोरदोहोर गर्ने खालको हुनुपर्छ ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी** : विषादीलाई बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, ज्यादै घातक, पहेँलो**

**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस्। वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।

**विषादीको उत्पादक र वितरकको नाम र ठेगाना :**

**एन.ए.सीए.ल. इंडस्ट्रीज लिमिटेड,**

लक्ष्मी टावर, प्लट नम्बर १२ A,C, कर्पोरेशन बैंकको विपरीत, नागार्जुन हिल्स, पुन्जगुट्टा, हैदराबाद, तेलंगाना, भारत र

**कोरोमंडल इन्टरनेशनल लिमिटेड,**

कोरोमंडल हाऊस, १ –२–१० ,सरदार पटेलरोड, सिकंदराबाद, तेलंगाना, भारत ।

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.:**

नेपाल एग्रो सेन्टर प्राइभेट लिमिटेड, जनकपुर, धनुषा, नेपाल

९८५४०२०६००

**उत्पादित देशको रजिष्टर नं.:** CIR-36,051/ 2001-TRICYCLAZOLE (WP)-24

**नेपालमा पञ्जीकरण गरिएको नं.:**

**0135-FUN-WP-2026**




**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

**एजाडिरक्टिन ०.०३ % ई.सी.**

**Azadirachtin 0.03% EC**

# निम्बेसिडिन (NIMBECIDINE)

**सम्पर्क तथा आन्तरिक कार्य प्रकृतिका निममा आधारित कीटनाशक**

सिफारिस

| बाली | कीराहरुको नाम | प्रतिहेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि (दिन) | एम.एल /प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा एम.एल | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| कपास | लाही (Aphids), फलको गभारो (Bollworm) | २५०० | ५०० | ५ | ५ |
| धान | पात बेरुवा (Leaf roller), डाँठको गभारो (Stem borer), खैरो पिठ्युँ भएको फड्के कीरा (Brown plant hopper) | २००० | १००० | ५ | २ |

**प्रयोग गर्ने विधि :**
एउटा सुख्खा प्लास्टिकको बाल्टी लिनुहोस् । त्यसमा माथि उल्लिखीत दर अनुसार आवश्यक मात्रामा यो विषादी राख्ने र उक्त बाल्टिनमा आवश्यक पर्ने पानीको मात्रा २ फिट उचाइबाट खन्याएर राम्ररी घोल्नुहोस् । यस घोललाई बिहान वा साँझको समयमा हाते स्प्रेयरद्वारा छर्नुपर्दछ । यो विषादी दिउँसोको उच्च तापक्रम वा चर्को घाम भएको समयमा छर्कनु हुँदैन । बाली रोपेको वा छरेको ४५ दिनपछि आवश्यकता अनुसार पहिलो पटक छर्कनुहोस् । एउटा बालीमा प्रत्येक छर्काइ बीच १५ दिनको अन्तर राखी कीराको प्रकोपको आधारमा बढीमा ३ पटकसम्म छर्कन सकिन्छ । यो विषादीलाई उच्च परिमाणको स्प्रे गर्ने उपकरण जस्तै : न्यापस्याक स्प्रेयर अथवा फ्याननोजेल भएका स्टिरप पम्पको सहायताले छर्कनु पर्दछ ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ :**
घोल तयार गर्दा र विषादी छर्कदा पन्जा, रबर बुट, चश्मा, ग्याँस मास्क तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । विषादी छर्कदा छिटाहरु नाक मुखबाट भित्रप्रवेश गर्न दिनु हुँदैन साथै मुख, आँखामा एवम् छालामा विषादीको सिधा सम्पर्क हुन नदिनुहोस् । विषादी शरिरमा पर्न दिनुहुँदैन । विषादी छरिसकेपछि सम्पर्कमा आएका कपडाहरु राम्रोसँग धुनुहोस् र नुहाउनुहोस् । विषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नु हुँदैन ।

**मनिसलाई यो विषादीको विष लागेको अवस्थामा :**
यदि विषादी निलेको अवस्थामा टाउको दुखाइको साथ वाकवाकी लाग्न सक्छ । छालामा जलन हुन सक्छ ।

**विष लाग्दा अपनाउनु पर्ने प्राथमिक उपचार :**
यदि विषादी निलेमा तुरुन्त मुखमा औंलाको सहायताले घाँटीको पछाडि भागमा चलाएर बान्ता गराउनुहोस् । बिरामी बेहोस भएमा बान्ता गराउनुहुँदैन । यो विषादी निलेको अवस्थामा चिकित्सकको निगरानीमा ५% सोडियम बाइकार्बोनेटद्वारा पेट सफा (ग्यास्ट्रिक ल्याभेज) गर्न सकिन्छ । छालामा विषादी परेमा विषाक्त पदार्थ लागेको शरीरको भागलाई सफा साबुनपानीले राम्ररी धुनुहोस् । आँखामा परेको अवस्थामा सफापानीले आँखा केही बेरसम्म पखाल्नुहोस् । श्वासप्रश्वासमार्फत विषाक्तता भएमा बिरामीलाइ पर्याप्त हावा खेल्ने ठाउँमा राख्नुहोस् ।

**एण्टिडट :**
विशेष किसिमको एण्टिडट छैन । लक्षणको आधारमा उपचार गर्ने ।

**प्रयोग गरिएका भाँडाको विसर्जन :**
प्रयोग गरेका विषादीका प्याकेटहरुलाई तोडेर/बिगारेर बासस्थानबाट टाढा सुरक्षित तरिकाले व्यवस्थापन गर्नुपर्दछ । प्रयोग गरिएको विषादीको भाँडाको पुनः प्रयोग रोकथामको लागि उक्त भाँडालाई बाहिर खुल्ला ठाउँमा नछोड्नुहोस् । वातावरणीय वा जल प्रदूषण रोक्नका लागि विषादीका प्याकेट, भाँडा वा विषादीको सम्पर्कमा आएको सामाग्री र विषादी छर्किने उपकरणहरुबाट निस्केका विषाक्त वा विषादीयुक्त वस्तुलाइ सुरक्षित तरिकाले विसर्जन गर्नुपर्दछ ।

**भण्डारणको अवस्था :**
विषादी भएका बट्टा वा प्याकेटहरूलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ । विषादीको संख्या र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ । विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, पानी नसोस्ने, पर्याप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने र वाष्पबाट प्रदूषित नहुने खालको हुनुपर्छ । आधिकारीक व्यक्तिहरूको मात्र पहुँचहुने गरी विषादीको प्याकेट र कन्टेनरहरू सुख्खा ठाउँमा भण्डारण गर्नुहोस् । विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधि वा मलखादबाट टाढा राख्नुहोस् ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादीको बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी :** बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, मध्यम घातक, निलो**

**(कृषि प्रयोजनको लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई यो नं. ०१-५५२१५९७ मा फोन गर्नुहोस् वा यो ठेगानामा इमेल गर्नुहोस् ।
info@npponepal.gov.np

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना** : टी स्टेन्स एण्ड कम्पनी लिमिटेड,
८/२३-२४, रेस कोर्स रोड, कोयम्बटूर -६४१०१८, तामिलनाडु, भारत ।

**पैठारीकर्ताको नाम ठेगाना र सम्पर्क नं.**: शशी एग्रोभेट सेन्टर, नेपालगंज -१ बाँके, नेपाल
सम्पर्क नं. : ९८४८०४३६८०
इमेल : shashiagrovetcentre@yahoo.com

उत्पादितदेशको रजिष्टर नं.: CIR-22,962/96/AZADIRACHTIN (EC)-62.

नेपालमा पन्जीकरण गरिएको नं.
0136-BIO-EC-2026

Pictograms :




**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

म्यान्कोजेब ७५% डब्लु पी

Mancozeb 75% WP

# डायमंड एम–४५ (DIAMOND M-45)

सम्पर्क ढुसीनाशक

**सिफारिस :**

| बाली | रोगको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अधि पर्खने अवधि (दिन) | ग्राम प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | विषादीको आवश्यक मात्रा (केजी) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| अंगूर | एंगुलर लिफ स्पट (Angular leaf spot), डाउनी मिल्ड्यु (Downy mildew), कोत्रे रोग (Anthracnose) | १.५- २.० | ७५० | ४५ | २.०–२.७ |
| अम्बा | फल सड्ने (Fruit rot) | २० ग्राम प्रतिबोट | १० लिटर प्रति बोटका दरले | ४५ | २ |
| आलु | पछौटे डढुवा (Late blight), अगौटे डढुवा (Early blight) | १.५- २.० | ७५० | ७ | २.०–२.७ |
| केरा | टुप्पो कुहिने (Tip rot),सिगाटोका पातको थोप्ले (Sigatoka leaf spot), फलको टुप्पा सड्ने (Cigar end rot) | १.५- २.० | ७५० | ४५ | २.०–२.७ |
| गहुँ | खैरो र कालो सिन्दुरे रोग (Brown & Black rust), डढुवा रोग (Blight) | १.५- २.० | ७५० | २६ देखि ३५ | २.०–२.७ |
| जीरा | डढुवा(blight) | १.५- २.० | ५०० | १४ | ३–४ |
| ज्वार | पातको थोप्ले रोग (Leaf spot) | १.५- २.० | ७५० | १४ | २.०–२.७ |
| गोलभँडा | पछौटे डढुवा (Late blight), बक आई रट (Buck eye rot), पातको थोप्ले (Leaf spot) | १.५- २.० | ७५० | ७ | २.०–२.७ |
| धान | ब्लाष्ट (Blast) | १.५- २.० | ७५० | १४ | २.०–२.७ |
| मकै | पातको डढुवा (Leaf blight), डाउनी मिल्ड्यु (Downy Mildew) | १.५- २.० | ७५० | १४ | २.०–२.७ |
| स्याउ | दादे र कालो धब्बा (Scab and sooty blotch) | ३० ग्राम प्रति बोट | १० लिटर प्रति बोटका दरले | ४५ | ३ (प्रति बोट) |
| खुर्सानी | वेर्ना कुहिने (Damping off) | ३ | १००० | ७ | ३ |
| | फल कुहिने (Fruit rot) | १.५- २.० | ७५० | ७ | २.०–२.७ |
| | पाकेको फल कुहिने (Ripe rot) | १.५- २.० | ७५० | ७ | २.०–२.७ |
| | पातको थोप्ले (Leaf Spot) | १.५- २.० | ७५० | ७ | २.०–२.७ |
| काउली | डाँठ कुहिने (Collar rot) | ३ | १००० | ७ | ३ |
| | पातको थोप्ले (Leaf spot) | १.५- २.० | ७५० | ७ | २.०–२.७ |
| बदाम | टिक्का (Tikka disease) , सिन्दुरे (Rust) | १.५- २.० | ७५० | ७ | २.०–२.७ |
| | डाँठ कुहिने (Collar rot), पातको थोप्ले (Leaf spot) | २५ - ३० ग्राम प्रति १० केजी बीउ | ०.१ (पानीको लेदो) | ७ | २.५ - ३.० प्रति केजी बीउ |

**प्रयोग गर्ने विधि :**

यो विषादी विभिन्न प्रकारका विषादी छर्कने उपकरणहरु, जस्तै : न्यापस्याक स्प्रेयर, फुट स्प्रेयर, कम्प्रेसन न्यापस्याक स्प्रेयर, कम्प्रेसन न्यापस्याक ब्याट्री स्प्रेयर, ASPEE-HIP पावर स्प्रेयरबाट बिरुवाको पात भिज्ने गरी छर्कन सकिन्छ साथै माटोको उपचारका लागि पनि यो विषादी प्रयोग गर्न सकिन्छ । विषादीको घोल बनाउँदा छर्कने ट्यांकीको आधा भाग सम्म पानी राखेर सिफारिस गरिएको विषादीको मात्रा हाल्नुहोस् र राम्रोसँग घोल्नुहोस् । त्यसपछि पानी थपेर फेरि चलाउनुहोस् । तयार भएको विषादीको घोल तुरुन्त छर्कनुहोस् । बदामको बीउ उपचारको हकमा सिफारिस मात्राको विषादी प्रति केजी बीउका दरले १० मि.लि. पानीमा राखी लेप बनाई उक्त लेप बीउमा सबैतिर पर्ने गरी ड्रममा राम्रोसँग घुमाउनुहोस् । त्यसपछि उपचार गरिएको बीउ छायाँमा सुकाई रोप्नुहोस् ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्दछ :**

विषादी प्याकेट खोल्दा, घोल तयार गर्दा वा विषादी छर्कदा पञ्जा, रवर बुट, चश्मा ग्याँस मास्क, टोपी तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । विषादी छर्कंदा छिटाहरु नाक मुखबाट भित्र प्रवेश गर्न दिनु हुँदैन । साथै मुख, आँखामा एवं छालामा विषादीको सिधा सर्म्पक हुन नदिनुहोस् । विषादी छरीसकेपछि सम्पर्कमा आएका कपडाहरु राम्रोसँग धुनुहोस् र नुहाउनुहोस् । विषादी छर्दा खाने, चपाउने, पिउने र धुम्रपान गर्नु हुँदैन ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा :**

छाला चिलाउने, छातीमा कष्ट महसुस हुने, हृदयको धड्कन बढ्ने, रक्तचाप कम हुने, वाकवाकी लाग्ने, बान्ता हुने, पखाला चल्ने, शरीर अत्याधिक चिसो हुने तथा सन्तुलन गुम्ने जस्ता लक्षणहरु देखिन सक्छन् ।

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार :**

विषादी निलिएको छ भने घाँटीको पछाडिको भागमा काउकुती लगाएर बान्ता गराउनुहोस् । बिरामी बेहोस अवस्थामा छ भने बान्ता गराउन हुँदैन ( फोक्सोमा पस्न सक्छ) । छालामा विषादीको सम्पर्क भएको अवस्थामा विषादीको सम्पर्क भएको शरीरका भागहरु पर्याप्त मात्रामा सफा पानी र साबुनले राम्ररी धुनुहोस् । यदि रुखोपन रह्यो भने चिकित्सकलाई देखाउनुहोस् । आँखामा विषादीको सम्पर्क भएको अवस्थामा कम्तीमा १०-१५ मिनेटसम्म सफा पानीले आँखालाई धुनुहोस् । श्वासप्रश्वासमार्फत विषाक्तता भएमा पर्याप्त हावा खेल्ने ठाउँमा बिरामीलाई राख्नुहोस् र लक्षण गम्भीर भएमा चिकित्सकलाई तुरुन्त देखाउनुहोस् ।

**एण्टिडट :**

यी विषादीको विशेष एण्टिडट छैन । लक्षणको आधारमा उपचार गर्नुहोस् ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशकविषादीको बारेमा सम्पूर्ण जानकारी पढनुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी :** बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, सामान्य घातक, हरियो**
**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०११ नं. मा फोन गर्नुहोस् । वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना :**

पारस पेष्टिसाइड्स इन्डस्ट्रिज
एच सी-१५, इन्डस्टियल एरिया गोपालपुर, सिकन्दरवाद, २०३२०५, जिल्ला : वुलन्दसहर
यु.पी.भारत

**पैठारीकर्ताको नाम, ठेगाना सम्पर्क नं.**

शशी एग्रोभेट सेन्टर, नेपालगंज-१,
बाँके,नेपाल, सम्पर्क नं. : ९८४८०४३६८०
shashiagrovetcentre@yahoo.com

उत्पादित देशको रजिष्टर नं.: CIR-124458/2015-Mancozeb(WP)(353)-252

नेपालमा पञ्जीकरण गरिएको नं.

0137-FUN-WP-2026




थप जानकारीका लागि पछाडी हेर्नुहोस् ।

| | |
|---|---|
| **प्रयोग गरिएको भाँडाको विसर्जन :**<br>प्याकेट वा विषादीको सम्पर्कमा आएका सामग्री तथा विषादी छर्कने उपकरण वा अन्य भाँडाहरूबाट निस्केको विषाक्त पानी वा विषादीयुक्त वस्तुलाई सुरक्षित तरिकाले वातावरण वा पानी प्रदूषण हुनबाट बच्ने गरि विसर्जन गर्नुपर्छ । प्रयोग गरिएका विषादीका प्याकेटहरूलाई पुनः प्रयोग रोक्नको लागि बाहिर छोड्नु हुँदैन । विषादीका प्याकेटहरू प्रयोग गर्न नमिल्ने गरि बस्तीबाट टाढा पानीको मुहान नभएको स्थानमा व्यवस्थापन गर्नुपर्दछ ।<br>**भण्डारणको अवस्था :**<br>विषादी रहेका प्याकेटहरूलाई खाद्यपदार्थलगायत अन्य सामानहरू भण्डारण गर्ने कोठा वा परिसरबाट अलग्गै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ । विषादीको मात्रा र प्रकृतिअनुसार तिनलाई छुट्टै अलमारी वा भण्डारण कक्षमा ताला लगाई राख्नुपर्छ । विषादी भण्डारणका लागि तोकिएको कोठा वा परिसर राम्ररी निर्मित, सुख्खा, चिसो, पर्याप्त उज्यालो तथा हावादार हुनुपर्छ । साथै, त्यस्ता स्थानहरूमा अनाधिकृत व्यक्तिको पहुँच नहुने गरी आवश्यक सुरक्षा व्यवस्था मिलाउनुपर्छ । | **विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।** |

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

मेट्रिबूजिन ७०% डब्लू पी

Metribuzin 70% WP

# गदर (GADAR)

चयनात्मक, अंकुरण पूर्व र पश्चात प्रयोग गरिने, सम्पर्क एवं दैहिक प्रकृतिको झारपातनाशक विषादी

**सिफारिस**

| बाली | झारपातहरुको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु / काट्नु अघि पर्खने अवधि (दिन) | ग्राम प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | विषादीको आवश्यक मात्रा (कि ग्रा) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| उखु | मोथे (*Cyperus rotundus*), दुबो (*Cynodon dactylon*), हलिनखुर (*Convolvulus arvensis*), सामा (*Echinolcloa*), पाती झार (*Partherium hysterophorus*) | १.५-२.८६ (अंकुरण पूर्व) १.५-२.० (अंकुरण पश्चात) | ७५० - १००० | ६० | ०.५-२.८६ ०.५-४.२९ |
| आलु | बेथे (*Chenopodium album*), रगते (*Phalaris Minor*), कोइरे कुरो (*Fumaria parviflora*) | ०.७५ | ७५० - १००० | ३० | ०.७५-१ |
| गोलभेडा | भुइँ झार (*Trianthema portulacastrum*), जुँगे फूल (*Gynandropsis pantaphylla*), सामा घाँस (*Echinochloa colonum*), माकुरे घाँस (*Dactyloctenium aegyptium*), लुँडे साग (*Amaranthus viridis*) | ०.७५ | ७५० - १००० | ३० | ०.७५-१ |
| भटमास | घोडे झार (*Digitaria species*), मेथी झार (*Cyperus esculentus*) | ०.५-०.७५ | ७५० - १००० | ३० | ०.५-०.७५ |
| गहुँ | रगते झार (*Phalaris minor*), मेथी झार (*Melilotus species*), बेथे (*Chenopodium*) | ०.२५ (दोमट माटो), ०.३०० (चिम्टाइलो माटो) | ६०० - ७५० | १२० | ०.५, ०.६ |

**नोटः झारहरुको नेपाली नाम स्थान विशेष अनुसार फरक हुनसक्छ । त्यसैले विज्ञहरुसँग सम्पर्क गनुहोस् ।**

**प्रयोग गर्ने विधि**

विषादीको घोल बनाउँदा छर्कने ट्याकींको आधा मात्रासम्म पानी राखेर विषादीको मात्रा हाल्नुहोस् र राम्रोसँग घोल्नुहोस् । यसपछि आवश्यक पानीको मात्रा थपेर फेरि चलाउनुहोस् । तयार भएको विषादीको घोल न्यापस्याक स्प्रेयरबाट छर्कर्नुहोस् । स्प्रेयरमा यो विषादी सँग अन्य कुनै झारपातनाशक विषादी नघोल्नुहोस् । यो विषादी सुख्खा मौसममा मात्र छर्नुपर्दछ । यो विषादी एक बालीमा एक पटक मात्र छर्नुपर्दछ ।

**छर्ने समय**

**उखु** बालीमा रोपेको ३-५ दिन भित्र वा २५-३० दिन पछि, **आलु** बालीमा रोपेको ३-५ दिन भित्र वा आलुको बिरुवा ५ सि मि को अग्लो भए पछि, **गोलभेडा** बालीमा बिरुवा सार्नु ७ दिन पहिले वा बिरुवा सारेको १५ दिन पछि, **भटमास** बालीमा रोपेको १-२ दिन भित्र **गहुँ** बालीमा बीउ छरेको ३५ दिन पछि र ३-५ वटा पात आइसकेपछि छर्नुपर्दछ । बलौटे माटोमा लगाएको गहुँ बालीमा यो विषादी प्रयोग गर्नु हुँदैन । रगते झारले आइसोप्रोटुरोन (*Isoproturon*) झारपातनाशक प्रति प्रतिरोधी क्षमता विकास गरेमा यो विषादी छर्कनुहोस् ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ ।**

विषादी प्याकेट खोल्दा, घोल तयार गर्दा वा विषादी छर्कदा पञ्जा, रवर वुट, चश्मा ग्याँस मास्क, टोपी तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । विषादी छर्कदा छिटाहरु नाक मुखबाट भित्र प्रवेश गर्न दिनुहुदैन । साथै मुख, आँखामा एवंम छालामा विषादीको सिधा सर्म्पक हुन नदिनुहोस् । बिषादी छरिसकेपछि सम्पर्कमा आएका कपडाहरु राम्रोसँग धुनुहोस् र नुहाउनुहोस् । विषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नु हुँदैन ।

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार**

विषादीको सम्पर्क भएको लुगा हटाउनुहोस् र छालालाई साबुन र पानीले राम्ररी धुनुहोस् । यदि आँखामा विषादी सम्पर्क भएमा आँखा खुला राख्नुहोस् र कम्तिमा १५ मिनेटसम्म सफा पानीले छम्कनुहोस् र तुरुन्त डाक्टरको सल्लाह लिनुहोस् । यदि विषादी निलेमा तुरुन्त मुखमा औलाको सहायताले पछाडिको भागमा चलाएर बान्ता गराउनुहोस् । तर विरामी बेहोस भएमा बान्ता नगराउनुहोस् ।

**एण्टिडट**

लक्षणको आधारमा उपचार गर्ने । चिकित्सकको निगरानीमा इन्ट्राभिनोस् प्लानोबार्बीटल (Intravenous Planobarbitoll), डाइफिनाइल हाइडान्टिओन (Diphenyl hydantion) अथवा दुवैको मेलले उपचार गर्ने ।

**प्रयोग गरीएका भाँडाको बिसर्जन**

विषादी राखिएको प्याकेट कहिल्यै पुनः प्रयोग (पानी, खाना, तेल जस्ता खानेकुरा राख्न) नगर्नुहोस् । विषादीको खाली खोलहरु वा अन्य विषादीयुक्त सामग्रीहरू र विषादी सफा गरेको पानीको उचित व्यवस्थापन गर्नु विषादी उत्पादक, प्रयोगकर्ताहरुको कर्तव्य हुनेछ। वातावरणीय वा पानी प्रदूषण हुन नदिनका लागि खाली कन्टेनरहरू आवासीय क्षेत्रबाट टाढाँ सुरक्षित तरिकाले नष्ट गर्नुपर्नेछ ।

**भण्डारणको अवस्था**

विषादी भएका प्याकेजहरूलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ । विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, प्रयाप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने हुनुपर्छ । आधिकारीक व्यक्तिहरूको मात्र पहुँच हुने गरी विषादीको प्याकेट रकन्टेनरहरू सुख्खा ठाउँमा भण्डारण गर्नुहोस् । विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधि, वा मलखादबाट टाढा राख्नुहोस् ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढनुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी**

बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।



**सावधान, मध्यम घातक, निलो**

**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् । वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना: ठाकर केमिकल्स लि.**
करमपुरा कमर्सियल कम्प्लेक्स
नया दिल्ली - ११००१५, भारत

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं. एन एम एस एग्रो प्रा. लि.**
हनुमान सेन्ट्रल, बिर्तामोड-४, झापा
सम्पर्क नं.०२३ ५३१ ४७७,
info@nmsagro.com.np

उत्पादित देशको रजिष्टर नं. CIR-34,431/2001-METRIBUZIN (WP)-47

नेपालमा पञ्जीकरण गरिएको नं.

0138-HER-WP-2026




**विषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अत: विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस्।**

थायामेथोक्साम २५% डब्लु.जी.

Thiamethoxam 25% WG

# क्रि-अक्सम (Kri-Oxm)

दैहिक साथै तत्कालै सम्पर्क र आन्तरिक कार्य प्रकृतिको कीटनाशक विषादी

**सिफारिस,**

| बाली | कीराहरुको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि (दिन) | विषादीको आवश्यक मात्रा-ग्राम प्रति (लि.) |
|---|---|---|---|---|---|
| | | विषादीको आवश्यक मात्रा (ग्राम) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| धान | ढुङग्रे कीरा (Gall Midge), पात बेरुवा (Leaf folder), खैरो फड्के (Brown Plant Hopper), सेतो पिठ्ठुँ भएको फड्के (White backed plant hopper), पातको हरियो फड्के (Green leafhopper), थ्रिप्स (Thrips) | १०० | ५००-७५० | १४ | ०.१३ – ०.२ |
| कपास | ज्यासिड (Jassids)<br>लाही (Aphids)<br>थ्रिप्स(Thrips) | १०० | ५००-७५० | २१ | ०.१३ – ०.२ |
| | सेतो झिँगा (White flies) | २०० | | | |

## प्रयोग गर्ने विधि

विषादीको घोल बनाउँदा छर्कने ट्याकींको आधा मात्रा सम्म पानी राखेर विषादीको मात्रा हाल्नुहोस् र राम्रोसगँ घोल्नुहोस् । त्यसपछि पानी थपेर फेरि चलाउनुहोस् । तयार भएको विषादीको घोल तुरुन्त छर्कनुहोस् । धान बालीको प्रारम्भिक अवस्थामा लाग्ने ढुङग्रे कीरा (Gall Midge) आदि कीराहरूको नियन्त्रणका लागि रोपाइँ गरेको २५-३० दिनपछि (DAT) पहिलो पटक छर्कनुहोस्। त्यसैगरी, ढिलो अवस्थामा लाग्ने पातको हरियो फड्के (GLH), खैरो फड्के (BPH), सेतो पिठ्ठुँ भएको फड्के (WBPH) लगायतका कीराहरूको नियन्त्रणका लागि बाला लाग्ने (Booting Leaf) अवस्थामा, अर्थात रोपाइँ गरेको ५०-५५ दिनपछि (DAT) अर्को पटक छर्कनुहोस्। कपास बालीमा रोपाइँ गरेको २५-३० दिन (DAS)मा वा कीरा देखिनेबित्तिकै पहिलो छर्काई गर्नुहोस्। प्रकोप अनुसार १५ दिनको अन्तरालमा २-३ पटक दोहोर्याउनुहोस् ।

## यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्दछ ।

विषादी प्याकेट खोल्दा वा घोल तयार गर्दा वा विषादी छर्कदा सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस्। स्प्रे गर्दा हावाको दिशातर्फ स्प्रे गर्नुहोस् । विषादी छर्कदा छिटाहरु नाक मुखबाट भित्र प्रवेश गर्न दिनु हुँदैन साथै मुख, आँखा, छालामा विषादीको सिधा सर्म्पक हुन नदिनुका साथै विषादी छर्दा वा प्रयोग गर्दा धुम्रपान गर्ने केहि चपाउने, खाने, अथवा पिउने, गन्ध सुँघ्ने वा श्वासबाट भित्र लिने काम नगर्नुहोस्। विषादी प्रयोग गरिसकेपछि दुषित कपडाहरु र शरीरका भागहरु राम्ररी साबुन पानीले धुनुहोस् ।

## मानिसलाई यो विषादीको विष लागेको अवस्थामा

विषाक्तताको प्रारम्भिक लक्षणहरूमा स्वत: हुने गतिविधिमा कमी आउनु, टोनिक ऐंठन (Tonic convulsions), आँखाको परेला झप्कनु (Ptosis) जस्ता समस्या देखा पर्न सक्छन् ।

## विष लाग्दा अपनाउनु पर्ने प्राथमिक उपचार

विषादीको सर्म्पक भएको लुगा हटाउनुहोस् र छालालाई साबुन र पानीले राम्ररी धुनुहोस्। यदि निलिएको छ भने, घाँटीको पछाडि भागमा काउकुती लगाएर वान्ता गराउनुहोस् । वान्ता सफा नभएसम्म यो प्रकृया दोहोर्याउने। बिरामी अचेत अवस्थामा भएमा बान्ता गराउने प्रयास नगर्नुहोस्। यदि आँखामा विषादीको सर्म्पक भएमा आँखा खुल्ला राख्नुहोस् र कम्तिमा १०-१५ मिनेट सम्म सफा पानीले छम्कनुहोस् र तुरुन्त डाक्टरको सल्लाह लिनुहोस्। श्वासप्रश्वास मार्फत शरीरमा प्रवेश गरेको अवस्थामा, बिरामीलाई तुरुन्त ताजा हावा भएको स्थानमा लैजानुहोस्।

## एण्टिडट

विशेष किसिमको एण्टिडट छैन । लक्षणको आधारमा उपचार गर्नुहोस्।

## प्रयोग गरिएको भाँडोको विसर्जन

कन्टेनर फिर्ताको लागि विषादी बिक्रेतासँग सम्पर्क गर्नुहोस् । यदि कन्टेनर फिर्ता गरिएको छैन भने, तीन पटक पखाल्नुहोस् त्यसपछि वातावरण वा पानी प्रदूषण हुन नदिन प्याकेज, बाँकी रहेको पदार्थ र धुने क्रममा निस्किएको फोहोरलाई सुरक्षित तरिकाले व्यवस्थापन गर्नुहोस् । विषादी राखिएको प्याकेट कहिल्यै पनि पुन: प्रयोग (पानी, खाना, तेल जस्ता तरल पदार्थ राख्ने) नगर्नुहोस् । खाली कन्टेनरहरू आवासीय क्षेत्रबाट टाढा सुरक्षित तरिकाले व्यवस्थापन गर्नुपर्दछ ।

## भण्डारणको अवस्था

विषादीलाई खाद्य पदार्थ ,पशुआहार (दाना), र खानेकुरा राख्ने खाली भाँडाकुडा भन्दा टाढा छुट्टै ठाउँमा राख्नुपर्छ । विषादीलाई यसको आफ्नै सक्कली प्याकेटमा, मानिस र जनावरको पहुँच भन्दा टाढा, छुट्टै कोठामा ताला लगाएर राख्नु पर्दछ । विषादी भण्डारण गर्ने कोठा राम्ररी निर्मित, पर्याप्त उज्यालो, सुख्खा, चिसो, हावा राम्ररी ओहोरदोहोर गर्ने फलत: वाष्पबाट दूषित नहुने खालको हुनुपर्दछ ।

**प्रयोग गर्नु पूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी**: विषादीलाई बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, मध्यम घातक, निलो**
**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सुचना अधिकृतलाई ०१-५०१०११ न. मा फोन गर्नुहोस् । वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

## विषादीको उत्पादक र वितरकको नाम ठेगाना :

कृषि रसायन एक्सपोर्ट्स प्रा.लि

न्यु दिल्ली, भारत

इमेल: Krepl.delhi@krepl.in

## पञ्जीकरणकर्ताको नाम ठेगाना र सर्म्पक नं :

मनिता एग्रो इन्टरप्राईजेज,

कलैया - ६,बारा, ९८५५०२६१४४

इमेल: manitaagro@gmail.com

**उत्पादितदेशको रजिस्ट्रेशन नं :** CIR-43,316/2003-Thiamethoxam (WG)(230)-50

**नेपालमा पञ्जीकरण गरिएको नं.**

0139-INS-WG-2026




**विषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नु पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

डाइमेथोमर्फ ८०% डब्लु.जी.

**Dimethomorph 80%WG**

# ब्लाइट आउट प्रो (BLIGHT OUT PRO)

दैहिक ढुसीनाशक

**सिफारिस**

| बाली | रोगको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि (दिन) | ग्राम/ प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (ग्राम ) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| आलु | पछौटे डढुवा(Late blight) | २५५ - ३६० | ४५०-६०० | ३ | ०.५६-०.६ |
| केरा | कालो डढुवा (Black blight) | २५० - ३६० | ६००-९०० | २१ | ०.४-०.४१ |
| लसुन | डढुवा (Blight) | ३०० - ३७५ | ३००-६७५ | ७ | ०.५५-१ |

**प्रयोग गर्ने विधि**

ब्लाइट आउट प्रो (Dimethomorph 80% WG ) ढुसीनाशक विषादीलाई सिफारिस गरिएको मात्रामा पानीमा राम्रो संग घोलेर बालीमा ढुसीको लक्षण देखिदा बित्तिकै छर्कनुहोस् । रोगको प्रकोप अनुसार ७ देखि १० दिन पछि दोस्रो पटक प्रयोग गर्न सकिन्छ । विषादी छर्कदा बालीको पातको दुवै सतह राम्रोसँग भिज्ने गरी छर्कनु पर्दछ । तिव्र हावा चलेको बखत, वर्षा वा अत्यधिक घामको समयमा विषादी प्रयोग गर्नु हुँदैन । यो विषादी केरा र लसुन बालीको अवधिभर २ पटक मात्र र आलु बालीमा ३ पटक सम्म प्रयोग गर्न सकिन्छ ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ ।**

यस विषादीलाई प्रतिरोधात्मक क्षमता विकास हुन नदिन फरक कार्यप्रकृति भएका अन्य कीटनाशक विषादीहरूसँग पालैपालो प्रयोग गर्न सिफारिस गरिन्छ । यो विषादी मौरी, माछा, अन्य जलीय जीवहरू र रेशमकीराहरूको लागि विषाक्त हुन्छ । मौरीको चरनको समयमा, रेशमकीरा पालनको क्षेत्र नजिक वा कीम्बु बालीको क्षेत्र नजिक यो विषादी प्रयोग गर्नु हुँदैन। नदी, पोखरी, वा अन्य पानीको श्रोतभएको ठाउँमा कीटनाशक विषादी प्रयोग गर्दा प्रयोग गरिएका उपकरणहरू धुनुहुँदैन । यो विषादीलाई अरु क्षारीय प्रकृतिका कीटनाशक वा पदार्थहरूसँग नमिसाइकन प्रयोग गर्नुहोस् । विषादी प्याकेट खोल्दा, घोल तयार गर्दा वा विषादी छर्कदा पञ्जा, रवर बुट, चश्मा ग्याँस मास्क, टोपी तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । विषादी छर्कदा छिटाहरु नाक मुखबाट भित्र प्रवेश गर्न दिनु हुँदैन । साथै मुख, आँखामा एवं छालामा विषादीको सिधा सम्पर्क हुन नदिनुहोस् । विषादी छरी सकेपछि सम्पर्कमा आएका कपडाहरु राम्रोसँग धुनुहोस् र नुहाउनुहोस् । विषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नु हुँदैन ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा**

टाउको दुख्ने, चक्कर लाग्ने, थकान तथा कमजोरी, छालासँग सम्पर्क हुँदाः हल्का देखि मध्यम स्तरको छाला जलन, रातोपन, चिलाउने वा दाना (न्यास) देखिन सक्छ ।आँखामा परेको अवस्थामाः आँखा पोल्ने, रातोपन, आँसु बग्ने तथा असहजता हुने; अस्थायी रूपमा दृष्टि धमिलो हुन सक्छ। श्वासप्रश्वास मार्गमा जलन, खोकी लाग्ने, घाँटी दुख्ने तथा गम्भीर अवस्थामा श्वास फेर्न कठिनाई हुन सक्छ । विषादी निलेको खण्डमा वाकवाकी लाग्ने, बान्ता हुने, पेट दुख्ने तथा पखाला लाग्न सक्छ ।

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार**

रोगीलाई तुरुन्तै विषादीको सम्पर्कबाट टाढा लैजानुहोस्। शरीरमा विषादी परेमा दूषित कपडा हटाउनुहोस् र विषादी परेको शरीरको भागलाई सफा पानीले धुनुहोस् वा नुहाउनुहोस्। जलन वा एलर्जी देखिएमा चिकित्सकको सल्लाह लिनुहोस्। विषादी आँखामा परेको अवस्थामा आँखा तुरुन्तै सफा पानीले कम्तीमा १५-२० मिनेटसम्म विस्तारै पखाल्नुहोस्। आँखामा जलन कायम रहेमा चिकित्सकको सल्लाह लिनुहोस्। यदि विषादी निलेमा मुख राम्ररी कुल्ला गराउने र तुरुन्तै चिकित्सक वा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुहोस्।

**एण्टिडट**

विशेष किसिमको एण्टिडट छैन । लक्षणको आधारमा उपचार गर्ने ।

**प्रयोग गरीएका भाँडाको बिसर्जन**

प्याकेट वा विषादीको सम्पर्कमा आएका सामग्री र विषादी छर्कने उपकरण वा अन्य भाँडाहरूबाट निस्केको विषाक्त पानी वा विषादीयुक्त वस्तुलाई सुरक्षित तरिकाले वातावरण वा पानी प्रदूषण हुनबाट बच्ने गरि विसर्जन गर्नुपर्छ । प्रयोग गरिएका विषादीका प्याकेटहरूलाई पुनः प्रयोग रोक्नको लागि बाहिर छोड्नुहुँदैन। प्याकेटहरू प्रयोग गर्न नमिल्ने गरी बस्तीबाट टाढा पानीको मुहान नभएको स्थानमा गहिरो खाडल खनि सुरक्षित तवरले गाड्नु पर्छ ।

**भण्डारणको अवस्था**

विषादी रहेका प्याकेटहरूलाई खाद्यपदार्थ लगायत अन्य सामानहरू भण्डारण गर्ने कोठाहरू वा परिसरहरूबाट अलग कोठाहरू वा परिसरहरूमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृतिका आधारमा छुट्टै अलमारीहरूमा ताला र चाबी लगाएर राख्नुपर्छ। विषादी भण्डारणका लागि तोकिएका कोठाहरू वा परिसरहरू राम्ररी निर्मित, सुख्खा, चिसो, पर्याप्त उज्यालो र हावा राम्ररी ओहोरदोहोर हुने खालको हुनुपर्छ ।

**प्रयोग गर्नु पूर्व पर्चामा लेखिएको जीवनाशक विषादीको बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी** बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।



**सावधान, मध्यम घातक, निलो**
**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् । वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।

**विषादीको उत्पादक र वितरकको नाम ठेगानाः** किङदाओ झेङदाओ फार्मास्युटिकल कम्पनी प्रा. लि.
शेङ्दे रोड, जियांगशान टाउन, लाइक्सी सिटी, शानडोङ प्रान्त, चीन

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क न.**

जय कुमार सप्लायर्स एण्ड ट्रेडर्स दमक, झापा, नेपाल

इमेलः jaykumarsuppliers143@gmail.com

सम्पर्क नं. ९८५२६७०८१९

उत्पादित देशको रजिष्टर नं. PD20172500

नेपालमा पञ्जीकरण गरिएको नं.
0140-FUN-WG-2026




**विषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

-

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

क्लोरएन्ट्रानिलिप्रोल १८.५% एस.सी.

Chlorantraniliprole 18.5% SC

# मिशन (MISSION)

दैहिक कीटनाशक

**सिफारिसः**

| बाली | कीराको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नू अघि पर्खने अवधि (दिनमा) | एम.एल. प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (एम.एल.) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| चना | कोसाको गभारो (Pod borer) | १२५ | ५०० | ११ | ०.२५ |
| तिते करेला | फलको गभारो (Fruit Borers), भुसिल कीरा (Caterpillars) | १००-१२५ | ५०० | ७ | ०.२-०.२५ |
| मासको दाल | कोसाको गभारो (Pod borer) | १०० | ५०० | २० | ०.२ |
| भन्टा | फल र डाँठको गभारो (Fruit borer and Shoot borer) | २०० | ५००-७५० | ३ | ०.२६-०.४ |
| बन्दागोभी | इँटबुट्टे पुतली (Diamond back moth) | ५० | ५०० | ३ | ०.१ |
| खुर्सानी | फलको गभारो (Fruit borer) | १५० | ५०० | ३ | ०.३ |
| कपास | अमेरिकी गभारो (American bollworm), छिर्के गभारो (Spotted bollworm), सुर्तीको पात खाने लार्भे कीरा (Tobacco caterpillar) | १५० | ५०० | ९ | ०.३ |
| बदाम | सुर्तीको पात खाने लार्भे कीरा (Tobacco caterpillar) | १५० | ५०० | २८ | ०.३ |
| मकै | डाँठको छिर्के गभारो (Spotted stem borer), डाँठको गुलाबी गभारो (Pink stem borer) | २०० | ५०० | १० | ०.४ |
| भिन्डी | फलको गभारो (Fruit borer) | १२५ | ५०० | ५ | ०.२५ |
| रहरको दाल | कोसाको गभारो (Pod borer), कोसाको झिँगा (Pod fly) | १५० | ५००-७५० | २९ | ०.२-०.३ |
| धान | डाँठको गभारो (Stem borer) पात बेरुवा (Leaf folder) | १५० | ५०० | ४७ | ०.३ |
| भटमास | हरियो बित्ते कीरा (Green semiloopers), डाँठको झिँगा (Stem fly), डाँठलाई घेरा पारेर काट्ने खपटे कीरा (Girdle Beetle) | १५० | ५००-७५० | २२ | ०.२-०.३ |
| उखु | टुप्पाको गभारो (Top borer) | ३७५ | १००० | २०८ | ०.३७५ |
| | धमिरा (Termites) | ५००-६२५ | १००० | २०८ | ०.५-०.६२५ |
| | प्रारम्भिक डाँठको गभारो (Early shoot borer) | ३७५ | १००० | २०८ | ०.३७५ |
| गोलभेंडा | फलको गभारो (Fruit borer) | १५० | ५०० | ३ | ०.३ |

**प्रयोग गर्ने विधिः**

विषादीको घोल तयार गर्दा छर्कने ट्यांकीमा आवश्यक पानीको करिब आधा मात्रा भरी सिफारिस गरिएको विषादीको मात्रा हालेर राम्रोसँग मिसाउनुहोस् । त्यसपछि बाँकी पानी थपेर पुनः राम्रोसँग चलाई एकनासको घोल तयार गर्नुहोस् । तयार गरिएको विषादीको घोल तुरुन्तै प्रयोग गर्नुहोस् । उखुः धमिरा, डाँठको अगौटे गभारो र टुप्पाको गभारो नियन्त्रणको लागि गानो भिजाउने (Sett Drenching) वा माटो भिजाउने (Soil Drenching) प्रविधि अपनाउनुपर्छ । उखुमा लाग्ने टुप्पाको गभारोको तेस्रो, चौथो र पाँचौं ब्रूड (Brood) स्टेजको नियन्त्रणको लागि जुन (June) महिनामा माटो भिजाउने (Soil Drenching) कार्य गर्नुपर्दछ । धान, कपास, बन्दागोभी, गोलभेडा, खुर्सानी, भटमास, भन्टा, रहर, चना, मास, तितो करेला र भिन्डी जस्ता अन्य बालीहरूमा कीराको आर्थिक क्षतिको अवस्थमा पुग्नुभन्दा अघि (ETL) न्यापस्याक स्प्रेयर (Knapsack Sprayer) को प्रयोग गरेर पातमा छर्कने (Foliar Spray) विधिबाट विषादी प्रयोग गर्नुपर्दछ ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानीः** विषादीलाई बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, मध्यम घातक, निलो**

**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं.मा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम ठेगानाः**

इन्सेक्टिसाइड इंडिया लिमिटेड
४०१-४०२, लुसा टावर,
कमर्सियल कम्प्लेक्स, आजादपुर,
दिल्ली, भारत

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्कः-**

नेपाल एग्रो सेन्टर प्राइभेट लिमिटेड
धनुषा, जनकपुर, नेपाल
९८५४०२०६००

**उत्पादित देशको रजिष्टर नं.:**
CIR-207785/2022-CHLORANTRANILIPROLE (SC) (440)-169

**नेपालमा पञ्जीकरण गरिएको नं.:**
0141-INS-SC-2026




**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनुपर्छ ।**

विषादी प्याकेट खोल्दा वा विषादी छर्किदा पञ्जा, रबर बुट, चश्मा ग्याँस मास्क तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस्। घोल तयार गर्दा सुरक्षात्मक पोशाक जस्तै मास्क, पञ्जा, चस्मा, टोपी, एप्रोन आदि लगाउनुहोस् र विषादी छर्कदा छिटाहरु नाक मुखबाट भित्र प्रवेश गर्न दिनु हुँदैन साथै मुख, आँखामा एवम् छालामा विषादीको सिधा सम्पर्क हुन नदिनुहोस् । विषादी शरीरमा पर्न दिनुहुँदैन। विषादी छरीसकेपछि सम्पर्कमा आएका कपडाहरु राम्रोसँग धुनुहोस् र नुहाउनुहोस् । विषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नु हुँदैन। स्प्रे ट्याङ्कीलाई यसको कुल क्षमताको ३/४ (तीन-चौथाई) भन्दा बढी नभर्नुहोस् । स्प्रेयरको नोजल बन्द भएमा त्यसलाई पातलो तार वा पिनले सफा गर्नुहोस्। मुखले फुकेर सफा गर्ने प्रयास कहिल्यै नगर्नुहोस्। शरीरमा विषादी पोखिएमा तुरुन्तै प्रशस्त पानीले धुनुहोस्।यो विषादी प्रयोग गरिरहेको वा भर्खरै प्रयोग गरेको कुनै पनि व्यक्तिमा विषाक्तताको लक्षण देखिएमा तुरुन्तै चिकित्सकलाई बोलाउनुहोस् वा अस्पताल लैजानुहोस् ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा**

आँखा चिलाउने, धमिलो देखिने र विषादीको बाफ श्वासमार्फत शरीर भित्र गएमा नाकबाट पानी बग्ने जस्ता लक्षण देखिन सक्छ ।

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचारः**

छालाको सम्पर्कमा आएमा प्रशस्त सफा पानी र साबुनले राम्ररी धुनुहोस् । आँखाको सम्पर्क भएमा प्रशस्त सफा पानीले राम्ररी पखाल्नुहोस् । आवश्यक परेमा चिकित्सकसँग परामर्श लिनुहोस्। श्वासमार्फत प्रवेश भएमा सामान्यतया कुनै विशेष उपचार सिफारिस गरिँदैन। यदि सेवन भएमा तुरुन्तै चिकित्सकसँग परामर्श गर्नुहोस् ।

**विशेष ध्यान दिनुपर्ने विषयः**

कीराहरूमा यस विषादीप्रति प्रतिरोधात्मक क्षमता विकास हुनसक्ने सम्भावना रहेकोले यस विषादी तथा यसै समूहअन्तर्गत पर्ने Cyantraniliprole, lubendiamide, Tetraniliprole जस्ता विषादीहरू एकपटक प्रयोग गरिसकेपछि लगातार प्रयोग गर्नु हुँदैन । एक बाली अवधिभमा कुल बाली अवधिको ५० प्रतिशतभन्दा बढी समयसम्म यस समूहका विषादीको सम्पर्कमा राख्नु हुँदैन ।

**एण्टिडटः**

विशेष किसिमको एण्टिडट छैन । लक्षणको आधारमा उपचार गर्नुहोस् ।

**प्रयोग गरिएको भाँडोको विसर्जनः**

प्याकेट वा विषादीको सम्पर्कमा आएका सामग्री र विषादी छर्कने उपकरण वा अन्य भाँडाहरूबाट निस्केको विषाक्त पानी वा विषादीयुक्त वस्तुलाई सुरक्षित तरिकाले वातावरण वा पानी प्रदूषण हुनबाट बच्ने गरि विसर्जन गर्नुपर्छ । प्रयोग गरिएका विषादीका प्याकेटहरूलाई पुनः प्रयोग रोक्नको लागि बाहिर छोड्नुहुँदैन । प्याकेटहरू प्रयोग गर्न नमिल्ने गरि बस्तीबाट टाढा पानीको मुहान नभएको स्थानमा गहिरो खाडलमा गाड्नुपर्छ ।

**भण्डारणको अवस्थाः**

विषादी रहेका प्याकेटहरूलाई खाद्यपदार्थ लगायत अन्य सामानहरू भण्डारण गर्ने कोठा वा परिसरबाट अलग कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृतिका आधारमा छुट्टै अलमारीमा ताला र चाबी लगाएर राख्नुपर्छ । विषादी भण्डारणका लागि तोकिएका कोठा वा परिसर राम्ररी निर्मित, सुख्खा, चिसो, पर्याप्त उज्यालो र हावा राम्ररी ओहोरदोहोर हुने खालको हुनुपर्छ ।

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नु पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस्।**

सल्फर ८०% डब्लु.डी. जी.

Sulphur 80% WDG

# एग्रोविट (AGROVIT)

सम्पर्क ढुसीनाशक

सिफारिस:

| बाली | रोगको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | अन्तिम छर्कने देखि बाली काट्ने सम्मको पर्खने अवधि (दिन) | ग्राम प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | विषादीको आवश्यक मात्रा (के.जी.) | विषादी घोल्न चाहिने पानी (लिटर) | | |
| अंगुर | सेतो धूले ढुसी (Powdery Mildew) | १.८७५-२.५० | ७५०-१००० | | २.५ |
| बोडी | सेतो धूले ढुसी (Powdery Mildew) | १.८७५-२.५० | ७५०-१००० | | २.५ |
| झुप्पा सिमी | सेतो धूले ढुसी (Powdery Mildew) | १.८७५-२.५० | ७५०-१००० | | २.५ |
| केराउ | सेतो धूले ढुसी (Powdery Mildew) | १.८७५-२.५० | ७५०-१००० | | २.५ |
| जीरा | सेतो धूले ढुसी (Powdery Mildew) | १.८७५-२.५० | ७५०-१००० | | २.५ |
| स्याउ | सेतो धूले ढुसी (Powdery Mildew) | १.८७५-२.५० | ७५०-१००० | | २.५ |
| आँप | सेतो धूले ढुसी (Powdery Mildew) | १.८७५-२.५० | ७५०-१००० | | २.५ |

**प्रयोग गर्ने विधि** :

यो विषादी मिश्रण तयार गर्दा स्प्रेयर ट्याङ्कीमा आदि मात्रै पानी राखेर बनाउने अनि मात्रै बाँकी पानी थपेर मिश्रण गरेर बनाउने । न्यापस्याक स्प्रेयर, फुट स्प्रेयर तथा फ्ल्याट फ्यान वा फ्लड जेट नोजल जडित कम्प्रेसन न्यापस्याक स्प्रेयरको प्रयोग गरी छर्न सकिन्छ । विषादीलाई बिरुवाका सम्पूर्ण भाग राम्ररी भिज्ने गरी छर्नुहोस् ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्दछ ।**

विषादीको प्याकेट खोल्दा, घोल तयार गर्दा तथा विषादी छर्दा पञ्जा, रबर बुट, सुरक्षा चस्मा, मास्क, टोपी तथा सम्पूर्ण शरीर ढाक्ने सुरक्षात्मक पोशाक अनिवार्य रूपमा प्रयोग गर्नुहोस्। विषादीका छिटा नाक वा मुखमार्फत शरीरभित्र प्रवेश हुन नदिनुका साथै आँखा, मुख र छालासँग प्रत्यक्ष सम्पर्क हुनबाट जोगाउनुहोस् । विषादी प्रयोगको क्रममा खाना खाने, पेय पदार्थ सेवन गर्ने, चपाउने वस्तु प्रयोग गर्ने वा धूम्रपान गर्ने कार्य नगर्नुहोस् । विषादी प्रयोगपछि सम्पर्कमा आएका कपडाहरू राम्ररी धोई स्नान गर्नुहोस् । सल्फरप्रति संवेदनशील बालीहरू, विशेष गरी कुकुर्बिट वर्गका लहरे तरकारीहरू (फर्सी, लौका, घिरौंला आदि) तथा केही जातका स्याउ, नास्पाती र अन्य फलफूल बालीमा यसको प्रयोग सिफारिस गरिँदैन । साथै, तापक्रम ३०°से. (८५°F) भन्दा माथि भएको अवस्थामा सल्फरको प्रयोग गर्दा बालीमा फाइटोटक्सिसिटी (वनस्पतिमा विषाक्त असर) देखिन सक्ने भएकाले त्यस्तो अवस्थामा प्रयोग नगर्नुहोस् ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा**

वाकवाकी लाग्ने, बान्ता हुने, टाउको दुख्ने तथा श्वासनली (ब्रोंकाइ), आँखा र फोक्सोमा जलन वा चिलाउने जस्ता समस्या देखा पर्न सक्छ ।

**प्राथमिक उपचारः**

विषादी निलिएको अवस्थामा, घाँटीको पछाडिको भागमा काउकुती लगाएर बान्ता गराउने प्रयास गर्नुहोस्। बान्ता सफा नहुजेलसम्म यो प्रक्रिया दोहोर्याउनुहोस् । बिरामी बेहोस अवस्थामा भए बान्ता गराउन हुँदैन । छालामा विषादीको सम्पर्क भएको अवस्थामा प्रभावित भागलाई प्रशस्त सफा पानी र साबुनले राम्ररी धुनुहोस् । छालामा जलन, रुखोपन वा अन्य असामान्य लक्षण देखिएमा चिकित्सकसँग परामर्श लिनुहोस् । आँखामा विषादी परेको अवस्थामा कम्तीमा १०-१५ मिनेटसम्म प्रशस्त सफा पानीले आँखालाई राम्ररी पखाल्नुहोस् । श्वासप्रश्वास मार्फत विषादी शरीरभित्र प्रवेश गरेको अवस्थामा प्रभावित व्यक्तिलाई तुरुन्त खुला तथा स्वच्छ हावा आउने स्थानमा राख्नुहोस् । कुनै गम्भीर लक्षण देखिएमा वा स्वास्थ्यमा असहजता महसुस भएमा तत्काल चिकित्सकको परामर्श तथा उपचार लिनुहोस् ।

**एण्टिडट**

यी विषादीको विशेष एण्टिडट छैन । लक्षणको आधारमा उपचार गर्नुहोस् ।

**प्रयोग गरिएको भाँडोको विसर्जनः**

विषादीको प्याकेट, विषादीको सम्पर्कमा आएका सामग्री, विषादी छर्ने उपकरण तथा अन्य भाँडाकुँडाबाट निस्कने विषादीयुक्त पानी वा फोहोर पदार्थलाई वातावरण तथा जलस्रोत प्रदूषित नहुने गरी सुरक्षित रूपमा व्यवस्थापन तथा विसर्जन गर्नुपर्छ । प्रयोग भइसकेका विषादीका खाली प्याकेटहरू पुनः प्रयोग हुन सक्ने गरी खुला स्थानमा फाल्नु वा छोड्नुहुँदैन । त्यस्ता प्याकेटहरूलाई पुनः प्रयोग गर्न नमिल्ने बनाई बस्ती तथा पानीका मुहानबाट टाढा रहेको उपयुक्त स्थानमा गहिरो खाडल खनी सुरक्षित रूपमा गाड्नुपर्छ ।

**भण्डारणको अवस्था**

विषादी रहेका प्याकेटहरूलाई खाद्यपदार्थ लगायत अन्य सामानहरू भण्डारण गर्ने कोठाहरू वा परिसरहरूबाट अलग कोठाहरू वा परिसरहरूमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृतिका आधारमा छुट्टै अलमारीहरूमा ताला र चाबी लगाएर राख्नुपर्छ। विषादी भण्डारणका लागि तोकिएका कोठाहरू वा परिसरहरू राम्ररी निर्मित, सुख्खा, चिसो, पर्याप्त उज्यालो र राम्ररी हावा ओहोरदोहोर हुने खालको हुनुपर्छ ।

**प्रयोग गर्नु पूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी**

विषादीलाई बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, सामान्य घातक, हरियो**

**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं.मा फोन गर्नुहोस् । वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना-**

:Agrico Organics Limited
Address: 701-706, 7th Floor, NDM-1, Netaji Subhash Place, Pitampura, Delhi-110034, India

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.**:

कृषक बीज भण्डार,
पानीटंकी ९, विरगञ्ज, पर्सा
९८५५०२३८८६

**उत्पादित देशको रजिष्टर नं.** CIR-60,156/2008-Sulphur (WDG)(290)-1755

**नेपालमा पञ्जीकरण गरिएको नं :**

0142-FUN-WDG-2026




**विषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

कार्टाप हाइड्रोक्लोराइड ४% जी.आर.

Cartap Hydrochloride 4% GR

# डॉलर ४ जी (Dollar 4G)

दैहिक एवम् सम्पर्क कीटनाशक

**सिफारिसः**

| बाली | कीराका नाम | प्रति हेक्टर वा २० रोपनिका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि (दिन) | ग्राम प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (के.जी.) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| धान | डाँठको गभारो (Stem Borer) | १८.७५ | - | - | - |
| | पात बेरुवा (Leaf folder) | १८.७५ - २५ | - | - | - |
| | गुभोमा लाग्ने झिँगा (Whorl maggot) | १८.७५ - २५ | - | - | - |

द्रष्टव्यः यो दानेदार (Granules) विषादी भएकोले बालीमा सिधै दाना छर्ने गरिन्छ । यसलाई प्रयोग गर्दा पानी आवश्यक पर्दैन ।
नोटः कीराहरुको नेपाली नाम स्थान विशेष अनुसार फरक हुनसक्छ । त्यसैले विज्ञहरुसँग सम्पर्क गरी यकिन गर्नुहोला ।

**प्रयोग गर्ने विधि**

यो विषादी छर्नका लागि हातले चलाउने दानादार विषादी छर्ने यन्त्र (Hand operated granules applicator) वा मेकानिकल डिस्पर्सर (Mechanical disperser) को प्रयोग गर्नुपर्दछ । यदि हातले छर्ने हो भने अनिवार्य रूपमा रबरको पन्जा (Hand bearing rubber gloves) लगाउनुपर्छ । यो विषादीलाई धान रोपको १० दिन पछि र १५ दिनको फरकमा आवश्यकताको आधारमा ३ पटक सम्म प्रयोग गर्न सकिन्छ ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानीहरु अपनाउनुपर्छ :**

विषादीलाई खाद्यपदार्थ, पशु आहार (दाना), र खानेकुरा राख्ने खाली भाँडाकुँडा भन्दा टाढा छुट्टै ठाउँमा राख्नुपर्छ । मुख, आँखा र छालामा विषादीको सिधा सम्पर्क हुन नदिनुका साथै विषादी छर्दा वा प्रयोग गर्दा धुम्रपान गर्ने, केही चपाउने, खाने वा पिउने, गन्ध सुँघ्ने वा श्वासबाट भित्र लिने काम नगर्नुहोस् । विषादी प्रयोग गर्दा मस्कको साथै पूर्ण सुरक्षित लुगाहरू (protective clothing) र बुट अनिवार्य रूपमा लगाउनुहोस् । विषादी प्रयोग गरिसकेपछि दूषित कपडाहरू र शरीरका भागहरू राम्ररी साबुन पानीले धुनुहोस् ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा**

वाकवाकी लाग्ने, शरीरका अंगहरू (हातखुट्टा) काम्ने, अत्यधिक र्‍याल बग्ने, ऐंठन (मांसपेशी खुम्चिने), श्वास फेर्न गाह्रो हुने तथा आँखाको नानी फराकिलो हुने (माइड्रियासिस) हुन सक्छ ।

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार**

यदि विषादी निलेको छ भने, बिरामी सचेत भएको अवस्थामा मात्र घाँटीको पछिल्लो भागमा औंलाले चलाएर वान्ता गराउनुहोस् । बिरामी बेहोस छ भने वान्ता नगराउनुहोस् र मुखबाट केही पनि खानेकुरा नदिनुहोस् । छालामा विषादी परेमा, दुषित कपडाहरु तुरुन्त फुकाल्नुहोस्, प्रयोगअघि राम्ररी धोएर मात्र प्रयोग गर्नुहोस् भने छालालाई प्रशस्त साबुन पानीले धुनुहोस् । आँखामा विषादी परेको छ भने सफा र स्वच्छ पानीले १० देखि १५ मिनेटसम्म निरन्तर धुनुहोस् । यदि श्वासको माध्यमबाट विषादी शरीरमा गएको छ भने बिरामीलाई तुरुन्त खुल्ला र ताजा हावा भएको ठाउँमा लैजानुहोस् र तुरुन्त चिकित्सककहाँ पुर्‍याउनुहोस् ।

**एण्टिडट**

चिकित्सकको सल्लाह र निगरानीमा नसामार्फत १००-२०० मि.ग्रा. (L-cysteine) वा मांसपेशीमा २०-६० मि.ग्रा. (British Anti-Lewisite) दुई दिन सिफारिस गरिन्छ । डर्माटाइटिस (छालामा सुनिने/एलर्जी) को अवस्थामा स्टेरोइडयुक्त औषधि प्रयोग गर्न सिफारिस गरिन्छ ।

**विषादी प्रयोग गरीएका भाँडाको विसर्जन**

प्याकेट वा विषादीको सम्पर्कमा आएका सामग्री र विषादी छर्कने उपकरण वा अन्य भाँडाहरूबाट निस्केको विषाक्त पानी वा विषादीयुक्त वस्तुलाई सुरक्षित तरिकाले वातावरण वा पानी प्रदूषण हुनबाट बच्ने गरि विसर्जन गर्नुपर्छ .। प्रयोग गरिएका विषादीका प्याकेटहरूलाई पुनः प्रयोग (पानी, खाना, तेल जस्ता तरल पदार्थ राख्न) रोक्नको लागि बाहिर छोड्नुहुँदैन । प्याकेटहरू प्रयोग गर्न नमिल्ने गरि बस्तीबाट टाढा पानीको मुहान नभएको स्थानमा सुरक्षित तरिकाले विसर्जन गर्नुपर्छ ।

**भण्डारणको अवस्था**

विषादी रहेका प्याकेटहरूलाई खाद्यपदार्थ लगायत अन्य सामानहरू भण्डारण गर्ने कोठा वा परिसरबाट अलग कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृतिका आधारमा छुट्टै अलमारीमा ताला र चाबी लगाएर राख्नुपर्छ । विषादी भण्डारणका लागि तोकिएका कोठा वा परिसर राम्ररी निर्मित, सुख्खा, चिसो, पर्याप्त उज्यालो र हावादार हुनुपर्छ ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस्।**

**सावधानीः** विषादीलाई बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, ज्यादै घातक, पहेँलो**

**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम ठेगानाः**

एच पी एम केमिकल्स एण्ड फर्टिलाइजर्स लिमिटेड युनिट नम्बर-४०२-४१२, ४१२ ए, ४१४, चौथो तल्ला, पी पी ट्रेड सेन्टर, प्लट नम्बर पी-१, नेताजी सुभाष प्लेस, पीतामपुरा, नयाँ दिल्ली, भारत

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्कः-**

नेपाल एग्रो सेन्टर प्राइभेट लिमिटेड, धनुषा, जनकपुर, नेपाल
९८५४०२०६००

**उत्पादित देशको रजिष्टर नं.:**
CIR-31,080/99/CARTAP HYDROCHLORIDE (GR)-135

**नेपालमा पञ्जीकरण गरिएको नं.:**
0143-INS-GR-2026



**विषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नु पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

हेक्साकोनाजोल ५% एस.सी.

Hexaconazole 5% SC

**रोशन प्लस (ROSHAN PLUS)**

दैहिक ढुसीनाशक

सिफारिसः

| बाली | रोगकोनाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि ( दिन) | एम. एल / प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा- एम. एल | विषादी घोल्न जम्मा चाहिने पानी (लि) | | |
| अंगुर | सेतो धुले ढुसी ( Powdery Mildew) | ५००-१००० | ५०० | १४ | १-२ |
| धान | पातको फेद डढुवा ( Sheath Blight) | १ लिटर पानीमा २ एम.एल. विषादीको दरले मिसाई विषादीको घोल बनाई छर्ने । आवश्यकता अनुसारको परिमाणमा विषादीको घोल बनाउन सकिन्छ । | | ४० | २ |
| आँप | सेतो धुले ढुसी ( Powdery Mildew) | | | २७ | २ |

नोटः रोगहरूको नेपाली नाम स्थान विशेष अनुसार फरक हुन सक्छ । त्यसैले विज्ञहरूसँग सम्पर्क गरी यकिन गर्नुहोला ।

## प्रयोग गर्ने विधिः

सिफारिस गरिएको विषादीको मात्रालाई थोरै पानीमा मिसाई राम्रोसँग घोल्नुहोस् । त्यसपछि आवश्यक मात्रामा पानी थपेर राम्ररी चलाएर स्प्रे घोल तयार गर्नुहोस् । यो विषादी छर्कन हाते स्प्रेयर, बाल्टिन पम्प स्प्रेयर, स्टिरप पम्प स्प्रेयर, रकर स्प्रेयर, फुट स्प्रेयर, ह्विलबारो स्प्रेयर, कम्प्रेसन नापस्याक स्प्रेयर, ब्याट्री स्प्रेयर, पावर स्प्रेयरको प्रयोग गर्न सकिन्छ । माथि सिफारिस गरिएका विषादीलाई कीटनाशक तथा ढुसीनाशकसँग मिलाएर प्रयोग गर्न सकिन्छ ।

## यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्दछ ।

खाद्यान्न, खाली खाद्यान्न भाँडा तथा पशु आहारबाट टाढा राख्नुहोस् । आँखा र छालासँग प्रत्यक्ष सम्पर्क हुन नदिनुहोस् । स्प्रे गर्दा निस्कने छिटा श्वास मार्फत शरिर भित्र जान नदिनुहोस् । स्प्रेपछि हातखुट्टा र शरीरका खुला भाग साबुनपानीले राम्ररी धुनुहोस् । दूषित कपडा तुरुन्त फेरेर धुनुहोस् । स्प्रे गर्ने क्रममा खाने, पिउने वा धूम्रपान नगर्नुहोस् । विषादी छर्दा पञ्जा, रबर बुट, चश्मा, ग्यास मास्क, टोपी तथा पूरा शरीर ढाक्ने सुरक्षात्मक पोशाक प्रयोग गर्नुहोस् । यो विषादी मौरी र माछाहरूलाई घातक हुने हुँदा मौरीको चरन समयमा र माछापालन क्षेत्रका नजिक प्रयोग गर्नुहुँदैन । साथै यो विषादी पशुचौपाया, अन्य चराचुरुङ्गी तथा जनावरहरूको चरन क्षेत्रमा पनि प्रयोग गर्नुहुँदैन ।

## मानिसलाई यो विषादीको विष लागेको अवस्थामा

घबराहट हुने, थकान लाग्ने, शरिर काम्ने, ऐंठन हुने साथै एलर्ज़ी जस्ता लक्षणहरु देखिन सक्छन ।

## विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार

विषादी निलेको खण्डमा, घाँटीको पछाडिपट्टि औंला प्रयोग गरेर वा काउकुती लगाएर बान्ता गराउनुहोस् । यदि बिरामी बेहोस छ भने मुखबाट केही पनि खानेकुरा दिनुहुँदैन र बान्ता नगराउने । छालामा विषादीको सम्पर्क भएको अवस्थामा विषादी सम्पर्क भएको भाग पर्याप्त सफा पानी र साबुनले राम्ररी धुनुहोस् । यदि रुखोपन रह्यो भने चिकित्सकलाई देखाउनुहोस् । आँखामा विषादीको सम्पर्क भएको अवस्थामा कम्तीमा १५ मिनेटसम्म सफा पानीले आँखालाई धुनुहोस् ।

## एण्टिडट

यो विषादीको कुनै विशेष एण्टिडट उपलब्ध छैन । लक्षणका आधारमा उपचार गर्नुपर्छ ।

## प्रयोग गरिएको भाँडाको बिसर्जन

विषादी राखिएको प्याकेट वा भाँडालाई पुनः पानी, खाना, तेल वा अन्य खाद्यवस्तु राख्न प्रयोग गर्नु हुँदैन । विषादीका खाली खोल, कन्टेनर, विषादीयुक्त सामग्री तथा विषादी सफा गरेको पानीको उचित व्यवस्थापन गर्नु विषादी उत्पादक तथा प्रयोगकर्ताको कर्तव्य हुनेछ । वातावरणीय तथा जल प्रदूषण हुन नदिन खाली कन्टेनरहरू आवासीय क्षेत्रबाट टाढा गहिरो खाडल खनी सुरक्षित रूपमा नष्ट गर्नुपर्छ ।

## भण्डारणको अवस्था

विषादी भएका प्याकेजहरुलाई अन्य वस्तुहरु भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चावी लगाई राख्नुपर्छ । विषादी भण्डारणको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, पर्याप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने हुनुपर्छ । आधिकारिक व्यक्तिहरुको मात्र पहुँच हुने गरी विषादीको प्याकेट र कन्टेनरहरु सुख्खा ठाँउमा भण्डारण गर्नुहोस् । विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधि, वा मलखादवाट टाढा राख्नुहोस् ।

**प्रयोग गर्नु पूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानीः** विषादीलाई बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, मध्यम घातक, निलो**

**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं.मा फोन गर्नुहोस् । वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना :**

रामसाईड्स क्रपसाईन्स प्रा .लि., चेन्नई, भारत

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सर्म्पक नं.**

नेपाल सिड सेन्टर, कलैया ४, बारा, नेपाल,

९७०६३६१४८८

Email: nepalseedcenter123@gmail.com

**उत्पादितदेशको रजिष्टर नं.** CIR-102382/2012-Hexaconazole (SC)(330)-1

**नेपालमा पञ्जीकरण गरिएको नं.**

0144-FUN-SC-2026




**विषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

**जिङ्क फस्फाइड ८०% पाउडर**

# Zinc Phosphide 80% Powder

# रेटफोस रेट पोइसन पाउडर (RATPHOS Rat Poison Powder)

**मुसानाशक**

**सिफारिस**

| **बाली/प्रयोग क्षेत्र** | **विभिन्न प्रजातिका मुसाको नाम** | **तयारी चारा** |
|---|---|---|
| घर, गोदाम, बगैंचा तथा अन्य आवासीय क्षेत्र वरपर तालिम प्राप्त व्यक्तिको निगरानीमा | घर मुसा (*Rattus rattus*), खेतको मुसा (*Rattus norvegicus*), घरको ठुलो मुसा (*Mus musculus*), खेतको ठुलो मुसा (*Bandicota indica*), खेतको सानो मुसा (*Bandicota bengalensis*) | १०० ग्राम खाद्य सामाग्री (जस्तैः गहूँको पिठो वा चामलको पिठो वा आलुको पिस वा मोलासेस् वा सिद्रा माछा) मा १ ग्रामको दरले यो विषादी मिसाई विषाक्त चारा (१०:१) तयार गर्नुपर्दछ । |

**नोट : यी मुसाको नाम स्थान विशेष अनुसार फरक हुन सक्छ ।**

**प्रयोग गर्ने विधि :**
मुसाहरु संवेदनशील स्वभावका हुने भएकोले सुरुमै विष हालेको चारो (Poison baits) राख्दा मुसाहरुले खाँदैनन् र सोचेजस्तो नतिजा आउँदैन । पहिले ४-५ दिनसम्म मुसाको प्वाल वा दुलो र आवतजावत गर्ने ठाउँहरुमा विष नहालेको सादा चारो वा खाद्य सामाग्रीहरु (Plain baits) (जस्तै : गहुँ, चामल, आलु वा सुखेको माछा) राख्नुपर्दछ जसकारण मुसाहरुलाई उक्त चारो खुवाएर पुनः फकाउन सकिन्छ । जब मुसाले ७५% भन्दा बढी सादा चारो खान थाल्छ तब यो विषादी चारोमा मिसाउनुपर्दछ । विषादी मिसाउँदा तौलको हिसाबले १ भाग रेटफोस पाउडर र १० भाग चारो (जस्तै : १०० ग्राम चारोमा १० ग्राम यो विषादी मिसाउने) मिसाएर सादा चारोको ठाउँमा विष हालेको चारो लगातार २-३ दिनसम्म राख्दा ७५-८५% मुसाहरु नष्ट हुनुका साथै बाँकी बचेका मुसाहरु नियन्त्रण गर्न १५ दिन पछि फरक स्वादको चारो प्रयोग गरि फेरि यहि प्रक्रिया दोहोऱ्याउनुपर्छ । चारो बनाउँदा वा राख्दा आफ्नो हातको गन्ध नमिसिने गरी र विष हातमा लाग्न नदिनका लागि बच्नका लागि हातमा पञ्जाको (Rubber hand gloves) प्रयोग अनिवार्य गर्नुपर्दछ ।

**यो विषादी प्रयोग गर्दा देहायको सावधानी अपनाउनु पर्छ :**
खाद्य पदार्थ, खाद्य पदार्थका रिक्ता भाँडाहरु तथा पशुचौपायाको आहारा भन्दा यो विषादी पर राख्नुपर्दछ । मुख, आँखा र छालामा यो विषादीलाई पार्नु हुँदैन । श्वासप्रश्वासबाट यो विषादी भित्र प्रवेश गर्न दिनु हुँदैन । यो विषादीको प्रयोग गर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नु हुँदैन । यो विषादी प्रयोग गर्दा सुरक्षित पहिरन अनिवार्य लगाउनु पर्छ । प्रयोग पश्चात बाँकी रहेको विषयुक्त चारा तथा मरेका मुसाहरु हटाउने तथा आवासिय क्षेत्रभन्दा टाढा लगेर गाड्ने वा जलाउने गर्नुहोस् । विषयुक्त चारालाई घरपालुवा जनावर वा पन्छीले खान सक्ने हुँदा विशेष सावधानी अपनाउने तथा बालबालिकाबाट सुरक्षित रहने गरी र सम्पर्क नहुने व्यवस्था मिलाएर मात्र प्रयोग गर्ने ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा :**
वाकवाकी लाग्ने, पेट दुख्ने, छातीमा दबाव महसुस हुनु, कमजोर महसुस हुनु, अत्यधिक तिर्खा लाग्नु, ऐंठन पर्नु (छारे पर्नु ) जस्ता लक्षण देखा पर्दछन् ।

**विष लाग्दा अपनाउनु पर्ने प्राथमिक उपचार :**
विषादी निलेको खण्डमा घाँटीको पछाडि भागमा काउकुती गरेर बान्ता गराउनुहोस् । बान्ता सफा नभएसम्म यो प्रकृया दोहोऱ्याउनुहोस् । बिरामी बेहोस छ भने बान्ता नगराउनुहोस् । यदि लुगा र छालामा विषादी परेको छ भने दूषित लुगा हटाउनुहोस् र प्रभावित शरीरका भागहरूलाई प्रशस्त साबुन र पानीले धुनुहोस् । आँखामा विषादी परेमा सफापानीले १०-१५ मिनेटसम्म आँखालाई पखाल्नुहोस् । यदि विषादी श्वासमार्फत शरीर भित्र प्रवेश गरेमा बिरामीलाई खुल्ला तथा ताजा हावामा राख्नुहोस् ।

**एण्टिडट :**

विशेष किसिमको एण्टिडट उपलब्ध छैन । लक्षणको आधारमा उपचार गर्नुहोस् ।

**प्रयोग गरिएको भाँडाको विसर्जन :**
जल तथा वातावरण प्रदुषण हुन नदिनका लागि विषादीका प्याकेटहरु, बचेका विषादी र मेसिनरीका साथै कन्टेनरहरु पखालिसकेपछि निस्केका पानीहरुलाई सुरक्षित तवरले विसर्जन गर्नुहोस् । प्रयोग गरिएका विषादीका प्याकेटहरु पुनः प्रयोगका लागि बाहिर छोड्नुहुँदैन । प्रयोग भइसकेका विषादीका प्याकेटहरु तोडेर/बिगारेर बासस्थानबाट टाढा सुरक्षित तरिकाले व्यवस्थापन गर्नुहोस् ।

**भण्डारणको अवस्था :**

विषादी रहेका प्याकेटहरूलाई अन्य सामाग्रीहरु भण्डारण गर्ने कोठा वा परिसर भन्दा अलग्गै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको संख्या र प्रकृतिका आधारमा छुट्टै अलमारीमा ताला लगाएर राख्नु पर्दछ । विषादी भण्डारणका लागि तोकिएका कोठा वा परिसर राम्ररी निर्मित, सुख्खा, चिसो, पर्याप्त उज्यालो, हावाको आहोरदोहोर राम्रो हुने र वाष्पबाट दूषित नहुने खाालको हुनु पर्दछ ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादीको बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी :** बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, अत्यन्तै घातक, रातो**

**(कृषि, घरायसी प्रयोजनको लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना :**
श्री सिद्धदाता फार्मएड प्रा.ली., पिथमपुर औधोगिक क्षेत्र, जिल्ला : धार-४५४७७५, (एम.पी.), भारत ।

**पैठारीकर्ताको नाम ठेगाना र सम्पर्क नं.**
शशी एग्रोभेट सेन्टर, नेपालगंज-१ बाँके ,नेपाल
सम्पर्क नं. : ९८४८०४३६८०
shashiagrovetcentre@yahoo.com

**उत्पादित देशको रजिष्टर नं.:** CIR-59,892/2008-Zinc phosphide(W/v)(289)-165

नेपालमा पञ्जीकरण गरिएको नं.

0145-ROD-P-2026



**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

## जीवनाशक विषादी विष हो, औषधी होइन। अत: विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस्।

**बिस्पाइरिबैक सोडियम १०% एस. सी.**

Bispyribac Sodium 10% SC

**क्रपकेयर गोल्ड (CROPCARE Gold)**

अंकुरण पश्चात् (Post–Emergence) छर्नुपर्ने दैहिक झारनाशक

| सिफारिस | | | | | |
|---|---|---|---|---|---|
| बाली | झारको सामान्य नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि (दिन) | एम. एल./ प्रति लिटर पानीमा |
| | | यस विषादीको आवश्यक मात्रा- एम. एल. | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| नर्सरी धान | टुँडे सामा घाँस (*Echinochloa crusgalli*), सामा घाँस (*Echinochloa colonum*), बन्सो (*Ischaemum rugosum*), झुसे मोथे (*Cyperus difformis*), छाते मोथे (*Cyperus iria*), ज्वाने झार (*Fimbristylis miliacea*), भृङ्गराज (*Eclipta alba*), पानी झार (*Ludwigia parviflora*), निलो जलुके (*Monochoria vaginalis*), जल जम्बु (*Alternanthera philoxeroides*), पानी मरिच (*Sphenoclea zeylancia*) | २०० | ३०० | ७८ दिन भन्दा बढी | ०.६६ |
| रोपेको धान | | २००-२५० | ३०० | ७८ दिन भन्दा बढी | ०.६६- ०.८३ |
| छरुवा धान | | २००-२५० | ३०० | ७८ दिन भन्दा बढी | ०.६६- ०.८३ |

नोटः झारहरुको नेपाली नाम स्थान विशेष अनुसार फरक हुनसक्छ। त्यसैले विज्ञहरुसँग सम्पर्क गरी यकिन गर्नुहोला।

### प्रयोग गर्ने विधि

विषादी प्रयोग गर्नु अघि विषादीको बोतललाई राम्ररी हल्लाउनुहोस्। आवश्यक मात्रामा झारनाशक विषादी नाप्नुहोस् र थोरै मात्रामा पानीमा राम्रोसँग मिसाउनुहोस्। बाँकी रहेको पानी राम्ररी चलाएर थप्नुहोस्। झारनाशक विषादी प्रयोग गर्नु अघि खेतको पानी निकास गर्नुपर्छ। विषादी प्रयोग गरेको एक दिन भित्र खेतमा पानी भर्नुपर्छ र विषादी प्रयोग गरेपछि कम्तिमा १० दिनसम्म पानी कायम राख्नपर्छ। हावाको दिशामा समान रूपमा स्प्रे गर्नहोस्। खेतमा एक नाशले विषादी छर्किनुहोस्। **नर्सरी रोपाइँ गरिएको धानः** नर्सरी धानको लागि बीउ छरेको १०-१२ दिनपछि तथा रोपाई गरिएको धानको लागि रोपाइँ गरेको १०-१४ दिनपछि, अधिकांश झारहरू उम्रिसकेका हुन्छन् र ३-४ पातको अवस्थामा हुन्छन् (माटो तथा मौसमीय अवस्थाअनुसार), तव विषादी प्रयोग गर्ने उपयुक्त समय हो। **बीउ छर्ने धानः** प्रत्यक्ष रूपमा बीउ छरिएको धानमा बीउ छरेको १५-२५ दिनपछि विषादी प्रयोग गर्ने। यो उच्च मात्रामा छर्कने स्प्रेयर (High volume sprayer) जस्तै फल्याट फ्यान फ्लड जेट नोजल जडान गरिएको न्यापस्याक (Knapsack) स्प्रेयर प्रयोग गर्न सिफारिस गरिन्छ।

### यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्दछ।

खाद्य पदार्थ तथा पशु आहारबाट टाढा राख्नुहोस्। आँखा र छालासँगको प्रत्यक्ष सम्पर्कबाट जोगाउनुहोस्। विषादीको प्याकेट खोल्दा वा विषादी छर्कदा पञ्जा, रवर बुट, चश्मा, ग्याँस मास्क तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस्। विषादी शरीरमा पर्न दिनुहुँदैन। विषादी छरिसकेपछि सम्पर्कमा आएका कपडाहरु राम्रोसँग धुनुहोस् र नुहाउनुहोस्। विषादी छर्दा खाने, चपाउने, पिउने, धूम्रपान गर्नुहुँदैन।

### मानिसलाई यो विषादीको विष लागेको अवस्थामा

कमजोरी हुने, बान्ता हुने, मुखबाट र्‍याल बग्ने तथा पखाला लाग्ने जस्ता लक्षणहरु देखिन्छन्।

### विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार

विषादी निलेको खण्डमा, घाँटीको पछाडिपट्टि औँला प्रयोग गरेर वा काउकुती लगाएर बान्ता गराउनुहोस्। यदि बिरामी वेहोस छ भने बान्ता नगराउनुहोस्। यदि कपडा र छाला दुषित भएमा, कपडा फुकाल्नु होस् र दूषित छालालाई प्रशस्त मात्रामा साबुन र पानीले धुनुहोस्। यदि आँखा दूषित भएमा लगभग १० देखि १५ मिनेटसम्म प्रशस्त पानीले धुनुहोस्। यदि विषादी शरिरमा गएको खण्डमा, बिरामीलाई ताजा हावामा सार्नुहोस्। यदि श्वास फेरेको छैन भने श्वासनली खाली गर्नुहोस् र कृत्रिम श्वासप्रश्वास दिनुहोस् र तुरुन्तै चिकित्सकलाई सम्पर्क गर्नुहोस्।

### एण्टिडट

विशेष किसिमको एण्टिडट छैन। लक्षणको आधारमा उपचार गर्नुहोस्।

### प्रयोग गरीएका भाँडाको विसर्जन

कन्टेनर फिर्ताको लागि विषादी विकेतालाई सम्पर्क गर्नुहोस्। यदि कन्टेनर फिर्ता गरिएको छैन भने, तीन पटक पखाल्नुहोस्। त्यसपछि पूनः प्रयोग गर्न नमिल्ने गरि प्याकेजलाई बिगारेर बस्तीबाट टाढा सुरक्षित तरिकाले व्यवस्थापन गर्नुहोस्। विषादी राखिएको प्याकेट कहिल्यै पूनः प्रयोग (पानी, खाना, तेल राख्न) नगर्नुहोस। वातावरण वा पिउने पानीमा प्रदुषण नहुने गरी कन्टेनर वा कन्टेनर पखाल्न प्रयोग गरिएको पानी सुरक्षित रूपमा विसर्जन गर्नुहोस्।

### भण्डारणको अवस्था

विषादी भएका प्याकेजहरुलाई अन्य वस्तुहरु भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चावी लगाई राख्नुपर्छ। विषादी भण्डारणको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, पर्याप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने हुनुपर्छ। आधिकारिक व्यक्तिहरुको मात्र पहुँच हुने गरी विषादीको प्याकेट र कन्टेनरहरु सुख्खा ठाँउमा भण्डारण गर्नुहोस्। विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधि वा मलखादवाट टाढा राख्नुहोस्। झारनाशकलाई अन्य विषादी, खाद्य पदार्थ र पशु आहारसँग सम्पर्क नहुने गरी ढुवानी र भण्डारण गर्नुहोस्।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस्।**

**सावधानी:** विषादीलाई बच्चाको पहुँचबाट टाढा राख्नुहोस्।




**सावधान, मध्यम घातक, निलो**
**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं.मा फोन गर्नुहोस्। वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।

**विषादीको उत्पादक र वितरकको नाम ठेगानाः** क्रोप केयर पेस्टिसाइड्स (इन्डिया) प्रा. लि., मोहाली, पञ्जाब, भारत

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.** नेपाल सिड सेन्टर, कलैया ४, बारा, नेपाल, ९७०६३६१४८८

Email: nepalseedcenter123@gmail.com

**उत्पादित देशको रजिष्टर नं.** CIR-161763/2019-Bispyribac sodium (SC) (399)-24

**नेपालमा पञ्जीकरण गरिएको नं.**

0146-HER-SC-2026



**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस्।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

**साइपरमेथ्रिन १ प्रतिशत चक**

# Cypermethrin 1.0% Chalk
# अन्तिमरेखा (ANTIMREKHAA)

**साङ्ला नियन्त्रणमा प्रयोग गरीने घरायसी कीटनाशक**

**सिफारिस : साङ्ला कीरा नियन्त्रणको लागि**

**प्रयोग विधि :**

साङ्लाहरु बढी रहने/सक्रिय हुने स्थानहरु जस्तैः फोहोरदानी (Dust Bins), फोहोर तथा पानी निकासका स्थानहरु (Drain holes) लगायत साङ्ला बढी आवतजावत गर्ने स्थानहरुको वरिपरि यस विषादीयुक्त चकले २-३ वटा समानान्तर रेखाहरु कोर्नुहोस् । यदि सतह चिल्लो छ भने चकको टुप्पोलाई पानीमा भिजाएर रेखा कोर्नुहोस् ।

**यो विषादी प्रयोग गर्दा देहायको सावधानी अपनाउनु पर्छ :**

खाद्य पदार्थ, खाद्य पदार्थका रित्ता भाँडा तथा पशुको आहारा भन्दा यो विषादी अलग्गै राख्नुपर्छ । यसको प्रयोग गर्दा मुख, आँखा र छालामा विषादीको सिधा सम्पर्क हुन नदिनुहोस् । यस विषादीयुक्त चाराको प्रयोग गर्दा हातमा पञ्जा लगाउनुपर्दछ ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा :**

डराउने, चिन्ता हुने, कम्पन हुने, ऐंठन हुने, छालाको एलर्जी, हाच्छिउँ आउने, नाकबाट पानी बग्ने तथा जलन हुने जस्ता लक्षणहरु देखिन्छन् ।

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार :**

विषादी निलेको अवस्थामा बान्ता नगराउने र तरल पदार्थ मुखबाट नदिने गर्नुहोस् । यदि शरीरमा लगाएका लुगा र छाला विषाक्त भए लुगा फुकाल्ने र छालालाई पर्याप्त मात्रामा साबुनपानीले पखाल्ने गर्नुपर्दछ । आँखामा विषादी परेमा १०-१५ मिनेटसम्म पर्याप्त मात्रामा नुनिलो/सफा पानीले आँखालाई पखाल्ने । विषादी श्वास मार्फत शरीर भित्र गएमा बिरामीलाई खुल्ला ताजा हावामा राख्नुहोस् ।

**एण्टिडट :**

विशेष एण्टिडट (Specific antidote) हालसम्म उपलब्ध छैन । यदि विषाक्त हुन्छ भने लक्षण अनुसार (Symptomatic and supportive care) उपचार गर्नुपर्छ । एलर्जी नियन्त्रणको लागि चिकित्सकको निगरानीमा एन्टि-हिस्टामिन्स (Antihistamines) दिन सकिन्छ ।

**प्रयोग गरिएका भाँडाको विसर्जन :**

प्रयोग भइसकेका विषादीका प्याकेटहरुलाई तोडेर/बिगारेर बासस्थानबाट टाढा व्यवस्थापन गर्नुहोस् । प्रयोग गरिसकेका प्याकेटहरुलाई पुनः प्रयोगका लागि बाहिर त्यतिकै छोड्नुहुँदैन । वातावरण र जल प्रदूषण हुन नदिनका लागि विषादीका भाँडाहरु वा अतिरिक्त सामाग्रीहरु तथा मेसिनरीका साथै कन्टेनरहरु पखालिसकेपछि निस्केको पानीलाई सुरक्षित तवरले विसर्जन गर्नुहोस् ।

**भण्डारणको अवस्था :**

विषादीका भाँडाहरु भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्नेछ वा विषादीको संख्या र प्रकृति अनुसार दराजमा ताला र चाबी लगाएर राख्नुहोस् । विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा वा परिसर ढलान गरेको, सुख्खा, चिसो, पर्याप्त उज्यालो, हावाको ओहोरदोहोर राम्रो हुने फलत: वाष्पबाट दुषित नहुने किसिमको हुनुपर्दछ ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादीको बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी** : बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, उच्च घातक, पहेँलो**

**(घरायसी शत्रुजीव साङ्ला नियन्त्रणको लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५५२१५९७ नं. मा फोन गर्नुहोस् वा यो info@npponepal.gov.np इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना :**

श्री सिद्धदाता फार्मएड प्रा.ली., पिथमपुर औधोगिक क्षेत्र, जिल्लाः धार-४५४७७५, (एम.पी.), भारत ।

**पैठारीकर्ताको नाम ठेगाना र सम्पर्क नं.**

शशी एग्रोभेट सेन्टर, नेपालगंज-१ बाँके, नेपाल
सम्पर्क नं. : ९८४८०४३६८०
shashiagrovetcentre@yahoo.com

**उत्पादित देशको रजिष्टर नं.** : CIR-170221/2020-Cypermethrin (chalk) (413)-1496 . F.No. 94133-F/9(4)/2019

नेपालमा पञ्जीकरण गरिएको नं.

0147-INS-Chalk-2026



**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

वर्टिसिलियम क्लामाइडोस्पोरियम १% डब्लु. पी.
(पोकोनिया क्लामाइडोस्पोरिया)

***Verticillium chlamydosporium* 1% W.P.**
**(Pochonia chlamydosporia)**
(CFU Count: $2\times10^6$ / gm minimum)
Strain No.: IIHR-VC-3, Accession No.: ITCC No. 6898

## निमेटोफ्री+ (NEMATOFREE+)

(प्रभावकारी र पर्यावरणमैत्री जैविक जुकानाशक विषादी)

सिफारिस:

| बाली | रोगको सामान्य नाम र रोग लगाउने जिवाणु | | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | ग्राम/ प्रति के.जी गोबरमलमा | पर्खने अवधि (दिन) |
|---|---|---|---|---|---|---|
| | | | यो विषादीको आवश्यक मात्रा (के. जी.) | विषादीको मिश्रण तयार गर्न आवश्यक गोबरमलको मात्रा (के. जी) | | |
| गोलभेंडा | जरा गाँठो बनाउने जुका Root-knot nematodes *(Meloidogyne incognita)* | बीउ उपचार | २० ग्राम प्रति के. जी बीउको दरले | | | छैन |
| | | नर्सरी/ब्याडको उपचार | ५०० | ५००० | १०० | |
| | | माटोको उपचार | ५ | ५००० | १ | |
| भिण्डी | जरा गाँठो बनाउने जुका Root-knot nematodes *(Meloidogyne incognita)* | बीउ उपचार | २० ग्राम प्रति के. जी बीउको दरले | | | |
| | | माटोको उपचार | ५ | ५००० | १ | |

**प्रयोग गर्ने विधि**

**बीउ उपचार:** माथि उल्लेख गरे अनुसार यस जैविक विषादीको आवश्यक परिमाणलाई थोरै पानीमा मिसाएर पेष्ट बनाई बीउमा समान रूपमा लेपन गरी छायाँमा सुकाएर तुरुन्त रोप्नुहोस् । रासायनिक उपचार गरिएको बीउमा यो जैविक विषादीको प्रयोग गर्नु हुँदैन ।

**नर्सरी उपचार:** माथि उल्लेख गरे अनुसार दरको मात्रामा नर्सरी राख्ने बारी वा खेतमा नर्सरी तयार गर्दा सिफारिस गरिएको मात्रामा यो विषादीलाई राम्रोसँग कम्पोस्ट मलमा मिसाई उक्त विषादीको मिश्रण नर्सरी बेडमा समान रुपमा छर्नुपर्दछ ।

**माटोको उपचार:** माथि उल्लेख गरे अनुसार दरको मात्रामा बेर्ना सार्नु पूर्व ५ के. जी प्रति हेक्टरको दरमा यो जैविक विषादीलाई ५ टन गोबरमलमा मिलाएर एकनासले छर्नु पर्दछ ।।

**यस जैविक विषादी मिसाई गोबरमलको गुणस्तर बढाउने विधि:**

यस जैविक विषादीलाई माथि उल्लेख गरे अनुसारको दरले राम्ररी पाकेको गाई भैंसीको गोबरमल वा कम्पोष्ट मलमा मिलाउने र छायाँमा १५ दिनसम्म राख्नु पर्दछ । उक्त १५ दिनको अवधिमा गोबरमलमा चिस्यान उपयुक्त व्यवस्थापन गर्नुपर्छ । साथै, प्रत्येक पाँच पाँच दिनको फरकमा राम्रोसँग चलाउँदा यो जैविक विषादी कम्पोष्ट /गोबर मलमा सबैतिर फैलन सक्दछ र थप प्रभावकारी हुन्छ ।

**नोट:** एक किलोग्राम फर्मुलेशनमा भर्टिसिलियम क्लामाइडोस्पोरियमको १० ग्राम बायोमास हुन्छ ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ ।**

विषादीका प्याकेट खोल्दा वा विषादी छर्कदा पञ्जा, रवर वुट, चश्मा, ग्याँस मास्क तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । मुख, आँखामा तथा छालामा विषादीको सिधा सम्पर्क हुन नदिनुहोस् । विषादी शरीरमा पर्न दिनु हुदैन । विषादी छरी सके पछि सम्पर्कमा आएका कपडाहरु राम्रोसगं धुनुहोस् र नुहाउनुहोस् । विषादी छर्दा खाने, चपाउने, पिउने, धम्रपान गर्नु हुदैन ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा**

यो जैविक विषादीका कारण कहिलेकाहीँ टाउको दुख्ने, चिड्चिडापन हुने वा वाकवाकी लाग्ने जस्ता लक्षणहरू देखिन सक्छन् ।

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार**

छालामा विषादीको सम्पर्कमा भएका लुगाहरू हटाउनुहोस् र विषादी परेको भागलाई साबुनपानीले राम्रोसँग धुनुहोस् । आँखामा विषादी परेको भए तुरुन्त प्रशस्त सफा पानीले कम्तीमा १५ मिनेटसम्म लगातार पखाल्नुहोस् । यदि विषादी श्वासबाट भित्र गएमा बिरामीलाई खुला तथा ताजा हावायुक्त स्थानमा लैजानुहोस् । यदि विषादी निलेमा घाँटीको पछाडि भागमा चलाएर (काउकुती लगाएर) वान्ता गराउनुहोस् । यदि बिरामी बेहोस अवस्थामा छ भने वान्ता नगराउने र मुखबाट कुनै पनि खानेकुरा नदिनुहोस् । तुरुन्त चिकित्सकको परामर्श लिनुहोस् ।

**एण्टिडट**

कुनै खास विषनाशक छैन । लक्षणको आधारमा उपचार गर्नुहोस् ।

**प्रयोग गरिएको भाँडोको बिसर्जन**

विषादी राखिएको प्याकेट वा भाँडो पुनः प्रयोग गरी पानी, तेल वा अन्य खाद्यवस्तु राख्न हुँदैन । विषादीका खाली बोतल, खोल तथा अन्य विषादीयुक्त सामग्रीहरू र विषादी सफा गरेको पानीको उचित व्यवस्थापन गर्नु उत्पादक तथा प्रयोगकर्ताको कर्तव्य हुनेछ । वातावरणीय वा पानी प्रदूषण हुन नदिन खाली कन्टेनरहरू आवासीय क्षेत्रबाट टाढा सुरक्षित तरिकाले नष्ट गर्नुपर्दछ ।

**भण्डारणको अवस्था**

विषादी रहेका प्याकेटहरूलाई खाद्य पदार्थ तथा अन्य उपभोग्य सामग्री भण्डारण गर्ने कोठा वा परिसरबाट अलग्गै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ । विषादीको मात्रा तथा प्रकृतिअनुसार छुट्टै अलमारीमा ताला-चाबी लगाई सुरक्षित रूपमा राख्नुपर्छ । विषादी भण्डारणका लागि प्रयोग गरिने कोठा वा परिसर मजबुत रूपमा निर्मित, सुख्खा, शीतल, पर्याप्त उज्यालोयुक्त तथा राम्रो हावाप्रसार हुने हुनुपर्छ । यो जैविक विषादी भएकाले व्याक्टेरियानाशक तथा रासायनिक विषादीबाट टाढा राख्नुपर्छ । यो विषादीलाई भण्डारण गर्दा भण्डारण कक्षको तापक्रम ४५ डिग्री सेल्सियस भन्दा कममा र सूर्यको प्रकाश सीधा नपर्ने खालको हुनुपर्दछ ।

**प्रयोगको निर्देशन: प्रयोग गर्नु पूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी:** विषादीलाई बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, सामान्य घातक, हरियो**
**(कृषि प्रयोजनका लागि मात्र)**

यो जैविक ढुसीनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् ।
वा
info@npponepal.gov.np
मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादन र वितरकको नाम ठेगाना** - इन्टरनेशनल पानासिया लिमिटेड, नयाँ दिल्ली, भारत

**पञ्जीकरण / पैठारीकर्ता :**
गोरखा सीड एण्ड एग्रो ट्रेडर्स
काठमाण्डौ, नेपाल
फोन नं. ०१ ५२२५२४३

**उत्पादित देशको रजिष्टर नं.** CIR-14566/2021(428)-Verticillium Chlamydosporium (WP)-10

नेपालमा पञ्जीकरण गरिएको नः
0148-BIO-WP-2026




**विषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

**प्रोपोक्सूर २ % एरोसोल**

# Propoxur 2% Aerosol

# न्यू लक्ष्मणरेखा स्प्रे (NEW LAXMAN REKHAA SPRAY)

**साङ्ला, भिंगा, र वयस्क लामखुट्टे नियन्त्रणको लागि प्रयोग गरिने घरायसी कीटनाशक**

**सिफारिस : साङ्ला, भिंगा, र वयस्क लामखुट्टेको लागि ।**

**प्रयोग गर्ने विधि :**

यो विषादी प्रयोग गर्नका लागि तयारी अवस्थामा रहेको छ । घरमा पाइने कीराहरु जस्तै :साङ्ला, लामखुट्टे तथा वयस्क भिंगाहरुलाई ठाउँको ठाउँ नियन्त्रण गर्नको लागि यो रासायनिक विषादी प्रयोग गरिन्छ । यसलाई कुनै पनि खाद्य बालीहरुमा प्रयोग गर्नु हुँदैन । यो विषादीको प्रयोग गर्दा ढक्कन खोल्नुहोस्, सिल तोडेर नोजेललाई आफूभन्दा पर राखेर बिस्तारै बटन थिच्दै उल्लिखित शत्रुजीव संक्रमित स्थानमा एकरुपताका साथ छर्कनुहोस् । अमेरिकन साङ्ला *(Periplaneta americana),* ओरिएन्टल साङ्ला *(Blatta orientalis)*, र जर्मन साङ्लाहरु *(Blatella germanica),* बस्ने, लुक्ने तथा भाग्ने स्थानहरुमा यो विषादी छर्केर नियन्त्रण गर्न सकिन्छ । लामखुट्टे *(Anopheles, Culex and Aedes)* र भिंगाहरु *(Musca domestica)* बस्ने गरेका ठाउँहरुमा एकरुपताका साथ छर्केर नियन्त्रण गर्न सकिन्छ । यदि कीराहरुको संक्रमण पुनः देखिएमा केही दिनको अन्तरालमा पुनः छर्कनुहोस् ।

**यो विषादी प्रयोग गर्दा देहायको सावधानी अपनाउनुपर्छ :**

खाद्य पदार्थ वा खाद्य पदार्थका खाली भाँडा तथा पशुको आहाराभन्दा पर राख्नुहोस् । आँखा, मुख र छालामा सिधा सम्पर्क हुन नदिनुहोस् । विषादी छर्कंदा नाक, मुखबाट भित्र प्रवेश गर्न नदिनुहोस् र हावा चलेको दिशातर्फ छर्कनुहोस् । विषादी छरिसकेपछि सम्पर्कमा आएका लुगा तथा शरिरका भागहरु राम्रोसँग सफा पानीले पखाल्नुहोस् । विषादी छर्किने समयमा खाने, चपाउने, पिउने र धूम्रपान नगर्नुहोस् । विषादी छर्कंदा पुरा शरिर ढाक्ने सुरक्षित पहिरन अनिवार्य रुपमा लगाउनुहोस् ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा :**

भोक नलाग्ने, टाउको दुख्ने, चक्कर लाग्ने, थकान हुने, आँखाको नानी खुम्चने र दृष्टिमा बाधा पर्ने, मांसपेशी कम्पन हुने, पेट दुख्ने, पखाला लाग्ने, श्वासप्रश्वासमा कठिनाइ हुने, अत्याधिक पसिना आउने, वाकवाकी लाग्ने, बान्ता हुने र र्‍याल बग्ने तथा चिप्रा निस्कने जस्ता लक्षणहरु देखा पर्दछन् ।

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार :**

यदि निलेमा घाँटीको पछाडि भागमा काउकुती लगाएर बान्ता गराउने र बान्ता सफा नभएसम्म त्यही प्रकिया दोहोर्‍याउने । यदि बिरामी बेहोस भए बान्ता नगराउनुहोस् । यदि लुगा र छालामा विषादीको सम्पर्क भएमा दूषित कपडाहरु धुने र विष लागेका शरीरका भागमा पर्याप्त मात्रामा साबुन पानीले धुनुहोस् । यदि आँखामा विषादी सम्पर्क भएमा कम्तीमा १०-१५ मिनेटसम्म सफा पानीले आँखालाई पखाल्नुहोस् । विषादी श्वास मार्फत शरिर भित्र गएमा बिरामीलाई खुला ताजा हावामा राख्नुहोस् ।

**एण्टिडट :**

बिरामीलाई तुरुन्तै एट्रोपिन सल्फेट दिनुहोस् र यसको २-४ मि.ग्रा.सम्मको खुराक ५-१० मिनेटसम्मको अन्तरमा दिएर बिरामीलाई एट्रोपाइनाइज गर्नुहोस् । १ दिनमा बिरामीको अवस्था हेरेर २५ देखि ५० मि.ग्रा. सम्म एट्रोपिन सल्फेट आवश्यक पर्न सक्छ र बिरामीको लक्षण हेरेर थप एट्रोपिन सल्फेट दिन सकिन्छ । एट्रोपिन सल्फेट कति खुराक दिने भनेर मुखबाट निस्कने र्‍यालको मात्रा अनुसार निर्धारण हुन्छ । कुनै प्रकारको अक्साइम (Oxime) जस्तै २-पाम (2PAM) बिरामीलाई दिनु हुँदैन । यी प्रकृयाहरु सबै चिकित्सकको विशेष निगरानीमा गर्नुपर्दछ ।

**प्रयोग गरिएका भाँडाको विसर्जन :**

प्रयोग भइसकेको विषादीका प्याकेटहरुलाई तोडेर/बिगारेर बासस्थानबाट टाढा व्यवस्थापन गर्नुहोस् । प्रयोग गरिसकेको प्याकेटहरुलाई पुनः प्रयोगका लागि बाहिर छोड्नुहुँदैन । वातावरण र जल प्रदूषण हुन नदिनका लागि विषादीका भाँडाहरु वा अतिरिक्त सामाग्रीहरु तथा मेसिनरीका साथै कन्टेनरहरु पखालिसकेपछि निस्केको पानी सुरक्षित तवरले विसर्जन गर्नुहोस् ।

**भण्डारणको अवस्था :**

विषादी भाँडाहरु भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्नेछ वा विषादीको संख्या र प्रकृति अनुसार दराजमा ताला र चाबी लगाएर राख्नुहोस् । विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा वा परिसर पक्की सुख्खा, चिसो, पर्याप्त उज्यालो, हावाको ओहोरदोहोर राम्रो हुने खालको हुनुपर्दछ ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी :** बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, उच्च घातक, पहेँलो**

**(घरायसी शत्रुजीव नियन्त्रणको लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् । वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना :**

**उत्पादक:** संसाज होम केयर प्रोडक्ट्स प्रा.ली. कोइम्बटूर-६४१२०२, भारत.

**वितरक :** मिडास हाइजिन इन्डस्ट्रिज प्रा.ली. सेक्टर-१२ वाशी, नवी मुम्बई-४०० ७०३ (एम.एच), भारत.

**पैठारीकर्ताको नाम ठेगाना र सम्पर्क नं.**

शशी एग्रोभेट सेन्टर, नेपालगंज -१ बाँके, नेपाल

सम्पर्क नं. : ९८४८०४३६८०

shashiagrovetcentre@yahoo.com

**उत्पादित देशको पञ्जीकरण नं. :** CIR-168012/2020-Propoxur (Aerosol) (411)-112

नेपालमा पञ्जीकरण गरिएको नं.

0149-INS-Aerosol-2026



**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

**फिप्रोनिल ०.०५% जेल**

# Fipronil 0.05% Gel

# न्यू क्रेजी लाइन्स (NEW KRAZY LINES)

**साङ्ला नियन्त्रणमा प्रयोग गरिने सम्पर्क तथा दैहिक घरायसी कीटनाशक**

**सिफारिस :-** यो रासायनिक विषादी अमेरिकन साङ्ला (*Periplaneta americana*) र जर्मन साङ्ला (*Blattella germanica*) नियन्त्रणका लागि सिफारिस गरिएको घरायसी कीटनाशक हो । यस विषादी प्रयोग गर्ने विशेष बन्दुक (Bait Gun) एक पटक थिच्दा ०.०३ ग्राम विषादी निस्कन्छ । अतः साङ्ला आवतजावत गर्ने क्षेत्रमा साङ्लाको नियन्त्रणका लागि प्रति वर्ग मिटर क्षेत्रको लागि ३ देखि ४ पटकसम्म बन्दुक थिची विषादीका थोपाहरु पर्ने गरी प्रयोग गर्नुहोस् ।

**प्रयोग गर्ने विधि :**

यो जेल प्रयोग गर्न सजिलो भएको हुँदा विषादी भएको बट्टा विशेष रुपमा डिजाईन गरिएको बन्दुक (Bait gun) मा जडान गरि प्रयोग गर्दा यसले एक पटकमा ०.०३ ग्राम फिप्रोनिल जेल निस्कने हुँदा साङ्ला कीराहरुको पहिचान गरि जर्मन साङ्ला जस्ता साना साङ्लाहरुको लागि ३-४ मि.मि. र अमेरिकन साङ्ला जस्ता ठूला साङ्ला कीराहरुका लागि ६ मि.मि. व्यासको थोपा आकार प्रयोग गर्नु पर्दछ । ठूला साङ्लाहरुलाई नियन्त्रण गर्न ठूलो आकारका थोपाहरु आवश्यक पर्ने भएकोले थोपाको आकारमा भिन्नता राख्न आवश्यक पर्दछ । साङ्लाहरुका संक्रमण तहको आधारमा कीटनाशक जेल साङ्लाहरुको बासस्थान जस्तै : चिराहरु, चर्किएको ठाँउ वा साघुँरा प्वालहरु तथा साङ्ला लुक्ने वा बस्ने ठाँउहरुमा प्रयोग गर्नुपर्ने थोप्लाहरको आकार निर्धारण हुन्छ । यस विषादीको प्रयोग निर्धारण गर्दा भुइँको क्षेत्रफलका आधारमा नभई साङ्लाको बासस्थानको क्षेत्रफललाई आधार मान्नु पर्छ ।

**यो विषादी प्रयोग गर्दा देहायको सावधानी अपनाउनुपर्छ :**

यो विषादी खाद्य पदार्थबाट टाढा राख्नुहोस् । यो विषादी प्रयोग गर्दा धूम्रपान गर्ने, खाने र पिउने नगर्नुहोस् । विषादी प्रयोग गर्दा सम्पर्कमा आएका शरीरका भाग र लुगाहरु प्रयोग पश्चात साबुनपानीले सफा गर्नुहोस् । साथै खाना पदार्थ खानु वा पेय पदार्थ पिउनु अघि हात र शरीर राम्ररी धुनुहोस् ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा :**

चिड्चिडापन हुने, थकान महसुस हुने, मांसपेशीमा कम्पन वा ऐंठन हुने र गम्भीर अवस्थामा बेहोस हुने जस्ता लक्षणहरु देखिन सक्छन् । फिप्रोनिल यस्तो कीटनाशक हो जस्ले स्नायु प्रणालीको GABA (स्नायुलाई शान्त पार्ने तत्व) लाई केही समयका लागि अवरोध गर्दछ । यस विषादीसँगको सम्पर्क समाप्त भएपछि शरीरमा देखिएका लक्षणहरु विस्तारै हराउँदै जान्छन् र विष लागेको व्यक्ति सामान्य अवस्थामा फर्कन्छ ।

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार :**

यदि निलेमा औंलाले घाँटीको पछाडि भागमा कुतकुती लगाएर बान्ता गराउनुहोस् । आँखामा विषादी परेमा पर्याप्त मात्रामा सफा, चिसो पानीले केही समयसम्म पखाल्नुहोस् । छालामा सम्पर्क भएमा पर्याप्त मात्रामा साबुनपानीले राम्ररी धुनुहोस् । यदि लक्षणहरु लामो समयसम्म देखा परेमा चिकित्सकको परामर्श लिनुहोस् ।

**एण्टिडट :**

विशेष किसिमको एण्टिडट छैन । लक्षणअनुसार उपचार गर्नुहोस् ।

**विषादी र विषादीयुक्त वस्तुको विसर्जन :**

विषादीका खाली बट्टाहरुलाई तोडेर, बिगारेर पानीको मुहान र बस्तीभन्दा टाढा सुरक्षित स्थानमा व्यवस्थापन गर्नुहोस् । जल तथा वातावरण प्रदूषित हुन नदिन विषादीका खाली बट्टाहरुलाई सुरक्षित तवरले विसर्जन गर्नुहोस् । प्रयोग गरिसकेका विषादीका बट्टाहरु कुनै पनि प्रयोजनका लागि पुनः प्रयोग नगर्नुहोस् ।

**भण्डारणको अवस्था :**

विषादी भएका बट्टा वा प्याकेटहरूलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ । विषादीको मात्रा र प्रकृतिअनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ । विषादी भण्डारणका लागि बनाइएको कोठा ढलान गरेको, पानी नसोस्ने, पर्याप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने तथा वाष्पबाट दूषित नहुने खालको हुनुपर्छ । केवल आधिकारीक व्यक्तिहरूको मात्र पहुँच हुने गरी विषादीको प्याकेट र कन्टेनरहरू सुख्खा स्थानमा भण्डारण गर्नुहोस् । विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधि, वा मलखादबाट टाढा राख्नुहोस् ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादीको बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी :** बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, ज्यादै घातक, पहेँलो**

**(घरायसी कीटनाशक नियन्त्रणको लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना :**

**उत्पादक:** श्री सिद्धदाता फार्मएड प्रा.लि., पिथमपुर औधोगिक क्षेत्र, जिल्लाः धार-४५४७७५, (एम.पी.), भारत,

**वितरक :** मिडास हाइजिन इन्डस्ट्रिज प्रा.लि. सेक्टर-१२ वाशी, नवी मुम्बई-४०० ७०३ (एम.एच), भारत.

**पैठारीकर्ताको नाम ठेगाना र सम्पर्क नं.**

शशी एग्रोभेट सेन्टर, नेपालगंज-१ बाँके, नेपाल,
सम्पर्क नं. : ९८४८०४३६८०
shashiagrovetcentre@yahoo.com

**उत्पादित देशको पञ्जीकरण नं.:** CIR-113475/2014-Fipronil (Gel) (347)-135

नेपालमा पञ्जीकरण गरिएको नं.:
**0150-INS-GEL-2026**



**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

**साइपरमेथ्रिन १ प्रतिशत चक**

# Cypermethrin 1.0% Chalk

# दी ओरीजीनल लक्ष्मणरेखा (The original LAXMANREKHAA)

**साङ्ला नियन्त्रणमा प्रयोग गरीने घरेलु कीटनाशक**

**सिफारिस : साङ्ला नियन्त्रणको लागि**

**प्रयोग विधि :**

साङ्लाहरु बढी रहने/सकिय हुने स्थानहरु जस्तैः फोहोरदानी (Dust Bins), फोहोर तथा पानी निकासका स्थानहरु (Drain holes) लगायत साङ्लाको बढी आवतजावत हुने स्थानहरुको वरिपरि यस विषादीयुक्त चकले २-३ वटा समानान्तर रेखाहरु कोर्नुहोस् । यदि सतह चिल्लो छ भने चकको टुप्पोलाई पानीमा भिजाएर रेखा कोर्नुहोस् ।

**यो विषादी प्रयोग गर्दा देहायको सावधानी अपनाउनु पर्छ :**

खाद्य पदार्थ, खाद्य पदार्थका रित्ता भाँडा तथा पशुको आहाराभन्दा यो विषादी अलग्गै राख्नुपर्छ । यसको प्रयोग गर्दा मुख, आँखा र छालामा विषादीको सिधा सम्पर्क हुन नदिनुहोस् । यस विषादीयुक्त चकको प्रयोग गर्दा हातमा पञ्जा लगाउनुपर्छ ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा :**

डर लाग्ने, चिन्ता हुने, कम्पन हुने, ऐंठन हुने, छालाको एलर्जी हुने, हाच्छिउँ आउने, नाकबाट पानी बग्ने तथा जलन हुने जस्ता लक्षणहरु देखिन सक्छन ।

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार :**

विषादी निलेको अवस्थामा बान्ता नगराउनुहोस् र मुखबाट कुनै पनि तरल पदार्थ नदिनुहोस् । यदि शरीरमा लगाएका लुगा वा छाला विषादीयुक्त भए लुगा फुकाल्ने र छालालाई पर्याप्त मात्रामा साबुनपानीले पखाल्ने गर्नुपर्दछ । आँखामा विषादी परेमा १०-१५ मिनेटसम्म पर्याप्त मात्रामा सफा पानीले आँखालाई पखाल्नुहोस् । विषादी श्वासमार्फत शरीरभित्र गएमा बिरामीलाई खुला तथा ताजा हावामा राख्नुहोस् ।

**एण्टिडट :**

विशेष एण्टिडट (Specific antidote) हालसम्म उपलब्ध छैन । यदि विषाक्त हुन्छ भने लक्षणअनुसार (Symptomatic and supportive care) उपचार गर्नुपर्छ । एलर्जी नियन्त्रणका लागि चिकित्सकको निगरानीमा एन्टिहिस्टामिन्स (Antihistamines) दिन सकिन्छ ।

**प्रयोग गरिएका भाँडाको विसर्जन :**

प्रयोग भइसकेका विषादीका प्याकेटहरुलाई तोडेर/बिगारेर बासस्थानबाट टाढा व्यवस्थापन गर्नुहोस् । प्रयोग गरिसकेका प्याकेटहरुलाई पुनः प्रयोगका लागि बाहिर त्यत्तिकै छोड्नुहुँदैन । वातावरण तथा जल प्रदूषण हुन नदिनका लागि विषादीका भाँडाहरु, अतिरिक्त सामाग्रीहरु तथा मेसिनरीहरु र कन्टेनरहरु पखालिसकेपछि निस्केको पानीलाई सुरक्षित तवरले विसर्जन गर्नुहोस् ।

**भण्डारणको अवस्था :**

विषादीका भाँडाहरु भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको संख्या र प्रकृति अनुसार दराजमा ताला र चाबी लगाएर राख्नुहोस् । विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा वा परिसर ढलान गरेको, सुख्खा, चिसो, पर्याप्त उज्यालो, हावाको ओहोरदोहोर राम्रो हुने फलत: वाष्पबाट दूषित नहुने खालको हुनुपर्दछ ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादीको बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी** : बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, उच्च घातक, पहेँलो**

**(घरेलु शत्रुजीव साङ्ला नियन्त्रणको लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना :**

**उत्पादक :** संसाज होम केयर प्रोडक्ट्स प्रा.लि. कोइम्बटूर-६४१२०२, भारत.

**वितरक :** मिडास हाइजिन इन्डस्ट्रिज प्रा.लि. सेक्टर-१२ वाशी, नवी मुम्बई-४०० ७०३ (एम.एच), भारत.

**पैठारीकर्ताको नाम ठेगाना र सम्पर्क नं.**
शशी एग्रोभेट सेन्टर, नेपालगंज-१ बाँके, नेपाल
सम्पर्क नं. : ९८४८०४३६८०
shashiagrovetcentre@yahoo.com

**उत्पादित देशको रजिष्टर नं.** : CIR-168932/2020-Cypermethrin (chalk) (413)-1476 . F.No. 94166-F/9(4)/2019

नेपालमा पञ्जीकरण गरिएको नं.
0151-INS-Chalk-2026

**Pictograms:**



**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अत : विषादीको प्रयोग पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

डेल्टामेथ्रिन २.५% ई.सी.

Deltamethrin 2.5% EC

**राफेल (RAFEAIL)**

सम्पर्क एंवम् आन्तरिक कीटनाशक

सिफारिस :

| बाली | कीराहरुको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि (दिन) | एम. एल /प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (एम.एल) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| काउली प्रजातिका तरकारी बाली | बन्दाको भुसिलकीरा (Cabbage Caterpillar) | ३००–६०० | ७५० | बन्दा गोभी, तोरी र चाइनिज साग : ५<br>मूला : ७ | ०.४० – ०.८० |

नोटः कीराहरुको नेपाली नाम स्थान विशेष अनुसार फरक हुनसक्छ । त्यसैले विज्ञहरुसँग सम्पर्क गरी यकिन गर्नुहोला ।

**प्रयोग गर्ने विधि :**

विषादीको घोल बनाउँदा छर्कने ट्याकींको आधा सम्म पानी राखेर विषादीको सिफारिस मात्रा पानीमा राखेर राम्रोसँग घोल्नुहोस् । यसपछि सिफारिस अनुसारको बाँकी पानी थपेर फेरि चलाउनुहोस् । यस पछि समान रूपमा पातहरूमा छर्कनुहोस । कीराहरूको लार्भा तेस्रो चरणमा पुग्नु अघि नै यस विषादीको प्रयोग गर्नु उत्तम हुन्छ । एक बालीमा कीराको क्षति अनुसार अधिकतम २ पटकसम्म छर्न सकिन्छ । हावा चल्ने दिनमा वा १ घण्टा भित्र वर्षा हुने सम्भावना रहेको दिनमा विषादी नछर्कनुहोस् ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्दछ :**

यस विषादीलाई प्रतिरोधात्मक क्षमता विकास हुन नदिन फरक कार्यप्रकृति भएका अन्य कीटनाशक विषादीहरूसँग पालैपालो प्रयोग गर्न सिफारिस गरिन्छ । यो विषादी मौरी, माछा, अन्य जलीय जीवहरू र रेशम कीराहरूको लागि विषाक्त हुन्छ । मौरीको चरनको समयमा, रेशमकीरा पालनको क्षेत्र नजिक वा किम्बु बालीको क्षेत्र नजिक यो विषादी प्रयोग गर्नु हुँदैन। नदी, पोखरी, वा अन्य पानीको श्रोत भएको ठाउँमा कीटनाशक विषादी प्रयोग गर्दा प्रयोग गरिएका उपकरणहरू धुनुहुँदैन । यो विषादीलाई अरु क्षारीय प्रकृतिका कीटनाशक वा पदार्थहरूसँग नमिसाइकन प्रयोग गर्नुहोस् । विषादीको प्याकेट खोल्दा, घोल तयार गर्दा वा विषादी छर्कदा पञ्जा, रवर बुट, चश्मा ग्याँस मास्क टोपी तथा पूरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । विषादी छर्कदा छिटाहरु नाक मुखबाट भित्र प्रवेश गर्न दिनुहुँदैन साथै मुख, आँखा एवम् छालामा विषादीको सिधा सर्म्पक हुन नदिनुहोस् । विषादी छरीसकेपछि सम्पर्कमा आएका कपडाहरु राम्रोसँग धुनुहोस् र नुहाउनुहोस् । विषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्ने गर्नुहुँदैन ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा :**

यो विषादीले स्नायुप्रणालीमा असर गर्दछ । विषादीको सम्पर्क भएमा छाला पोल्ने हुन्छ । प्रारम्भिक लक्षणहरुमा टाउको दुख्ने, चक्कर लाग्ने, वाकवाकी लाग्ने, वान्ता हुने । हात काम्ने जस्ता लक्षणहरु देखिन्छन् भने विषादीसँग लामो समयसम्म सम्पर्क भएमा ऐंठन हुने, बेहोस हुने तथा झट्का लाग्ने जस्ता लक्षणहरु देखा पर्दछन् ।

**विष लाग्दा अपनाउनु पर्ने प्राथमिक उपचार :**

विषादी छालामा परेमा विषादी परेको शरीरको भाग तथा विषादीको सम्पर्क भएको लुगालाई प्रशस्त साबुन र पानीले राम्ररी धुनुहोस् । यदि आँखामा विषादी सम्पर्क भएमा आँखा खुला राख्नुहोस् र कम्तिमा १५ मिनेटसम्म सफा पानीले छम्कनुहोस् । आँखामा जलन तथा रातोपन रहिरहेमा डाक्टरको सल्लाह लिनुहोस् । यो विषादी निलेको खण्डमा तत्कालै चिकित्सकको निगरानीमा पेट सफा गर्ने प्रकृया (Gastric lavage) गराउनुहोस् । नोट- बान्ता गराउन प्रयास नगर्नुहोस् र बेहोस व्यक्तिलाई मुखबाट कुनै पनि कुरा नदिनुहोस् । विषादी श्वासमार्फत शरीरभित्र प्रवेश गरेमा बिरामीलाई खुला र ताजा हावामा राख्नुहोस् ।

**एण्टिडट :**

कुनै विशेष एन्टिडोट छैन । लक्षणको आधारमा उपचार गर्ने ।

**प्रयोग गरिएको भाँडोको विसर्जन :**

प्रयोग गरिएका कन्टेनरहरू विषादी राखेको प्याकेट पूनः प्रयोग (पानी, खाने, तेल जस्ता खानेकुरा राख्ने) का लागि बाहिर नछोड्नुहोस् । विषादीको खाली खोलहरु वा अन्य विषादीयुक्त सामाग्रीहरु र विषादी सफा गरेको पानीको उचित व्यवस्थापन गर्नु विषादी उत्पादक, प्रयोगकर्ताहरुको कर्तव्य हुनेछ । वातावरणीय वा पानी प्रदूषण हुन नदिनका लागि खाली कन्टेनरहरु आवासीय क्षेत्रबाट टाढा सुरक्षित तरिकाले व्यवस्थापन गर्नुपर्छ ।

**भण्डारणको अवस्था :**

विषादी भएका प्याकेजहरुलाई अन्य वस्तुहरु भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चावी लगाई राख्नुपर्छ । विषादी भण्डारणको लागि बनाईएको कोठा ढलान गरेको, नसोस्ने, पर्याप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने हुनुपर्छ । आधिकारिक व्यक्तिहरुको मात्र पहुँच हुने गरी विषादीको प्याकेट र कन्टेनरहरु सुख्खा ठाँउमा भण्डारण गर्नुहोस् । विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधि, वा मलखादबाट टाढा राख्नुहोस् ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादीको बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी** : विषादीलाई बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, उच्च घातक, पहेँलो**

**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सुचना अधिकृतलाई ०१-५०१०१११ न. मा फोन गर्नुहोस् । वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना :**

**Wuxi Jiabao Pesticide & Pharmaceutical Co., Ltd, China**

**वितरक** : Kingstar Biotech Co. Ltd., China

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सर्म्पक नं :**

एग्रीकल्चर गुड्स सप्लायर्स सेन्टर, गरुडा ६, रौतहट, नेपाल

सर्म्पक नं : ९८२११५१०४२

Email- agriculturegoods123@gmail.com

**उत्पादित देशको रजिष्ट्रेशन नं.**: PD20084622

**नेपालमा पञ्जीकरण गरिएको नं. :**

0152-INS-EC-2026




**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।

फिप्रोनिल ०.३% जी.आर.

FIPRONIL 0.3% G.R.

# भारत फिप्रो (BHARAT FIPRO)

सम्पर्क तथा आन्तरिक कीटनाशक

**सिफारिस**

| बाली | कीराको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा<br>यस विषादीको आवश्यक मात्रा (के.जी.) | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि |
|---|---|---|---|
| धान | धानको गभारो (Stem borer),<br>खैरो फड्के (Brown Plant hopper),<br>हरियो फड्के (Green leaf hopper),<br>पात बेरुवा (Rice Leaf Folder),<br>ढुङ्ग्रे कीरा (Rice Gall Midge),<br>सेतो पिठ्युँ भएको फड्के (White backed Plant hopper),<br>गुभोमा लाग्ने झिँगा<br>(Whorl maggot) | १६.६७ - २५.०० | ३२ दिन |
| उखु | प्रारम्भिक डाँठ/मुनाको गभारो<br>(Early shoot borer),<br>जराको गभारो (Root borer) | २५.० - ३३.३ | ९ महिना |
| गहुँ | धमिरा (Termites) | २० | ९१ दिन |

नोटः कीराहरुको नेपाली नाम स्थान विशेष अनुसार फरक हुनसक्छ। त्यसैले विज्ञहरुसँग सम्पर्क गर्नुहोस्।
द्रष्टव्य : यो दानेदार विषादी भएकोले बालीमा सिधै दाना छर्ने गरिन्छ। यसमा पानी मिसाउनु पर्दैन।

### प्रयोग गर्ने विधि

माथि उल्लेखित सिफारिस गरिएको मात्रामा भारत फिप्रो दानादार विषादीलाई कीराको प्रकोप देखिना साथ धानखेतमा सबैतिर समानरुपले छर्ने। विषादी छर्दा धान खेतमा २-३ से.मी. पानी जमेको हुनुपर्छ र प्रयोग गरेपछि २-३ दिनसम्म पानी जमाइराख्नुपर्छ। यो विषादीलाई दानादार विषादी छर्ने उपकरण (operated granule applicator) वा मेकानिकल डिस्पेन्सर (Mechanical Dispenser) प्रयोग गरी छर्नुपर्छ।

### यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ।

विषादीलाई खाद्य पदार्थ, खाली खानेकुरा राख्ने भाँडा र जनावरको आहारबाट टाढा राख्नुहोस् । मुख, आँखा र छालासँग सम्पर्क नगर्नुहोस् । प्रयोग गर्दा श्वासमार्फत भित्र नजाने गरी सावधानी अपनाउनुहोस् । छरेपछि दूषित लुगाहरु र शरीरका अंगहरु राम्ररी धुनुहोस्। छर्ने क्रममा धुम्रपान, खाना खाने पिउने वा केही चपाउने काम नगर्नुहोस्। छर्ने बेला पूर्ण सुरक्षात्मक पोशाक लगाउनुहोस्। चेतावनी: यो विषादी जलचर प्राणी तथा मौरीका लागि विषाक्त हुन्छ त्यसैले जलाशय नजिक तथा मौरीको चरन अवधिमा प्रयोग नगर्नुहोस्।

### मानिसलाई यो विषादीको विष लागेको अवस्थामा

छटपटी हुनु, थकान, मांसपेशी काम्ने र एंठन (Convulsion) हुन सक्छ।

### प्राथमिक उपचार

यदि निलिएमा, घाँटीको पछाडिको भागमा काउकुती लगाएर बान्ता गराउनुहोस् । बान्ता सफा नभएसम्म दोहोऱ्याउनुहोस् । यदि बिरामी बेहोस छ भने बान्ता नगराउनुहोस् । यदि लुगा र छाला दूषित भएमा, लुगा हटाउनुहोस् र दूषित छालालाई प्रशस्त साबुन र पानीले धुनुहोस्। यदि आँखा दूषित भएमा, करिब १० देखी १५ मिनेटसम्म प्रशस्त मात्रामा सफा पानीले पखाल्नुहोस्। यदि श्वासबाट भित्र गएमा, बिरामीलाई ताजा हावामा लैजानुहोस्।

### एण्टिडट

कुनै विशेष एण्टिडट छैन, लक्षण अनुसार उपचार गर्नुहोस्।

### प्रयोग गरिएका भाँडाको विसर्जन

प्याकेज वा बाँकी रहेका सामाग्रीहरु र मेसिन तथा कन्टेरबाट निस्केको फोहोर पानी वातावरणीय र पानीको प्रदूषण रोक्न सुरक्षित तरिकाले विसर्जन गर्ने जिम्मेवारी उत्पादक, फर्मुलेटर र प्रयोगकर्ताको हुनेछ। प्रयोग गरिएका प्याकेजहरु पुनः प्रयोग हुन नदिन बाहिर छोड्नु हुँदैन। प्याकेजहरु बिगारेर बस्तीबाट टाढा सुरक्षित तरिकाले व्यवस्थापन गर्नुपर्दछ।

### भण्डारण अवस्था

विषादी भएका प्याकेजहरूलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ। विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, पर्याप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने हुनुपर्छ ताकि वाष्पबाट प्रदुषण नहोस्।

**प्रयोग गर्नु पूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

सावधानीः बच्चाको पहुँच बाट टाढा राख्नुहोस् ।




**(सावधान, ज्यादै घातक, पहेँलो)**

**(कृषि प्रयोजनको लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई यो नं मा फोन गर्नुहोस - ०१-५०१०१११ वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना:**

उत्पादकः एग्री साइन्स कं., लोथाडा, राजकोट-३६००२०, गुजरात, भारत

**बजार प्रवर्द्धक तथा निर्यातकर्ताः**

भारत क्रप्स साइन्स
२४७, साहिबाबाद, गाजियाबाद, उत्तर प्रदेश-२०१००५
इमेलः bharatcrops@gmail.com

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.**

रुद्रा एग्रोटेक
वीरगंज-१५, पर्सा, नेपाल
सम्पर्क नं. ९८५५०२०३७०
rudraagrotech081@gmail.com

**उत्पादित देशको पञ्जीकरण नं.**

**CIR-225291/2022-Fipronil (GR) (442)-982**

नेपालमा पञ्जीकरण गरिएको नं.

0153-INS-GR-2026




**विषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस्। विषादी प्रयोग गर्दा सिफारिस गरेको बालीमा मात्र प्रयोग गर्नुहोस्।**

**जीवनाशक विषादी विष हो, औषधी होइन। अतः विषादीको प्रयोग गर्नु पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस्।**

हेक्साकोनाजोल ५% एस.सी.

Hexaconazole 5% SC

# क्रिजोल ++ ५ (Krizole ++ 5)

दैहिक ढुसीनाशक विषादी

सिफारिस,

| बाली | रोगको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि (दिन) | एम. एल/ प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | विषादीको आवश्यक मात्रा (एम. एल) | विषादी घोल्न चाहिने पानी (लिटर) | | |
| आँप | सेतो धूलो ढुसी (Powdery Mildew) | १ लिटर पानीमा २ एम.एल. विषादीको दरले मिसाई विषादीको घोल बनाई छर्ने । आवश्यकता अनुसारको परिमाणमा विषादीको घोल बनाउन सकिन्छ । | | २७ | २ |
| धान | पातको फेद डढुवा रोग (Sheath Blight) | १००० | ५०० | ४० | २ |

**प्रयोग गर्ने विधि**

विषादीको घोल बनाउदा छर्कने ट्यांकीको आधा मात्रासम्म पानी राखेर सिफारिस गरिएको विषादीको मात्रा हाल्नुहोस् र राम्रोसँग घोल्नुहोस् । त्यसपछि पानी थपेर फेरि चलाउनुहोस् । तयार भएको विषादीको घोल तुरुन्त छर्कनुहोस् । विषादी समान तथा प्रभावकारी रुपमा छर्कनका लागि बकेट पम्प स्प्रेयर, स्टिरप पम्प स्प्रेयर, रकिङ स्प्रेयर, फुट स्प्रेयर, ह्वील ब्यारो स्प्रेयर, कम्प्रेसन न्यापस्याक स्प्रेयर, कम्प्रेसन न्यापस्याक ब्याट्री स्प्रेयर तथा एएसपीईई एच.टी.पी. पावर स्प्रेयर प्रयोग गर्न सकिन्छ । माथि सिफारिस गरिएको विषादीलाई अन्य कीटनाशक तथा ढुसीनाशक विषादीसँग मिसाएर प्रयोग गर्न सकिन्छ ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ ।**

विषादीको प्याकेट खोल्दा वा घोल तयार गर्दा सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । हावाको दिशातर्फ स्प्रे गर्नुहोस्। मुख, आँखा, छालामा विषादीको सिधा सम्पर्क हुन नदिनुका साथै विषादी छर्दा वा प्रयोग गर्दा धुम्रपान गर्ने केहि चपाउने, खाने, अथवा पिउने, गन्ध सुँघ्ने वा श्वासबाट भित्र लिने काम नगर्नुहोस्। विषादी प्रयोग गरिसकेपछि दुषित कपडाहरु र शरीरका भागहरु राम्ररी साबुन पानीले धुनुहोस्। माछा र मौरीको लागि घातक हुने हुँदा मौरी चरनको लागि फूल फुलेको समयमा र माछा पोखरीमा पर्ने वा बगेर जाने गरी यस विषादी प्रयोग गर्नुहुँदैन । साथै, घरपालुवा पशुवस्तु, जगंली जनावर तथा पन्छीहरुले चरन गर्ने वा पानी खाने क्षेत्रमा यसको प्रयोग गर्नुहुँदैन ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा**

घबराहट, चिन्ता, कम्पन, ऐंठन (Convulsion) तथा एलर्जी सम्बन्धी लक्षणहरू देखा पर्न सक्छन् ।

**विष लाग्दा अपनाउनु पर्ने प्राथमिक उपचार**

यो विषादी निलेको छ भने, बिरामी सचेत भएको अवस्थामा घाँटीको पछाडि भागमा औंलाले काउकुती लगाएर बान्ता गराउनुहोस्। बिरामी बेहोस छ भने बान्ता नगराउनुहोस्। छाला वा कपडामा विषादी परेको छ भने तुरुन्त कपडा फुकाल्नुहोस् र छालालाई प्रशस्त साबुन पानीले धुनुहोस्। आँखामा विषादी परेको छ भने सफा र स्वच्छ पानीले १० देखि १५ मिनेट सम्म पानीले निरन्तर धुनुहोस् । यदि श्वासको माध्यमबाट विषादी शरीरमा गएको छ भने बिरामीलाई तुरुन्त खुल्ला र ताजा हावा भएको ठाँउमा लैजानुहोस् र तुरुन्त चिकित्सककोमा पुर्‍याउनुहोस्।

**एण्टिडट**

यी विषादीको विशेष एण्टिडट छैन। लक्षणको आधारमा उपचार गर्नुहोस् ।

**प्रयोग गरिएको भाँडोको विसर्जन**

कन्टेनर फिर्ताको लागि विषादी बिक्रेतासँग सम्पर्क गर्नुहोस् । यदि कन्टेनर फिर्ता गरिएको छैन भने, तीन पटक पखाल्नुहोस्। त्यसपछि वातावरण वा पानी प्रदूषण हुन नदिन प्याकेज, बाँकी रहेको पदार्थ र धुने क्रममा निस्किएको फोहोरलाई सुरक्षित तरिकाले व्यवस्थापन गर्नुहोस् । विषादी राखिएको प्याकेट कहिल्यै पनि पुनः प्रयोग (पानी, खाना, तेल जस्ता तरल पदार्थ राख्न) नगर्नुहोस् । खाली कन्टेनरहरू आवासीय क्षेत्रबाट टाढा प्रयोग गर्न नमिल्ने गरी खाडलमा सुरक्षित तरिकाले नष्ट गर्नुहोस् ।

**भण्डारणको अवस्था**

विषादीलाई खाद्य पदार्थ ,पशुआहार (दाना), र खानेकुरा राख्ने खाली भाँडाकुडा भन्दा टाढा छुट्टै ठाउँमा राख्नुपर्छ। विषादीलाई यसको आफ्नै सक्कली प्याकेटमा, मानिस र जनावरको पहुँच भन्दा टाढा, छुट्टै कोठामा ताला लगाएर राख्नु पर्दछ । विषादी भण्डारण गर्ने कोठा राम्ररी निर्मित, पर्याप्त उज्यालो, सुख्खा, चिसो, हावा राम्ररी ओहोरदोहोर गर्ने फलतः वाष्पबाट दूषित नहुने खालको हुनुपर्दछ ।

**प्रयोग गर्नु पूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी**: विषादीलाई बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, मध्यम घातक, निलो**
**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस्। वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना:**
कृषि रसायन एक्स्पोर्ट्स प्राइभेट लिमिटेड
न्यु दिल्ली- (भारत)

**पञ्जीकरणकर्ताको नाम, ठेगाना र सम्पर्क:-**
मनिता एग्रो इन्टरप्राईजेज,
कलैया बारा ,नेपाल ९८५५०२६१४४
इमेल: manitaagro@gmail.com

**उत्पादित देशको रजिस्ट्रेशन न : CIR-54,645/2006-Hexaconazole (SC) (267)-369**

**नेपालमा पञ्जीकरण गरिएको नं :**

0154-FUN-SC-2026




**विषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस्।**

**जीवनाशक विषादी बिष हो, औषधी होइन । अत: विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

**फिप्रोनिल ०.३ % जी.आर.**

# FIPRONIL 0.3% GR

**फिगो (FIGO)**

दैहिक कीटनाशक विषादी

सिफारिस:

| बाली | कीराको सामान्य नाम | प्रतिहेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | छर्कने देखि बाली काट्ने सम्मको पर्खने अवधि (दिन) | ग्राम/एम.एल प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (के.जी) | विषादी घोल्न जम्मा चाहिने पानी (लिटर) | | |
| धान | डाँठको गभारो (Stem Borer)<br>खैरो फड्के (Brown Plant Hopper),<br>पातको हरियो फड्के (Green leafhopper)<br>पात बेरुवा (Rice Leaf Folder)<br>धानको ढुङ्ग्रे कीरा (Rice Gall Midge)<br>सेतो पिठ्यु भएको फड्के (White Backed Plant Hopper)<br>गुभोको झिँगा (Whorl Maggot) | १६.६७ - २५ | पानीको आवश्यकता नपर्ने | ३२ | - |
| उखु | प्रारम्भिक डाँठ/मुनाको गभारो (Early shoot borer),<br>फेदको गभारो (Root Borer) | २५-३३.३ | पानीको आवश्यकता नपर्ने | ९ महिना | - |

नोट: कीराहरुको नेपाली नाम स्थान विशेष अनुसार फरक हुनसक्छ । त्यसैले विज्ञहरुसँग सम्पर्क गरी यकिन गर्नुहोला ।

## प्रयोग गर्ने विधि :

यो दानादार विषादीको सिफारिस गरिएको मात्रा धानबालीमा प्रयोग गर्दा दानादार एप्लिकेटर वा यान्त्रिक डिस्पेन्सर प्रयोग गरी छर्कने(Broadcast) विधिबाट प्रयोग गर्नुपर्छ । यो विषादी धानखेतमा प्रयोग गर्दा खेतमा २-३ से.मी. पानी रहेको अवस्थामा प्रयोग गर्नुपर्दछ । प्रयोग पश्चात कम्तीमा २-३ दिनसम्म खेतमा पानी जमेको(Impounded) अवस्थामा राख्नुपर्छ ।

## यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्दछ :

विषादीलाई खाद्य पदार्थ, पशु आहार(दाना), र खानेकुरा राख्ने खाली भाँडाकुँडाभन्दा टाढा छुट्टै ठाउँमा राख्नुपर्छ । मुख, आँखा र छालामा विषादीको सिधा सम्पर्क हुन नदिनुका साथै विषादी छर्दा वा प्रयोग गर्दा धुम्रपान गर्ने, केही चपाउने, खाने वा पिउने, गन्ध सुँघ्ने वा श्वासबाट भित्र लिने काम नगर्नुहोस् । विषादी प्रयोग गर्दा पूर्ण सुरक्षात्मक लुगा तथा बुट अनिवार्य रूपमा लगाउनुहोस् । विषादी प्रयोग गरिसकेपछि दूषित कपडा र शरीरका भागहरू राम्ररी साबुन पानीले धुनुहोस् । **चेतावनी :-** यो विषादी जलचर प्राणी तथा मौरीका लागि विषाक्त हुन्छ । त्यसैले जलाशयको नजिक तथा मौरीको चरन अवधिमा प्रयोग नगर्नुहोस् ।

## मानिसलाई यो विषादीको विष लागेको अवस्थामा :

मुख्य रूपमा चिडचिडापन, आलस्य, मांसपेशी कम्पन तथा गम्भीर अवस्थाहरूमा मांसपेशी संकुचन वा ऐंठन(Convulsions) देखिन सक्छ ।

## प्राथमिक उपचार:

विषादी निलेको खण्डमा घाँटीको पछाडि भागमा काउकुती लगाएर बान्ता गराउनुहोस् । बान्ता सफा नभएसम्म यो प्रकृया दोहोर्‍याउनुहोस् । यदि बिरामी बेहोस अवस्थामा छ भने बान्ता नगराउनुहोस् । यदि छाला र कपडामा विषादी परेको खण्डमा दूषित कपडा तुरुन्तै फुकाल्नुहोस् र प्रभावित छालालाई प्रशस्त साबुन र पानीले राम्ररी धुनुहोस् । यदि आँखामा विषादी परेको छ भने आँखालाई प्रशस्त सफा पानीले १०-१५ मिनेटसम्म पखाल्नुहोस् । यदि श्वासप्रश्वासमार्फत विषादी शारीरभित्र प्रवेश गरेको छ भने बिरामीलाई तुरुन्त ताजा र खुला हावा भएको ठाउँमा लैजानुहोस् । लक्षण गम्भीर भएमा चिकित्सकलाई तुरुन्त देखाउनुहोस्।

## एण्टिडट :

बिशेष किसिमको एण्टिडट छैन । लक्षणको आधारमा उपचार गर्नुपर्छ ।

## प्रयोग गरिएको भाँडोको विसर्जन:

उत्पादक, फर्मुलेटर तथा प्रयोगकर्ताले वातावरण वा पिउने पानीको स्रोत प्रदूषित नहुने गरी कन्टेनर, बाँकी विषादी वा कन्टेनर पखाल्न प्रयोग गरिएको पानी सुरक्षित रूपमा विसर्जन गर्नुहोस् । त्यसपछि प्याकेटलाई पुन: प्रयोग गर्न नमिल्ने गरि नष्ट गरी बस्तीबाट टाढा सुरक्षित स्थानमा व्यवस्थापन गर्नुहोस् । प्रयोग भइसकेका प्याकेट खुला स्थानमा छोड्नुहुँदैन । विषादी राखिएको प्याकेट कहिल्यै पुन: प्रयोग (पानी, खाना, तेल राख्न) नगर्नुहोस् ।

## भण्डारणको अवस्था

विषादी भएका प्याकेजहरूलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ । विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, पर्याप्त उज्यालो भएको, सुख्खा, हावा राम्ररी ओहोरदोहोर गर्ने खालको हुनुपर्छ ताकि वाष्पबाट दूषित नहोस् ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पुर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी:** विषादीलाई बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, ज्यादै घातक, पहेँलो**
**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी बवास्थापन केन्द्रका सुचना अधिकृतलाई ०१-५०१०१११ न. मा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना :**
सेफेक्स केमिकल्स (इण्डिया) लिमिटेड, दिल्ली, भारत

**वितरकको नाम ठेगाना :** इंडो–स्विज केमिकल्स लिमिटेड, दिल्ली, भारत

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्र्पक नं:**
एग्रीकल्चर गूडस् सप्लायर्स सेन्टर, गरुडा-६, रौतहट
९८६४२६७१८९
Email:- agriculturegoods123@gmail.com

उत्पादित देशको रजिष्टर नं.
CIR-61006/2008-FIPRONIL(GR)-(293)-254

नेपालमा पञ्जीकरण गरिएको नं.-
0155-INS-GR-2026




**विषादी प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

## जीवनाशक विषादी विष हो, औषधी होइन । अत: विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।

टेम्बोट्रायन ३४.४% एस.सी.

Tembotrione 34.4% SC

**तमबोला** (TAMBOLA)

चयनात्मक तथा अंकुरण पश्चात प्रयोग गरिने बहु प्रकृतिको झारनाशक (Selective, Post emergence, broad spectrum herbicide)

| सिफारिस | | | | | |
|---|---|---|---|---|---|
| बाली | झारपातको सामान्य नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि (दिन) | एम. एल. / प्रति लिटर पानी |
| | | यस विषादीको आवश्यक मात्रा (एम. एल.) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| मकै | सामा (*Echinochloa* sp), सेतो पुनर्नव झार (*Trianthema portulacastrum*), मुलाटो घाँस (*Bracharia* sp) | २८६ | ५०० | ५५ | ०.५७ |

**नोट:** झारहरुको नेपाली नाम स्थान विशेष अनुसार फरक हुनसक्छ। त्यसैले विज्ञहरुसंग सम्पर्क गरी यकिन गर्नुहोला।

**प्रयोग गर्ने विधि:**

टेम्बोट्रायन ३४.४% एस.सी. मकैमा चौडा पाते र घाँसे झार नियन्त्रणको लागि उम्रिएपछि प्रयोग गरिने (post emergence) झारनाशक विषादी हो जुन पातमा फैलावट गर्न प्रयोग गरिने सक्रिय पदार्थ (surfactant) सँग मिलाएर प्रयोगको लागि सिफारिस गरिएको छ। टेम्बोट्रायनको संश्लेषणलाई surfactant सँग १००० मिलिलिटर/हेक्टरको दरलमा प्रयोग गर्न सिफारिस गरिएको छ। मकैमा झारपातको ३-५ पात भएको अवस्थामा टेम्बोट्रायनलाई फ्ल्याट फ्यान नोजल जडित न्यापस्याक छर्कने उपकरणद्वारा प्रयोग गर्न सकिन्छ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ:**

विषादीसँगको सम्पर्कबाट टाढा रहनुहोस्। यो विषादी प्रयोग गर्दा छालाको सम्पर्क र मुख तथा नाकबाट श्वासप्रश्वासको माध्यमबाट भित्र जान नदिन लामो बाहुला भएको कपडा, लामो सुरुवाल, टोपी, पञ्जा र मास्क लगाउनुहोस्। विषादी प्रयोग गर्दा धुम्रपान गर्ने, पानी पिउने वा केही खाने नगर्नुहोस्। प्रयोग गरिसकेपछि हात, अनुहार र खुला रहेका अन्य छाला तुरुन्तै धुनुहोस् र समयमै कपडा फेर्नुहोस्।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा:**

टाउको दुख्ने, बान्ता हुने, वाकवाकी लाग्ने जस्ता लक्षणहरु देखिन सक्छन्।

**बिष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार:**

यदि श्वासप्रश्वासबाट विषादी भित्र गएमा, ताजा हावामा राख्नुहोस्। यदि व्यक्तिले श्वास फेरेको छैन भने, कृत्रिम श्वासप्रश्वास (सम्भव भएमा मुखबाट मुखमा श्वासप्रश्वास गराउने विधि) दिनुहोस। तत्कालै चिकित्सकको परामर्श लिनुहोस्। यदि विषादी निलेको खण्डमा बिरामी सचेत र होसमा छ भने, पानीले मुख कुल्ला गराइदिनुहोस् र १ देखि २ ग्लास पानी पिउन दिनुहोस्। बेहोस व्यक्तिलाई मुखबाट कहिल्यै केही पनि नदिनुहोस्।चिकित्सकले निर्देशन नदिएसम्म बान्ता गराउनु हुँदैन। यदि छालाबाट सम्पर्क छ भने, दूषित लुगा र जुत्ता तुरुन्तै फुकाल्नुहोस्। साबुन र पानीले धुनुहोस्। यदि लक्षणहरू रहिरहेमा, चिकित्सकलाई सम्पर्क गर्नुहोस्। यदि आँखामा छ भने, कन्ट्याक्ट लेन्सहरू, यदि छन् भने, पहिलो ५ मिनेट पछि हटाउनुहोस्। आँखा खुला राख्नुहोस् र १५-२० मिनेटसम्म पानीले सफा गर्नुहोस्।

**एण्टिडट:**

विशेष किसिमको एण्टिडट छैन। लक्षणको आधारमा उपचार गर्ने।

**प्रयोग गरीएका भाँडाको बिसर्जन:**

प्रयोग गरिएका प्याकेटहरू पुन: प्रयोग हुनबाट रोक्नको लागि बाहिर खुल्ला छोड्नु हुँदैन। प्याकेटहरू वा बाँकी रहेका विषादी र विषादीको घोल सुरक्षित तरिकाले नष्ट गर्नुपर्छ ताकि वातावरण र पानी प्रदुषण नहोस्।

**भण्डारणको अवस्था:**

झारपातनाशक विषादी भएका प्याकेटहरूलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा झारपातनाशक विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चाबी राख्नुपर्छ। झारपातनाशक विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा वा परिसर राम्रोसँग बनाइएको, राम्रोसँग उज्यालो भएको, सुख्खा, राम्रोसँग हावा चल्ने र हावाबाट दूषित हुनबाट बच्न पर्याप्त आयामको हुनुपर्छ। आधिकारिक व्यक्तिहरुको मात्र पहुँच हुने गरी विषादीको प्याकेट र कन्टेनरहरु सुख्खा ठाँउमा भण्डारण गर्नुहोस्। विषादीलाई खाना, खाद्य पर्दाथ, पशुआहाराबाट टाँढा राख्नुहोस् ।

प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढनुहोस् र पालना गर्नुहोस्।
सावधानी: बच्चाको पहुँचबाट टाढा राख्नुहोस्।



**सावधान, मध्यम घातक, निलो**
**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लाण्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् । वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना:** Crystal Crop Protection Ltd., अहमदावाद, गुजरात

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.**
किसान एग्रो सप्लायर्स, विरगंज, पर्सा नेपाल
सम्पर्क नं.९८५५०२५२७१,
kac.agro@gmail.com

उत्पादित देशको रजिष्टर नं. CIR-315632/2023-Tembotrione (SC) (446)-247
नेपालमा पञ्जीकरण गरिएको नं.
0156-HER-SC-2026




**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

ल्याम्ब्डासाइहेलोथ्रिन ५% ई.सी.
Lambdacyhalothrin 5% EC
सुपर हीरो (Super Hero)
सम्पर्क तथा आन्तरिक कीटनाशक

सिफारिस

| बाली | कीराको नाम | प्रति हेक्टर वा २० रोपनी लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि (दिन) | ग्राम वा एम.एल. प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (एम.एल) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| कपास | फल छेड्ने गभारो (Bollworm), ज्यासिड (Jassid), थ्रिप्स (Thrips) | ३००-५०० | ४००-६०० | २१ | ०.७५-०.८३ |
| धान | पात बेरुवा (Leaf folder), डाँठको गभारो (Stem borer), पातको हरियो फड्के (Green leaf hopper), ढुङ्ग्रे कीरा (Gall midge), काँडादार खपटे (Hispa), थ्रिप्स (Thrips), डाँठ र फलको गभारो (Shoot and fruit borer) | २५० | ४००-६०० | १५ | ०.४१६-०.६२५ |
| भण्टा | डाँठ र फलको गभारो (Stem and fruit borer) | ३०० | ४००-६०० | ४ | ०.५-०.७५ |
| गोलभेँडा | फलको गभारो (Fruit borer) | ३०० | ४००-६०० | ४ | ०.५-०.७५ |
| आँप | फड्के (Hoppers) | ०.५-१ मि.लि. ⁄ लि. पानी | | ७ | ०.५-१ |
| भिण्डी | ज्यासिड (Jassid), डाँठको गभारो (Shoot borer) | ३०० | ३००-४०० | ४ | ०.७५-१ |
| रहर | कोसाको गभारो ⁄ झिंगा (Pod borer, pod fly) | ४००-५०० | ४००-६०० | १५ | ०.८३-१ |
| खुर्सानी | थ्रिप्स (Thrips), सुलसुले (Mite), कोसाको गभारो (Pod borer) | ३०० | ४००-६०० | ५ | ०.५-०.७५ |
| बदाम | थ्रिप्स (Thrips), पात फड्के (Leaf hopper), पात खन्ने कीरा (Leaf miner) | २००-३०० | ४००-५०० | १० | ०.५-०.६ |
| प्याज | थ्रिप्स (Thrips) | ३०० | ३००-४०० | ५ | ०.७५-१ |
| चना | कोसाको गभारो (Pod borer) | ५०० | ३००-४०० | ६ | १.२५-१.६६ |

नोटः कीराहरुको नेपाली नाम स्थान विशेष अनुसार फरक हुनसक्छ । त्यसैले विज्ञहरुसँग सम्पर्क गर्नुहोस् ।

**प्रयोग गर्ने विधि**

विषादीको घोल बनाउँदा छर्कने टयांकीमा आधा मात्रासम्म पानी राखेर सिफारिस मात्राको विषादी हाली राम्रोसँग घोल्नुहोस् । त्यस पश्चात सिफारिस गरिएको बाँकी पानीको मात्रा हाल्नुहोस् र फेरि चलाउनुहोस् । उपयुक्त स्प्रेयर जस्तै बकेट स्प्रेयर, रकिंङ स्प्रेयर, स्टिरप पम्प स्प्रेयर (एकल वा डबल ब्यारेल) नापस्याक स्प्रेयर, फुट स्प्रेयर, ह्विल ब्यारो स्प्रेयर, कम्प्रेसन न्यापस्याक स्प्रेयर, ब्याट्रीले चल्ने कम्प्रेसन नापस्याक स्प्रेयर, ASPEE-HTP पाउडर स्प्रेयरको सहायताले बालीलाई पूर्ण रूपमा ढाक्ने गरी छर्कनुहोस् । लार्भा पहिलो पटक देखिना साथ यो कीटनाशक प्रयोग गर्नुहोस् र आवश्यकता अनुसार पुनः प्रयोग गर्नुहोस् । पातहरु राम्रोसँग भिज्ने गरी पर्याप्त मात्रामा पानी प्रयोग गरेर कीटनाशक छर्नुहोस् ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ ।**

विषादीलाई खाद्य पदार्थ, पशु आहार र खानेकुरा राख्ने खाली भाँडाकुँडा भन्दा टाढा छुट्टै ठाउँमा राख्नुपर्छ । विषादीको घोल तयार गर्न खाना पकाउने भाँडाहरु प्रयोग नगर्नुहोस् । कपडा, मुख, आँखा र छालामा विषादीको सिधा सम्पर्क हुन नदिनुहोस् । विषादी छर्कदा विषादीको छिटाहरु नाक, मुखबाट भित्र प्रवेश गर्न दिनु हुँदैन साथै विषादीको प्याकेट खोल्दा, घोल तयार गर्दा वा विषादी छर्कदा पञ्जा, रवर बुट, चश्मा ग्याँस मास्क तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । विषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नु हुँदैन । विषादी छर्दा हावाको दिशातर्फ फर्केर छर्किनुहोस् । विषादी शरीरमा पर्न दिनुहुँदैन । विषादी छरीसकेपछि सम्पर्कमा आएका कपडाहरु राम्रोसँग धुनुहोस्, प्रशस्त पानीले हात धुनुहोस् र नुहाउनुहोस् ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा**

विषाक्तको प्रारम्भिक लक्षणहरुमा डर लाग्ने, चिन्ता, शरीर काम्ने (कम्पन), ऐंठन, छालामा एलर्जी, हाच्छियुँ आउने, नाकबाट पानी बग्ने तथा नाक बन्द हुने समस्या देखा पर्न सक्छन् ।

**प्राथमिक उपचार**

यदि विषादी निलेको छ भने, बान्ता नगराउनुहोस् वा कुनै तरल पदार्थ जबरजस्ती नदिनुहोस् । छाला वा शरीरको भागमा विषादी परेको छ भने तुरुन्त कपडा फुकाल्नुहोस् र विषादी परेको ठाउँमा प्रशस्त साबुन पानीले धुनुहोस् । आँखामा विषादी परेको छ भने सफा र स्वच्छ पानीले १०-१५ मिनेटसम्म निरन्तर धुनुहोस्। यदि श्वासप्रश्वास मार्फत गएको भए प्रभावित व्यक्तिलाई राम्रोसँग हावा चल्ने ठाउँमा वा ताजा हावामा लैजानुहोस् ।

**एण्टिडट**

कुनै विशेष एण्टिडट छैन । लक्षणात्मक उपचार गर्नुहोस् । एलर्जी नियन्त्रणका लागि चिकित्सकको निगरानीमा एन्टिहिस्टामिन औषधी दिन सकिन्छ ।

**प्रयोग गरिएका भाँडाको बिसर्जन**

वातावरण वा पिउने पानीको स्रोत प्रदूषण नहुने गरी कन्टेनर पखाल्न प्रयोग गरिएको पानी सुरक्षित रुपमा बिसर्जन गर्नुहोस् । विषादी राखिएको प्याकेट कहिल्यै पुनः प्रयोग (पानी, खाना, तेल राख्न) नगर्नुहोस् । त्यसपछि पुनः प्रयोग गर्न नमिल्ने गरि प्याकेटलाई तोडेर बस्तीबाट टाढा गहिरो खाडलमा सुरक्षित तरिकाले व्यवस्थापन गर्नुहोस् ।

**भण्डारण अवस्था**

विषादी भएका प्याकेजहरुलाई यसको मुल कन्टेनरमै अन्य वस्तुहरु भण्डारण गर्न प्रयोग गरिने वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ । विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, पर्याप्त उज्यालो भएको, सुख्खा, हावा ओहोरदोहोर गर्ने खालको हुनुपर्छ ताकि वाष्पबाट दुषित नहोस् । विषादीलाई खाना, पेय पदार्थ, पशु आहार, औषधी वा मलखादबाट टाढा राख्नुहोस् ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानीः** बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, ज्यादै घातक, पहेँलो (कृषि प्रयोजनको लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम ठेगानाः**
शिवालिक क्रप साइन्सेस प्रा.लि.
ठेगानाः नीलम सिनेमा कम्प्लेक्स, सेक्टर १७ ई, चण्डीगढ-१६००१७ (भारत)

**आयातकर्ताको नाम ठेगाना र सम्पर्क नं.**
अरविन्द एग्रो सेन्टर
अदालत रोड, कलैया-५
**इमेल ठेगानाः** arbindagrocentre006@gmail.com
**सम्पर्क नं.** ०५३-५५०३४८

**उत्पादित देशको रजिष्टर नं.**
CIR-47,486/2004-Lambdacyhalothrin (EC) (242)-239
**नेपालमा पञ्जीकरण गरिएको नं.** 0157-INS-EC-2026



**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

ग्लाइफोसेट अमोनियम ७४.७ % एस. जी.

Glyphosate Ammonium 74.7% SG

**एम–मीरा ७४ (M-Meera 74)**

सबै प्रकारको वनस्पती मार्ने (Non-selective), अंकुरण पश्चात(Post-emergence) छर्कनुपर्ने दैहिक झारनाशक

**सिफारिस**

| बाली | झारपातहरुको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि(दिन) | ग्राम/ प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा ( ग्राम ) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| खनजोत नगरिएको जमिन | सामा घाँस (*Echinochloa crusgalli*)<br>बन्सो झार (*Setaria viridis*)<br>कोदे झार (*Eleusine indica*)<br>बन्सो (*Digitaria sanguinalis*)<br>काने झार (*Commelina communis*)<br>लट्टे (*Amaranthus retroflexus*)<br>बेथे (*Chenopodium album*)<br>घेडाप (*Sonchus arvensis*)<br>मसिनो तोरी झार (*Descurainia sophia*)<br>थाकल झार (*Cirsium arvense*)<br>बनसिलाम/भोटे पाती (*Elsholtzia ciliata*)<br>झुसे कपास (*Abutilon theophrasti*)<br>दतेलो झार (*Xanthium strumarium*) | १६५० - ३३०० | ४५० - ६०० | ७-१४ | ३.६६ - ५.५० |

**नोटः** झारहरुको नेपाली नाम स्थान विशेष अनुसार फरक हुनसक्छ । त्यसैले विज्ञहरुसँग सम्पर्क गरी यकिन गर्नुहोला ।

**प्रयोग गर्ने विधि :**

विषादीको घोल तयार गर्दा छर्कने ट्याङ्कीमा आवश्यक पानीको करिब आधा मात्र भर्नुहोस्। त्यसपछि सिफारिस गरिएको मात्रामा विषादी हालेर राम्रोसँग घोल्नुहोस्। विषादी पूर्ण रूपमा घुलिसकेपछि सिफारिस अनुसार बाँकी पानी थपेर पुनः राम्रोसँग चलाउनुहोस्। तयार गरिएको विषादीको घोल तत्काल प्रयोग गर्नुहोस्। यो विषादी खेती नगरिएको जमिनमा सक्रिय रूपमा बढिरहेका झारपातको काण्ड तथा पात पूर्ण रूपमा भिज्ने गरी समान रूपमा छर्कनुहोस्। विषादी प्रयोग गरेको कम्तीमा एक हप्तापछि मात्र उक्त क्षेत्रमा बाली लगाउनुहोस्। विषादी छर्केको कम्तीमा एक घण्टाभित्र वर्षा हुने वा हावाहुरी चल्ने सम्भावना भएमा विषादी प्रयोग नगर्नुहोस्, किनकि यसले विषादीको प्रभावकारितामा कमी ल्याउन सक्छ। यो विषादी कृषि तथा वनजन्य क्षेत्रहरू, जस्तै खेतको बाटो, खेतका कान्ला, फलफूलका बोटहरूको पङ्क्तिबीच रहेको बाँझो जमिन तथा वन क्षेत्रमा प्रयोग गर्नुहुँदैन।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ :**

विषादी प्याकेट खोल्दा वा विषादी छर्कदा पञ्जा, रवर वुट, चश्मा, ग्याँस मास्क तथा पुरा शरिर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । विषादीको घोल तयार गर्दा सफा तथा संक्रमण नभएको पानीको प्रयोग गर्दा विषादीको प्रभावकारिता बढ्दछ भने धमिलो वा दुर्गन्धित पानीले विषादीको प्रभावकारिता घटाउँदछ । विषादी छर्कंदा शरिरमा पर्न दिनुहुँदैन । विषादी छरिसकेपछि सम्पर्कमा आएका कपडाहरु राम्रोसँग धुनुहोस् र नुहाउनुहोस् । विषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नु हुँदैन । विषादी छर्कंदा विषादीको थोपाहरु (drifts) अरु बालीमा नपर्ने गरी छर्कनुपर्दछ । कम तापक्रममा विषादीका स्फटिक (crystals) बन्न सक्छन् त्यसैले प्रयोग गर्नु अघि हल्का तताएर तिनीहरुलाई पूर्ण रुपमा घोल्नुहोस् जसले विषादीको प्रभावकारितामा कुनै फरक पर्दैन। विषादी छर्कंदा गर्भवती महिला र बच्चालाई स्तनपान गराउने महिलाहरुलाई यो विषादीको सम्पर्कबाट टाढा राख्नुहोस् । यो विषादी धातुजन्य कन्टेनर जस्तै फलाम तथा आलुमिनियमबाट बनेका भाँडाहरुसँग रासायनिक प्रतिक्रिया गर्ने हुँदा प्लास्टिकको बोतलमा राख्नु पर्छ । विषादी छर्कंदा अरु झारनाशक विषादीसँग मिसाएर छर्कनु हुँदैन । विषादी छरेको ५ दिनसम्म विषादीको प्रभाभकारीतामा कमि हुन नदिन विषादी छरेको क्षेत्रमा घाँस काट्ने, गाईवस्तु चराउने, वा खनजोत गर्ने जस्ता कार्य गर्नुहुँदैन ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा :**

टाउको दुख्ने, वान्ता हुने, चक्कर लाग्ने तथा शरिर काम्ने (छारे रोग) जस्तै लक्षण देखिन्छ ।

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार :**

विषादी छालामा परेमा विषादी परेको शरिरको भाग तथा विषादीको सम्पर्क भएको लुगालाई प्रशस्त साबुन र पानीले राम्ररी धुनुहोस्। यदि आँखामा विषादी सम्पर्क भएमा आँखा खुला राख्नुहोस् र कम्तिमा १५ मिनेटसम्म सफा पानीले छम्कनुहोस् । आँखामा जलन तथा रातोपन रहिरहेमा डाक्टरको सल्लाह लिनुहोस्। यो विषादी निलेको खण्डमा तत्कालै घाँटीको पछाडि भागमा काउकुती लगाएर बान्ता गराउनुहोस् र तुरुन्त चिकित्सकको परामर्श लिनुहोस् । यदि बिरामी बेहोस छ भने बान्ता गराउनुहुँदैन । विषादी श्वासमार्फत शरिरभित्र प्रवेश गरेमा विषादीको लेबल सहित तुरुन्त चिकित्सककोमा लैजानुहोस् ।

**एण्टिडट :**

विशेष किसिमको एण्टिडट उपलब्ध छैन । लक्षणको आधारमा उपचार गर्ने ।

**प्रयोग गरीएका भाँडाको विसर्जन :**

विषादी राखिएको प्याकेट कहिल्यै पुनः प्रयोग (पानी, खाना, तेल जस्ता खानेकुरा राख्न) का लागि बाहिर नछोड्नुहोस् । विषादीको खाली खोलहरु वा अन्य विषादीयुक्त सामग्रीहरू र विषादी सफा गरेको पानीको उचित व्यवस्थापन गर्नु विषादी उत्पादक, प्रयोगकर्ताहरुको कर्तव्य हुनेछ। वातावरणीय वा पानी प्रदूषण हुन नदिनका लागि खालि कन्टेनरहरू आवासीय क्षेत्रबाट टाढा सुरक्षित तरिकाले व्यवस्थापन गर्नुपर्छ ।

**भण्डारणको अवस्था :**

विषादी भएका प्याकेजहरूलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा आगो वा तापबाट सुरक्षित ठाउँमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ। विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, पर्यात उज्यालो भएको, सुख्खा, हावा चल्ने हुनुपर्छ। आधिकारीक व्यक्तिहरूको मात्र पहुँच हुने गरी विषादीको प्याकेट र कन्टेनरहरू सुख्खा ठाउँमा भण्डारण गर्नुहोस् । विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधि, वा मलखादबाट टाढा राख्नुहोस् ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादीको बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।**




**सावधान, मध्यम घातक, निलो**

**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना:**

आनहुई रिचेन प्लान्ट प्रोटेक्सन इन्जिनियरिङ कम्पनी लिमिटेड, चीन

**वितरकः** किङ्गस्टार बायोटेक कम्पनी लिमिटेड, चीन

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.**

एग्रीकल्चर गुड्स सप्लायर्स सेन्टर,

गरुडा ६ रौटहट, नेपाल

सम्पर्क नं. ९८२११५१०४२

Email:agriculturegoods123@gmail.com

**उत्पादित देशको रजिष्ट्रेशन नं. :**

**PD20181468**

**नेपालमा पञ्जीकरण गरिएको नं.:**

0158-HER-SG-2026



**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अत: विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

**कार्बेन्डाजिम १२% + म्यान्कोजेब ६३% डब्लु.पी.**

**Carbendazim 12% + Mancozeb 63% WP**

# पारसजिम (PARASZIM)

**उपचारात्मक तथा सुरक्षात्मक कार्यप्रकृति भएको सम्पर्क तथा दैहिक ढुसीनाशक**

**सिफारिस :**

| बाली | रोगको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अधि पर्खने अवधि (दिन) | ग्राम /प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | विषादीको आवश्यक मात्रा (ग्राम) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| धान | मरुवा रोग (Blast) | ७५० | ७५० | ५७ | १ |
| बदाम | पातको थोप्ले (Leaf spot), मरुवा रोग (Blast) | ५०० | ५०० | ७२ | १ |

**प्रयोग गर्ने विधि :**

माथि सिफारिस गरिएको परिमाण अनुसार विषादीको मात्रा नाप्नुहोस र थोरै मात्रामा पानीसँग राम्ररी घोल्नुहोस् । त्यसपछि सिफारिस गरिएको बाँकी पानी स्प्रेयरमा थप गरी पुन: राम्रोसँग घोलेर बाली भिज्नेगरी छर्कनुहोस् । यो विषादी उच्च क्षमताको स्प्रेयर, जस्तै न्यापस्याक स्प्रेयर, प्रयोग गरी छर्कनुपर्छ । रोगका लक्षण देखिनेबित्तिकै विषादी छर्कनुपर्छ । विषादी छर्कनुअघि घोललाई काठको लट्ठीले राम्रोसँग चलाएर एकनास बनाउनुहोस् ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्दछ :**

खाना, दाना, रित्ता भाँडाभन्दा यो विषादी पर राख्नुहोस् । अन्य वस्तुसँग सम्पर्क हुन नदिनुहोस् । मुख, आँखामा र छालामा विषादीको सिधा सम्पर्क हुन नदिनुहोस् । विषादी छर्कंदा छिटाहरु नाक वा मुखबाट शरीर भित्र प्रवेश गर्न नदिनुहोस् । विषादी छरिसकेपछि सम्पर्कमा आएका कपडा र शरीरका भागहरु साबुनपानीले राम्रोसँग नुहाउने र सफा गर्नुहोस् । विषादी छर्दा केही खाने, चपाउने, पिउने, धुम्रपान गर्नुहुँदैन । विषादी प्याकेट खोल्दा वा विषादी छर्कंदा पञ्जा, चश्मा, ग्याँस मास्क तथा पूरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । यो उत्पादन माछा तथा अन्य जलचर जीवका लागि विषाक्त हुने भएकाले मत्स्यपालन क्षेत्र तथा जलस्रोत नजिक प्रयोग नगर्नुहोस् ।

**विषाक्तताका लक्षणहरू :**

पसिना आउने, टाउको दुख्ने, आलस्य हुने, खोकी लाग्ने, हाछ्युँ आउने, चिलाउने, वाकवाकी लाग्ने तथा बान्ता हुनेजस्ता लक्षणहरु देखिन सक्छन् ।

**प्राथमिक उपचार :**

विषादी निलेको अवस्थामा घाँटीको पछाडिको भागमा काउकुती लगाई बान्ता गराउनुहोस् र बान्ता सफा नभएसम्म यो प्रकृया दोहोऱ्याउनुहोस् । यदि बिरामी बेहोस अवस्थामा छ भने बान्ता गराउनुहुँदैन । छालामा विषादी परेको अवस्थामा प्रभावित भागलाई प्रशस्त साबुन र पानीले धुनुहोस् । साथै विषादीको सम्पर्कमा आएका प्रदूषित लुगाहरु पनि साबुन पानीले राम्ररी धुनुहोस् । आँखामा विषादी लागेको अवस्थामा लगभग १० देखि १५ मिनेटसम्म प्रशस्त सफा पानीले आँखा पखाल्नुहोस् । यदि श्वासप्रश्वासको माध्यमबाट विषादी शरीरभित्र प्रवेश गरेको भए, बिरामीलाई तुरुन्त ताजा हावामा लैजानुहोस् ।

**एण्टिडट :**

कुनै विशेष किसिमको एण्टिडट उपलब्ध छैन । लक्षणअनुसार उपचार गर्नुहोस् ।

**प्रयोग गरिएको भाँडोको विसर्जन :**

विषादीको प्याकेट वा विषादीको सम्पर्कमा आएका सामग्री तथा विषादी छर्कने उपकरण वा अन्य भाँडाबाट निस्केको विषाक्त पानी वा विषादीयुक्त वस्तुलाई वातावरण वा जलस्रोत प्रदूषित हुन नदिने गरी सुरक्षित रूपमा विसर्जन गर्नुपर्छ । पुन: प्रयोग हुन नदिन प्रयोग गरिएका प्याकेटहरू बाहिर खुला स्थानमा छोड्नुहुँदैन । ती प्याकेटहरू मानव बस्ती तथा पानीको स्रोतबाट टाढा सुरक्षित स्थानमा व्यवस्थापन गर्नुहोस् ।

**भण्डारणका सर्तहरू :**

विषादी रहेका प्याकेटहरूलाई खाद्यपदार्थ अन्य सामानहरू भण्डारण गर्ने कोठा वा परिसरबाट अलग कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृतिका आधारमा छुट्टै अलमारीहरूमा ताला र चाबी लगाएर राख्नुपर्छ । विषादी भण्डारणका लागि तोकिएका कोठा वा परिसर राम्ररी निर्मित, सुख्खा, चिसो, पर्याप्त उज्यालो भएको तर प्रत्यक्ष घाम नपर्ने तथा हावा राम्ररी ओहोरदोहोर हुने हुनुपर्छ ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादीको बारेमा सम्पूर्ण जानकारी पढनुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी:** बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, सामान्य घातक, हरियो**

**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०११ नं. मा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना :**

पारस पेष्टिसाइड्स इन्डस्ट्रिज

एच सी-१५, इन्डस्टियल एरिया गोपालपुर, सिकन्दरवाद, २०३२०५, जिल्ला : वुलन्दसहर यु.पी. भारत

**पैठारीकर्ताको नाम, ठेगाना सम्पर्क नं.**

शशी एग्रोभेट सेन्टर, नेपालगंज-१, बाँके,नेपाल,

सम्पर्क नं. : ९८४८०४३६८०

shashiagrovetcentre@yahoo.com

**उत्पादित देशको रजिष्टर नं.:** CIR-112039/2014-Carnendazim+Mancozeb (WP) (344)-95

**नेपालमा पञ्जीकरण गरिएको नं.**

0159-FUN-WP-2026




**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।

**ब्रोमाडियोलाँन ०.००५% आर.बी.**
**Bromadiolone 0.005% R.B.**

# अन्तिमरेखा रेटकिल (ANTIMREKHAA RATKILL)

**मुसानाशक**

**सिफारिस**

| बाली/क्षेत्र | मुसाका सामान्य जात | सिफारिस मात्रा |
|---|---|---|
| पोल्ट्री फार्म | ठूलो मुसा (Larger bandicota), घरको मुसा (House mouse), कालो मुसा (Indian house rat) | तयारी चाराको रुपमा रहेको यस विषादीका टुक्रालाई मुसाको प्वाल वा बढी आवतजावत गर्ने क्षेत्रमा राख्नु पर्छ । |
| उखु | खेतबारीको मुसा (Field rat), ठूलो मुसा (Larger bandicota) | |
| गहुँ | खेतबारीको मुसा (Field rat), कालो मुसा (Indian house rat) | |
| आवासीय क्षेत्र | ठूलो मुसा (Larger bandicota), घरको मुसा (House mouse), कालो मुसा (Indian house rat), खेतबारीको मुसा (Field rat) | |
| चना | खेतबारीको मुसा (Field rat), कालो मुसा (Indian house rat) | |
| धान | ठूलो मुसा (Larger bandicota), घरको मुसा (House mouse), कालो मुसा (Indian house rat), खेतबारीको मुसा (Field rat) | |
| बाँस/नरिवल | ठूलो मुसा (Larger bandicota), घरको मुसा (House mouse), कालो मुसा (Indian house rat), खेतबारीको मुसा (Field rat) | |
| बदाम | खेतबारीको मुसा (Field rat), कालो मुसा (Indian house rat) | |

नोट : मुसाका नाम स्थान विशेष अनुसार फरक हुन सक्छ ।

**प्रयोग गर्ने विधि :**
यो मुसाका नियन्त्रणका लागि प्रयोग हुने एन्टिकोगुलेन्ट विष हो । घरायसी र खेतबारीका मुसाले यो विषादीयुक्त चारा खाएपछि रक्तनलीहरुलाई असर गर्छ, जसका कारण रक्तनलीहरु फुट्छन् । फलतः रगतको कमी भई मुसाहरु मर्दछन् । यो विषादीको टुक्राहरु मुसाको प्वाल वा बढी आवतजावत गर्ने स्थानमा राख्नुपर्दछ । एक पटक प्रयोग गर्दा नै मुसाहरुको राम्रो नियन्त्रण हुन्छ तसर्थ प्रि बेटिङ्ग आवश्यक पर्दैन ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ :**
मुख, आँखा र छालामा यो विषादीको सम्पर्क हुन नदिनुहोस् । विषादीलाई खानेकुरा, खानेकुरा राख्ने गरेको खाली भाँडाहरु तथा जनावरका दानाबाट पर राख्नुपर्छ । विषादी प्रयोग गर्दा विषादीलाई निलिनबाट बच्नुहोस् । मुसाको प्वाल वरपर यो विषादी राख्दा हातमा पञ्जाको अनिवार्य प्रयोग गर्नुपर्छ । मानिसको हातको गन्ध विषादीमा परेमा प्रभावकारी समेत हुँदैन । प्रयोग पश्चात् बाँकी रहेको विषयुक्त चारा तथा मरेका मुसाहरु हटाई अन्य जीवजन्तुले  नखाने गरी गाड्नु पर्दछ । विषयुक्त चारालाई घरपालुवा जनावर वा पन्छीले खान सक्ने हुँदा विशेष सावधानी अपनाउने तथा बालबालिकाको पहुँच नहुने गरी सुरक्षित हुने किसिमले राख्नुपर्छ ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा :**
ढाड दुख्ने, पेट दुख्ने, बान्ता हुने तथा नाकबाट रगत बग्ने जस्ता लक्षणहरू देखा पर्न सक्छन् ।

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार :**
यो विषादी निलियो भने, घाँटीको पछाडिको भागमा काउकुती गरेर बान्ता गराउनुहोस् । बान्ता सफा नभएसम्म यो प्रकृया दोहोर्याउनुहोस् । यदि बिरामी बेहोस छ भने बान्ता नगराउनुहोस् । यदि आँखामा विषादी परेमा प्रशस्त सफापानीले १० देखि १५ मिनेटसम्म धुनुहोस् । यदि लुगा र छाला दूषित छ भने दूषित लुगा हटाउनुहोस् र प्रभावित भागहरू साबुन र पानीले धुनुहोस् । तुरुन्तै बिरामीलाई चिकित्सककहाँ लैजानुहोस् ।

**एण्टिडट :**
भिटामिन के (K) मुखबाट खुवाउने वा नसाबाट सुईको सहायताले दिन सकिन्छ । आवश्यकताको आधारमा पुनः दिने र यो कार्य दोहोऱ्याउने गर्नुपर्छ । यो कार्य चिकित्सकको निगरानीमा गर्नुहोस् ।

**प्रयोग गरिएको भाँडाको विसर्जन :**
प्याकेट वा विषादीको सम्पर्कमा आएका सामग्री र अन्य भाँडाहरूबाट निस्केको विषाक्त पानी वा विषादीयुक्त वस्तु तथा चारालाई सुरक्षित तरिकाले वातावरण वा पानी प्रदूषण हुनबाट जोगाउने गरि विसर्जन गर्नुपर्छ । प्रयोग गरिएका विषादीका प्याकेटहरूलाई पुनः प्रयोग रोक्नको लागि बाहिर छोड्नुहुँदैन । प्याकेटहरू प्रयोग गर्न नमिल्ने गरि बस्तीबाट टाढा पानीको मुहान नभएको स्थानमा सुरक्षित तरिकाले व्यवस्थापन गर्नुपर्छ ।

**भण्डारणको अवस्था :**
विषादी रहेका प्याकेटहरूलाई खाद्यपदार्थ लगायत अन्य सामानहरू भण्डारण गर्ने स्थानबाट अलग्गै सुरक्षित कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृतिका आधारमा छुट्टै अलमारीहरूमा ताला र चाबी लगाएर राख्नुपर्छ । विषादी भण्डारणका लागि तोकिएका कोठाहरू वा परिसरहरू राम्ररी निर्मित, सुख्खा, चिसो, पर्याप्त उज्यालो र हावाको राम्रो आहोरदोहोर हुने तथा वाष्पबाट दूषित नहुने खालको हुनुपर्छ ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादीको बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी :** बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, अत्यन्तै घातक, रातो**

**(कृषि, घरायसी प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना :**
**उत्पादक:** श्री सिद्धदाता फार्मएड प्रा.लि., पिथमपुर औधोगिक क्षेत्र, जिल्ला : धार-४५४७७५, (एम.पी.), भारत ।

**पैठारीकर्ताको नाम, ठेगाना सम्पर्क नं.**
शशी एग्रोभेट सेन्टर, नेपालगंज-१, बाँके, नेपाल
सम्पर्क नं. : ९८४८०४३६८०
shashiagrovetcentre@yahoo.com

**उत्पादित देशको रजिष्टर नं.**: CIR-113470/2014-Bromadiolone (RB)(347)-8

**नेपालमा पञ्जीकरण गरिएको नं.**
0160-ROD-RB-2026

Pictograms:



**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

**साईपरमेथ्रिन ०.२५ प्रतिशत डी.पी.**

**Cypermethrin 0.25% D.P.**

# जय महाकाल अल्ट्रा (JAI MAHAKAAL ULTRA)

**सम्पर्क र आन्तरिक कीटनाशक**

**सिफारिस :**

| बाली | कीराको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | छर्कने देखि बाली काट्ने सम्मको पर्खनु पर्ने अवधि (दिनमा) | ग्राम/एम.एल प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (के.जी) | विषादी घोल्न जम्मा चाहिने पानी (लिटर) | | |
| भन्टा | डाँठ तथा फलको गभारो (Fruit and shoot borer) | २०-२४ | आवश्यक नपर्ने | ३ | - |

**प्रयोग गर्ने विधि :**
माथि सिफारिस गरिएको विषादी निर्धारित क्षेत्रफलमा न्यापस्याक डस्टर, हातबाट चलाइने डस्टर तथा मोटरबाट चलाइने डस्टर प्रयोग गरी छर्किनुपर्छ ।

**यो विषादी प्रयोग गर्दा देहायको सावधानी अपनाउनुपर्छ :**
खाद्य पदार्थ, खाद्य पदार्थका रित्तो भाँडा तथा पशुचौपायाको आहाराभन्दा यो विषादी टाढा राख्नुहोस् । विषादीको प्याकेट खोल्दा वा विषादी छर्दा पञ्जा, रबर बुट, चस्मा, ग्याँस मास्क, टोपी तथा पूरा शरीर ढाक्ने सुरक्षात्मक पोसाक प्रयोग गर्नुहोस् । विषादी छर्कंदा मुख, आँखा र छालामा विषादीको प्रत्यक्ष सम्पर्क हुन नदिनुहोस् । यो विषादीका धुलाका कणहरु श्वासप्रश्वासको माध्यमबाट शरीरभित्र प्रवेश गर्न नदिनुहोस् तथा हावा चलेको दिशातर्फ यो धुलो विषादीलाई छर्कनु पर्दछ । विषादी छरिसकेपछि सम्पर्कमा आएका लुगा तथा शरिरका भागहरु राम्रोसँग सफा साबुनपानीले पखाल्नुहोस् । विषादी छर्किने समयमा धूम्रपान गर्ने, पिउने, खाने वा चपाउने नगर्नुहोस् । यो कीटनाशक विषादी प्रयोग गर्दा हावा र जलाशय (पानीका स्रोतहरू) प्रदूषित हुन नदिनुहोस् । माछाको लागि घातक हुने हुँदा, माछा पोखरीमा पर्ने वा बगेर जाने गरी यस विषादी प्रयोग गर्नुहुँदैन ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा :**
घबराहट हुने, चिन्ता लाग्ने, कम्पन हुने, ऐंठन हुने, छालाको एलर्जी हुने, हाच्छियुँ आउने, नाकबाट पानी बग्ने र जलन हुने जस्ता लक्षणहरु देखिन्छन् ।

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार :**
यदि विषादी निलेको खण्डमा बिरामीलाई बान्ता नगराउनुहोस् तथा मुखबाट केही पनि तरल पदार्थ नदिनुहोस् । यदि लुगा र छाला विषादीको सम्पर्कमा आएको छ भने दूषित लुगा हटाउनुहोस् र प्रभावित शरीरका भागहरू प्रशस्त साबुन र पानीले राम्ररी धुनुहोस् । यदि आँखा विषाक्त भएमा प्रशस्त मात्रामा सफा पानीले १० देखि १५ मिनेटसम्म धुनुहोस् । यदि श्वासप्रश्वास मार्फत विषाक्तता भएमा बिरामीलाई पर्याप्त सफा र ताजा हावा खेल्ने ठाउँमा लैजानुहोस् ।

**एण्टिडट :**

यस विषादीको कुनै विशेष एण्टिडट (Specific antidote) हालसम्म उपलब्ध छैन । विषाक्तता भएमा लक्षणअनुसार (Symptomatic and supportive care) उपचार गर्नुपर्छ । एलर्जी नियन्त्रणका लागि चिकित्सकको परामर्शमा एन्टिहिस्टामिन्स (Antihistamines) दिन सकिन्छ ।

**विषादी र विषादीयुक्त वस्तुको विसर्जन :**

विषादीको प्याकेट, विषादीको सम्पर्कमा आएको सामाग्री, विषादी छर्कने उपकरण वा अन्य भाँडाबाट निस्केको विषाक्त पानी वा विषादीयुक्त वस्तुलाई सुरक्षित तरिकाले वातावरण वा जल प्रदूषण हुनबाट बच्ने गरी विसर्जन गर्नु पर्दछ । प्रयोग भइसकेका प्याकेटहरुलाई पुनः प्रयोग हुन नदिनको लागि बाहिर छोड्नुहुँदैन । प्रयोग भइसकेका विषादीका प्याकेटहरुलाई तोडेर/बिगारेर बासस्थानबाट टाढा भूमिगत पानी नभएको ठाउँमा सुरक्षित रुपमा व्यवस्थापन गर्नुहोस् ।

**भण्डारणको अवस्था :**
विषादी भएका प्याकेटहरूलाई खाद्य पदार्थ तथा अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा अलग्गै कोठा वा परिसरमा भण्डारण गर्नुपर्दछ । विषादीको मात्रा तथा प्रकृतिका अनुसार छुट्टै अलमारीहरूमा ताला र चाबी लगाएर राख्नुपर्छ । विषादी भण्डारणका लागि तोकिएका कोठा वा परिसर राम्ररी निर्मित, सुख्खा, चिसो, पर्याप्त उज्यालो र हावाको राम्रो आहोरदोहोर हुने तथा यथेष्ट क्षेत्रफलको हुनुपर्छ ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादीको बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी :** बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, ज्यादै घातक, पहेँलो**

**(कृषि प्रयोजनको लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सुचना अधिकृतलाई ०१-५०१०१११ न. मा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना :**
रिलायन्स एग्रो इन्डस्ट्रिज, ३१९, टेण्डवा बसन्तपुर लखनऊ रोड, बहराईच-(यु.पी), भारत.

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.**
शशी एग्रोभेट सेन्टर, नेपालगंज-१ बाँके, नेपाल, सम्पर्क नं. : ९८४८०४३६८०
shashiagrovetcentre@yahoo.com

**उत्पादित देशको रजिष्टर नं.:** CIR-51,797/2005-Cypermethrin (DP)(256)-2265

**नेपालमा पञ्जीकरण गरिएको नं.**
0161-INS-DP-2026



**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन। अतः विषादीको प्रयोगपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस्।**

साइमोक्सानिल ८% + म्यान्कोजेब ६४% डब्ल्यू.पी.

Cymoxanil 8% + Mancozeb 64% WP

# सिल्ड (SHIELD)

दैहिक तथा सम्पर्क ढुसीनाशक

**सिफारिस:**

| बाली | रोगको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि (दिन) | ग्राम प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (के.जी.) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| अंगुर | डाउनी मिल्ड्यू (Downy mildew) | २ | ५०० | १० | ४ |
| आलु | पछौटे डढुवा (late blight) | १.५ | ५०० | १० | ३ |
| गोलभेंडा | पछौटे डढुवा (late blight) | १.५ | ५०० | १० | ३ |

**प्रयोग गर्ने विधिः**

यो विषादी विभिन्न प्रकारका विषादी छर्कने स्प्रेयरहरू जस्तै न्यापस्याक स्प्रेयर, रकिंग स्प्रयेर, आदिबाट बिरुवा भिज्ने गरी छर्ने वा माटोमा जरा भिज्ने गरी छर्न सकिन्छ। प्रयोगपछि उपकरण तुरुन्तै पूर्ण रूपमा खाली गर्नुहोस्। स्प्रेयर, होज पाइप, बूम र नोजलहरू सफा पानीले राम्ररी पखाल्नुहोस्। इनार वा पानीका स्रोतहरू नजिक उपकरण सफा नगर्नुहोस्। यो विषादी सामान्य रूपमा प्रयोग हुने कीटनाशक तथा ढुसीनाशकसँग मिलाउन सकिन्छ। क्षारीय (alkaline) प्रकृतिका विषादी वा पदार्थसँग नमिसाउनुहोस्। यस विषादीलाई रोग लाग्नुभन्दा अगाडि नै रोकथामको रूपमा प्रयोग गर्नुपर्छ। मौसमको अवस्था तथा रोगको प्रकोप अनुसार १०-१४ दिनको अन्तरालमा पुनः स्प्रे गर्नुपर्छ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्दछ।**

विषादीको प्याकेट खोल्दा, घोल तयार गर्दा वा विषादी छर्दा पञ्जा, रबर बूट, चश्मा ग्याँस मास्क, टोपी तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस्। धेरै हावा चलेको अवस्थामा स्प्रे नगर्नुहोस्। स्प्रे ट्याङ्कीलाई यसको क्षमता भन्दा तीन-चौथाइभन्दा बढी नभर्नुहोस्। बन्द भएको नोजललाई पातलो तार वा पिनले सफा गर्नुहोस्, मुखले फुक्ने नगर्नुहोस्। विषादी छर्दा छिटाहरु नाक मुखबाट भित्र प्रवेश गर्न दिनु हुँदैन। साथै मुख, आँखामा एवम् छालामा विषादीको सिधा सर्म्पक हुन नदिनुहोस्। विषादी छरीसकेपछि सम्पर्कमा आएका कपडाहरु राम्रोसँग धुनुहोस् र नुहाउनुहोस्। विषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नुहुँदैन। शरीरमा विषादी पोखिएमा प्रशस्त पानीले राम्ररी धुनुहोस्। प्रयोग गर्ने वा हालै प्रयोग गरेको व्यक्तिमा विषाक्तताको कुनै लक्षण देखिएमा तुरुन्तै चिकित्सकलाई सम्पर्क गर्नुहोस्। आकस्मिक विषाक्तता भएमा चिकित्सकलाई देखाउन लेबलसहितको कन्टेनर सुरक्षित राख्नुहोस्।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा**

विषादी निलिएको अवस्थामा अस्थायी रूपमा केन्द्रीय स्नायु प्रणाली सुस्त (Central nervous system depression) हुन सक्छ, जसका कारण चक्कर लाग्ने, अल्मलिने (भ्रम हुने), शारीरिक सन्तुलन बिग्रने, बेहोस हुने र तौल घट्ने; आँखामा परेमा आँखा चिलाउने, असहज महसुस हुने, आँसु आउने, दुख्ने वा दृष्टि धमिलो हुने; श्वासप्रश्वासमार्फत सरिर भित्र गएमा नाक र घाँटी चिलाउने वा पोल्ने, हाच्छयुँ आउने, घाँटी दुख्ने वा नाकबाट पानी बग्ने, र शारीरिक सन्तुलन बिग्रने; छालामा परेमा छाला चिलाउने, पोल्ने, रातो हुने, सुन्निने, असहज महसुस हुने वा दाग (rash) बस्ने जस्ता समस्या देखिन सक्छन्।

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचारः**

आँखामा परेमा तुरुन्तै कम्तीमा १५ मिनेटसम्म प्रशस्त सफा पानीले धुनुहोस् र चिकित्सकलाई सम्पर्क गर्नुहोस्। श्वासप्रश्वासमार्फत शरीरमा गएको भए बिरामीलाई तुरुन्त खुला हावामा लैजानुहोस्। श्वास बन्द भए कृत्रिम श्वासप्रश्वास गराउनुहोस् र चिकित्सकलाई बोलाउनुहोस्। निलिएको भए तुरुन्त १-२ गिलास पानी पिउन दिनुहोस् र बान्ता गराउने प्रयास गर्नुहोस्। बेहोस व्यक्तिलाई मुखबाट केही पनि नदिनुहोस्। तुरुन्त चिकित्सकलाई देखाउनुहोस्। छाला वा कपडामा लागेमा साबुन र प्रशस्त पानीले राम्ररी धुनुहोस्।

**एण्टिडटः**

यो विषादीको विशेष एण्टिडट छैन। लक्षणको आधारमा उपचार गर्नुहोस्।

**प्रयोग गरीएका भाँडाको विसर्जनः**

प्रयोग गरिएका विषादीका प्याकेटहरूलाई पुनः प्रयोग नगर्नुहोस्। प्याकेट वा विषादीको सम्पर्कमा आएका सामग्री र विषादी छर्कने उपकरण वा अन्य भाँडाहरूबाट निस्केको विषाक्त पानी वा विषादीयुक्त वस्तुलाई सुरक्षित तरिकाले वातावरण वा पानी प्रदूषण हुनबाट बच्ने गरि विसर्जन गर्नुपर्छ । प्रयोगपछि खाली प्याकेटलाई बस्तीभन्दा टाढा सुरक्षित तवरले व्यवस्थापन गर्नुपर्दछ।

**भण्डारणको अवस्थाः**

यो विषादी रहेको ठाउँमा खाना, पेय पदार्थ वा सुर्तीजन्य वस्तु नराख्नुहोस् र प्रयोग नगर्नुहोस्। विषादीलाई यसको मूल प्याकमा राम्ररी बन्द गरेर बालबालिका, असम्बन्धित व्यक्तिहरू तथा पशुचौपायाबाट टाढा सुरक्षित कोठामा राख्नुहोस्। खाना, पशु आहार तथा अन्य सामग्री राख्ने ठाउँबाट अलग राख्नुहोस्। भण्डारण गर्ने कोठा सफा, चिसो, सुख्खा, उज्यालो र हावा चल्ने हुनुपर्छ तथा चुहावट वा दूषित हुन नदिने व्यवस्था हुनुपर्छ।

**प्रयोग गर्नु पूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस्।**

**सावधानीः** विषादीलाई बच्चाको पहुँचबाट टाढा राख्नुहोस्।




**सावधान, मध्यम घातक, निलो**
**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं.मा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।

**विषादीको उत्पादक र वितरकको नाम र ठेगानाः**
कोरोमंडल इन्टरनेशनल लिमिटेड, कोरोमंडल हाऊस, १ –२–१० ,सरदार पटेलरोड, सिकंदराबाद तेलंगाना, भारत

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पक नं.:-**
**नेपाल एग्रो सेन्टर प्राइभेट लिमिटेड,**
धनुषा, जनकपुर, नेपाल
९८५४०२०६००

**उत्पादित देशको रजिष्टर नं.:**
CIR-58,669/2007-CYMOXANIL + MANCOZEB (WP) (283)-31

**नेपालमा पञ्जीकरण गरिएको नं.:**
0162-FUN-WP-2026




**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस्।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

**साइपरमेथ्रिन २५% ई.सी.**

**Cypermethrin 25% EC**

# सनसनी लिक्विड (SANSANI Liquid)

**सम्पर्क एवं आन्तरिक कीटनाशक**

**सिफारिस :**

| बाली | कीराहरुको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि (दिन) | एम. एल. प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (मि.लि.) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| भिण्डी | डाँठ तथा फलको गभारो (Shoot & Fruit Borer), ज्यासिड (Jassids) | १५०-२०० | ५०० | ३ | ०.३०–०.४० |
| भन्टा | डाँठ तथा फलको गभारो (Shoot & Fruit Borer), ज्यासिड (Jassids), थोप्ले खपटेको लार्भा (Epilachna grub) | १५०-२०० | ५०० | १ | ०.३०–०.४० |

**प्रयोग गर्ने विधि :**

माथि सिफारिस गरिएको विषादीको मात्रा लिई विषादीको घोल तयार गर्दा ट्याङ्कीमा आधा भाग मात्र पानी राखी विषादी हालेर राम्रोसँग घोल्नुहोस् । त्यसपछि बाँकी पानी थपेर पुनः राम्ररी चलाउनुहोस् । तयार गरिएको विषादीको घोल तुरुन्त प्रयोग गर्नुहोस् । यो विषादी न्यापस्याक स्प्रेयर, फुट स्प्रेयर, ब्याट्रिबाट चल्ने न्यापस्याक स्प्रेयर वा स्टार्टअप पम्प आदिबाट छर्न सकिन्छ ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानीहरु अपनाउनु पर्छ :**

खाद्य पदार्थ, खाद्य पदार्थका रित्ता भाँडा तथा पशुको आहाराभन्दा यो विषादी टाढा राख्नुहोस् । मुख, आँखा र छालामा विषादीको प्रत्यक्ष सम्पर्क हुन नदिनुहोस् । विषादीको प्याकेट खोल्दा, घोल तयार गर्दा वा विषादी छर्दा पञ्जा, रबर बुट, चस्मा, ग्यास मास्क, टोपी तथा पूरा शरीर ढाक्ने सुरक्षात्मक पोसाक प्रयोग गर्नुहोस् । विषादी छर्दा छिटाहरू नाक वा मुखबाट शरीरभित्र प्रवेश गर्न नदिनुहोस् र हावा चलेको दिशातर्फ विषादी छर्कनुहोस् । विषादी छरिसकेपछि सम्पर्कमा आएका कपडाहरू राम्रोसँग धुनुहोस् तथा नुहाउनुहोस् । विषादी छर्दा खाने, चपाउने, पिउने तथा धूम्रपान गर्नुहुँदैन । यो विषादी माछाको लागि अत्यन्त विषाक्त भएकोले माछापोखरीमा पर्ने वा बगेर जाने गरी प्रयोग गर्नुहुँदैन ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा :**

डर लाग्ने, चिन्ता हुने, कम्पन हुने, ऐंठन हुने, छालाको एलर्जी हुने, हाच्छियुँ आउने, नाकबाट पानी बग्ने र जलन हुनेजस्ता लक्षणहरु देखिन्छन् ।

**विष लाग्दा अपनाउनु पर्ने प्राथमिक उपचार :**

यदि श्वासप्रश्वासमार्फत विषादी शरीरभित्र प्रवेश गरेमा बिरामीलाई तुरुन्त ताजा हावामा लैजानुहोस् । विषादी निलेको खण्डमा, मुखबाट केही पनि नदिनुहोस् र बान्ता नगराउनुहोस् । छालामा विषादी परेको अवस्थामा दूषित कपडा हटाउनुहोस् र छाला तथा कपडालाई साबुन र प्रशस्त पानीले राम्रोसँग धुनुहोस् । आँखामा विषादी परेको अवस्थामा कम्तीमा १०-१५ मिनेटसम्म प्रशस्त सफा पानीले आँखा पखाल्नुहोस् ।

**एण्टिडट :**

यस विषादीको कुनै विशेष एण्टिडट (Specific antidote) हालसम्म उपलब्ध छैन । यदि विषाक्तता भएमा लक्षणअनुसार (Symptomatic and supportive care) उपचार गर्नुपर्छ । एलर्जी नियन्त्रणका लागि चिकित्सकको परामर्शमा एन्टि-हिस्टामिन्स (Antihistamines) दिनुहोस् ।

**विषादी प्रयोग गरिएका भाँडाको विसर्जन :**

प्रयोग भइसकेका विषादीका प्याकेटहरु तोडेर/बिगारेर बासस्थानबाट टाढा सुरक्षित तरिकाले व्यवस्थापन गर्नुहोस् । प्रयोग गरिसकेका प्याकेटहरु पुनः प्रयोगका लागि खुला स्थानमा छोड्नुहुँदैन । वातावरण तथा जल प्रदूषित हुन नदिनका लागि विषादीका भाँडा वा अतिरिक्त सामाग्रीहरु तथा मेसिनरीका साथै कन्टेनरहरु पखालिसकेपछि निस्केको पानी सुरक्षित तवरले विसर्जन गर्नुहोस् ।

**भण्डारणका अवस्था :**

विषादीका भाँडा भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्नेछ वा विषादीको संख्या र प्रकृति अनुसार दराजमा ताला र चाबी लगाएर राख्नुहोस् । विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा वा परिसर राम्रोसँग बनाइएको सुख्खा, चिसो, उज्यालो, हावाको ओहोरदोहोर राम्रो हुने र वाष्पबाट दूषित नहुने र उपयुक्त क्षेत्रफल भएको हुनुपर्दछ ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादीको बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी** : बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, ज्यादै घातक, पहेँलो**

**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सुचना अधिकृतलाई ०१-५०१०१११ न. मा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना :** रिलायन्स एग्रो इन्डस्ट्रिज, ३१९, टेण्डवा बसन्तपुर लखनऊ रोड, बहराईच (यु पी), भारत ।

**पञ्जीकरणकर्ताको नाम, ठेगाना सम्पर्क नं. :** शशी एग्रोभेट सेन्टर, नेपालगंज, बाँके नेपाल, सम्पर्क नं.: ९८४८०४३६८० shashiagrovetcentre@yahoo.com

**उत्पादित देशको रजिस्टर नं.:**
CIR-57,152/2007-Cypermethrin/(EC)(275)-2432

**नेपालमा पञ्जीकरण गरिएको नं.**
0163-INS-EC-2026




**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन। अतः विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस्।**

ल्याम्ब्डा-साइहेलोथ्रिन ५% इ.सी.

Lambda-cyhalothrin 5% EC

# किङ्गकङ्ग ५ ई.सी. (KINGKONG 5 EC)

सम्पर्क तथा आन्तरिक कीटनाशक

| सिफारिस | | | | | |
|---|---|---|---|---|---|
| बाली | कीराहरुको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि (दिन) | मि.लि प्रति लिटर पानीमा |
| | | यस विषादीको आवश्यक मात्रा-(मि.लि) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| रहर | कोसाको गभारो (Pod borer)<br>कोसाको झिंगा (Pod fly) | ४००-५०० | ४००-६०० | १५ | ०.८३-१ |
| आँप | फड्के (Hoppers) | १ लिटर पानीमा ०.५-१ एम.एल. विषादीको दरले मिसाई विषादीको घोल बनाई छर्ने। आवश्यकता अनुसारको परिमाणमा विषादीको घोल बनाउन सकिन्छ। | | ७ | ०.५-१ |
| कपास | कपासको फल छेड्ने कीरा (Bollworms), ज्यासिड (Jassids), थ्रिप्स (Thrips) | ३००-५०० | ४००-६०० | २१ | ०.७५-०.८३ |
| चना | कोसाको गभारो (Pod borer) | ५०० | ३००-४०० | ६ | १.२५-१.६७ |
| गोलभेंडा | फलको गभारो (Fruit borer) | ३०० | ४००-६०० | ४ | ०.५-०.७५ |
| धान | पात बेरुवा (Leaf folder),<br>डाँठको गभारो (Stem borer),<br>पातको हरियो फड्के (Green leaf hopper)<br>ढुङग्रे कीरा (Gall midge),<br>काँडादार खपटे (Hispa) | २५० | ४००-६०० | १५ | ०.३७-०.४ |
| प्याज | थ्रिप्स (Thrips) | ३०० | ३००-४०० | ५ | ०.७५-१ |
| भन्टा | फल र डाँठको गभारो (Fruit & Shoot borer) | ३०० | ४००-६०० | ४ | ०.७५-०.८ |
| भिण्डी | ज्यासिड (Jassids),<br>डाँठको गभारो (Shoot borer) | ३०० | ३००-४०० | ४ | ०.७५-१ |
| खूर्सानी | थ्रिप्स (Thrips), सुलसुले (Mites),<br>कोसाको गभारो (Pod borer) | ३०० | ४००-६०० | ५ | ०.५-०.७५ |
| बदाम | थ्रिप्स(Thrips), पात फड्के (Leaf hoppers),<br>पात खन्ने कीरा (Leaf miner) | २००-३०० | ४००-५०० | १० | ०.५-०.६ |

नोट: कीराहरुको नेपाली नाम स्थान विशेष अनुसार फरक हुनसक्छ। त्यसैले विज्ञहरुसँग सम्पर्क गरी यकिन गर्नुहोला।

**प्रयोग गर्ने विधि**

यो माथि उल्लेखित बालीमा लाग्ने कीराहरूको नियन्त्रणका लागि सिफारिस गरिएको छ। लार्भा पहिलो पटक देखिदा कीटनाशक प्रयोग गर्नुहोस् र आवश्यकता अनुसार पुनः प्रयोग गर्नुहोस्। पातहरू राम्रोसँग भिज्ने गरी पर्याप्त मात्रामा पानी प्रयोग गरेर कीटनाशक छर्नुहोस्। यो कीटनाशक प्रयोग गर्न निम्न उपकरणहरू प्रयोग गर्न सकिन्छः बाल्टिन स्प्रेयर, रकिङ स्प्रेयर, स्टिरप पम्प स्प्रेयर (एकल वा डबल ब्यारेल), नापस्याक स्प्रेयर, फुट स्प्रेयर, ह्विल ब्यारो स्प्रेयर, कम्प्रेसन नापस्याक स्प्रेयर, ब्याट्री चल्ने कम्प्रेसन नापस्याक स्प्रेयर, ASPEE–HTP पावर स्प्रेयर प्रयोग गर्न सकिन्छ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ।**

खाद्यान्न, खाली खाद्यान्न भाँडा तथा पशु आहारबाट टाढा राख्नुहोस्। विषादीको घोल तयार गर्न खाना पकाउने भाँडाहरू प्रयोग नगर्नुहोस्। कपडा, मुख, आँखा एवम् छालामा विषादीको सिधा सम्पर्क हुन नदिनुहोस्। विषादी छर्कंदा छिटाहरु नाक मुखबाट भित्र प्रवेश गर्न दिनु हुँदैन साथै विषादीको प्याकेट खोल्दा, घोल तयार गर्दा वा विषादी छर्कदा पञ्जा, रवर वुट, चश्मा ग्याँस मास्क तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस्। विषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नु हुदैन। विषादी छर्दा हावाको दिशातर्फ फर्केर छर्किनुहोस्। विषादी शरिरमा पर्न दिनुहुदैंन। विषादी छरीसकेपछि सम्पर्कमा आएका कपडाहरु राम्रोसँग धुनुहोस्, प्रशस्त पानीले हात धुनुहोस् र नुहाउनुहोस्।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा**

विषाक्तताको प्रारम्भिक लक्षणहरूमा घबराहट, चिन्ता, शरीर काम्ने (कम्पन), ऐंठन(Convulsions), छालामा एलर्जी, हाच्छ्युँ आउने, नाकबाट पानी बग्ने तथा नाक बन्द हुने समस्या देखा पर्न सक्छन्।

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार**

यदि विषादी निलेको छ भने, बान्ता नगराउनुहोस् वा कुनै तरल पदार्थ मुखबाट नदिनुहोस्। छाला वा शरिरको भागमा विषादी परेको छ भने तुरुन्त कपडा फुकाल्नुहोस् र विषादी परेको ठाँउमा प्रशस्त साबुन पानीले धुनुहोस्। यदि आँखामा विषादी परेको छ भने सफा र स्वच्छ पानीले १०-१५ मिनेटसम्म निरन्तर धुनुहोस्। यदि श्वासप्रश्वासमार्फत विषादी शरिरभित्र प्रवेश गरेमा बिरामीलाई तुरुन्तै ताजा र खुला हावा भएको ठाउँमा लैजानुहोस्। लक्षण गम्भीर भए चिकित्सकलाई तुरुन्त देखाउनुहोस्।

**एण्टिडट**

कुनै विशेष एण्टिडट छैन। लक्षणात्मक उपचार गर्नुहोस्। एलर्जी नियन्त्रणका लागि चिकित्सकको निगरानीमा एन्टिहिस्टामिन औषधी दिन सकिन्छ।

**प्रयोग गरीएका भाँडाको विसर्जन**

वातावरण वा पिउने पानीको स्रोत प्रदूषण नहुने गरी कन्टेनर वा कन्टेनर पखाल्न प्रयोग गरिएको पानी सुरक्षित रूपमा विसर्जन गर्नुहोस्। विषादी राखिएको प्याकेट कहिल्यै पुनः प्रयोग (पानी, खाना, तेल राख्न) नगर्नुहोस। त्यसपछि पुनः प्रयोग गर्न नमिल्ने गरि प्याकेटलाई तोडेर बस्तीबाट टाढाको क्षेत्रमा सुरक्षित तरिकाले व्यवस्थापन गर्नुहोस्।

**भण्डारणको अवस्था**

विषादी भएका प्याकेजहरूलाई यसको मूल कन्टेनरमै अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ। विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, पर्याप्त उज्यालो भएको, सुख्खा, हावा ओहोरदोहोर गर्ने खालको हुनुपर्छ ताकि वाष्पबाट दुषित नुहोस्। विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधि, वा मलखादबाट टाढा राख्नुहोस्।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढनुहोस् र पालना गर्नुहोस्।**

**सावधानी** बच्चाको पहुँचबाट टाढा राख्नुहोस।



**सावधान, ज्यादै घातक, पहेँलो**
**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस्। वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना:**
जेसी लाइफसाइन्सेस, , नयाँ दिल्ली, (भारत)

**वितरकको नाम ठेगाना:** इंडो–स्विज केमिकल्स लिमिटेड, दिल्ली, भारत

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सम्पर्क नं.**
एग्रिकल्चर गुड्स सप्लायर सेन्टर, गरुडा, रौतहट, नेपाल, ९८६४२६७१८९
Email:- agriculturegoods123@gmail.com

**उत्पादित देशको पञ्जीकरण नं.**
CIR-109937/2013-Lambdacyhalothrin (EC) (342)-10

**नेपालमा पञ्जीकरण गरिएको नं.**
0164-INS-EC-2026



**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस्।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

**प्रोपोक्सूर २% बेट**

# Propoxur 2% Bait

# इन्सेक्ट बेट (INSECT BAIT)

**झिंगा तथा साङ्ला नियन्त्रणमा प्रयोग गरिने घरायसी कीटनाशक**

**सिफारिस :-** यो तयारी चारोको रुपमा रहेको दानेदार कीटनाशक हो । यो झिंगा तथा साङ्लाको नियन्त्रणका लागि प्रयोग गरिन्छ ।

**प्रयोग गर्ने विधि :**

यो विषादी झिंगाहरु धेरै जम्मा हुने स्थान, जस्तै : फोहोर फाल्ने ठाउँ, फोहोरका थुप्रा, बजार तथा बधशालाका फोहोर साथै सेप्टिक ट्यांकी/ढलका खाल्डा तथा अन्य झिंगाको संक्रमण हुने स्थानमा विशेष सावधानीको साथ प्रयोग गर्नुहोस् । साङ्ला कीरा नियन्त्रणका लागि साङ्ला जम्मा हुने, बस्ने वा लुक्ने ठाउँहरु जस्तै : कोठाका अँध्यारा कुनाहरु, बेसमेन्टमा भित्ताको तल्लो भाग, सिंकमुनि, ढलका पाइपको वरिपरि र दराज आदिमा यो विषादी प्रयोग गर्नुहोस् । औद्योगिक प्रतिष्ठान, भोजनालय, तरकारी तथा मासु बजार तथा यस्तै अन्य भित्री (Indoor) स्थानहरुमा साङ्ला तथा झिंगाको प्रभावकारी नियन्त्रणका लागि प्रयोग गर्नुहोस् ।

**यो विषादी प्रयोग गर्दा देहायको सावधानी अपनाउनुपर्छ :**

छाला र आँखामा यो विषादी पर्न दिनुहुँदैन । दूषित भएका भागहरुलाई प्रशस्त साबुनपानीले धुनुहोस् । विषादी प्रयोग गर्दा अनिवार्य रुपमा सुरक्षात्मक कपडा लगाउनुहोस् । यस विषादीलाई खाद्यवस्तुसँग प्रत्यक्ष सम्पर्क हुन नदिनुहोस् । जलचरलाई घातक हुने हुदा यो विषादी पानीको श्रोतहरुमा बगेर जाने गरी प्रयोग गर्नुहुदैन । साथै चराचुरुङ्गीलाई समेत घातक हुने हुदा प्रयोगमा विशेष ख्याल गर्नुपर्छ ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा :**

प्रारम्भिक लक्षणहरुमा टाउको दुख्ने, वाकवाकी लाग्ने, बान्ता हुने, धमिलो देखिने हुन सक्छ । लक्षणहरु गम्भीर भएमा रिङ्गटा लाग्ने, पसिना आउने, र्‍याल बग्ने, छाती दुख्ने, पेट बाउँडिने र पखाला लाग्ने जस्ता लक्षणहरु देखा पर्न सक्छन ।

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार :**

यदि विष निलेको खण्डमा घाँटीको पछाडिको भागमा काउकुती लगाएर बान्ता गराउनुहोस् । यदि छालामा विषाक्तता भएमा प्रशस्त साबुनपानीले राम्ररी धुनुहोस् । यदि आँखा विषाक्त भएमा सफा पानीले १० देखि १५ मिनेटसम्म धुनुहोस् । बिरामीलाई तुरुन्तै खुला तथा ताजा हावा आउने ठाउँमा लैजानुहोस् ।

**एण्टिडट :**

बिरामीलाई तुरुन्तै एट्रोपिन सल्फेट नसाबाट सुईको सहायताले दिन सकिन्छ । नसाबाट दिन सकिएन भने सुईको सहायताले मांसपेशीमा दिनुपर्दछ । वयस्क तथा १२ बर्ष भन्दा माथिका बालबालिकालाई ०.४-२.० मि.ग्रा.सम्मको खुराक १५ मिनेटको अन्तरमा दिई बिरामीलाई एट्रोपिनाइज गर्नुहोस् । १२ बर्ष भन्दा कम उमेरका बालबालिकालाई ०.०५ मि.ग्रा. को खुराक दिनुपर्दछ तथा बिरामीलाई २-पाम (2–PAM) दिन निषेध गरिन्छ । बिरामीलाई कृतिम श्वासप्रश्वासको आवश्यकता पर्न सक्छ । यी सबै प्रकृयाहरु चिकित्सकको विशेष निगरानीमा गर्नुपर्दछ ।

**विषादी र विषादीयुक्त वस्तुको विसर्जन :**

विषादीका खाली बट्टाहरुलाई तोडेर/बिगारेर पानीको मुहान र बस्तीभन्दा टाढा सुरक्षित स्थानमा व्यवस्थापन गर्नुहोस् । जल वा वातावरण प्रदूषण हुन नदिनका लागि विषादीका खाली बट्टाहरुलाई सुरक्षित तवरले विसर्जन गर्नुहोस् । प्रयोग गरिसकेका विषादीका बट्टाहरु पुनः प्रयोगका लागि बाहिर नराख्नुहोस् ।

**भण्डारणको अवस्था :**

विषादी भएका बट्टा वा प्याकेटहरूलाई अन्य वस्तु भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ । विषादीको संख्या र प्रकृतिअनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ । विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, पानी नसोस्ने, पर्याप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने र वाष्पबाट प्रदुषित नहुने खालको हुनुपर्छ । केवल आधिकारीक व्यक्तिहरूको मात्र पहुँच हुने गरी विषादीको प्याकेट र कन्टेनरहरू सुख्खा ठाउँमा भण्डारण गर्नुहोस् ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादीको बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी :** बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, ज्यादै घातक, पहेँलो**

**(घरायसी कीटनाशक नियन्त्रणको लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना :**

**उत्पादक:** श्री सिद्धदाता फार्मएड प्रा.ली., पिथमपुर औधोगिक क्षेत्र, जिल्लाः धार-४५४७७५, (एम.पी.), भारत.

**पैठारीकर्ताको नाम ठेगाना र सम्पर्क नं.**

शशी एग्रोभेट सेन्टर, नेपालगंज-१ बाँके, नेपाल.

सम्पर्क नं. : ९८४८०४३६८०

shashiagrovetcentre@yahoo.com

**उत्पादित देशको पञ्जीकरण नं.:** CIR-59,894/2008-Propoxure (B) (289)-397

**नेपालमा पञ्जीकरण गरिएको नं.:**

0165-INS-Bait-2026



**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

**कारटाप हाइड्रोक्लोराइड ४% जी.आर**

**CARTAP HYDROCHLORIDE 4% GR**

# रेलीडाँन (Relidon)

**दैहिक कीटनाशक**

**सिफारिस :**

| बाली | कीराको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि (दिन) | ग्राम/प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (के.जी) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| धान | डाँठको गभारो (Stem Borer) | १८.७५० | आवश्यक नपर्ने | छैन | |
| | पात बेरुवा (Leaf Folder) | १८.७५० – २५.००० | आवश्यक नपर्ने | छैन | |
| | गुभोमा लाग्ने भिंगा (Whorl Maggot) | १८.७५० – २५.००० | आवश्यक नपर्ने | छैन | |

**द्रष्टव्य :** यो दानेदार विषादी भएकोले बालीमा सिधै दाना छर्ने गरिन्छ । यसमा पानी मिसाउनुपर्दैन ।

**नोट :** कीराहरुको नेपाली नाम स्थान विशेषअनुसार फरक हुन सक्छ । त्यसैले विज्ञसँग सम्पर्क गरी यकिन गर्नुहोस् ।

**प्रयोग गर्ने विधि :**
यो दानेदार विषादी छर्नका लागि हातले चलाउने दानेदार विषादी छर्ने यन्त्र (Hand operated Granules Applicator) वा मेकानिकल डिस्पर्सर (Mechanical disperser) को प्रयोग गर्नु पर्दछ । यदि हातले छर्ने हो भने अनिवार्य रुपमा रवरको पन्जा (Hand-bearing rubber gloves) सहितको सुरक्षात्मक पहिरन लगाउनुपर्छ ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्दछ :**
मुख, आँखा तथा छालामा विषादीको सिधा सर्म्पक हुन नदिनुका साथै विषादी छर्दा वा प्रयोग गर्दा धूम्रपान गर्ने, केहि चपाउने, खाने तथा पिउने, गन्ध सुँघ्ने वा श्वासमार्फत भित्र लिने काम नगर्नुहोस् । विषादी प्रयोग गर्दा सुरक्षात्मक पहिरनहरु जस्तै: मास्क, चस्मा, रबर बुट (जुत्ता), पन्जा र शरीर पुरा ढाक्ने लुगा अनिवार्य रुपमा लगाउनुहोस् । विषादी प्रयोग गरिसकेपछि दूषित कपडा र शरीरका भागहरु राम्ररी साबुनपानीले धुनुहोस् । यस विषादीको उच्च घनत्व (high concentration) को घोललाई कम तथा अति कम परिमाणमा छर्ने (ultra low volume application) मेशिनमा प्रयोग गर्नु खतरनाक हुने भएकोले यस प्रक्रियालाई निषेध गर्नुपर्छ । जलचरलाई घातक हुन सक्ने हुँदा नदि नाला, कुलो लगायत पानीको स्रोतमा पर्ने वा बगेर जानेगरी यो विषादी प्रयोग गर्नु हुँदैन ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा :**
वाकवाकी लाग्ने, हातखुट्टा र शरीर अत्यधिक काम्ने, ऱ्याल निस्कने, मांसपेशी बटारिने, श्वास फेर्न गाह्रो हुने तथा आँखाको नानी फैलिने जस्ता लक्षणहरू देखा पर्न सक्छन् ।

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार :**
यदि यो विषादी निलेको छ भने, बिरामी सचेत भएको अवस्थामा मात्र घाँटीको पछाडि भागमा औंलाले चलाएर बान्ता गराउनुहोस् । बिरामी बेहोस छ भने बान्ता नगराउनुहोस् । छाला वा कपडामा विषादी परेको छ भने तुरुन्त कपडा फुकाल्नुहोस् र छालालाई प्रशस्त साबुन पानीले धुनुहोस् । आँखामा विषादी परेको छ भने सफा र स्वच्छ पानीले १० देखि १५ मिनेट सम्म आँखालाई पानीले निरन्तर धुनुहोस् । यदि श्वासको माध्यमबाट विषादी शरीरमा गएको छ भने बिरामीलाई तुरुन्त खुला तथा ताजा हावा भएको ठाँउमा लैजानुहोस् र तुरुन्त चिकित्सककहाँ पुऱ्याउनुहोस् ।

**एण्टिडट :**
यो विषादीको विशेष एण्टिडट छैन, लक्षणका आधारमा उपचार गर्नुपर्छ । चिकित्सकको सल्लाह र निगरानीमा नसामार्फत १००-२०० मि.ग्रा. L-cysteine वा मांसपेशीमा २०-६० मि.ग्रा. BAL (British Anti-Lewisite) सुईद्वारा दिन सिफारिस गरिन्छ ।

**विषादी प्रयोग गरीएका भाँडाको विसर्जन :**
कन्टेनर फिर्ता गर्नका लागि विषादी बिक्रेतासँग सम्पर्क गर्नुहोस् । यदि कन्टेनर फिर्ता गरिएको छैन भने तीन पटक पखाल्नुहोस् । त्यसपछि वातावरण वा पानी प्रदूषण हुन नदिन प्याकेज, बाँकी रहेको पदार्थ र धुने क्रममा निस्किएको फोहोरलाई सुरक्षित तरिकाले व्यवस्थापन गर्नुहोस् । विषादी राखिएको प्याकेट कहिल्यै पनि पुनः प्रयोग (पानी, खाना, तेल जस्ता तरल पदार्थ राख्न) नगर्नुहोस् । खाली कन्टेनरहरू आवासीय क्षेत्रबाट टाढा सुरक्षित रुपमा व्यवस्थापन गर्नुहोस् ।

**भण्डारणको अवस्था :**
विषादीलाई खाद्य पदार्थ, पशुआहार (दाना) तथा खानेकुरा राख्ने खाली भाँडाकुँडाभन्दा टाढा, छुट्टै ठाउँमा राख्नुपर्छ । विषादीलाई यसको आफ्नै सक्कली प्याकेटमा, मानिस र जनावरको पहुँच भन्दा टाढा, छुट्टै कोठामा ताला लगाएर राख्नु पर्दछ । विषादी भण्डारण गर्ने कोठा राम्ररी निर्मित, पर्याप्त उज्यालो, सुख्खा, चिसो, हावा राम्रोसँग ओहोरदोहोर हुने तथा वाष्पबाट दूषित नहुने खालको हुनुपर्दछ ।

**प्रयोग गर्नपूर्व पर्चामा लेखिएको जीवनाशक विषादीको बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी :** बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, ज्यादै घातक, पहेँलो**

**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नम्बरमा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना :**
रिलायन्स एग्रो इन्डस्ट्रिज, ३१९, टेण्डवा बसन्तपुर, लखनऊ रोड, बहराईच-(यु पी), भारत.

**पञ्जीकरणकर्ताको नाम, ठेगाना सम्पर्क नं.:**
शशी एग्रोभेट सेन्टर, नेपालगंज, बाँके नेपाल.
सम्पर्क नं. : ९८४८०४३६८०
shashiagrovetcentre@yahoo.com

**उत्पादित देशको रजिष्टर नं.:**
CIR-55,146/2006-Cartap Hydrochloride (GR) (267) -781

**नेपालमा पञ्जीकरण गरिएको नं.**

0166-INS-GR-2026



**विषादीको प्रयोग गर्नुपूर्व सुचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

टेम्बोट्रियोन ३४.४% एस.सी.

Tembotrione 34.4% SC

**लोविष (LOWBIS)**

अंकुरण पश्चात् (Post–Emergence) छर्नुपर्ने दैहिक चयनात्मक झारनाशक

सिफारिसः

| बाली | झारको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि (दिन) | एम. एल. / प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा - एम. एल. | विषादी घोल्न जम्मा चाहिने पानी (लि) | | |
| मकै | सामा घाँस (*Echinochloa* sp), विषखपरा/गाजरे झार (*Trianthema portulacastrum*), घाँसे झार (*Bracharia* sp) | २८६ | ५०० | ५५ | ०.५६ |

नोटः झारहरूको नेपाली नाम स्थान विशेष अनुसार फरक हुन सक्छ । त्यसैले विज्ञहरूसँग सम्पर्क गरी यकिन गर्नुहोला ।

**प्रयोग गर्ने विधिः**

विषादीको घोल बनाउँदा छर्कने ट्यांकीको आधा मात्रासम्म पानी राखेर विषादीको मात्रा हाल्नुहोस् र राम्रोसँग घोल्नुहोस् । यसपछि पानी थपेर फेरि चलाउनुहोस् । तयार भएको विषादीको घोल तुरुन्त छर्कनुहोस् । यो विषादीको घोल तयार गर्दा २ एम. एल. सर्फ्याक्यान्ट प्रति लि. पानीमा थप मिसाउन सिफारिस गरिएको छ । मकै बालीमा यो विषादी झारपात ३-५ पाते भएको अवस्थामा प्रयोग गर्नुपर्छ ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्दछः**

यो विषादीको प्याकेट खोल्दा वा विषादी छर्कदा पञ्जा, रवर वुट, चश्मा ग्याँस मास्क तथा पूरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । विषादी शरीरमा पर्न दिनुहुँदैन । विषादी छरीसकेपछि सम्पर्कमा आएका कपडाहरु राम्रोसँग धुनुहोस् र नुहाउनुहोस् । विषादी छर्दा खाने, चपाउने, पिउने, धुम्रपान गर्नु हुँदैन । तरकारी बालीको बोटमा विषादी नछर्कनुहोस्। विषादी छर्कंदा खेती गरिएको बालीमा विषादी पार्नु वा छर्कनु हुँदैन । जलचरलाई असर गर्ने हुँदा पानीको श्रोत नजिक वा त्यस्ता श्रोतमा बगेर जाने गरी यो विषादी प्रयोग गर्नुहुदैन ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामाः**

टाउको दुख्ने, बान्ता आउने, वाकवाकी लाग्ने जस्ता समस्या देखा पर्न सक्छ ।

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचारः**

विषादी निलिएको अवस्थामा बिरामीलाई ताजा हावामा लैजानुहोस् । यदि बिरामीलाई श्वास फेर्न गाह्रो भएको छ वा श्वास फेरको छैन भने कृत्रिम (mouth to mouth) श्वासप्रश्वास दिनुहोस् । विषादी निलेको खण्डमा, तुरुन्त १-२ गिलास पानी पिउन दिनुहोस् र बान्ता गराउने प्रयास गर्नुहोस् । निलिएको अवस्थामा मुख राम्ररी कुल्ला गराई थोरै-थोरै पानी पिउन दिनुहोस् । चिकित्सकको निर्देशनबिना बान्ता गराउने प्रयास नगर्नुहोस् । छालामा विषादीको सम्पर्क भएमा वा कपडामा लागेमा साबुन र प्रशस्त पानीले विषादी लागेको शरीरको भाग र दूषित कपडा राम्ररी धुनुहोस् । समस्या गम्भीर भएमा चिकित्सकलाई तुरुन्त सम्पर्क गर्नुहोस् । आँखामा विषादी परेमा आँखा खुला राख्नुहोस् र कम्तीमा १५-२० मिनेटसम्म प्रशस्त सफा पानीले धुनुहोस् ।

**एण्टिडट**

विशेष किसिमको एण्टिडट उपलब्ध छैन । लक्षणको आधारमा उपचार गर्नुहोस् ।

**प्रयोग गरिएको भाँडाको विसर्जनः**

विषादीको प्याकेट, विषादीको सम्पर्कमा आएका सामग्री, विषादी छर्ने उपकरण तथा अन्य भाँडाकुँडाबाट निस्कने विषादीयुक्त पानी वा फोहोर पदार्थलाई वातावरण तथा जलस्रोत प्रदूषित नहुने गरी सुरक्षित रूपमा व्यवस्थापन तथा विसर्जन गर्नुपर्छ । प्रयोग भइसकेका विषादीका खाली प्याकेटहरू पुनः प्रयोग हुन सक्ने गरी खुला स्थानमा फाल्नु वा छोड्नुहुँदैन । त्यस्ता प्याकेटहरूलाई पुनः प्रयोग गर्न नमिल्ने बनाई बस्ती तथा पानीका मुहानबाट टाढा रहेको उपयुक्त स्थानमा गहिरो खाडल खनी सुरक्षित रूपमा व्यवस्थापन गर्नुपर्छ ।

**भण्डारणको अवस्था :**

खाद्य वस्तुहरु, पशु आहार, पेय पदार्थ, औषधी वा मलखाद तथा अन्य वस्तुहरु भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ । विषादीको मात्रा र प्रकृतिअनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ । विषादी भण्डारणका लागि बनाइएको कोठा ढलान गरिएको, नसोस्ने, पर्याप्त उज्यालो भएको, सुख्खा तथा हावा चल्ने हुनुपर्छ । आधिकारिक व्यक्तिहरुको मात्र पहुँच हुने गरी विषादीका प्याकेट र कन्टेनरहरु सुरक्षित स्थानमा भण्डारण गर्नुहोस् ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढनुहोस् र पालना गर्नुहोस् ।**

**सावधानीः** विषादीलाई बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।




**सावधान, मध्यम घातक, निलो**

**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं.मा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम ठेगानाः**

क्रप केयर पेस्टिसाइड्स (इन्डिया) प्रा. लि., मोहाली, पञ्जाब, भारत

**पञ्जीकरण कर्ताको नाम ठेगानाः**

नेपाल सीड सेन्टर, कलैया ४, बारा

सम्पर्क नं ९७०६३६१४८८

Email: nepalseedcenter123@gmail.com

**उत्पादित देशको रजिष्टर नं.** CIR-243364/2023-Tembotrione (SC) (443)-49

**नेपालमा पञ्जीकरण गरिएको नं.**

0167-HER-SC-2026



**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस ।**

# जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।

अमोनियम साल्ट अँाफ ग्लाईफोसेट ७१% एस.जी.

Ammonium Salt of Glyphosate 71 % S.G.

## राउन्डर ७१ (Rounder 71)

सबै प्रकारको वनस्पती मार्ने (Non-Selective), अंकुरण पश्चात् (Post-emergence) छर्कनुपर्ने दैहिक झारनाशक

सिफारिस

| बाली | झारको सामान्य नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि (दिन) | ग्राम वा एम.एल. प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (के.जी.) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| चिया र गैर बाली | मुक्त वर्शी झार (*Acalypha indica*), कुरो (*Sida aculata*), भुईंकुमर (*Ipomea digitara*), कासनी (*Chicorium entibus*), लुंडे घाँस (*Digera arvensis*), सानो बन्सो (*Digitaria sanguinalis*), जनै घाँस (*Paspalum conjugatum*), गन्धेझार (*Ageratum conyzoides*), दुबो (*Cynodon dactylon*), मोथे (*Cyperous routundus*), घोयो (*Eragrostis* spp) | ३ | ५०० | ७ | ६ |

नोटः झारनाशकहरुको नेपाली नाम स्थान विशेष अनुसार फरक हुनसक्छ । त्यसैले विज्ञहरुसँग सम्पर्क गर्नुहोस् ।

**प्रयोग गर्ने विधि**

कम्तीमा ४-८ वटा पात भएका बाह्रमासी झारहरूमा उम्रेपछिको अवस्थामा मात्र प्रयोग गर्नुहोस्, ताकि विषादी बिरुवाभित्र समान रूपमा प्रवेश गर्न सकोस् । भर्खरै उम्रेको अवस्थामा विषादी छर्दा झार नियन्त्रणको प्रभाव कम हुन सक्छ तर परिपक्व झारहरूमा छर्दा राम्रो परिणाम प्राप्त हुन्छ । विषादीलाई सफा पानीमा घोलेर तालिकामा दिइएको मात्रा अनुसार समान रूपमा छर्कनको लागि न्यापस्याक स्प्रेयर वा पिठ्युँमा बोक्ने स्प्रेयर प्रयोग गर्नुहोस् । सिफारिस गरिएको मात्रामा विषादी नापी आवश्यक परिमाणको पानीमा राम्रोसँग मिसाई पूर्ण रूपमा घोलेपछि मात्र विषादीलाई छर्कनको लागि प्रयोग गर्नुहोस् ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ ।**

विषादी मिसाउँदा खाना पकाउन प्रयोग हुने भाँडाकुँडा प्रयोग नगर्नुहोस् । विषादी मिसाउँदा चलाउनका लागि लट्ठी (काठको डन्डी) प्रयोग गर्नुहोस् । छालासँग सम्पर्क हुनबाट जोगिन हातमा पन्जा लगाउनुहोस् साथै श्वासमार्फत भित्र जान नदिनुहोस् । आँखा, छाला र कपडामा विषादीको सम्पर्क हुन नदिनुहोस् । विषादी छर्कदा पन्जा, रबर बुट, चश्मा ग्याँस मास्क तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् । विषादी शरीरमा पर्न दिनुहुँदैन । त्यसैले विषादी छर्कदा उड्ने साना कणको सम्पर्कमा आफूलाई नल्याउनुहोस् र नोज़ललाई मुखले नफुक्नुहोस् । विषादी छर्कदा खाने, चपाउने, पिउने, धुम्रपान गर्नुहुँदैन । प्रयोग नभएको विषादी घोल भण्डारण नगर्नुहोस् । विषादी प्रयोग गर्दा प्रयोग भएको लुगा फुकाल्नु होस् र दूषित भएका कपडाहरू राम्ररी धुनुहोस् । बाँकी रहेको विषादीको घोल फालेर वा स्प्रेयर, दूषित बाल्टिन आदि धोएर खोल्सा,पोखरी,जलमार्ग आदि दूषित नगर्नुहोस् । मौरीको सक्रिय चरन अवधिमा यो विषादी छर्कनु हुँदैन ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा**

यो झारनाशक विषादीले मुख्यतया छाला, आँखा र श्वासप्रश्वास नलीमा चिलाउने तथा जलन जस्ता समस्याहरु देखिन्छन् ।

**विष लाग्दा अपनाउनु पर्ने प्राथमिक उपचार**

आँखामा विषादी परेमा वा सम्पर्क भएमा कम्तिमा १५ मिनेटसम्म सफा पानीले छम्कनुहोस् । विषादी छर्के पछि हात र छालालाई प्रशस्त मात्रामा साबुन र पानीले राम्ररी धुनुहोस् । विषाक्तताको कुनै लक्षण देखिएमा तुरुन्तै चिकित्सकसँग सम्पर्क गरेर सल्लाह लिनुहोस् ।

**एण्टिडट**

ग्यास्ट्रिक ल्याभेज, सहयोगी र लक्षणको आधारमा उपचार गर्ने ।

**प्रयोग गरिएका भाँडाको बिसर्जन**

विषादी राखिएको प्याकेट कहिल्यै पुनः प्रयोग ( पानी, खाना, तेल जस्ता खानेकुरा राख्न) नगर्नुहोस् । विषादीको खाली खोलहरु वा अन्य विषादीयुक्त सामग्रीहरू र विषादी सफा गरेको पानीको उचित व्यवस्थापन गर्नु विषादी उत्पादक, प्रयोगकर्ताहरुको कर्तव्य हुनेछ। वातावरणीय वा पानी प्रदूषण हुन नदिनका लागि खालि कन्टेनरहरू आवासीय क्षेत्रबाट टाढा सुरक्षित तवरले व्यवस्थापन गर्नुहोस् ।

**भण्डारण अवस्था**

विषादी भएका प्याकेजहरूलाई अन्य वस्तुहरू भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चाबी लगाई राख्नुपर्छ। विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने पर्याप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने हुनुपर्छ । आधिकारीक व्यक्तिहरूको मात्र पहुँच हुने गरी विषादीको प्याकेट र कन्टेनरहरू सुख्खा ठाउँमा भण्डारण गर्नुहोस् । विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधि, वा मलखादबाट टाढा राख्नुहोस् ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानीः** बच्चाको पहुँचबाट टाढा राख्नुहोस् ।




**(सावधान, मध्यम घातक, निलो)**

**(कृषि प्रयोजनको लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम ठेगानाः** शिवालिक क्रप साइन्सेस प्रा.लि.

ठेगानाः नीलम सिनेमा कम्प्लेक्स, सेक्टर १७ ई, चण्डीगढ-१६००१७ (भारत)

**आयातकर्ताको नाम ठेगाना र सम्पर्क नं.**

अरविन्द एग्रो सेन्टर

अदालत रोड, कलैया-५, बारा

इमेलः

arbindagrocentre006@gmail.com

सम्पर्क नं. ०५३-५५०३४८

मोबाईल नं. ९८४५०२०४९१

**उत्पादित देशको रजिष्टर नं.** CIR-62,766/2009-Ammonium Salt of Glyphosate (SG) (295)-606

**नेपालमा पञ्जीकरण गरिएको नं.**

0168-HER-SG-2026




**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन। अतः विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस्।**

**थायामेथोक्साम २५% डब्लु.जी.**

Thiamethoxam 25% WG

## एक्ट-१५० (ACT-150)

दैहिकका साथै तत्काले सम्पर्क र आन्तरिक कार्य प्रकृतिको कीटनाशक

सिफारिसः

| बाली | कीराको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि (दिन) | ग्राम/ प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा-ग्राम | विषादी घोल्न जम्मा चाहिने पानी (लि) | | |
| धान | डाँठको गभारो (Stem Borer), ढुंग्रे कीरा (Gall Midge), पात बेरुवा (Leaf Folder), खैरो फड्के (Brown Plant Hopper-BPH), सेतो पिठ्युँ भएको गभारो (White Backed Plant Hopper -WBPH), पातको हरियो फड्के (Green Leaf hopper-GLH), थ्रिप्स (Thrips) | १०० | ५००-७५० | १४ | ०.२०-०.१३ |

नोटः कीराहरूको नेपाली नाम स्थान विशेषअनुसार फरक हुन सक्छ। त्यसैले विज्ञहरूसँग सम्पर्क गरी यकिन गर्नुहोस्।

### प्रयोग गर्ने विधिः

सिफारिस गरिएको विषादीको मात्रालाई थोरै पानीमा मिसाई राम्रोसँग घोल्नुहोस्। त्यसपछि आवश्यक मात्रामा पानी थपेर राम्ररी चलाएर स्प्रे घोल तयार गर्नुहोस्। यो विषादी छर्कनका लागि न्यापस्याक स्प्रेयर, फुट स्प्रेयर, कम्प्रेसन न्यापस्याक स्प्रेयर, कम्प्रेसन न्यापस्याक ब्याट्री स्प्रेयर, ब्याट्रीबाट चल्ने पावर स्प्रेयर तथा ASPEE-HTP पावर स्प्रेयरको प्रयोग गर्न सकिन्छ। धानबालीमा प्रारम्भिक रुपमा देखिने डाँठको गभारो र ढुंग्रे कीराको लागि धान रोपेको २५-३० दिनपछि विषादीको पहिलो छर्काई गर्नुहोस्। त्यसपछि दोस्रो छर्काई धान रोपेको ५०-५५ दिनपछि, धानको बाला निस्कने बेलामा पातको हरियो फड्के, खैरो फड्के तथा सेतो पिठ्युँ भएको गभारो जस्ता कीराहरुको नियन्त्रणका लागि गर्नुहोस्।

### यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्दछ :

खाद्यान्न, खाली खाद्यान्न भाँडा तथा पशुआहारबाट टाढा राख्नुहोस्। आँखा र छालासँग प्रत्यक्ष सम्पर्क हुन नदिनुहोस्। विषादी छर्दा निस्कने छिटा श्वासमार्फत शरीरभित्र जान नदिनुहोस्। विषादी छर्कंदा हावाको दिशातर्फ छर्कनुहोस्। छरेपछि हातखुट्टा र शरीरका खुला भाग साबुनपानीले राम्ररी धुनुहोस्। दूषित कपडा तुरुन्त फेरेर धुनुहोस्। छर्ने क्रममा खाने, पिउने वा धूम्रपान नगर्नुहोस्। विषादी छर्दा पञ्जा, रबर बुट, चश्मा, ग्याँस मास्क, टोपी तथा पूरा शरीर ढाक्ने सुरक्षात्मक पोशाक प्रयोग गर्नुहोस्। यो विषादी मौरी र माछाका लागि घातक हुने भएकाले मौरीको चरन समयमा र माछापालन क्षेत्र नजिक प्रयोग गर्नुहुँदैन। साथै, यो विषादी पशुचौपाया, अन्य चराचुरुङ्गी तथा जनावरहरूको चरन क्षेत्रमा पनि प्रयोग गर्नुहुँदैन।

### मानिसलाई यो विषादीको विष लागेको अवस्थामा :

विषाक्तताको प्रारम्भिक लक्षणहरूमा स्वतः हुने गतिविधि कम हुनु, अत्याधिक ऐंठन (Tonic convulsions) तथा परेला झर्ने जस्ता लक्षणहरू देखिन सक्छन्।

### विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार

यदि विषादी निलेको छ भने घाँटीको पछाडिको भागमा औंलाले चलाएर बान्ता गराउने प्रयास गर्नुहोस् र बान्ता सफा नभएसम्म यो प्रकृया दोहोऱ्याउनुहोस्। बिरामी बेहोस छ भने बान्ता गराउनु हुँदैन। छाला वा शरीरको भागमा विषादी परेको छ भने तुरुन्त दुषित कपडा फुकाल्नुहोस् र विषादी परेको ठाउँलाई प्रशस्त साबुनपानीले धुनुहोस्। आँखामा विषादी परेमा सफा र स्वच्छ पानीले १०-१५ मिनेटसम्म निरन्तर धुनुहोस्। यदि श्वासप्रश्वासमार्फत विषादी शरीरभित्र प्रवेश गरेमा प्रभावित व्यक्तिलाई खुला तथा ताजा हावा चल्ने ठाउँमा लैजानुहोस्।

### एण्टिडट :

विशेष किसिमको एण्टिडट उपलब्ध छैन। लक्षणको आधारमा उपचार गर्नुहोस्।

### प्रयोग गरिएको भाँडाको विसर्जन

वातावरण वा जलस्रोत प्रदुषित नहुने गरी कन्टेनर तथा कन्टेनर पखाल्न प्रयोग गरिएको पानी सुरक्षित रूपमा विसर्जन गर्नुहोस्। विषादी राखिएको प्याकेट कहिल्यै पुनः प्रयोग (पानी, खाना, तेल राख्न) नगर्नुहोस्। प्याकेटलाई बिगारी बस्तीबाट टाढाको क्षेत्रमा सुरक्षित तरिकाले व्यवस्थापन गर्नुहोस्।

### भण्डारणको अवस्था :

विषादी भएका प्याकेजहरुलाई अन्य वस्तुहरु भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृतिअनुसार छुट्टै दराजमा ताला र चावी लगाई सुरक्षित रुपमा राख्नुपर्छ। विषादी भण्डारणका लागि बनाइएको कोठा ढलान गरिएको, नसोस्ने, पर्याप्त उज्यालो भएको, सुख्खा तथा हावा चल्ने हुनुपर्छ। केवल आधिकारिक व्यक्तिहरुको मात्र पहुँच हुने गरी विषादीको प्याकेट र कन्टेनरहरु सुख्खा ठाँउमा भण्डारण गर्नुहोस् ताकि वाष्पबाट प्रदुषित नहोस्। विषादीलाई खाना, पेय पदार्थ, पशुआहारा, औषधि, वा मलखादवाट टाढा राख्नुहोस्।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस्।**

**सावधानीः** विषादीलाई बच्चाको पहुँचबाट टाढा राख्नुहोस्।




**सावधान, मध्यम घातक, निलो**

**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं.मा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।

**विषादीको उत्पादक र वितरकको नाम ठेगानाः** रामसाईड्स क्रपसाईन्स प्रा .लि., चेन्नई, भारत

**पञ्जीकरणकर्ताको नाम ठेगाना र सर्म्पक नं.**
नेपाल सिड सेन्टर, कलैया ४, बारा, नेपाल, ९७०६३६१४८८
Email: nepalseedcenter123@gmail.com

**उत्पादितदेशको रजिष्टर नं.** CIR-55,058/2006-Thiamethoxam (WG)(267)-231

**नेपालमा पञ्जीकरण गरिएको नं.**
0169-INS-WG-2026



**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस।**

**द्धछजीवनाशक विषादी विष हो, औषधी होइन। अतः विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस्।**

**एट्राजिन ५०%+ मेसोट्रिओन ५% एस.सी.**

**Atrazine 50% + Mesotrione 5% SC.**

# एट्राक्लिन (ATRACLEAN)

**अंकुरणपश्चात् प्रयोग गरिने बहुप्रकृतिको झारनाशक**

सिफारिस

| बाली | झारको सामान्य नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि (दिन) | ग्राम वा एम.एल. प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (एम.एल.) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| मकै | एक वर्षीय झारहरु | १२०० - १८०० | ४५०-६७५ | २८ | २.५-२.७ |

**प्रयोग गर्ने विधि :**
मकै बालीमा सिफारिस गरिएको विषादीको मात्रालाई पानीमा मिसाई लक्षित झारपातको डाँठ र पातमा स्प्रे (Stem and leaf spray) गर्नुहोस्। यो विषादी मकैमा एक सिजनमा अधिकतम एक पटक मात्र प्रयोग गर्नुपर्छ। तयार गरिएको विषादीको पहिलो छर्काई मकै बाली ३-५ पातको अवस्थामा र झारपात २-५ पातको अवस्थामा र अधिकांश झार उम्रिसकेपछि माथि उल्लिखित दर अनुसार तयार भएको विषादीको घोल डाँठ र पातमा समान रुपमा स्प्रे गर्नुपर्छ। ठुला झारपातको नियन्त्रणका लागि सिफारिसअनुसार विषादीको मात्रा बढाएर प्रयोग गर्नुहोस्। यो मकै बालीका लागि पोस्ट-इमर्जेन्स (उम्रिसकेपछि प्रयोग हुने) प्रारम्भिक चरणको झारनाशक हो। यसमा फरक-फरक तरिकाले काम गर्ने दुई प्रकारका झारनाशक मिसाइएको हुनाले मकै बालीमा लाग्ने एक वर्षीय चौडा पाते झार तथा घाँसे झारको प्रभावकारी नियन्त्रण गर्दछ।

**यो विषादी प्रयोग गर्दा देहायको विशेष सावधानी अपनाउनु पर्छ :**
प्रभावकारी नियन्त्रणका लागि झार उम्रिसकेपछि सकेसम्म छिटो यो विषादी प्रयोग गर्नुहोस्। यो विषादी छर्कंदा विषादीका छिटा (Spray drift) छेउछाउका बालीमा नपर्ने गरी छर्कनुहोस्। यो विषादी दलहन बाली (Leguminous) र तोरी वर्ग (Cruciferous) का बालीका लागि संवेदनशील छ, त्यसैले अन्य खेती गरेका बालीमा यो विषादी परेमा सो बालीको नोक्सानी हुन जान्छ। त्यसैले यो विषादी प्रयोग गर्दा अरु बालीमा नपर्ने गरी सावधानीपूर्वक छर्नुहोस्। यो विषादीलाई अर्गानोफस्फोरस (Organophosphorus) वा कार्बामेट (Carbamate) समूहका कीटनाशक विषादीसँग मिसाएर प्रयोग नगर्नुहोस्। यदि अर्गानोफस्फोरस वा कार्बामेट समूहका विषादी प्रयोग गरेको खण्डमा विषादी छरेको ७ दिनअघि वा पछिसम्म यो विषादी प्रयोग नगर्नुहोस्। सिफारिस गरिएको विषादी स्वीट कर्न, वाक्सी कर्न (waxy corn) र पपकर्न (popcorn) इनब्रिड लाइनहरुमा प्रयोग नगर्नुहोस्। मकैसँग अन्य बाली मिसाएर लगाइने अन्तरबाली (intercropping) वा मिश्रित खेती (mixed cropping) प्रणालीमा पनि यो विषादी प्रयोग गर्नुहुँदैन। विषादी छाला, आँखा वा कपडामा लाग्न नदिनुहोस्। विषादी छर्कंदा पन्जा, लामो बाहुलाको कपडा, लामो पाइन्ट, चस्मा, मास्क र बुट तथा शरिर ढाक्ने सुरक्षित पहिरन अनिवार्य लगाउनु पर्दछ। विषादी छर्कंदा खाने, चपाउने, पिउने र धुम्रपान गर्नु हुँदैन। यो विषादी जलचर प्राणीका लागि विषाक्त हुने भएकोले नदी, पोखरी वा माछापालन क्षेत्र तथा पानीका स्रोत नजिक प्रयोग गर्नुहुँदैन। भूमिगत पानी तथा खानेपानीका स्रोत संरक्षण क्षेत्रहरुमा यो विषादी प्रयोग गर्न निषेध गरिएको छ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा :**
यदि विषादी निलिएको छ भने टाउको दुखाईको साथ वाकवाकी लाग्न सक्छ र छालामा जलन हुने जस्ता लक्षणहरु देखिन सक्छन्।

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार :**
छालामा विषादी परेमा विष लागेको शरीरको भागलाई साबुनपानीले राम्ररी धुनुहोस्। विषादी छरीसकेपछि सम्पर्कमा आएका कपडा राम्रोसँग धुनुहोस् र नुहाउनुहोस्। आँखामा विषादी परेका अवस्थामा कम्तीमा १५ मिनेटसम्म सफा पानीले पखाल्नुहोस्। श्वासप्रश्वासमार्फत विषाक्तता भएमा बिरामीलाई पर्याप्त ताजा हावा खेल्ने खुला ठाउँमा राख्नुहोस्। श्वास फेर्न बन्द भएमा कृत्रिम श्वास दिनुहोस्, शरीर तातो र न्यानो बनाइराख्ने र तत्काल उपचारको व्यवस्था गर्नुहोस्। यदि विषादी निलेमा बान्ता नगराउनुहोस् र तुरुन्तै लेबलसहित चिकित्सककहाँ जानुहोस्। आकस्मिक उपचारका रुपमा सक्रिय औषधीय चारकोल (Activated medicinal charcoal) को सहायताले चिकित्सकको निगरानीमा ग्यास्ट्रिक ल्याभेज (पेट सफा गर्ने विधि) गर्नुहोस्। पेटको वस्तुहरु श्वासनलीमा पर्न नदिन विशेष सावधानी अपनाउनुहोस्। यदि बिरामी बेहोस अवस्थामा छ भने मुखबाट कुनै पनि खानेकुरा वा तरल पदार्थ नदिनुहोस् र बान्ता पनि नगराउनुहोस्।

**एण्टिडट :**
हालसम्म यस विषादीको विशेष किसिमको एण्टिडट उपलब्ध छैन। लक्षणको आधारमा उपचार गर्नुहोस्।

**प्रयोग गरिएका भाँडाको विसर्जन :**
प्रयोग गरिएका विषादीका प्याकेटहरुलाई तोडेर/बिगारेर बासस्थानबाट टाढा सुरक्षित तरिकाले व्यवस्थापन गर्नुहोस्। प्रयोग गरिएको विषादीको भाँडाको पुनः प्रयोग हुन नदिनका लागि उक्त भाँडालाई बाहिर खुला ठाउँमा नछोड्नुहोस्। वातावरणीय तथा जल प्रदूषण रोक्नका लागि विषादीका प्याकेट, भाँडा वा विषादीको सम्पर्कमा आएका सामाग्री तथा विषादी छर्किने उपकरणबाट निस्केका विषाक्त वा विषादीयुक्त फोहोरलाई सुरक्षित तरिकाले विसर्जन गर्नुपर्दछ।

**भण्डारणको अवस्था :**
विषादी भएका प्याकेटहरूलाई अन्य वस्तु तथा विषादी भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्दछ साथै विषादीको संख्या र प्रकृतिका आधारमा छुट्टै अलमारीमा ताला र चाबी लगाएर राख्नुपर्छ। यो विषादीलाई खाद्य पदार्थ, पेय पदार्थ, पशुआहारा तथा औषधिबाट टाढा राख्नुहोस् तथा उक्त वस्तुहरु सँगै ओसारपसार नगर्नुहोस्। विषादी भण्डारण गर्नको लागि बनाइएको कोठा आगो वा तापको स्रोतबाट टाढा हुने खालको, ढलान गरेको, पानी नसोस्ने, पर्याप्त उज्यालो भएको, सुख्खा, हावा राम्ररी ओहोरदोहोर गर्ने र वाष्पबाट प्रदूषित नहुने खालको हुनुपर्छ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादीको बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस्।**

**चेतावनी** : बच्चाको पहुँचबाट टाढा राख्नुहोस्।




**सावधान, मध्यम घातक, निलो**

**(कृषि प्रयोजनका लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं. मा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस्।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना :**
**उत्पादक :** आन्हुई लुये एग्रोकेमिकल कं., लि., शिहे औद्योगिक क्षेत्र, छियाओछेङ जिल्ला, बोफ्होउ सहर, आन्हुई प्रान्त, चीन।

**वितरक :** जियाङ्सु लुकास केमिकल कं., लि., नं. ३१-१, हेङ्जिङ रोड, छिसिया जिल्ला, नान्जिङ, चीन।

**पैठारीकर्ताको नाम ठेगाना र सम्पर्क नं.:**
शशी एग्रोभेट सेन्टर, नेपालगंज -१ बाँके, नेपाल, सम्पर्क नं. : ९८४८०४३६८०
shashiagrovetcentre@yahoo.com

**उत्पादित देशको रजिष्टर नं.**: PD20152660

**नेपालमा पञ्जीकरण गरिएको नं.**
0170-HER-SC-2026




**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस्।**

# जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।

हेक्साकोनाजोल ५% एस.सी.
Hexaconazole 5% SC
काँनसैक प्लस (Consac PLUS)
दैहिक ढुसीनाशक

सिफारिस

| बाली | रोगको नाम | प्रति हेक्टर वा २० रोपनीका लागी सिफारिस मात्रा | | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पखनुपर्ने अवधि (दिन) | एम.एल. प्रति लिटर पानीमा |
|---|---|---|---|---|---|
| | | यस विषादीको आवश्यक मात्रा (एम.एल.) | विषादी घोल्न जम्मा चाहिने पानी (लि.) | | |
| आँप | सेतो धुले ढुसी (Powdery mildew) | १ लिटर पानीमा २ एम.एल. विषादीको दरले मिसाई विषादीको घोल बनाई छर्ने । आवश्यकता अनुसारको परिमाणमा विषादीको घोल बनाउन सकिन्छ । | | २७ | २ |
| धान | पातको फेद डढुवा (Sheath blight) | | | ४० | २ |
| अंगुर | सेतो धुले ढुसी (Powdery mildew) | ५००-१००० | ५०० | १४ | १-२ |

नोटः रोगहरूको नेपाली नाम स्थान विशेष अनुसार फरक हुन सक्छ । त्यसैले विज्ञहरूसँग सम्पर्क गर्नुहोला ।

**प्रयोग गर्ने विधि**

सिफारिस गरिएको विषादीको मात्रालाई थोरै पानीमा मिसाई राम्रोसँग घोल्नुहोस् । त्यसपछि आवश्यक मात्रामा पानी थपेर राम्ररी चलाएर स्प्रे घोल तयार गर्नुहोस् । यो विषादी छर्कन हाते स्प्रेयर, बाल्टिन पम्प स्प्रेयर, स्टिरप पम्प स्प्रेयर, रकर स्प्रेयर, फुट स्प्रेयर, ह्विलबारो स्प्रेयर, कम्प्रेसन नापस्याक स्प्रेयर, ब्याट्री स्प्रेयर तथा ASPEE HTP पावर स्प्रेयरको प्रयोग गर्न सकिन्छ ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ ।**

खाद्यान्न, खाली खाद्यान्न भाँडा तथा पशु आहारबाट टाढा राख्नुहोस् । आँखा र छालासँग प्रत्यक्ष सम्पर्क हुन नदिनुहोस् । विषादी छर्कदा निस्कने छिटा श्वासमार्फत शरिर भित्र जान नदिनुहोस् । स्प्रेपछि हातखुट्टा र शरीरका खुला भाग साबुनपानीले राम्ररी धुनुहोस् । दूषित कपडा तुरुन्त फेरेर धुनुहोस् । विषादी छर्कने क्रममा खाने, पिउने वा धूम्रपान नगर्नुहोस् । विषादी छर्दा पञ्जा, रबर बुट, चश्मा, ग्यास मास्क, टोपी तथा पूरा शरीर ढाक्ने सुरक्षात्मक पोशाक प्रयोग गर्नुहोस् । यो विषादी मौरी र माछाहरूलाई घातक हुने हुँदा मौरीको चरन समयमा र माछापालन क्षेत्रका नजिक प्रयोग गर्नुहुँदैन । साथै यो विषादी पशुचौपाया, अन्य चराचुरूङ्गी तथा जनावरहरूको चरन क्षेत्रमा पनि प्रयोग गर्नुहुँदैन ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा**

घबराहट हुने, चिन्ता लाग्ने, शरीर काम्ने, ऐंठन हुने साथै एलर्जी जस्ता लक्षणहरु देखिन सक्छन ।

**विष लाग्दा अपनाउनु पर्ने प्राथमिक उपचारः**

विषादी निलेको खण्डमा, घाँटीको पछाडिपट्टि औँला प्रयोग गरेर वा काउकुती लगाएर बान्ता गराउनुहोस् । यदि बिरामी बेहोस छ भने मुखबाट केही पनि खानेकुरा दिनुहुँदैन र बान्ता नगराउने । छालामा विषादीको सम्पर्क भएको अवस्थामा विषादी सम्पर्क भएको भाग पर्याप्त सफा पानी र साबुनले राम्ररी धुनुहोस् । यदि रुखोपन रह्यो भने चिकित्सकलाई देखाउनुहोस् । आँखामा विषादीको सम्पर्क भएको अवस्थामा कम्तीमा १५ मिनेटसम्म सफा पानीले आँखालाई धुनुहोस् ।

**एण्टिडट**

यो विषादीको कुनै विशेष एण्टिडट उपलब्ध छैन । लक्षणका आधारमा उपचार गर्नुपर्छ ।

**प्रयोग गरिएका भाँडाको बिसर्जन :**

विषादी राखिएको प्याकेट वा भाँडालाई पुनः पानी, खाना, तेल वा अन्य खाद्यवस्तु राख्न प्रयोग गर्नु हुँदैन । विषादीका खाली खोल, कन्टेनर, विषादीयुक्त सामग्री तथा विषादी सफा गरेको पानीको उचित व्यवस्थापन गर्नु विषादी उत्पादक तथा प्रयोगकर्ताको कर्तव्य हुनेछ । वातावरणीय तथा जल प्रदूषण हुन नदिन खाली कन्टेनरहरू आवासीय क्षेत्रबाट टाढा गहिरो खाडल खनी सुरक्षित रूपमा नष्ट गर्नुपर्छ ।

**भण्डारण अवस्था**

विषादी भएका प्याकेजहरुलाई अन्य वस्तुहरु भण्डारण गर्न प्रयोग गरिने कोठा वा परिसरबाट टाढा छुट्टै कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृति अनुसार छुट्टै दराजमा ताला र चावी लगाई राख्नुपर्छ । विषादी भण्डारणको लागि बनाइएको कोठा ढलान गरेको, नसोस्ने, पर्याप्त उज्यालो भएको, सुख्खा, हावा चल्ने हुनुपर्छ । आधिकारिक व्यक्तिहरुको मात्र पहुँच हुने गरी विषादीको प्याकेट र कन्टेनरहरु सुख्खा ठाँउमा भण्डारण गर्नुहोस् । विषादीलाई खाना, पेय पदार्थ, पशु आहारा, औषधि, वा मलखादवाट टाढा राख्नुहोस् ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस्**

सावधानीः बच्चाको पहुँचबाट टाढा राखुहोस ।




**सावधान, मध्यम घातक, निलो**
**(कृषि प्रयोजनको लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५०१०१११ नं मा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम ठेगानाः**

शिवालिक क्रप साइन्सेस प्रा.लि.
ठेगानाः नीलम सिनेमा कम्प्लेक्स, सेक्टर १७ ई, चण्डीगढ-१६००१७ (भारत)

**आयातकर्ताको नाम ठेगाना र सम्पर्क नं.**

अरविन्द एग्रो सेन्टर
अदालत रोड, कलैया-५
इमेलः
arbindagrocentre006@gmail.com
सम्पर्क नं. ०५३-५५०३४८
मोबाईल नं. ९८४५०२०४९१

**उत्पादित देशको रजिष्टर नं.** CIR-65,255/2010-HEXACONAZOLE (SC) (312)-642
**नेपालमा पञ्जीकरण गरिएको नं.**
0171-FUN-SC-2026



**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन । अतः विषादीको प्रयोग पूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस् ।**

कारटाप हाइड्रोक्लोराइड ४% जी आर

Cartap Hydrochloride 4% GR

# मार्टिन(MARtiN)

**दैहिक कीटनाशक**

**सिफारिस**

| **बाली** | **कीराको नाम** | **प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा** | **विषादी छरेपछि फलटिप्नु वा काट्नु अघि पर्खने अवधि(दिन)** |
|---|---|---|---|
| | | विषादीको आवश्यक मात्रा-(के.जी) | |
| धान | गभारो (Stem Borer) | १८.७५ | - |
| | पात बेरुवा (Leaf Folder) | १८.७५-२५.०० | - |
| | गुभो मा लाग्ने झिंगां (Whorl Maggot) | १८.७५-२५.०० | - |

नोटः यो दानेदार विषादी भएकोले बालिमा सिधै दाना छर्ने गरिन्छ । यसलाई प्रयोग गर्दा पानी आवश्यक पर्दैन ।

**प्रयोग गर्ने विधि :**

यो विषादी हातले चलाउने दानादार विषादी छर्ने यन्त्र (Hand operated granules applicator) वा मेकानिकल डिस्पर्सर (Mechanical disperser) ले प्रयोग गर्नुपर्दछ । यदि हातले छर्नेहो भने अनिवार्य रूपमा रबरको पन्जा (Hand-bearing rubber gloves) लगाउनुपर्छ ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानी अपनाउनु पर्छ :**

विषादीलाई खाद्य पदार्थ, खाली खाद्य कन्टेनर तथा पशुखाद्यबाट टाढा राख्नुहोस् । मुख, आँखा तथा छालासँग प्रत्यक्ष सम्पर्क हुन नदिनुहोस् । प्रयोग गर्दा श्वासमार्फत भित्र जान नदिनुहोस् । छरेपछि दूषित कपडा तथा शरीरका सम्पर्कमा आएका भागहरू राम्ररी साबुनपानीले धुनुहोस् । विषादी छर्दा वा प्रयोग गर्दा धुम्रपान गर्ने, केही चपाउने, खाने वा पिउने काम नगर्नुहोस् । विषादी प्याकेट खोल्दा वा विषादी छर्कदा पञ्जा, रवर बुट, चश्मा ग्याँस मास्क तथा पुरा शरीर ढाक्ने सुरक्षात्मक पहिरनको प्रयोग गर्नुहोस् ।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा**

वाकवाकी लाग्नु, हातखुट्टा काँप्नु, अत्यधिक र्‍याल आउनु, मांशपेशी ऐंठन, स्वास फेर्न गाह्रो हुनु तथा आँखाको नानी फराकिलो हुनु जस्ता लक्षणहरू देखिन सक्छन् ।

**विष लाग्दा अपनाउनुपर्ने प्राथमिक उपचार**

यदि विषादी निलेको छ भने, बिरामी सचेत भएको अवस्थामा मात्र घाँटीको पछिल्लो भागमा औंलाले चलाएर बान्ता गराउनुहोस् । बिरामी बेहोस छ भने वान्ता नगराउनुहोस । छाला वा कपडामा विषादी परेको छ भने तुरुन्त कपडा फुकल्नुहोस (छालालाई प्रशस्त साबुन र पानीले धुनुहोस् ) । आँखामा परेमा पर्याप्त सफा पानीले करिब १५ मिनेटसम्म पखाल्नुहोस् । श्वासमार्फत भित्र गएको अवस्थामा बिरामीलाई तुरुन्त खुला तथा ताजा हावामा लैजानुहोस् र तुरुन्त चिकित्सककहाँ पुऱ्याउनुहोस् ।

**एन्टिडटः**

चिकित्सकको सल्लाह र निगरानीमा १००-२०० मि.ग्रा. एल-सिस्टिन (L–Cysteine) नसामार्फत (Intravenous) वा बीएएल २०-६० एम जी (BAL/Dimercaprol) मांसपेशी मार्फत (Intramuscular) दिन सिफारिस गरिएको छ । छालामा डर्माटाइटिस भएमा त्यसको लक्षणअनुसार उपचार गर्नुपर्छ ।

**विषादी प्रयोग गरीएका भाँडाको विसर्जन**

बाँकी रहेको पदार्थ, प्रयोग गरिएका कन्टेनर तथा उपकरण धुने पानीलाई वातावरण वा पानीका स्रोत प्रदूषित नहुने गरी सुरक्षित रूपमा नष्ट गर्नुपर्छ । प्रयोग भइसकेका खाली प्याकेट वा भाँडाहरूलाई पुन प्रयोग नगर्नुहोस् । तिनलाई फुटाएर वा टुक्रा पारेर मानव बस्तीभन्दा टाढा उचित व्यवस्थापन गरी नष्ट गर्नुहोस् ।

**भण्डारणको अवस्था**

कीटनाशक भएका प्याकेटहरूलाई खाद्य पदार्थ वा अन्य सामग्री राखिने स्थानभन्दा अलग कोठा वा भण्डारण स्थलमा राख्नुपर्छ । आवश्यकताअनुसार ताला लगाइएको छुट्टै दराज वा कोठामा सुरक्षित राख्नुपर्छ । भण्डारण गर्ने ठाउँ ओस नआउने, सुख्खा, घामको सिधा प्रकाश नपर्ने र राम्रो हावा ओहोरदोहोर हुने (Ventliated) हुनुपर्दछ ।

**प्रयोग गर्नु पूर्व पर्चामा लेखिएको जीवनाशक विषादी बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस् ।**

**सावधानी** : बालबालिकाको पहुँचबाट टाढा राख्नुहोस् ।



**सावधान, ज्यादै घातक, पहेँलो**
**(कृषि प्रयोजनको लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लाण्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाइ ०१-५०१०१११ नंम्बरमा फोन गर्नुहोस् वा info@npponepal.gov.np मा इमेल गर्नुहोस् ।

**विषादीको उत्पादक र वितरकको नाम र ठेगाना :**

जेनेरल क्रप साइन्स, पानीपत-१३२१०३, हरियाणा, भारत ।

**पञ्जीकरणकर्ताको नाम, ठेगाना र सम्पर्क नं.**: राज एग्रो, कलैया-०१, बारा, नेपाल । ९८५५०२९८००

उत्पादित देशको रजिष्टर नं.
CIR-63,292/2009-Cartap Hydrochloride (GR)(302)-990
नेपालमा पञ्जीकरण गरिएको नं.
0172-INS-GR-2026





**विषादीको प्रयोग गर्नु पूर्व सूचकपत्र अध्ययन गर्नुहोस् ।**

**जीवनाशक विषादी विष हो, औषधी होइन। अत: विषादीको प्रयोग गर्नुपूर्व यस पर्चालाई राम्ररी अध्ययन गर्नुहोस्।**

**कार्टाप हाइड्रोक्लोराइड ४ जी आर**

**Cartap Hydrochloride 4% GR**

# परताप (partap)

**दैहिक कीटनाशक**

**सिफारिस :**

| बाली | कीराहरुको नाम | प्रति हेक्टर वा २० रोपनीका लागि सिफारिस मात्रा | विषादी छरेपछि फल टिप्नु वा काट्नु अघि पर्खने अवधि |
|---|---|---|---|
| धान | डाँठको गभारो (Stem borer) | १८.७५ | - |
| | पात बेरुवा (Leaf roller) | १८.७५ - २५ | - |
| | गुभोमा लाग्ने झिंगा (Whorl maggot) | १८.७५ - २५ | - |

**द्रष्टव्य :** यो दानेदार विषादी भएकोले बालीमा सिधै दाना छर्ने गरिन्छ। यसमा पानी मिसाउनु पर्दैन।

**नोट:** कीराहरुको नेपाली नाम स्थान विशेषअनुसार फरक हुनसक्छ। त्यसैले विज्ञसँग सम्पर्क गरी यकिन गर्नुहोला।

**प्रयोग गर्ने विधि :**
यो विषादी छर्नका लागि हातले चलाउने दानादार विषादी छर्ने यन्त्र (Hand operated granules applicator) वा मेकानिकल डिस्पर्सर (Mechanical disperser) को प्रयोग गर्नुपर्दछ। यदि हातले छर्ने हो भने अनिवार्य रूपमा रबरको पन्जा (Hand bearing rubber gloves) लगाउनुपर्छ। यो विषादीलाई धान रोपको १० दिन पछि बाट १५ दिनको फरकमा आवश्यकताको आधारमा बढीमा ३ पटक सम्म प्रयोग गर्न सकिन्छ।

**यो विषादी प्रयोग गर्दा देहायका सावधानीहरु अपनाउनु पर्छ :**
विषादीलाई खाद्य पदार्थ, पशु आहार (दाना), तथा खानेकुरा राख्ने खाली भाँडाकुँडाभन्दा टाढा छुट्टै ठाउँमा राख्नुपर्छ। मुख, आँखा र छालामा विषादीको सिधा सम्पर्क हुन नदिनुहोस्। विषादी छर्दा वा प्रयोग गर्दा धूम्रपान गर्ने, केही चपाउने, खाने वा पिउने, गन्ध सुँघ्ने वा श्वासमार्फत भित्र लिने काम नगर्नुहोस्। विषादी प्रयोग गर्दा पूर्ण सुरक्षात्मक लुगा र बुट अनिवार्य रूपमा लगाउनुहोस्। विषादी प्रयोग गरिसकेपछि दूषित कपडाहरू र शरीरका भागहरू साबुन पानीले राम्ररी धुनुहोस्। पशुपंन्छी र जलचरलाई घातक हुने हुँदा नदि नाला, कुलो लगायत पानीको स्रोतमा पर्ने वा बगेर जानेगरी यो विषादी प्रयोग गर्नु हुँदैन।

**मानिसलाई यो विषादीको विष लागेको अवस्थामा :**
वाकवाकी लाग्ने, शरीरका अंगहरू (हातखुट्टा) काम्ने, अत्यधिक र्‍याल बग्ने, ऐंठन (मांसपेशी खुम्चिने), श्वास फेर्न गाह्रो हुने तथा आँखाको नानी फराकिलो हुने (माइड्रियासिस) हुन सक्छ।

**विष लाग्दा अपनाउनु पर्ने प्राथमिक उपचार :**
यदि विषादी निलिएको छ भने, बिरामी सचेत भएको अवस्थामा मात्र घाँटीको पछिल्लो भागमा औंलाले चलाएर बान्ता गराउनुहोस्। बिरामी बेहोस छ भने बान्ता नगराउनुहोस्। छाला वा कपडामा विषादी परेको छ भने तुरुन्त कपडा फुकाल्नुहोस् र छालालाई प्रशस्त साबुन पानीले धुनुहोस्। आँखामा विषादी परेको छ भने सफा र स्वच्छ पानीले १० देखि १५ मिनेटसम्म निरन्तर धुनुहोस्। यदि श्वासमार्फत विषादी शरीरमा गएको छ भने बिरामीलाई तुरुन्त खुला र ताजा हावा भएको ठाउँमा लैजानुहोस् र तुरुन्त चिकित्सककहाँ पुर्‍याउनुहोस्।

**एण्टिडट :**
चिकित्सकको सल्लाह र निगरानीमा नसामार्फत १००-२०० मि.ग्रा.(L-cysteine) वा मांसपेशीमा २०-६० मि.ग्रा.(British Anti-Lewisite) सुईमार्फत दिन सिफारिस गरिन्छ। डर्माटाइटिस (छालाको सूजन/एलर्जी) को अवस्थामा स्टेरोइडयुक्त औषधि प्रयोग गर्न सकिन्छ।

**विषादी प्रयोग गरीएका भाँडाको विसर्जन :**
प्याकेट वा विषादीको सम्पर्कमा आएका सामग्री, विषादी छर्कने उपकरण वा अन्य भाँडाहरूबाट निस्केको विषाक्त पानी वा विषादीयुक्त वस्तुलाई सुरक्षित तरिकाले वातावरण वा पानी प्रदूषण हुनबाट बच्ने गरि विसर्जन गर्नुपर्छ। प्रयोग गरिएका विषादीका प्याकेटहरूलाई पुन: प्रयोग रोक्नको लागि बाहिर छोड्नुहुँदैन। प्याकेटहरू प्रयोग गर्न नमिल्ने गरि बस्तीबाट टाढा पानीको मुहान नभएको स्थानमा सुरक्षित तरिकाले विसर्जन गर्नुपर्छ।

**भण्डारणको अवस्था :**
विषादी रहेका प्याकेटहरूलाई खाद्य पदार्थ लगायत अन्य सामानहरू भण्डारण गर्ने कोठा वा परिसरबाट अलग कोठा वा परिसरमा भण्डारण गर्नुपर्छ वा विषादीको मात्रा र प्रकृतिका आधारमा छुट्टै अलमारीमा ताला र चाबी लगाएर राख्नुपर्छ। विषादी भण्डारणका लागि तोकिएका कोठा वा परिसर राम्ररी निर्मित, सुख्खा, चिसो, पर्याप्त उज्यालो र हावादार हुनुपर्छ।

**प्रयोग गर्नुपूर्व पर्चामा लेखिएको जीवनाशक विषादीको बारेमा सम्पूर्ण जानकारी पढ्नुहोस् र पालना गर्नुहोस्।**

**सावधानी :** बच्चाको पहुँचबाट टाढा राख्नुहोस्।




**सावधान, ज्यादै घातक, पहेंलो**

**(कृषि प्रयोजनको लागि मात्र)**

यो जीवनाशक विषादीको बारेमा कुनै गुनासो भएमा प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रका सूचना अधिकृतलाई ०१-५५२१५९७ नं. मा फोन गर्नुहोस् वा info@npponepal.gov.np इमेल गर्नुहोस्।

**विषादीको उत्पादक र वितरकको नाम ठेगाना :**
पारस पेष्टिसाइड्स इन्डस्ट्रिज,
एच सी-१५, इन्डस्टियल एरिया गोपालपुर, सिकन्दरवाद, २०३२०५, जिल्ला : वुलन्दसहर यु.पी. भारत

**पैठारीकर्ताको नाम ठेगाना र सम्पर्क नं.:**
शशी एग्रोभेट सेन्टर, नेपालगंज -१ बाँके, नेपाल
सम्पर्क नं. : ९८४८०४३६८०
shashiagrovetcentre@yahoo.com

**उत्पादित देशको रजिष्टर नं. :** CIR-64,604/2010-Cartap Hydrochloride(Gr)(310)-1027

नेपालमा पञ्जीकरण गरिएको नं.
0173-INS-GR-2026



**विषादीको प्रयोग गर्नुपूर्व सूचकपत्र अध्ययन गर्नुहोस्।**